स्वास्थ्य सेवामा क्रान्ति : किन र कसरी ?

# मूल्याङ्कन

मूल्य रु १२/-

विचार अन्तर्क्रियामुखी मासिक

२०५० पुष



Center
Baneshwor

## दासढुंगा काण्ड

## तुलाधर-आयोगको ठहर

# Kathmandu Maida Mills Pvt. Ltd.

## AN AUTOMATIC FLOUR MILL




KMM

You have a deal. A fair deal. Best quality flour and atta.
From our modern and automatic plant.
For you and for all your needs.
Quality flour for bakeries and confectioneries.
Hygenic Atta for breads.
All suited to your needs
Give your flair a name.
The name of

***KATHMANDU MAIDA MILLS PVT. LTD.***

**Balaju Industrial District, Balaju**
**P.O. Box 351 Kathmandu Nepal**
**Phone No.** 272221, 272285



# नेबिको

## नयाँ आवश्यकता

बिस्कुटहरु

तपाईको स्वास्थ्य, वचत र सम्मान प्रति जत्तिको होसियार छ त्यत्तिकै आफ्नो गुणस्तर प्रति छ।




**नेबिको प्रा. लि.**
काठमाडौं, नेपाल

# मूल्याङ्कन

(विचार-अन्तर्क्रियामुखी मासिक)

वर्ष : १२ पूर्णाङ्क : १६
२०५० पुस



**संरक्षक**

डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**

डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर.पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**

श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**

हरिगोविन्द लुईंटेल

**सह-सम्पादक**

राजेन्द्र महर्जन

**व्यवस्थापक**

श्याम खड्का

**व्यवस्थापन सहयोगी**

वेखबहादुर महर्जन



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**

"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्हूसाल, भोछें, ख-२,२३७
काठमाडौं- २३
फोन २१३६९४
पो.ब.नं. ३०२६ काठमाडौं


# होशियार, दासढुंगा काण्ड धेरै पटक नेपालमा दोहरिन सक्छ !

यस मासिकको समेत शुरु पहलमा विभिन्न पेशाका बौद्धिकहरुको भेलाद्वारा जेष्ठ ६ गते गठित दासढुंगा सम्बन्धी नागरिकहरुको स्वतन्त्र छानवीन समितिको रिपोर्ट भर्खरै सार्वजनिक भएको छ । यस समितिले पहिलो पटक दासढुंगा काण्ड सम्बन्धमा आफूले संकलन गरेका सम्पूर्ण तथ्य र जानकारीहरु आम जनतासमक्ष पेश गरेको छ । यसले आफूले संकलन गरेका सम्पूर्ण सबूदहरुको आधारमा दासढुंगा काण्ड र त्यसमा भएको क. मदन र क. आश्रितको मृत्युलाई नियोजित भनेर जुन प्रष्टता र दृढताका साथ ठहर गरेको छ, त्यसले आम जनताको ध्यान फेरि दासढुंगा काण्डतर्फ आकृष्ठ भएको छ ।

दासढुंगा काण्डको प्रकृति के हो ? त्यो त अब निरुपण भएको छ । हरेक कोणबाट त्यो नियोजित हत्या नै हो भन्ने ठहर भएको छ । तर समस्या र प्रश्नहरु यत्तिमै अन्त भएका छैनन् । यो नियोजित हत्या हो भने यसको मुख्य सूत्रधार को ? र, हत्याको कारण के हो ? यी सवालहरु अफै हल भएका छैनन् । यी सवालहरु यस्ता सवालहरु हुन, जसमा सारा नेपालीहरुको जीवनको सुरक्षाको सवाल गाँसिएको छ । आज एउटा सबैभन्दा शक्तिशाली प्रतिपक्षी दलका सर्वोच्च नेताहरुलाई यति सजिलै मार्न सकिन्छ भने कुन नेपालीले आफूलाई सुरक्षित ठान्न सक्छ ? आज यति ठूलो पार्टीका नेताहरुको हत्यारा सजिलै लुक्न-फुल्किन सक्छ भने कुन नेपालीको हत्यारा निरुपित र दण्डित हुन सक्छ ? त्यसैले, सवाल क. मदन र क. आश्रितको हत्याको सूत्रधार पत्ता लाग्नु र दण्डित हुनुको मात्रै छैन, सत्य र न्यायको पक्षपाती सबैको जीवनको सुरक्षाको सवाल, नेपालको वर्तमान राज्यले नागरिकहरुलाई न्याय दिन सक्छ कि सक्दैन भन्ने सवाल दासढुंगा काण्डको हत्याको सूत्रधार पत्ता लाग्नु र दण्डित हुनुसित जोडिएको छ । तसर्थ सम्पूर्ण नेपालीहरुले आवाज उठाउनु परेको छ हत्याको सूत्रधार र कारण पत्ता लगाऊ र दण्डित गर ।

तर नेपाली कांग्रेसले नेतृत्व गरेको नेपालको राज्ययन्त्र यस मामलामा नितान्त बेपर्वाह र पक्षपातपूर्ण देखा परेको छ । जनताका यति चर्चित नेताहरु मारिंदा पनि ऊ एउटा अत्याधुनिक साधन र शक्ति सम्पन्न सर्वसम्मत निष्पक्ष न्यायिक आयोग गठन गर्न समेत मानिरहेको छैन । यसले घटना स्थलका सबूदहरुलाई समेत कर्डोन गरेर सुरक्षित पार्ने कदम उठाएन, जबकि साधारण सवारी दुर्घटनामा समेत यस्तो गर्ने गरिन्छ । उसले अत्याधुनिक अपराध अनुसन्धान प्रविधि र विज्ञ लगाएर चालक अमर लामालाई केरकार गर्ने कार्य समेत गरेन, जबकि अरु केसहरुमा उसले यस्तो गर्न सक्छ । चालक लामाले साविती बयान दिनासाथ उसले लामामाथि भईरहेको पार्टीको निगरानी हटाउने कार्य गर्‍यो । भनिन्छ- लामालाई पागल घोषित गराउने प्रयत्न पनि सरकारले गरेको थियो । उसले रगत र पिसंराको पनि समय रहँदै परीक्षण गराउन पहल गरेन । र, नेताहरुको हत्या सम्बन्धी मुद्दालाई फगत लापर्वाहीपूर्ण सवारी दुर्घटना ठहर्‍याउने प्रयत्न अनील आयोग मार्फत गर्‍यो, जबकि अनील स्वयंले यसलाई नियोजित षडयन्त्र भनेर सार्वजनिक रुपमा अगाडि नै भनिसकेका थिए ।

शुरुमा सरकारमाथि कसैले सन्देह गरेको थिएन । तर सरकारका यी व्यवहारहरु आफैंले सरकारमाथि गहिरो सन्देह पैदा गरेका छन्- कतै सरकार आफैं यो काण्डमा कुनै तरहले सरीक त छैन ? नत्र किन सरकार यस्तो व्यवहार देखाउँछ ? लामा अफै ज्यूँदैछ, किन सरकार उसमाथि जिम्मेवारपूर्ण, वैज्ञानिक अनुसन्धान गर्दैन ?

भाद्र १ को संझौताद्वारा बचनबद्ध भईसकेर पनि सरकार किन सर्वोच्च अदालतका वहालवाला न्यायाधीशको अध्यक्षतामा सर्वसम्मत आयोग गठन गर्दैन ?

सरकारले यस सवालमा अत्यन्त ठूलो वेवास्ता गरेपछि फेरि जन संघर्षद्वारा दासढुंगा काण्डका अपराधीबारे थप गहिराइमा खोजी गर्नका लागि अधिकार सम्पन्न सर्वसम्मत आयोग गठन गर्न उसलाई बाध्य गर्नु- जिम्मेवार सामाजिक शक्तिको दायित्वको कुरा हो । यसमा वाम शक्तिको दायित्व सबैभन्दा वेसी छ र त्यस मध्ये पनि नेकपा (एमाले) को सर्वाधिक बेसी दायित्व छ । तर दुःखको कुरा हाल यो दायित्व कतैबाट पनि राम्ररी निर्वाह भइरहेको देखिन्न ।

यसका लागि सशक्त आवाज कतैबाट पनि उठिरहेको देखिन्न ।

यस परिस्थितिमा जनस्तरको आयोगको रिपोर्टको प्रकाशन र त्यसमा यो नियोजित हत्या नै हो भन्ने किटानी- ठहरले हत्याका सूत्रधारहरु र हत्याको कारणबारे अरु गहिराइमा खोजी गर्ने सवाल फेरि टड्कारो आवश्यकताको विषय बन्न गएको छ । दासढुंगा काण्ड फेरि व्यापक जन सरोकारको विषय बन्न गएको छ । हामी आशा गर्छौं- जिम्मेवार सामाजिक शक्तिले यो सवाललाई गम्भीरतापूर्वक लिने छन् र यसबारे थप खोजी थाल्नका निम्ति सरकारलाई दवाव दिन संयुक्त र सशक्त आवाज उठाउने छन् । यस मामलामा बेवास्ता गरियो भने हत्याराहरु प्रोत्साहित हुनेछन् र भविष्यमा दासढुंगा काण्डको धेरै पटक नेपालमा पुनरावृत्ति हुने छ । आज क. मदन भण्डारी र क. जीवराज आश्रिततर्फ तेर्सिएको षड्यन्त्रको चुप्पी भरे तपाई- हामी प्रत्येकको छातीमा पनि तेर्सिन सक्छ । ◇

हाम्रो विशेषताले उपभोक्ताहरूलाई कसरी फाइदा भयो?

# शेष इन्टरनेशनल

## तपाईंको स्वागत गर्दछ।

हामी निम्न सामग्रीहरूले तपाईंको सेवा गर्दछौं:

टि.भी., भि.सी.आर
लुगा धुने मेशीनहरू
जेनेरेटरहरू
फ्रिजहरू
एअर-कन्डिसनरहरू
साथै सम्पूर्ण विजुली सम्बन्धी
औजारहरू तथा किचेन
सामग्रीहरू इत्यादि



हामीकहाँ पस्नुहोस् र ग्राहकहरूको सन्तुष्टिका पछाडि के रहस्य छ
आफैं थाहा पाउनुहोस्।

हामी खुद्रा तथा थोक विक्रेता हौं।

अन्य जानकारीका लागि सम्पर्क राख्नुहोस्
शेष इन्टरनेशनल
पसल नं. १०, विशाल बजार, काठमाडौं।
फोन: २२८१०४, २२८१५२ केबल: BANTI

मूल्यांकन

# दासढुंगा काण्ड
# तुलाधर आयोगको ठहर

लण्डनको रगत र भिसेरा जाँच, अमर लामाकी प्रेमिकाको विवाद, नारायणी नदीमा गोही छेक्ने जाल विछ्याएको विवादबारे प्रामाणिक टुंगो



## यो कसरी नियोजित हत्याकाण्ड हो ? ६

साथमा अमर लामाको साविती बयान, लण्डनको भिसेरा र रगत जाँचको प्रतिवेदनबारे डा. भरत प्रधानको बयान



## स्वास्थ्य सेवामा क्रान्ति

*किन र कसरी ?*

वर्तमान नेपालको सन्दर्भमा क. माओ त्से तुङ्गकालीन चीनका अनुभवहरुको औचित्यबारे

डा. महेश मास्के र डा. शरद वन्त

**आगामी अन्तर्क्रियाकोलागि**

विशेषलेख ३३

## निकारागुआ

## साण्डिनिष्टा क्रान्तिको सफलताको कथा

*सेना वामपन्थीहरुको हातमा र सरकार पूँजीवादीहरुको हातमा रहेको देशको अनौठो र जटिल राजनीतिक समीकरणको लेखाजोखा*

**साण्डिनिष्टा छापामारहरुको संघर्षशील इतिहास १५**

## चालू फिल्महरुको समीक्षा कति जरुरी ?

वामपन्थी विचारक प्रा. माणिकलाल श्रेष्ठ, प्रगतिशिल साहित्यकार खगेन्द्र संग्रौला र हरिगोविन्द लुईटेलका विचारहरु (२८)


**हाम्रो मूल्यांकन**
दासढुंगा काण्ड फेरि घट्न सक्छ / ४

**घटना प्रवाह**
के गणेशमानले पुरस्कार पाउनु उचित छ ? ३९
उपचुनावमा हाम्रो दायित्व/३९
माओको चरित्र-हत्यामा बी. बी. सी./४०
उत्तर कोरियामाथि दवाब/४१

**आजको घटना / आजको विचार**
रुस कता जाँदैछ ? / ४२
रुसी संविधानमा के छ ? ४३
इटालीमा रातो तारा / ४१

**नीति / संस्कृति**
के त्यो हाम्रो आमसभा हो र ? *चन्द्रदेव नेपाली* / २५

**अर्थतन्त्र**
नेपालमा बेरोजगारी कसरी हल गर्ने ? *-गोविन्दप्रसाद लोहनी* / १२

**आँखी झ्याल**
अमेरिकामा गरीबहरु *-दीपक थापा* /२१

**विज्ञान / प्रविधि**
नयाँ विमानको खोजी /२३
चीनमा काठको रकेट /२३
भूकम्प मापक यन्त्र ? २४

**दर्शन / दिग्दर्शन**
गति के हो ? *प्रज्ञारत्न* /३१

**धारणा**
राजनीति र नैतिकता /३०

**साहित्य**
केवलपुरे किसानका कविताहरु / २७

**प्रेरक प्रसंग**
स्टालिनको स्वभाव / २४

**विविध**
माओका उद्धरणहरु / ४०
पाठकको कुरो-४६


**आवरण फोटो** / क. मदन-आश्रितको विशाल शवयात्रा, **आवरण कला**:आइडियल डिजाइनर्स, बागबजार, **कलर स्क्यानिङ**:प्रिज्म कलर ल्याव, कुलेश्वर, **कम्प्यूटर सेटिङ**:निराज कम्प्यूटर केन्द्र, क्रियटिभ कम्प्यूटर सेन्टर **मुद्रण**:शिवशक्ति प्रिन्टर्स, बागबजार



# दासढुंगा काण्ड

# तुलाधर आयोगको ठहर

## विषादि सुँघाएर बेहोश पारी दासढुंगामा नियोजित तवरले गाडी खसालेको हुन सक्ने

दासढुंगा काण्डबारे जनस्तरको आयोगको रिपोर्ट पुस १५ गते सार्वजनिक रूपमा प्रकाशित गरिएको छ। अहिलेसम्म आफ्नो रिपोर्ट पूर्ण रूपमा जनसमक्ष ल्याउने यही पहिलो आयोग भएको छ।

यो आयोगले अरू सबै आयोगभन्दा बेसी तथ्य प्रमाण संकलन गरेर आफ्नो ठहर पेश गरेको छ। लण्डनको रगत र भिसेरा जाँचको प्रतिवेदनको विश्लेषण अरू आयोगको रिपोर्टमा थिएन, त्यो यही आयोगले पहिलो चोटी पेश गरेको छ। अमर लामाको प्रेमिकाको विवाद, नारायणी नदीमा गोही छेक्ने जाल बिछ्याएको विवादबारे पनि यस आयोगको प्रतिवेदनले एउटा प्रामाणिक टुंगो लगाएको छ। यी सबै हिसाबले यो प्रतिवेदन सबैभन्दा विशेष महत्त्वको रहेको छ।

यही पत्रिकाको शुरु पहलमा विभिन्न पेशा र क्षेत्रका बौद्धिकहरूको जेठ ६ को भेलाले गठन गरेको "नागरिक छानबिन समिति" ले दासढुंगा काण्डलाई नियोजित हत्या नै ठहर गरेको छ। एल्डसमस्टन रिपोर्टको आधारमा क. मदन र क. आश्रितको बेहोशी वा मृत्यु मोटर खस्नु अघि सुनकोशी रेस्टुराँदेखि दासढुंगाको बीचमा विषादि सुँघाएर भइसकेको र बेहोशी वा मृत्युको अवस्थामा नै दासढुंगामा नियत राखेर गाडी तल खसालेको हुन सक्ने निष्कर्ष आयोगको रिपोर्टले तथ्य-प्रमाणहरू सहित पेश गरेको छ। यो अहिलेसम्मको निष्कर्षमा नयाँ नसुनिएको निष्कर्ष हो

आयोगको विश्लेषण दासढुंगा काण्ड बारे वास्तविकता थाहा पाउन चाहने पाठकहरूको लागि उपयोगी हुने ठानेर हामीले त्यसको पूर्ण पाठ पेश गरेका छौं। हामीले यो पूर्ण पाठ नागरिक छानबिन समितिको प्रकाशित रिपोर्टबाट प्राप्त गरेका हौं।

## के यो नियोजित हत्या हुन सक्छ ?

उपलब्ध तथ्यहरुको आधारमा दासढुंगाको घटना सामान्य भवितव्य गाडी दुर्घटना पनि नभएको, यो असामान्य भवितव्य गाडी दुर्घटना पनि नभएको र यो चालकको लापरवाहीबाट हुन गएको दुर्घटना पनि नभएको निष्कर्ष निक्लन्छ।

यस्तो भएपछि स्वभाविक रुपमा प्रश्न उठ्छ, के त्यसो भए यो नियोजित हत्या हुन सक्छ त ?

नियोजित हत्या ठहरिनको लागि दुर्घटना हुनु पर्ने कुनै परिस्थिति दुर्घटनास्थलमा नभएर पनि चालकले नियत राखेर गाडी दुर्घटना गराएको हुनु पर्‍यो। चाहे त्यो आर्थिक प्रलोभनका कारणले होस् वा राजनीतिक स्वार्थका कारणले, चाहे व्यक्तिगत बैमनस्यका कारणले होस् वा अन्य कुनै कारणले। र, दुर्घटना अघि र पछिका चालक लामाका ब्यवहारहरुले पनि त्यसलाई परिपुष्टि गरेको हुनु पर्‍यो।

हामीले माथि नै तथ्यहरुको आधारमा बिश्लेषण गरिसक्यौं - दासढुंगामा जतिखेर उपरोक्त जीप दुर्घटनाग्रस्त भयो त्यतिखेर गाडीको यान्त्रिक स्थिति राम्रो अवस्थामा थियो। गाडी पनि नियन्त्रण बाहिरको गतिमा थिएन। चालक होशपूर्ण अवस्थामा थियो। सडक १९ फिट ७ इन्च चौडा र सिधा थियो। सडकका दुवै पट्टि गाडी रोक्न सकिने प्रशस्त ठाँउ थियो। गाडी देब्रेपट्टिको भित्तामा ठोक्काएर रोक्न पनि सकिन्थ्यो, दायाँ नदी पट्टिको १६ फिट चौडा गेगरयुक्त खाली भागमा ब्रेक लगाएर रोक्न पनि सकिन्थ्यो। गाडीको सामुन्ने अघि र पछि कुनै व्यवधान थिएन। सडक त्यतिखेर शून्य थियो। त्यतिखेर सिमसिम पानी परिरहेको थियो। अत्यन्त गतिवान गाडीमा कुनै ब्यबधान आई लाग्दा अकस्मात् ब्रेक लगाएको खण्डमा मात्र सिमसिम पानी परिरहेको स्थितिमा गाडी सडकमा फनक्क फर्किन वा नाच्न सक्दछ भन्ने गाडीबिज्ञहरुको भनाई बारे बिचार गर्दा - त्यस्तो ब्यबधान आईलागेर ब्रेक लगाएको स्थिति पनि देखिन आएन।

यी सब तथ्यहरुको आधारमा दुर्घटना स्थल र गाडी स्वयम्‌मा दुर्घटना हुनु पर्ने कुनै सामान्य वा असामान्य परिस्थिति कतैबाट देखिन आएन।


चालक त्यो दिन मानसिक र शारीरिक रुपले स्वस्थ्य अवस्थामै भएको कुरा पनि हामीले माथि बिश्लेषण गरिसक्यौं। त्यसैले यसको कारणले पनि दुर्घटना हुनु पर्ने कुनै कारण देखिएन।

चालक लामाले शुरुमा गाडी दासढुंगामा पुग्दा दायाँ बायाँ नाच्न थाल्यो, नियन्त्रण गर्न खोजियो, नियन्त्रण भएन, अन्ततः गाडी दायाँ तान्यो र तल खस्यो भन्ने बयान यस ना. छा. स. समक्ष दिएका छन्।

### सडकमै हाम्फालेको !

चालक लामा स्वयम्‌ले पछि यस नागरिक छानवीन समिति समक्ष नदीतर्फ गाडी खस्नु अघि आफू माथि सडकमै हाम्फालेको पनि स्वीकारेका छन्। उनको पछि पछि रहेको ट्रक नं.





ना. अ. ख. ६२० का खलाँसीले पनि उनलाई प्रत्यक्ष रुपमा सडकमै हाम्फालेको देखेको कुरा बताएका छन्। दुर्घटना हुँदा पारीपट्टि नारायणी नदीमा माछा मारी बस्ने बाबुलाल श्रेष्ठ र होम बहादुर मगर तथा बारी फाँडी बस्ने सूर्य बहादुर मगरले पनि यस नागरिक छानवीन समितिसितको बयानमा चालक लामालाई सडक भन्दा अलि तल, रुखभन्दा माथि ओर्लिरहेको प्रत्यक्ष रुपमा देखेको बयान दिएबाट पनि चालक लामा त्यस भन्दा माथि सडकमै हाम्फालेको कुरा सत्य ठहरिन आयो।

दासढुंगाको दुर्घटना स्थल नजिकै छाप्रोमा बस्ने श्रीमती मायाँ श्रेष्ठले आफ्नै आँखाले गाडी दायाँ बायाँ गर्दै गतिमा आएको देखेको बयान यस समिति समक्ष दिएकी छिन्। यस हिसाबले गाडी दायाँ बायाँ गर्दै आएको हुन सक्ने संभावना देखियो।

तर अमर लामालाई पटक पटक सोध्दा पनि यी मूलभूत प्रश्नहरुको उत्तर भने उनीबाट आएन।

प्रश्न के भने गाडी त्यसरी दायाँ बायाँ भएर चल्न थालेर खतराको आभाष भएको हो भने चालक लामाले तुरुन्तै गाडीको गियर डाउन गरेर वा गाडीमा फोरह्विल गियर लगाएर गाडीलाई नियन्त्रण भित्रको मन्द गतिमा चलाउन प्रयत्न गरेनन् किन, जवकि ती सबै यन्त्रहरु राम्रो अवस्थामा थिए ? अथवा उनले ब्रेक लगाएरै पनि गाडी रोक्न सक्थे, त्यस्तो ठाँउ सडकमा प्रशस्त थियो, त्यस्तो गर्ने प्रयत्न नै उनले गरेनन् किन ? त्यो पनि असफल भए, गाडीको स्टेरिङ राम्रो अवस्थामा थियो र देब्रे भित्तामा ६ फीट भन्दा पनि बेसी चौडा ढल थियो, त्यस उता माटोको भित्ता थियो, त्यहाँ गाडी ठोक्काएर पनि गाडीलाई रोक्न सकिन्थ्यो, त्यो प्रयत्न पनि उनले गरेनन् किन ? गाडी नियन्त्रण भन्दा बाहिरको गतिमा थियो भन्ने उनको भनाइ सही हो भने त्यस्तो गतिको गाडीबाट उनी सकुशल, झ्याल खोलेर सडकमा हाम्फाल्न सके कसरी ? किन उनले यो खतराको सूचना आफ्ना पार्टी नेताहरुलाई चाहिं दिन प्रयत्न गरेनन् ?

बाँचने बिकल्प नभएर जीवनमाथि टड्कारो खतरा आइलाग्यो भने मानिसको सबभन्दा पहिले आफ्नो ज्यान जोगाउनेतिर ध्यान जान्छ। यो मानिसको मनोबैज्ञानिक प्रवृत्ति हो। चालक लामालाई यस्तो पो भयो कि ? भन्ने तर्फ विचार गर्दा त्यतिखेर गाडी दायाँ बायाँ नाचेर चालक लामाले भने जस्तो खतरा नै आई लागेको हो भने पनि चालक लामासित ज्यान जोगाउने कैयन बिकल्प देखिन्छन्। जस्तो गाडी देब्रे भित्तामा ठाक्काउनु, गाडीको गियर डाउन गर्नु, फोर ह्विल गियर लगाउनु, सडकको दाहिने पट्टि खालि भागमा ब्रेक लगाएर रोक्नु, भित्तामा ठोकाउनु, गाडीको स्टेरिङ कण्ट्रोल गरेर गाडी सिधा अगाडि जानका लागि छोडी दिनु। त्यसैले, चालक लामा ज्यान जोगाउन बाध्यतावश हाम्फाल्नु सिवाय अर्को उपाय नै नभएको स्थितिमा पनि देखिन्नन्।

यसरी गाडी दुर्घटना हुनु पर्ने कुनै परिस्थिति नै नभइकन, र गाडी सुरक्षित तवरले रोक्ने थुप्रै बिकल्प हुँदा हुँदै, कुनै पनि बिकल्प अप्नाउने प्रयत्न नै नगरी महत्वपूर्ण पार्टी नेताहरु भएको गाडीलाई नदीतर्फ जानका निम्ति छोडिदिएर चालक लामा मात्र सडकमा सकुशल हाम्फाल्नुले यो दुर्घटना नियतपूर्ण हत्या भएकै इंगित गर्दछ।

## शंकास्पद व्यवहारहरू

अब हामी बिश्लेषण गरौं, चालक लामाका दुर्घटनापछि र अघिका ब्यबहारहरु बारे। के ती ब्यबहारहरु र यो प्रश्न बीच कुनै संगति देखिन्छ ?

दुर्घटना नियतपूर्ण थिएन र भबितब्य थियो भने दुर्घटना पछि दुर्घटनामा परेकाको उद्धार कार्य गर्न आतुर हुनु निर्दोष मानिसको मानबीय स्वभाव हो। त्यो आतुरी प्रेमपूर्ण संबन्ध भएका सबैजसो निर्दोष मानिसमा थोरथोर मात्रामा हुने गर्दछ।

महासचिव मदन भण्डारीको चालक लामासितको संबन्ध अत्यन्त सुमधुर र प्रेमपूर्ण देखिन्छ। चालक लामाकै बयान अनुसार मदन भण्डारीले चालकलाई चालकको जस्तो ब्यबहार गर्दैनथे। आफ्नै भाइ छोराको जस्तो ब्यबहार गर्दथे। कहीं गोष्ठी कार्यक्रममा जाँदा पाएको मीठाइको पोका पनि आफूले एउटा खाएर बाँकी सबै चालक लामालाई नै दिन्थे। खानपिनमा पनि पटक्कै छुट्याउँदैनथे। भण्डारीले चालक लामालाई कहिल्यै गाली गरेनन्। संबन्ध यस्तो प्रेमपूर्ण थियो भन्ने कुरा श्रीमती बिद्या पाण्डे, अमर लामाकी श्रीमती गोमा लामा, शैलेन्द्रजंग थापा, ईश्वर पोखेलको बयानबाट पनि पुष्टि हुन्छ।

राजनीतिक बिचारमा पनि चालक लामा ने. क. पा. एमालेको पार्टी सदस्यको हैसियतमा भण्डारीकै बिचारको पक्षपोषण गर्दथे। यो कुरा चालक लामाको बयान र सी. पी. मैनालीको बयानबाट पनि पुष्टि भएको छ। यति आत्मीय र प्रेमपूर्ण ब्यबहार गर्ने र बैचारिक रुपले पनि समान सोच भएको आदरणीय अगुवा मानिस आफैले हाँकेको गाडी दुर्घटनामा परेपछि चालक लामा निर्दोष भएका भए स्वभावतः चालक लामाको सारा ध्यान दुर्घटना पछि बचाउका लागि उद्धार कार्यतर्फ प्रबृत्त हुनु पर्ने हो। तर आश्चर्यको कुरा, यस्तो प्रबृत्ति चालक लामामा कतै देखिएन।

दासढुंगा यस्तो ठाँउ हो, जहाँ १०/१५ मिनेट सडकमा खडा भएर आएका गाडीहरु रोक्न गुहार माग्ने हो भने सैयौं मानिस जम्मा हुन सक्दछन् र उद्धार कार्य हुन सक्छ। त्यस माथि मदन भण्डारी देशव्यापी रुपमा चर्चित ब्यक्तित्व भएकाले उनको गाडी दुर्घटना भएको सूचना दिने हो भने थुप्रै मानिस उद्धार कार्यका लागि उत्प्रेरित हुन सक्दथे। दुर्घटना भएको १०/१५ मिनेट अत्यन्त महत्वपूर्ण र निर्णायक समय थियो, उद्धार वा बचाउ कार्यका लागि। तर चालक लामाले यो महत्वपूर्ण र निर्णायक समयमा आफ्ना नेताहरुको बचाउको लागि त्यस्तो केही गरेको देखिएन।

गाडी नदीमा खसेपछि चालक लामा पनि तल गए। तल नदीमा, चालक लामा र श्रीमती मायाँ श्रेष्ठका पति रत्नलाल श्रेष्ठका अनुसार, मदन भण्डारीको हात र टाउको पुलुक्क देखियो। तर चालक लामाले आफ्नो नेता त्यहीं भित्र पानीमा छ भन्ने थाहा पाएर पनि, र आफू पौडी खेल्न जान्ने भएर पनि, उतार्नका लागि कोशिस गरेनन्। चालक लामाको भनाइ अनुसार, रत्नलाल श्रेठले पानीमा पस्यो भने मर्लास् भनेर तर्साएको हुनाले बचाउन पानीमा नगएको हो। यस्तो हुन पनि सक्छ। तर आफू जान नसकेपछि तुरुन्तै उनी सडकमा आएर गाडी रोक्न सक्थे। अरुलाई आह्वान गरेर आफ्ना नेताहरुलाई बचाउन उद्धार कार्य गर्न सक्थे। रत्नलाल श्रेष्ठको बयान अनुसार र श्याम रंजितकार (भ्यानका ड्राइभर) को बयान अनुसार, उनी सडकमा त आए, तर बचाउ कार्यका लागि कसैलाई पनि अनुरोध गरेनन्। रामनगर प्रहरी चौकीका प्रहरी कृष्ण बहादुरका अनुसार उनले त्यहाँ पनि उद्धार कार्यका लागि प्रहरीलाई अनुरोध गरेनन्। र, नारायणगढ इलाका प्रहरी कार्यालयका स. इ. प्रेम बहादुर बूढाथोकीको बयान अनुसार उनले त्यहाँ पनि घटनाको रिपोर्ट मात्र गरे, तर उद्धार कार्यको लागि अनुरोध गरेनन्।

तर इलाका प्रहरी कार्यालयको नजिकै प्रकाश कोल्ड स्टोर्सबाट काठमाण्डू केन्द्रिय पार्टी कार्यालयमा ट्रंकल गर्दा भने चालक लामाले सेना र प्रहरी जवान उद्धार कार्यमा लागी सकेका छन्, र अब उहाँहरु बाँच्ने आशा छैन भनेर पनि रिपोर्ट गरेको भन्ने लेखनाथ कोइरालाको बयान छ। अन्यत्र रिपोर्ट गर्दा पनि अब उहाँहरु बाँच्ने आशा छैन भनेर उद्धार कार्यलाई निरुत्साहित गर्ने ढंगले रिपोर्ट गरेको देखिन्छ।

यसबाट चालक लामा मदन भण्डारी र आश्रितको बचाउ कार्यको लागि उत्सुक र तत्पर नभएको देखिन्छ। एकातिर मदन भण्डारीले मलाई सारै माया गर्नु हुन्थ्यो र आत्मीय ब्यबहार गर्नु हुन्थ्यो भन्ने अमर लामा स्वयम्को बयान र अर्कोतिर तिनै मायालु र आत्मीय भनिएका नेता दुर्घटनामा पर्दा बचाउ कार्यप्रति बेहद् बेवास्ता, यी आपसमा अन्तरबिरोधी कुरा हुन्। यो मानव स्वभाव बिपरित कुरा हो। चालक लामामा देखिएको यो मानव स्वभाव बिरोधी लक्षणले पनि दासढुंगा घटना नियतपूर्ण थियो भन्नेतर्फ नै इंगित गरेको देखियो।

चालक लामा उद्धार कार्य गर्नुको सट्टा घटनाको तुरुन्तै पछि नदीमा गएर आफ्नो लुगा र शरीर धमिलो पानीले भिजाउने, धमिलो पानी नै खाने र म पनि गाडीसितै पानीमा पसेको थिएँ, पौडी खेलेर निस्किएँ भनेर ढाँट कुरा गर्ने तर्फ प्रबृत्त भएको देखियो। उनले खोलामा आएर धमिलो पानी खाएको र त्यही पानीले शरीर भिजाउँदै गरेको देखेको कुरा घटनास्थलका प्रत्यक्षदर्शी सूर्य बहादुर मगर, होम बहादुर मगर र बाबुलाल श्रेष्ठले आफ्नो बयानमा बताएका छन्। त्यसपछि उनको प्रयत्न भाग्नुको



मदन-आश्रितको लाश


सट्टा प्रहरीलाई खवर गर्नु र पार्टी कार्यालयलाई खवर गर्नु रहेको देखियो । आफ्ना नेताहरुलाई बचाउनुको निम्ति ध्यान नजानु, तर प्रहरी र पार्टी कार्यालयलाई खवर गर्नेतिर भने ध्यान जानु र घटनाको लगत्तैपछि धमिलो पानी खाने र शरीरमा धमिलो पानी छर्कनेतिर ध्यान जानुले चालक लामा आफ्नो निर्दोषिता सावित गर्न र आत्म सुरक्षा गर्नको निम्ति बढी चिन्तित भएको देखियो । म पानीमै परेको, पौडी खेलेर निस्केको भन्ने उनको शुरु बयान पनि यही आत्म सुरक्षा भावबाट प्रेरित देखिन्छ । आफ्नो नेताहरु भबितव्य दुर्घटनामा परेको तात्कालिन स्थितिमा हरेक निर्दोष मानिसको मुख्य चिन्ता हुन्छ कसरी उनीहरुलाई जिउँदो रुपमै पाउने वा बचाउने । कानूनी ब्यहोरा पुर्याउने आत्म सुरक्षाका कामहरुमा उनीहरुको चिन्ता स्वभावतः कम हुने गर्छ । तर चालक लामामा भने उल्टो प्रबृत्ति देखियो ।

के नियतले उनले यसरी धमिलो पानी खाए र शरीरमा छर्किए ? किन उनी प्रहरी र पार्टी कार्यालयलाई खवर गर्नेतिर बढ्ता प्रवृत भए ? किन उनी पौडी खेलेर पानीबाट निस्केको भन्ने भूठो बयान दिन उत्प्रेरित भए ? किन एउटा दक्ष अपराधीमा भैं कानूनी रुपबाट आफ्नो बचाउको निम्ति जरुरत पर्ने सावधानी र होशियारी चाहिं उनमा पैदा भयो ?

यी प्रश्नहरु स्वभावतः उठ्छन् । र यिनले पनि यो गाडी दुर्घटना भबितव्य नभएर नियतपूर्ण हो भन्ने तर्फ नै इंगित गरेका छन् ।

नियतबश गाडी दुर्घटना नभएको स्थितिमा आफ्नो नेताहरुको मृत्यु भएको थाहा भएपछि र आफूले त्यसमा केही गर्न नसकेको बोध भएपछि स्वभावतः निर्दोष मानिसमा दुःखको भाव र पश्चातापको भाव पैदा हुने गर्छ । आफ्नो नेताको मृत्युमा पनि दुःख भाव नहुनु र आफूले बचाउने संभावना हुँदा हुँदैपनि केही गर्न नसकेर नेताहरुको मृत्यु हुँदा पनि पश्चाताप भाव पैदा नहुनु भनेको अमानबीय र संदेहास्पद लक्षण हो । तर चालक लामामा भने मदन भण्डारी र आश्रितको मृत्युपछि पनि दुःखभाव र पश्चाताप भाव पैदा भएको देखिएन । भरतपुर अस्पतालका डाक्टर प्रकाश रायमाझी, डा. विजयमान कायस्थको बयानबाट यो ज्ञात हुन्छ । उनलाई वीर अस्पतालमा ल्याएपछि पनि उनमा त्यो भाव देखिएन । उनको पालो बसेका यदुनाथको बयानबाट त्यसको जानकारी मिल्दछ । यस नागरिक छानवीन समितिले उनलाई डि. एस. पी. कार्यालयमा बयान लिंदा पनि उनमा यो भाव भएको पाइएन ।

आफूप्रति सारै मायालु, आत्मीय र आफ्नो श्रद्धाको केन्द्रको मृत्युमा पनि किन चालक लामामा दुःखको भाव पैदा भएन ? आफ्ना नेतालाई आफूले बचाउन नसक्दा पनि किन उनमा पश्चाताप भाव पैदा भएन ? यो आश्चर्यजनक र सन्देहास्पद लक्षणले पनि



जनस्तरीय आयोगका अध्यक्ष : तुलाधर

**धमिलो पानी खाने र शरीरमा धमिलो पानी छर्कनेतिर ध्यान जानुले चालक लामा आफ्नो निर्दोषिता सावित गर्न र आत्म सुरक्षा गर्नको निम्ति बढी चिन्तित भएको देखियो**

दासढुंगा परिघटना नियतपूर्ण भएको तर्फ नै इंगित गरेको छ ।

दुर्घटनापछि ओली आयोगले थुप्रै प्रमाणहरुका साथ चालक लामालाई सत्य बोल्न दवाव दिएपछि मात्रै सर्वप्रथम खड्ग ओली समक्ष चालक लामाले आफू माथि सडकको डीलमा हाम्फालेको स्वीकारे । र, आफू अलि माथि देखि नै बाहिर हाम्फाल्नका लागि पोजिशन मिलाउँदै गरेको बताए । नत्र उनले आफू गाडीसंगै तल खसेको अडान लिइरहेका थिए । यस्तो ढाँट कुरा उनले शुरुमा किन गरे ? किन उनले माथि हाम्फालेको कुरा लुकाउन जरुरी ठाने ? किन तथ्यहरुले चेपेपछि मात्र उनले सत्य कुरा बताए ? यसबाट माथि सडकको डीलमा हाम्फाल्नुसित उनको अपराधबोध जोडिएको प्रतीत हुन्छ र यसले पनि घटना नियतपूर्ण भएकोतर्फ नै इंगित गर्दछ ।

दुर्घटना हुने निश्चित भएपछि ड्राइभरहरुमा आफ्नो भए पनि ज्यान जोगाउन गाडीबाट हाम्फाल्ने प्रबृत्ति हुन्छ नै । यो भबितव्य घटना भएको खण्डमा उनले त्यो स्थिति सफासफी राखेर म यस कारणले माथि नै हामफालें भनेको खण्डमा चालक लामाले बढी मानिसको सहानुभूति र समभ्रदारी हासिल गर्न सक्थे । तर उनले त्यसो पनि गरेनन् । भयबश पनि उनले शुरुमा सत्य कुरो नबताएको हुन सक्छ । यस संभावना उपर बिचार गर्दा पनि यो स्थितिमा पनि उनमा आफूलाई माया गर्ने मानिसको मृत्युबाट दुःखभाव त स्वभावतः हुनुपर्ने, जुन चालक लामामा देखिएन । त्यसैले चालक लामाले माथि हाम्फालेको कुरा शुरुमा भयबश लुकाएको नभएर अपराधबोधबाट लुकाएको हुन सक्ने देखियो ।

## मेकानिकल रिपोर्ट कति सही ?

गाडी विशेषज्ञहरुले दिएको मेकानिकल प्रतिबेदन अनुसार दुर्घटनापछि गाडीको मेन गियर १ नं. मा भेटिएको छ । फोरह्विल गियर न्यूट्रलमा भेटिएको छ । गाडीको चालक बसेको साइडको ढोका खुला र बाँकी लक भेटिएको छ । गाडीको स्विच अनको अवस्थामा छ । र गाडीमा साँचो छैन ।

गाडी पानीबाट भिकेपछि सुरक्षित अवस्थामा प्रहरीहरुले कर्डन गरेर राखेको हुनाले र मेकानिकल प्रतिबेदन गाडी पानीबाट निकालेको दुई दिन पछि, जेष्ठ ६ गते मात्र, तयार पारिएको हुनाले गाडीको मेन गियर र फोरह्विल गियर दुर्घटनाका दर्शकहरुले चलाएको पनि हुन सक्ने संभावना छ । यस ना. छ. स. ले त्यही मोडेलको पजेरो गाडीमा परीक्षण गरी हेर्दा पछि चलाइयो भने मेन गियर र फोरह्विल गियर दुवै पहिलेको स्थितिबाट परिवर्तित पनि हुन सक्ने देखियो । त्यसैले जुन अवस्थामा त्यस गाडीको मेकानिकल प्रतिबेदन तयार पारियो, त्यो अवस्थामै मेन गियर र फोरह्विल गियर दुर्घटनाको बेलामा नहुन सक्ने पनि संभावना देखियो । यस हिसावले खालि मेकानिकल प्रतिबेदनका आधारमा गाडीको मेन गियर र फोरह्विल गियरको बारे अन्तिम धारणा बनाउनु युक्तिसंगत हुन नसक्ने देखियो ।

तथापि दुर्घटना स्थालका अन्य सबूदहरुले भने मेकानिकल प्रतिबेदनमा उल्लिखित गाडीको मेनगियर र फोरह्विल गियरको स्थितिलाई नै सही साबित गरेको देखिन्छ ।

गाडी सडकको डीलबाट नदी तर्फ खसेको बेला त्यसको गियर ४ नं. थियो भन्ने भनाइ छ । चालक लामाले भनेकै स्थितिमा मेन गियर हुने हो भने गाडी ५०/६० कि. मि. प्रति घण्टाको गतिमा हुने गर्छ । त्यति तीब्र गतिमा गाडी हुने हो भने गाडी सडकको डीलबाट तल खस्दा केही परसम्म बत्तिएर जाने र भिरालो जमिनमा बजारिने सम्भावना हुन्छ

***थुप्रै प्रमाणहरुका साथ चालक लामालाई सत्य बोल्न दवाव दिएपछि मात्रै सर्वप्रथम खड्ग ओली समक्ष चालक लामाले आफू माथि सडकको डीलमा हाम्फालेको स्वीकारे***



र चालक लामाले ढोका खोलेर सडकमा सकुशल हाम्फाल्नु पनि संभव हुदैन । र हाम्फाली हाल्यो भने पनि चोटपटक गंभीर हुने स्थिति हुन्छ । सकुशल हाम्फाल्नका लागि उपयुक्त गियर १ नं. गियर नै हो भन्ने गाडी बिज्ञहरुको भनाइ छ । तर दुर्घटनास्थलमा भने सडकको डीलदेखि नै गाडीको पांग्राको डोब देखिएको छ । गाडी बत्तिएर बजारिएको कुनै संकेत छैन । बजारिंदा ऐना फुटेको सबूद पनि त्यहाँ छैन । गाडी सडकको डीलदेखि नै राम्ररी गुडेर तल एउटा अबरोधमा नठोकिएसम्म सिधा अगाडि गएको सबूद भेटिएको छ । भरतपुर जिल्ला प्रहरी कार्यालयका डि. एस. पी. नवीन अधिकारको बयान र स्वयम् चालक अमर लामाको बयानबाट यो स्पष्ट हुन्छ । खड्ग ओलीको बयान अनुसार स्वयम् चालक लामाले गाडी डीलबाट भर्ने बेलामा ५/१० कि. मि. को गतिमा थियो भनेर खड्ग ओली आयोग समक्ष स्वीकारेका छन् । यसबाट गाडी ४ नं. गियरले पैदा गर्ने गतिमा नभएर, धीमा गतिमा तल नदीतर्फ ओर्लेको देखिन्छ । यो धीमा गति १ नं. गियर वा फोरह्विल गियर न्यूट्रलमा हुनुबाट नै पैदा हुन सक्ने देखिन्छ ।

गाडी बिज्ञहरुको भनाइ अनुसार फोरह्विल गियर न्यूट्रल भए पछि अरु गियर निष्क्रिय हुन्छ र गाडी ओरालोमा धीमा गतिमा, तर बिना रोकाबट गुडेर जाने हुन्छ । १ नं. गियरमा मात्र गाडी हुने हो भने यो कुनै अवरोध आउने बित्तिकै रोकिने पनि संभावना हुन्छ । यसरी दुर्घटना स्थलका सबूदहरुबाट गाडी सडकको डीलबाट तल गुड्दा तीब्र गतिमा बत्तिएको देखिन्न । त्यसैले चालक लामाले शुरुमा भने जस्तो ४ नं. गियरमा गाडी रहेको देखिन्न । गाडी १ नं. गियर वा फोरह्विल गियर न्यूट्रल भएकै स्थितिमा तल गुडेको देखिन्छ । यी सबूदहरुका आधारमा मेकानिकल प्रतिबेदनले दिएको गाडीको मेन गियर र न्यूट्रल गियरको स्थिति बारेको रिपोर्ट सही भएको देखिन्छ र चालक लामा यस निम्ति दोषी भएको देखिन्छ ।

गाडी १ नं. गियरमा हालेर र फोरह्विल गियर न्यूट्रलमा राखेर चालक आफू चाहिं ढोका खोलेर गाडीबाट हाम्फाल्नु र तल नदीमा खस्ने गाडीमा महत्वपूर्ण पार्टी नेताहरुलाई छोडी दिनु, यो कुनै भबितव्य दुर्घटनाको लक्षणको रुपमा देखिन्न । यी लक्षणले गाडीलाई नियतपूर्ण रुपमै नदीतर्फ खसालेको देखाउँछन् ।

## मदन-आश्रित किन भागन खोजेनन् ?

गाडी सडकमा दाँया बाँया गर्न थालेपछि र सडकको डीलमा चालक गाडीबाट हाम्फाले पछि स्वभावतः त्यस भित्रका सचेत अवस्थामा रहेका यात्रुहरु आफू पनि ज्यान जोगाउन प्रयत्नशील हुनु पर्ने हो । यसका लागि आफ्नो साइडको ढोका खोल्न प्रयत्न गर्नु पर्ने हो । डिलबाट तल खसेपछि गाडी नपल्टीकन एउटा अबरोध नआएसम्म

ग्धै गुडेर गएको परिप्रेक्ष्यमा त सामुन्ने सीटमा बसेका मदन भण्डारीले झनै ढोका खोल्न प्रयत्न गर्नु पर्ने हो । तर चालकको बाहेक अरुको ढोका खुलेको देखिएन । अन्य सबै ढोका लक स्थितिमा देखियो । अझ संगठन विभाग प्रमुख आश्रित त सीटमा आड लागेर खुट्टा पसारेर बसीरहेको पोजिसनमा भेटियो । यसबाट मदन भण्डारी र आश्रित त्यतिखेर मृत वा बेहोशीको अवस्थामा रहेको संकेत मिल्दछ ।

डा. भरत प्रधानको बयान अनुसार लंडनको एल्डरमास्टन फोरेन्सीक ल्याबले दिएको रगत जाँचको प्रतिबेदन अनुसार उहाँहरुको रगतमा सुँघाउने प्रकारको बिषादि निकै घनिभूत मात्रामा भएको ठहऱ्याइएको छ र यही बिषादिले उहाँहरुलाई बेहाशी वा मृत पारेको हुन संभव छ । मदन र आश्रितको पोष्ट मार्टम रिपोर्ट अनुसार उहाँहरुको फोक्सोमा पानी भेटिएको छैन । यसबाट पनि उहाँहरुको बेहोशी वा मृत्यु पानीमा पर्नु अघिनै भै सकेको संकेत मिल्दछ । यसरी दुर्घटना स्थलका सबूदहरु, गाडीको मेकानिकल रिपोर्ट, लण्डनको रगत जाँचको प्रतिवेदन, पोष्ट मार्टम रिपोर्टको फोक्सोमा पानी नभेटिएको भन्ने भनाइ र चालक लामाको ५/१० कि. मि. को गतिमा गाडी छाडेर म सडकको डीलमा नै हाम्फालेको भन्ने स्वीकारोक्ति बीच तालमेल र संगति भेटिन्छ । र यो तालमेल र संगतिले पनि चालक लामाले नियोजित रुपमै गाडी नदीतर्फ खसालेको देखाउँछ ।

यस परिप्रेक्ष्यमा गाडी दासढुंगामा नागवेली पर्नु र दुर्घटना स्थलको सडकको देब्रेपट्टि छेउमा ६० र ११२ फिटको फरक पारी राखिएका ३ वटा बालुवाको थुप्राहरु र त्यसमाथि एउटा एउटा ढुंगाको चिन्ह हुनु अर्थपूर्ण र प्रासांगिक देखिन्छन् । गाडी पहिलो बालुवाको थुप्रोबाट नागवेली पर्न शुरु गरेको देखिन्छ र अन्तिम बालुवाको थुप्रोबाट मोडिएर सडकको दायाँ छेउको भूसको थुप्रो हुँदै सडकको डीलबाट तल नदीमा ओर्लेको देखिन्छ । यस हिसाबबाट स्वाभाविक रुपमा प्रश्न उठ्छ, बालुवाका थुप्राहरु कतै गाडी दायाँ बायाँ मोड्नका लागि र निर्धारित ठाउँमा दुर्घटना गराउनका निम्ति नियोजित तवरले राखिएका संकेत त हैनन् ? गाडी दायाँ बायाँ नागवेली पर्न थाल्नुको कारणले दुर्घटना भएको नभएर गाडी नियोजित रुपमा दुर्घटना गराउनको लागि दायाँ बायाँ नागवेली पार्न थालिएको त हैन ? यस्तो सोच्ने आधार दुर्घटनास्थलका अन्य सबूदहरुले प्रशस्त दिएका छन् । किनकि सिधा बाटोमा गाडी नागवेली परेर आउँदा र त्यसरी त्यस ठाँउबाट दायाँ मोडिंदा नै त्यस प्रकारको घटना घटाउन सकिने संभावना देखिन्छ ।

## स्वभावमा परिवर्तन

यस परिप्रेक्ष्यमा के यसरी नियोजितरुपबाट गाडी दुर्घटना गराइएको भनेर सोच्नका लागि दुर्घटना अघि पनि त्यस्ता बस्तुगत आधारहरु र घटनाहरु देखिन्छन् ?



यहाँ हत्याकाण्ड भएको थियो

*दुर्घटना स्थलका सबूदहरु, गाडीको मेकानिकल रिपोर्ट, लण्डनको रगत जाँचको प्रतिवेदन, पोष्ट मार्टम रिपोर्टको फोक्सोमा पानी नभेटिएको भन्ने भनाइ र चालक लामाको ५/१० कि. मि. को गतिमा गाडी छाडेर म सडकको डीलमा नै हाम्फालेको भन्ने स्वीकारोक्ति बीच तालमेल र संगति भेटिन्छ*

नागरिक छानवीन समितिले त्यसको ऐतिहासिक पृष्ठभूमि खोज्दैजाँदा त्यस्ता केही बस्तुगत आधार र घटनाहरुको क्रमबद्धता विद्यमान रहेको भेटेको छ ।

ने. क. पा. (एमाले) केन्द्रीय कार्यालयका सचिव ईश्वर पोखेलका अनुसार चालक लामा पहिले महासचिव मदन भण्डारी बाहिरबाट आउँदा एकै परिवारका सदस्य भैं बिमान स्थलमा VIP लौन्ज भित्रै जान्थे र बडो सौहार्दतापूर्वक हात मिलाउँथे । पहिले उनको मदन भण्डारीप्रति निकै प्रेमभाव र श्रद्धाभाव देखिन्थ्यो । तर पछिल्लो चोटि, दासढुंगाको घटना भन्दा एक डेढ महिना अघि, चीन वा कलकत्ताबाट फर्कदा, उनको त्यो सौहार्दता गायव भएको देखियो । उनले हात त मिलाए, तर अनुहारमा त्यो प्रेमभाव र सौहार्दता थिएन । घटना घट्नु भन्दा १ महिना अघिदेखि नै चालक लामाको अनुहार फुंग उडेको देखिन्थ्यो । उनले कम बोल्न थालेका थिए । उनले साथीहरुसंग झगडा गर्ने, छासछुस गर्ने गर्न थालेका थिए । पहिले उनी यस्ता थिएनन् ।

मदन भण्डारीकी श्रीमती बिद्या पाण्डेको पनि चालक लामाको स्वभावमा परिवर्तन सम्बधमा यस्तै टिप्पणी रहेको छ । श्रीमती बिद्या पाण्डेका अनुसार चालक लामा पहिले जहिले आउँदा पनि एकै परिवारका सदस्य झैं भान्साघरमा पस्ने, चियाउने गर्थे । तर पछिल्लो १/२ महीनामा, विशेषत: मदन भण्डारी चीनबाट फर्केपछि उनमा यो आत्मीयता र सौहार्दता हराएको थियो । उनले त्यसरी भान्साघरमा पस्ने, चियाउने गर्न छाडेका थिए । उनी कोठामा नै पत्रिका पढेर बस्थे र पत्रिका पढ्दा पनि पत्रिकाले मुख ढाक्ने गरी छोपेर बस्थे र कोठामा जाँदा देखे पनि नदेखे जस्तो गर्थे । उनले पहिले भन्दा खाना पनि निकै कम खान थालेका थिए । चीनबाट मदन भण्डारी फर्कदा उनी VIP लौन्ज भित्रै पसेनन्, जबकि पुऱ्याउन जाँदा भने पसेका थिए । मदन भण्डारी चीनबाट फर्के यता उनी निकै सिरियस हुन थालेका थिए । पहिला उनी फरासिला, रमाइला मान्छे थिए ।

उनको स्वभावमा आएको यो उल्लेखनीय परिवर्तन बारेमा पोखराका ती थुप्रै मानिसहरुको पनि समान अनुभूति रहेको भेटियो, जो चालक लामालाई पहिलेदेखि नै राम्ररी चिन्दछन् । पोखराका खगराज अधिकारी, रविन्द्र अधिकारी, राघव शर्मा, श्रीनाथ बराल, हरि पाण्डे र श्रीमती तुलसा पाण्डेको बयानबाट यो स्पष्ट भएको छ । गोर्खाका ने. क. पा. (एमाले) का जिल्ला पार्टी सचिव ऋषि कट्टेल, जो जेष्ठ ३ गते पोखराबाट आँबूखैरेनीसम्म उही गाडीमा आएका थिए, उनको पनि चालक लामाको स्वभाव परिवर्तन संबन्धमा समान धारणा पाइयो ।

तर मदन भण्डारीको तर्फबाट भने चालक लामाप्रतिको बिश्वासको स्थिति र ब्यबहारमा परिवर्तन पाइएन । श्रीमती बिद्यापाण्डेको बयान अनुसार लामो यात्राको लागि दुई जना ड्राइभर लानु पर्छ भनेर श्रीमती बिद्या पाण्डेले जोड गर्दा पनि मदन भण्डारीले मान्नु भएन । चालक लामाप्रतिको उहाँको अति बिश्वास यथावत रही रह्यो । पार्टीको तर्फबाट पनि चालक लामाको स्वभाब परिवर्तनलाई आलोचनात्मक तवरले र होशियारीपूर्वक लिएको पाइएन ।

चालक लामाको स्वभाबमा आएको यो परिवर्तनबाट चालक लामा केहिं समय अघिदेखि नै नियोजित योजनामा संलग्न हुन थालेको संकेत मिल्छ । बिशेषत: मदन भण्डारीहरु चीनमा गए यता उनको पार्टी नेताहरुप्रतिको दृष्टिकोण र ब्यबहारमा परिवर्तन आउन थालेको देखिन्छ । एकातर्फबाट पहिले जस्तै प्रेम र हार्दिकता दर्शाईंदा दर्शाईंदै पनि चालक लामाको ब्यबहारमा हार्दिकता र न्यानोपन खतम हुन थाल्नु, व्यवहारमा एकतर्फी चीसोपन र गंभीरता आउन थाल्नु त्यसैको लक्षणका रुपमा देखिन्छ ।

## घटनाको दिन

चालक लामाको ब्यबहारमा सबैभन्दा बेसी असामान्यता जेष्ठ ३ गते देखिएको छ, जुन दिन दासढुंगा काण्ड घट्यो । त्यो दिन उनी सधैं भन्दा असामान्य रुपले गंभीर देखिएका छन्, बिहानैदेखि बेचैन र तनाबग्रस्त देखिएका छन् । महासचिव भण्डारी र आश्रितसंग बसेर खाना खान बारम्बार डाक्दा पनि नआउने, भ्यालबाट दुई जनाले खाना खाएको हेरिरहने, खाना पनि राम्ररी नखाने, एकनास टोलाइरहने, बोलाउँदा झस्किने, सधैं जस्तो बोल्दा पनि राम्ररी नबोल्ने जस्ता असामान्य मनोबैज्ञानिक व्यवहारहरु उनले त्यो दिन घट्ना घट्नु अघि देखाएका छन् । पोखरामा उनी



दुर्घटनाका प्रत्यक्षदर्शीहरूसँग कुराकानी गर्दै आयोगका सदस्यहरू

बसेको घरका घरमूली श्रीमती तुलसा पाण्डेको बयानबाट यो देखिएको छ । उनमा आएको असामान्य गंभीरता बारे त्यो दिन उनलाई नजिकैबाट र पहिलेदेखि चिन्ने खगराज अधिकारी, राघव शर्मा, श्रीनाथ बराल, रवीन्द्र अधिकारी र पोखराबाट आँबू खैरेनीसम्म त्यही गाडीमा आउने ऋषि कट्टेलको पनि समान धारणा रहेको उनीहरुको बयानबाट देखिन्छ ।

### गायबी किन ?

चालक लामामा आफ्ना नेताहरुप्रति पहिले जस्तै श्रद्धा र प्रेम बाँकी रहेको स्थितिमा, भबितव्य वा लापर्वाहीबाट घटना घटेको भए आफ्ना नेताहरु चढेको गाडी आफ्नै हँकाई अन्तर्गत दुर्घटनाग्रस्त भएर उनीहरु नदीमा बेपत्ता भए पछि त्यो बेचैनी, तनाव र गंभीरता अझ झन् बढ्नु पर्ने । तर चालक लामामा त्यस्तो भएको देखिदैन । गाडी दुर्घटना पछि भरतपुर अस्पतालमा उनी संतुलित, शान्त र तनावरहित देखिएका छन् । भरतपुर अस्पतालका डाक्टरहरु डा. विजयमान कायस्थ, डा. प्रकाश रायमाझी, हे. अ. महीन्द्र शाहको बयानबाट यो देखिन्छ । बीर अस्पतालमा सरेपछि पनि, र आफ्ना नेताहरुको मृत्यु भएको निश्चित भएपछि पनि, उनको त्यही मनोदशा भएको कुरा मनोरोग विशेषज्ञ डा. विश्वबन्धु शर्माको स्वास्थ्य परीक्षण रिपोर्टबाट देखिन्छ । उनको पालो बसेका यदुनाथ पोखेलको बयान अनुसार त उनी बीर अस्पतालमा हँसीमजाक समेत गरिरहेका देखिन्छन् । यो मनोदशा प्रेमपूर्ण संबन्ध भएको मानिसमा र निर्दोष मानिसमा नभेटिने अन्तरबिरोधपूर्ण मनोदशा हो ।

त्यसैले केही महीना अघि देखि एकतर्फी रुपमा चालक लामामा आउन थालेको गंभीरता र चिसोपन, जेष्ठ ३ गते, घटना घट्नु अघि, उनमा देखिएको तनाब, बेचैनी र असामान्य गंभीरता र घटना घटीसकेपछि देखिएको शान्त, सन्तुलित र बेचैनीरहित उनको मनोदशा, यी सबै मनोबैज्ञानिक ब्यबहारहरुले पनि दासढुंगाको घटना नियतपूर्ण नै थियो भन्ने देखाउँछन् ।

यस बाहेक पोखरामा चालक लामा पटकपटक बेपत्ता भएको देखिएको छ । उनी जेष्ठ २ गते राघव शर्माको मोटर साइकल लिएर जीपको हायण्ड ब्रेक किन्न भनेर पार्टी जिल्ला सम्मेलनको सभास्थलबाट करिब आधा घण्टासम्म बेपत्ता भएका देखिन्छन् । यो घटनाले किन सन्देह जगाउँछ भने सम्मेलन स्थलबाट हायण्ड ब्रेक किन्ने ठाँउ हिंडेर जाँदा पनि ५ मिनेट भन्दा टाढा छैन । साथ साथै ह्याण्डब्रेक किन्नका लागि यस कुराको अनुभवी हुनाले सांसद हरि पाण्डेको सल्लाह लिएर मात्र किन्नु भनेर नेताहरुले चालक लामालाई अऱ्हाएको देखिन्छ । हरि पाण्डे पनि यो काम गर्न तयार देखिन्छन् । तर चालक लामा सांसद हरि पाण्डेलाई कुनै सूचना नै नदिईकन एक्लै नेताहरुको निर्देशन बिपरित आधा घण्टासम्म गायब भएका छन् ।

जेष्ठ ३ गते बिहान खाना खान जानु अघि पनि उनलाई खोज्नु पर्ने गरी उनी अलप भएका छन् । जेष्ठ ३ गते हिंड्ने बेलामा पनि उनी १०/१५ मिनेट मदन भण्डारी र आश्रितले कुर्नु पर्ने गरी अलप भएका छन् । पटक पटक उनी कहाँ गए कसैलाई पत्तो भएको पाइएन । हरि पाण्डे, रविन्द्र अधिकारी, राघव शर्मा, खगराज अधिकारीको बयानबाट यी सबै देखिएको छ ।

माथि उल्लेखित अरु सबै घटना र सबूदहरुको परिप्रेक्ष्यमा चालक लामा यसरी पोखरामा बिना सूचना अलप हुनु अर्थपूर्ण र सान्दर्भिक हुन आएको छ । अझ चालक लामाले बिदेशीहरुलाई भेटिरहेको देखेको परिप्रेक्ष्यमा त यो झनै अर्थपूर्ण र सान्दर्भिक देखिन आएको छ । पोखराका पुष्पज्योति ढुंगानाको बयान अनुसार उनले गौशाला हार्डवयर नेर चालक लामाले केही बिदेशीहरुलाई भेटिरहेको, कुरा गरिरहेको आफैले देखेका थिए । ती दुई बिदेशी साइकलमा थिए, उनीहरुलाई देखेपछि चालक लामा परिचित मानिस झैं हाँसे र कुराकानी गर्न थाले भन्ने उनको बयान छ । जेष्ठ २ र ३ गते ने. क. पा. (एमाले) को कास्की जिल्ला पार्टी सम्मेलन भइरहेको ठाँउ दीपेन्द्र सभा गृहमा हामी फ्रेन्च कम्युनिष्ट हौं, तपाईहरुका पार्टीका नेताहरु भेट्न चाहन्छौं भन्दै जबरजस्ती पस्न खोज्ने बिदेशीहरु तिनै थिए भन्ने उनको भनाइ रहेको छ । सम्मेलन थलोका स्वयमसेवी रविन्द्र अधिकारीको बयानले पनि यो कुरा पुष्टि गरेको छ ।

ती बिदेशीहरु को हुन् भन्ने तर्फ खोजी हेर्दा सीमित स्रोत साधनहरुको कारणले बिस्तृत परिचय पत्ता लगाउन सकिएन । पोखराका श्रीनाथ बरालबाट तिनीहरु पोखरा ड्याम साइडतिर बस्दथे भन्ने सम्म सूचना मिल्यो ।

उता रविन्द्र अधिकारीले चालक लामालाई मोटर साइकल लिएर कहाँ गएको भनी सोद्धा उनले पनि ड्याम साइडतिरै गएको भनेको भन्ने रबिन्द्र अधिकारीको बयान छ । यसबाट चालक लामाको ती बिदेशीहरुसित अर्थपूर्ण सम्बन्ध त थिएन ? गायब भएका बेला चालक लामा तिनै विदेशीसित सम्पर्क कायम गर्न गएका त थिएनन् ? र दासढुंगा घटनासित ती विदेशीहरुको सम्बन्ध त थिएन ? भन्ने प्रश्न स्वभावतः उठ्छ । यसको खोजीको निम्ति सक्षम र अधिकार प्राप्त खुफीया यन्त्रबाट अनुसन्धानको जरुरत देखिएको छ । यस समितिको प्रयत्नले माथि उल्लेखित कुराहरु त पत्ता लागे, तर त्यो भन्दा गहिराइमा र बिस्तारमा जान संभव भएन । तथापि माथि उल्लिखित कुराहरुले दासढुंगा घटनामा चालक लामा एक्लै नभएर उनका पछाडि बिदेशीहरुको पनि संलग्नता हुन सक्ने संभावना देखाएका छन् ।

पार्टीको गाडीमा पार्टीको झण्डा राख्नु कुनै आश्चर्यजनक कुरा होइन । तथापि माथिका सबै घटना र सबूदहरुको परिप्रेक्ष्यमा यसै पटक, चालक लामाकै जोडबाट पोखराबाट चितवन तिर जाने क्रममा नै गाडीमा पार्टीको झण्डा हाल्नु पनि अर्थपूर्ण र सान्दर्भिक देखिन आएको छ । कतै गाडी चिनाउनका निम्ति त यस पटक त्यसरी चालक लामाले झण्डा हाल्न जोड गरेका थिएनन् ? यो प्रश्न स्वभावतः उठ्छ र उठ्ने ठाँउ छ ।

### किन त्यति बढी समय लाग्यो ?

अर्को महत्वपूर्ण कुरो के देखियो भने आँबू खैरेनीबाट दासढुंगासम्म पुग्न गाडीले लिएको समय असामान्य छ । गाडी, ऋषि कट्टेलको बयान अनुसार ४.३० बजेतिर आँबू खैरेनीबाट छुटेको छ । सुनकोशी रेष्टुरेण्टका मालिक श्रीमती बुद्धिमाया लामाको बयान अनुसार त्यहाँ चिया खान १० मिनेट जति मात्र लागेको छ । र श्याम रंजितकारको गाडी सिमलतालतिरबाट हिंडेको समय ५.३० तिर र गाडी खसि सकेपछि श्याम रंजितकारले दासढुंगामा चालक लामालाई

## तुलाधर आयोग समक्ष अमर लामाको साविती बयान

प्रश्न - *तपाईले स्पष्टसँग कुरा भनिराख्नु भएको छैन जस्तो लागिरहेछ । गाडीले बाटो छोड्नुअघि माथि बाटोमै हाम्फालेको हो कि होइन, लौ भन्नुस् त ?*

अमर- त्यस्तो माथि हाम्फालेको छैन, गाडी दायाँ गयो ।

प्र.- *गाडीले पीच छाडेपछि चौर छाड्नुअघि हाम्फाल्नु भयो, हैन ?*

अ. - अँ ।

प्र. - *त्यो देख्ने मान्छे अरू कोही छन् ?*

अ. - त्यही झोपडीका मानिसले देख्न सक्छन् । ट्रकका ड्राइभरहरू त पछि आएका हुन् , गाडी खसी सकेपछि ।

प्र.- *पहिले पानीबाट पौडिएर बाहिर निक्लें, भन्नु भो, अहिले बाहिर हाम्फालें भनियो । पहिले किन ढाँटियो ?*

अ. त्यति बेला म आत्तिएको थिएँ । त्यस बखत पानीबाट निस्के जस्तो लाग्यो र पानीबाट निस्कें भनेको थिएँ होला । पछि अनिल आयोग आयो । पहिले पानीबाट निस्कें भनेपछि त्योसंग मिलाउन यहाँ पनि त्यही भन्नुपर्छ होला भनेर अनिललाई पनि त्यही भनें । पछि सुभाष र भरत प्रधान आउनु भएको थियो । उहाँहरूले एकान्तमा कुरा गर्ने भए गर भनेपछि के.पी. ओली कमरेडसंग कुरा गर्छु भने । अनि के.पी. ओलीले यथार्थ विवरण भन् भनेपछि सबै कुरा उहाँलाई बताएँ । ✱

## अमर लामासित नागरिक छानबिन समितिको बयान

प्रश्न - *पौडी कत्तिको खेल्नु हुन्छ ?*

अमर- जान्दछु ।

प्र.- *कस्तो ठाउँमा पौडी खेल्नु हुन्थ्यो ?*

अ.- मर्स्याङ्दी, चेपे र तालहरूमा

प्र.- *वारपार गर्न सक्नु हुन्थ्यो ?*

अ.- सक्थे ।

प्र.- *अनि पौडी खेलेर नेताहरूलाई किन बचाउन खोज्नु भएन त ?*

अ. - एक पटक पानीमा जाउँ जस्तो लागेको थियो । खास गरी मदन कमरेडको हात-खुट्टा देखेपछि । जान पनि लागेको । तर ती मानिसहरूले मलाई तर्साइ दिए । "नजानुस्" भने । "डुब्ने मान्छेले आफैलाई पनि समाउँछ" भने । के गरौं, के गरौं जस्तो भो । "मदन कमरेड" भनेर बोलाएँ । माथि आएर मानिसलाई पनि बोलाएँ, तल जाउँ भने । ट्रकलाई रोकेर तल जाउँ भने । "होइन तपाई अस्पताल जानुस्" भन्यो । म आत्तिएँ । मलाई लाग्यो पुलिस भेटिदिए हुन्थ्यो, पार्टीका मानिस भेटिदिए हुन्थ्यो ।

प्र.- *पुलिस भेटिदिए हुन्थ्यो भन्ने किन लाग्यो ?*

अ.- क्रेन ल्याएर बचाउनलाई ।

प्र.- *नारायणघाटमा पुलिसलाई भन्नु भो त क्रेन ल्याएर बचाउनलाई ?*

अ.- त्यो पुलिसहरू त, ट्रक उता गइहाल्यो । एउटा पुलिस मसंग आयो ।

प्र.- *मदन कमरेडहरू पानीमा पुग्न अघि नै मर्नु भो जस्तो लाग्यो ?*

अ.- त्यो त अब उहाँहरू कसरी बित्नु भो, मलाई थाहा छैन ।

प्र.- *पानीमा डुबेर, पौडी खेल्न नजानेर मरेको जस्तो लाग्यो ?*

अ.- मलाई त्यो एक जना मानिसले उहाँहरू बितिसक्नु भयो, आशा नगर्नुस् भनेपछि म आत्तिएँ । मैले उहाँहरूलाई बोलाएँ । एकदम गह्रुँगो लाग्यो । जीप निकाल्न पनि सकिने होइन । पौडी खेल्न पनि डर लाग्यो ।

प्र.- *तपाईलाई उहाँहरू बित्नु भो भनेर कुन बेला लाग्यो ?*

अ.- पछि अस्पतालमा साथीहरूले भनेका थिए ।

प्र.- *होइन, तपाईलाई उहाँहरू बित्नु भयो भनेर लाग्यो कति बेला ?*


अ.- मलाई त अब, त्यस्तो गहिरोमा खस्नु भएको छ । डराएँ । निस्कनु भएन । त्यसो भएपछि बित्नु भयो जस्तो लाग्यो ।

प्र.- *उहाँहरू बित्नु भो भन्ने लागेपछि पुलिसलाई खबर गरेर क्रेन ल्याएर बचाउने भन्ने कुराको के अर्थ रह्यो त ?*

अ.- ...... (चुप) //

# लण्डनको भिसेरा र रगत जाँचको प्रतिवेदन बारे

## डा. भरत प्रधानको बयान



*रगत परीक्षणको लागि लण्डन जाँदा एमालेको सहयोगीको रूपमा म गएको थिएँ। आधिकारिक रूपमा सरकारले प्रहरी इन्पेक्टरलाई जिम्मा दिएको थियो । रगत .० डिग्रीको तापक्रममा बरफमा विशेष रूपले प्याकिङ गरेर लगेका थियौं। पुगेको दिन बेलुकी भएकोले भोलिपल्ट परीक्षण गरियो। डा. हम्फ्रेले घटना सम्बन्धमा बुझ्न खोजेकाले विस्तृत ब्याख्या गर्‍यौं । चिया खाएको ठाउँबाट दुर्घटनास्थलसम्म पुग्न १५ मिनेट मात्र लाग्ने ठाउँ भएकोमा गएको समय र घटना भएको समय निकै अन्तर भएकोले त्यस बीचमा कुनै हस्तक्षेप र अन्तर्क्रिया भएको र कुनै तुरून्तै लाग्ने विषालु औषधिको प्रयोग भएको साथै शव परीक्षणबाट फोक्सोमा पानी नभएकोले शंका व्यक्त गर्‍यौं । त्यसैले टेक्नोलोजीको जाँचमा बढी ध्यान केन्द्रित गरियो र मुख्य रूपमा रगतको नै जाँच गरियो । पेटको भोल्यूनको कन्टेपट र टिस्यूको पनि जाँच भयो। जाँचको क्रममा दुवै जनाको रगतमा एकै किसिमको विषालु केमिकल पाइयो, जुन केमिकल काठ रंगाउन प्रयोग गरिन्छ । यसको प्रयोग बढी भएमा मानिसको बेहोस बेहोसमै मृत्यु हुन सक्तछ । परीक्षणमा कुनै किसिमको जाँड-रक्सी वा नसालु केमिकल प्रयोग भएको पाइएन । खानेकुरामा कुनै कीटनाशक औषधि प्रयोग भएको पनि पाइएन । रगतमा पाइएको विषालु केमिकल या त सुँघाएर गएको हुनुपर्छ या सिधै रगतमा पुर्‍याउने उपायद्वारा गएको हुनुपर्छ भन्ने अनुमान गरियो ।*

*दुवैको रगतमा पाइएको केमिकल दिमागलाई नै असर पार्ने, मानिस नै बेहोस हुने हुन्छ, जुन बजारमा पेन्टिङ गर्दा, काठ रंगाउँदा प्रयोग हुन्छ भन्ने डा. हम्फ्रे लगायत ७ जनाको रिपोर्ट रह्यो । दुवैको रगतमा एउटै केमिकल पाइएबाट सम्भवतः मोटर भित्रै प्रयोग भएको हुनसक्ने शंका गरियो ।*

*मृतकहरूको लाश निकाल्ने, पोष्टमार्टम गर्दा, रगत निकाल्दा, प्याकिङ गर्दा, ल्याउँदा, तीन महिनासम्म प्याकिङ गरी राख्दा High Altitude मा रगत ल्याउँदा पनि असर पार्न सक्छ भन्ने प्रश्न पनि उनीहरूले उठाएका छन् ।*

*ती प्रश्न उठाए पनि वीरअस्पतालमा पोष्टमार्टम भएको, त्यहाँ यी केमिकल पर्ने प्रश्नै उठ्दैन । त्यसपछि रगत र भिसेरा एस.पी. थानामा गयो । त्यहाँ पनि यस्तो केमिकल पस्नु पर्ने जरूरत छैन । भोलिपल्ट रोनाष्टको ल्यावमा लगि राम्ररी राखिएको थियो । त्यहाँ गडबडी हुने प्रश्नै उठ्दैन । रगत जाँच दिल्लीमा गराइयो, त्यो बाहेक रगतमा कुनै हस्तक्षेप भएको छैन । लण्डनमा लाँदा -८० डिग्रीको बरफमा लगिएकोले बाहिरबाट कुनै रासायनिक पस्ने बिल्कुनै असम्भव कुरा हो ।*

*त्यसैले सबैभन्दा स्पष्ट सम्भावना यो सुँघाएर नै पसेको हुनुपर्छ । यतिका दिनसम्म रगत रहन सक्नु High Concentration मा भएर यस्तो भएको हुनुपर्छ ।*

---

पिकअप गरेर रामनगर प्रहरी चौकीमा पुगेको समय ६.०५ तिर बिचार गर्दा गाडी ५.३० सम्ममा नदीमा खसिसकेको देखिन्छ। गाडीको गति न्यूनतम ४० देखि ६५ को स्पीडमा भएको भन्ने ऋषि कट्टेलको बयान र स्वयम् चालक लामाको बयान, श्याम रंजितकारको गाडी निकै बेगमा थियो भन्ने बयानलाई बिचार गर्दा यो गतिको गाडीलाई आँबू खैरेनीबाट दासढुंगामा पुग्न ३०-३५ मिनेट भन्दा बढी समय लाग्ने देखिएन, किनकि दूरी ३०-३५ कि. मी. भन्दा बेसी छैन । तर सुनकोशी रेष्टुरामा बिताएको १० मिनेट कटाउने हो भने गाडीलाई करिव ५० मिनेट समय लागेको देखियो । यो समयावधि असामान्य समयाबधि हो ।

मदन भण्डारी र आश्रितको रगतमा, एल्डर मास्टन फोरेन्सिक ल्याबको रिपोर्ट अनुसार, सुँघाउने प्रकारको बिषादि पाइएको भन्ने डा. भरत प्रधानको बयान, फोक्सोमा पानी नभएको लाशको अवस्था र आँबू खैरेनीबाट दासढुंगासम्म पुग्न लागेको अस्वभाविक समय बीच यसरी संगति र संबन्ध देखिन्छ ।

सुनकोशी रेष्टुराँसम्म मदन भण्डारी र आश्रित जीवित र होशको अवस्थामा रहेको भन्ने बुद्धिमाया लामाको बयानबाट देखिन आएको परिप्रेक्ष्यमा दासढुंगा र सुनकोशी रेष्टुराँको बीचको बाटोमा नै बिषादि प्रयोग भएको हुन सक्ने संभावना देखिन्छ । संभवत यही विषादिको प्रयोगको निम्ति यो बीचमा अस्वाभाविकरुपले बढी समय लागेको हुन सक्छ ।

## निष्कर्ष :-

प्राप्त सबूदहरु, सूचना र जानकारीहरुका आधारमा यो नागरिक छानवीन समिति दासढुंगाको २०५० जेष्ठ ३ गतेको घटना सामान्य वा असामान्य किसीमको भबितव्य दुर्घटना होइन भन्ने ठहर गर्दछ ।

- यो चालकको लापर्वाहीबाट हुन गएको दुर्घटना होइन भन्ने यस समिति ठहर गर्दछ ।
- यो समिति जेष्ठ ३ गते भएको दासढुंगा काण्ड र त्यसमा भएको मदन भण्डारी र जीवराज आश्रितको मृत्यु नियोजित हो भन्ने ठहर गर्दछ ।

## सुझावहरु :-

- उक्त घटनामा संलग्न अन्य तत्व को हुन् ? किन तिनले हत्याको साजिश रचे ? यस बारे खोजी अनुसन्धान गर्नु यस समितिको साधन श्रोत र अधिकार भित्र देखिएन । घटनाको प्रकृति हेर्दा कुनै दक्ष अपराधी समूहले अत्यन्त सिद्धहस्तताका साथ पूर्व नियोजित रुपमा हत्या कार्य संपन्न गरेको आभाष पाइन्छ । यस्तो दक्ष अपराधी पत्ता लगाउन अत्यन्त दक्ष अपराध अनुसन्धान बिज्ञ र अनुसन्धान प्रविधि चाहिने हुन्छ । यी दुबै समितिसित उपलब्ध छैनन् ।

यस बारे थप गहिराइ र बिस्तारमा खोजी गर्न दक्ष खुफीयायन्त्र र अपराध अनुसन्धान प्रविधिले संपन्न सक्षम र ब्यापक अधिकार संपन्न निकायबाट उक्त घटनाको गंभीर छानवीन गरिनु जरुरी हन्छ । उक्त लेखिए बमोजिमको प्रबिधि र दक्ष जनशक्ति स्वदेशमा उपलब्ध हुन नसके अन्तर्राष्ट्रिय सहयोग लिनु पनि आवश्यक हुन्छ ।

यसै घटनाका सबभन्दा राम्रा ज्ञाता चालक लामा नै हुन्। आधुनिकतम बैज्ञानिक प्रबिधि प्रयोग गरेर मात्र उनीसित रहेको जानकारी प्राप्त हुन सक्ने देखिन्छ । सबूदको यो सबैभन्दा मुख्य स्रोतबाट नै अविलम्ब जानकारी लिने कार्य हुनु जरुरी देखिन्छ ।

## अझै अनुत्तरित प्रश्नहरु:-

हामीले प्रयत्न गरेर पनि हाम्रो साधन, श्रोत र अधिकारको सीमाको कारणले अझै केही प्रश्नहरु अनुत्तरित रहेका छन् । त्यसबारे संबन्धित निकाय तथा अंगहरुले अनुसन्धान गरेर पत्तालगाउनु पर्ने देखिन्छ ।

१. चालक लामा बाहेकका अन्य यस घटनाका सूत्रधार को हुन् ?

२. पोखरामा देखिएका चालक लामाले भेटेका र कुरा गरेका आफूलाई फ्रेन्च कम्युनिष्ट भन्ने ती बिदेशीहरु को हुन् ?

३. दुर्घटनाग्रस्त गाडी बिदेशी संस्थाहरुलाई भाडामा गएको देखिएको छ र त्यतिखेर चालक अमर लामा नै गाडी हाँक्नेमा छन् । यसै मार्फत चालक लामाको बिदेशीहरुसितको सम्पर्क हुन सक्ने एउटा संभावना हुंदाहुंदै पनि यस बारे बिस्तृत अनुसन्धान हुन सकेको छैन । यी बिदेशी संस्थाहरु यस घटनासंग संबन्धित छन् कि छैनन् ?

४. पोखरामा चालक लामा पटक पटक सम्मेलन स्थलबाट रहस्यमय ढंगबाट हराउने गरेको बारे र काठमाडौंमा पनि पार्टीले लगाएको दैनिक काम बाहेक निजको अन्य सम्पर्क बारे बिस्तृत जानकारी हुन सकेको छैन ।

५. ग. अ. ख. ३१९ नं. का बस चालक शंकर प्रसाईले आँबू खैरेनीबाट चालक लामाको गाडी ४.३० बजे छुटेपछि ४ वटा अग्ला अग्ला मोटर साइकल चालक लामाको गाडीलाई पिछा गरेको भन्ने र दुर्घटनापछि ती मोटर साइकल दासढुंगा र रामनगरमा पनि देखिएका थिए भन्ने जानकारी यस समितिलाई प्राप्त भएको छ। यी मोटर साइकलहरुमा को थिए ? तिनको यो दुर्घटनासंग संबन्ध छ कि छैन ?

६. मदन भण्डारी र आश्रित दुबैको रगतमा प्रचुर मात्रामा सुँघाउने प्रकारको बिषादि रहेको एल्डरमस्टन फोरेन्सिक ल्याव, लण्डनको रिपोर्ट छ। यो बिषादि उहाँहरुको रगतमा कसरी कुन प्रक्रियाद्वारा पुग्न गयो ?

७. गाडी सडकबाट खसेपछि नदीमा पुग्नु अघि नदी छेवैको त्यहाँको ढुंगाको चट्टानमा केही बेर अडेको बयान छ। त्यो गाडीमा माथिबाट झरेको ढुंगा लागेपछि मात्र गाडी नदीमा खसेको छ । त्यो ढुंगा मोटर खसिसकेको केही बेरपछि कसरी खस्यो ?

८. मदन भण्डारीको शरीर मोटरबाट कसरी बाहिर निक्लियो ? किन उनको एउटा हात उठेको अवस्थामा छ ? किन मदन भण्डारीको जीउमा त्यति घाउ देखिन्न ? किन उनको एउटा बायाँ आँखा छैन ? किन उनको लाश ३२ कि. मि. तल गुंजनगरमा एउटा भंगालोमा भेटियो ? किन उनको लाश त्यति बिघ्न कालो भयो ? उनको पेटी लगाएको पाइन्ट कसरी गायब भयो ?

९. सरकारले राष्ट्रिय महत्वको घटनाको खोज र अनुसन्धान कार्यलाई गंभीरतापूर्वक लिएको देखिएन । सरकारले दुर्घटना क्षेत्र र गाडीलाई कन्ट्रोल गरेर सबूदहरु सुरक्षित पारेको पाइएन । यस घटनामा चालक लामालाई अन्य अभियुक्तलाई जस्तो अपराध अनुसन्धानबिद् लगाएर आधुनिक बैज्ञानिक प्रबिधि लगाएर वास्तविकताको खोजी गरेको देखिएन । बीर अस्पतालमा चालक लामाले माथि नै हाम्फालेको भनेर सावित बयान दिनासाथ उनीमाथि भइरहेको पार्टी र सरकारको संयुक्त निगरानी व्यवस्था सरकारले एकतर्फी रुपमा खतम पारेको देखियो र चालक लामालाई सरकारको निगरानीमा मात्र राखियो । लामालाई अनावश्यक रुपमा अस्पतालमा राखियो र जथाभावी मानिसलाई भेट्न दिईयो । यस्तो सरकारले किन गर्‍यो ? ✧

---

**चालक लामा बाहेकका अन्य यस घटनाका सूत्रधार को हुन् ? पोखरामा देखिएका चालक लामाले भेटेका र कुरा गरेका आफूलाई फ्रेन्च कम्युनिष्ट भन्ने ती बिदेशीहरु को हुन् ?**

# नेपालमा बेरोजगारी समस्या

## कसरी हल गर्न सकिन्छ ?

– गोविन्दप्रसाद लोहनी

**नेपालमा बेरोजगारीको समस्याले विकराल रुप लिंदै गइरहेछ। हाम्रा गाउँहरुका प्रत्यक्ष वा अप्रत्यक्ष बेरोजगार रहेका नागरिकहरु शहरतिर ओरिंदैछन्। तर शहरले पनि सबैलाई रोजगारी दिन सक्ने स्थिति छैन। यसरी बेरोजगारहरुको ठूलो फौज आज शहरमा थुप्रिरहेछ।**

**यस स्थितिमा यस समस्याको स्वरुपको अध्ययन गरेर यसको समाधानका अल्पकालीन र दीर्घकालीन उपायहरुको खोजी हुनु नितान्त जरुरी छ।**

**यसै सन्दर्भमा हामीले यस विषयमा यस पल्ट प्रस्तुत गरेका छौं, विद्वान अर्थशास्त्री गोविन्दप्रसाद लोहनीका केही विचारहरु– *मूल्यांकन***

### बेरोजगारीको स्रोत

नेपालमा धेरै जसो किसान परिवारहरु गरीब किसानका रुपमा वा सीमान्त किसानका रुपमा छन्। करीब ७०/८० प्रतिशत किसान परिवारहरु यस्ता छन्। तिनीहरुलाई खेतीपातीबाट पूर्ण रोजगारी हुँदैन। ग्रामीण क्षेत्रमा बेरोजगारी वा अर्ध बेरोजगारी यसैबाट सिर्जना भईरहेछ।

खेतीपाती भन्नाले यसमा अन्न उब्जाउनु मात्र आउँदैन। पशुपालन, माछापालन, माहुरीपालन, बन-पालन, यी सबै खेतीपाती भित्रै पर्छन्। पशुपालन, माछापालन, माहुरीपालन, वन-पालन जस्ता क्षेत्रहरुमा बाह्रै महिना रोजगारी हुनु संभव छ। तर अन्न उत्पादनमा भने सिंचाई सुविधा भएमा मात्र एकपछि अर्को गरेर तीन-चार बाली लाउनु र सघन खेती (Intensiver Farming) गर्नु संभव हुन्छ। तर आकासे खेती गर्नु पर्ने ठाउँमा वर्षभरि रोजगारी रहँदैन। त्यहाँ वर्षको थुप्रै समय बेरोजगारीको स्थिति रहीहाल्छ। नेपालको यथार्थ के हो भने- यहाँ ११/१२ प्रतिशत जमीनमा मात्र सिंचाइ सुविधा छ। त्यो स्थिति आफैंले पनि यहाँ बेरोजगारी जन्माईरहेछ।

धरैजसो गाउँमा बाटो र बिजुली पुगेको छैन। त्यसैले त्यहाँ उद्योग धन्दाको विकास हुन सकेको छैन। उद्योग धन्दाको विकास नगरी ग्रामीण बेरोजगारी हल गर्न संभव छैन।

ग्रामीण क्षेत्रमा, कृषि क्षेत्रमा पैदा भइरहेको बेरोजगारीको समाधान नै उद्योगमा छ। हरेक गाउँलाई उद्योग-ग्राम बनाउनु पर्छ। कृषि, सेवा र उद्योगलाई अलग अलग रुपमा हैन, एकीकृत रुपमा लिइनु पर्छ। एकीकृत पद्धति (Integrated Approach) मा मात्र ग्रामीण बेरोजगारीको समस्याको हल छ। जस्तै- गाउँमा खेतीपाती पनि चलायो, कृषिजन्य पदार्थमा आधारित उद्योग पनि चलायो। खाद्यान्न प्रशोधन, फलफूल प्रशोधन, डेरी उद्योग, पशुहरुको छाला र भुत्लामा आधारित उद्योग, बाँस, निङालोमा आधारित उद्योग, मह उत्पादन, तयारी- माछा प्याकिंग उद्योग, फर्निचर उत्पादन, भूसबाट कागज निकाल्ने उद्योग- यी ग्रामीण क्षेत्रमा हुन सक्ने उद्योगहरु हुन्, किनकि, यिनको लागि कच्चा पदार्थ कृषिबाटै प्राप्त हुन्छ। गाउँमै यस्ता कृषिका सहायक उद्योगहरु (Sideline industry) खोल्न सके ग्रामीण बेरोजगारी धेरै मात्रामा हल गर्न सकिन्छ। यसका लागि चाहिन्छ- बाटो र विजुली तथा आवश्यक पूँजी र प्रविधिको प्रबन्ध। राज्यमा प्रतिबद्धता भयो भने त्यो यसले क्रमशः उपलब्ध गराउन सक्छ। नेपालको राज्यमा त्यो प्रतिबद्धता देखिन्न। यसले एकीकृत पद्धति अप्नाईरहेको देखिन्न। त्यसैले पनि बरोजगारी झन् झन् बढ्दै गईरहेछ।

चीनमा बेरोजगारी यही एकीकृत पद्धति अप्नाएर हल गरियो। गाउँ गाउँमा क्रमबद्ध रुपमा बाटो र विजुली पुर्‍याइयो। प्रत्येक गाउँमा त्यहाँकै कच्चा पदार्थमा आधारित उद्योग खोल्ने नीति अप्नाइयो। गाउँमा सिंचाइ सुविधा बढाएर खेतीपातीमा पनि घनीभूत खेतीपाती गरियो। एवं रीतले अघि बढ्दा, पछि गएर कतिपय क्षेत्रमा कृषिबाट हुने आम्दानी गौण र उद्योगबाट हुने आम्दानी प्रमुख बन्न पुग्यो। त्यस्ता कृषि र उद्योगहरुलाई एकीकृत गरिएका गाउँलाई एकीकृत गाउँ (Integrated Village) भनिन्छ। चीनमा यस्ता १२ करोड उद्योगहरु छन्, जो खेती पनि गर्छन्, उद्योग पनि गर्छन्। खालि शुद्ध खेतीपाती गर्ने किसान परिवारहरु त ग्रामीण जन संख्याको २५ प्रतिशत मात्र छन्- चीनमा। ७५ प्रतिशतले माछा पनि पाल्छन्, खेती पनि गर्छन्, माहुरी पनि पाल्छन्, उद्योगमा पनि हात हाल्छन्। यसरी, त्यहाँको ग्रामीण बेरोजगारीको समस्या हल गरिएको छ।

### कसरी बढिरहेछ बेरोजगारी ?

नेपालमा १० वर्ष माथिका र ६० वर्ष मुनिका मानिसलाई काम गर्ने उमेरका मानिस अर्थात् श्रम- शक्तिका रुपमा गन्ने चलन छ। विकसित देशहरुमा १५ वर्षदेखि माथिका र ६० वर्ष मुनिका मानिसलाई मात्र श्रम- शक्तिमा गनिन्छ। सरकारले भन्छ- त्यस्ता २ लाख मानिसहरु बर्षेनी श्रम- शक्तिमा थपिन्छन्। वास्तवमा ३- ४ लाख मानिसहरु वर्षेनी नेपालमा श्रम- शक्तिमा थपिने गर्छन्।

पहिलेदेखि बेरोजगार रहेका मानिसहरु नै नेपाल १७/१८ लाख छन्। त्यसमा वर्षेनी ३/४ लाख बेरोजगारहरु थपिएपछि त बेरोजगारहरु झन् झन् बढ्ने नै भए।

रोजगारी चाहीं नेपालमा वर्षेनी एक-डेढ लाख मात्र सिर्जना हुने गरिरहेछ। खेतीमा नयाँ रोजगारी सिर्जना भइरहेकै छैन। उद्योग, व्यापार, सेवामा मात्र केही रोजगारी सिर्जना भईरहेछ। यसरी वर्षेनी जति रोजगारी सिर्जना हुने हो, त्यो भन्दा दोब्बर संख्यामा बेरोजगारहरुको सिर्जना भईरहेछ। त्यसमाथि, पहिलेको बेरोजगारमा बाँकी थपिंदा बेरोजगारीको समस्या बिकराल बनिरहेछ।

नेपालमा शहरमा १० प्रतिशत मानिसहरु मात्र छन्। ९० प्रतिशत मानिसहरु गाउँमै रहन्छन्। यसरी शहरमा त्यही १० प्रतिशत मध्यैबाट बेरोजगारी बढ्ने भयो, गाउँमा ९० प्रतिशत मध्येबाट। तर गाउँमा उद्योग छैन, खेती सीमित छ। त्यस हिसावले बेरोजगारीको समस्या गाउँमा गम्भीर छ।

गाउँमा पहिलेकै बेरोजगारहरुलाई काम छैन। वर्षेनी थपिने बेरोजगारहरुलाई त्यहाँ काम हुने प्रश्नै आएन। त्यसैले गाउँबाट कामको खोजीमा शहरमा मानिस ओइरिने नै भए। गाउँमा गरीबि छ, रोजगारीको अभाव छ, त्यसले बेरोजगारहरुलाई शहरतिर धकेल्ने नै भयो। शहरमा रोजगारीको संभावना छ, अवसर र सुविधा बेसी छ, त्यसले बेरोजगारहरुलाई तान्ने नै भयो। यो धकेल्ने र तान्ने दुवै कारक तत्व (Push and Pull Factor) ले गर्दा बेरोजगारहरुको ओइरो शहरमा बढ्दो छ।

शिक्षित बेरोजगारी पनि नेपालमा विद्यमान छ। जति शिक्षितहरु नेपालमा पैदा भईरहेछन्, त्यसको अनुपातमा रोजगारी पैदा भईरहेको छैन। त्यसकारणले पनि शिक्षित बेरोजगारी बढिरहेको छ।

अर्को, सांस्कृतिक कारणले पनि बेरोजगारी बढिरहेछ। सांस्कृतिक कारण भन्नाले- शिक्षित मानिसहरु आफ्नो शैक्षिक योग्यता अनुसारको काम खोज्छन्, तर त्यो योग्यताभन्दा तलको वा अन्य श्रमको काम गर्न चाहँदैनन्। शिक्षितहरुले श्रम गर्नु हुन्न भन्ने धारणा यहाँका शिक्षितहरुको छ। यस प्रकार यहाँ स्व-इच्छाले पनि बेरोजगारी हुने गरिरहेछ।



क्याम्पसबाट उत्पादन हुने यो जनशक्तिको रोजगारीको के ग्यारेन्टी ?

(फोटो साभार : जनमञ्च

## नेपालमा बेरोजगारीको समस्या- सरकारी तथ्यांकहरुले के भन्छन ?

| | (२०४९) |
|---|---|
| * अहिले नेपालमा कुल पर्ण बेरोजगारहरुको संख्या | ६ लाख ५० हजार |
| * १० वर्ष माथिको कुल श्रम शक्तिमा पूर्ण बेरोजगारको प्रतिशत | ७.५ प्रतिशत |
| * हाल अर्द्ध बेरोजगारहरुको संख्या | १० लाख |
| * कूल बेरोजगारहरुको संख्या | १६ लाख ५० हजार |
| * कूल १० वर्ष माथिका श्रम शक्तिमा बेरोजगारहरुको प्रतिशत | १९.३ प्रतिशत |
| * प्रतिवर्ष श्रम शक्तिमा थपिने बेरोजगारहरुको संख्या | २ लाख |
| | (२०४१) |
| * ग्रामीण क्षेत्रमा वर्ष भरिमा पूर्ण बेरोजगार रहने दिनको अनुपात | ४१.२ प्रतिशत |
| * शहरी क्षेत्रमा वर्ष भरि पूर्ण बेरोजगार रहने अनुपात | २५ प्रतिशत |
| * अर्द्ध रोजगारीको स्थितिमा रहेको श्रम शक्तिको प्रतिशत | ३८ प्रतिशत |

तथ्यांक स्रोत- राष्ट्रिय योजना आयोग २०४९ र २०४१

नेपालमा वर्षमा १ लाख मानिस एस.एल.सी. पास हुन्छन्। वर्षमा ५०/६० हजार मानिसहरु आई.ए. पास हुन्छ। ३०/४० हजार जति बी.ए. पास हुन्छन्। आजको २५ वर्ष अगाडि हर्ष बहादुर गुरुङको Graduates in Nepal भन्ने किताब निक्लेको थियो। त्यतिखेरै त्यो पुस्तक अनुसार वर्षको १५ हजार स्नातक पास हुन्थे। अहिले त्यो संख्या झण्डै दोब्बर भन्दा बढी भएको छ। तर यी स्नातकहरुले गर्ने रोजगारी भने वर्षमा १० हजार पनि सिर्जना हुँदैन : झण्डै ५० हजार त पहिलेकै बेरोजगार स्नातकहरु होलान्। यसै हुनाले राष्ट्र बैंकमा क्लर्कको पदमा पनि एम.ए.को दरखास्त आउन थालेको छ। दुई सिटको लागि ६-७ हजार दरखास्त पर्न थालेका छन्। यही स्थितिले नेपाल शिक्षित बेरोजगारहरुको वास्तविक हालत छर्लङ्ग पार्छ। शिक्षित बेरोजगारको समस्या अन्य क्षेत्रको बेरोजगारीभन्दा पनि गम्भीर भएको छ।)

**समाधन के ?**

बेरोजगारीको समस्या हल गर्न अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने निर्यातमूलक व्यवसाय र उद्योगको विकास गर्नु पर्छ। हामी कृषि क्षेत्रमै निर्यातमूलक उत्पादन गर्न सक्छौं। जस्तो- पश्चिममा अहिले रासायनिक मल र कीटनाशक विषादि नहालेको तरकारी र अन्नलाई विशेष प्राथमिकता दिएर किन्ने प्रवृत्ति आएको छ। स्वास्थ्यको लागि यो सर्वोत्तम हुन्छ भन्ने धारणा उनीहरुले विकास गरेका छन्। जापानले काठमाण्डौंबाट त्यस्तो तरकारी जापानमा लैजान जापानी हवाइ सेवा JAL को सिधा उडान काठमाडौंबाट ओसाकासम्म चलाउने भएको छ। यसरी तरकारी निर्यात गर्न सकिन्छ र यो सकियो भने नेपालका किसानहरुले थप रोजगारीका अवसर पाउने हुन्छन्। कृषि विशेषज्ञहरुले पनि रोजगारीको अवसर पाउने छन्।

यो त एउटा उदाहरण मात्र हो। हामीले निर्यातमूलक उद्योगहरु धेरै कृषिजन्य बस्तुमा आधारित भएर खोल्न सक्छौं। जस्तो- फलफूल प्रशोधन उद्योग, जूटका तयारी सामान उत्पादन गर्ने उद्योग, बेत बाँसका तयारी सामान उत्पादन गर्ने उद्योग, मह उत्पादन उद्योग, छ्वालीका आकर्षक घरेलु उपयोगका बस्तुहरु उत्पादन गर्ने उद्योग, रेशमका बस्तुहरु उत्पादन गर्ने उद्योग, तयारी- माछाको प्याकिंग गर्ने उद्योग, जडीबूटीको प्रशोधन गर्ने उद्योग, माटोका आकर्षक घरेलु उपयोगका बस्तुहरु उत्पादन गर्ने उद्योगहरु आदि।

खेतीबाट रोजगारी बृद्धि गर्ने हो भने- हामीले केही भागमा मात्र ठूलो स्तरको आधुनिक खेती गर्नु पर्छ, जसमा मेशीन पनि उपयोग हुन्छ। धेरैजसो भागमा बेसी श्रम प्रयोग हुने खेती (Labour Intensive Farming) गर्नु पर्छ। सबै ठाउँमा अत्याधुनिक यन्त्रबाट खेती गर्ने हो भने कृषिबाट रोजगारी सिर्जना गर्नु संभव हुने छैन।

### शैक्षिक बेरोजगारी

(१९७७)

| | |
|---|---|
| स्नातक बेरोजगारहरु | ९.२ प्रतिशत |
| स्नातकोत्तर बेरोजगारहरु | ३.२ प्रतिशत |

*तथ्यांक स्रोत- राष्ट्रिय योजना आयोग*

अन्न प्रशोधन गर्ने मामलामा पनि ज्यादा अत्याधुनिक प्रविधि भित्र्याउनु हुँदैन। मझौला आधुनिक प्रविधि हाम्रो देशको लागि उपयुक्त हुन सक्छ, जसमा प्रविधि पनि प्रयोग हुन्छ र श्रमको भूमिका पनि जरुरी हुन्छ। त्यस्तो प्रविधि मिश्रित (Technology Mixed ) विधिले हाम्रो जस्तो देशमा रोजगारी सिर्जना गर्न मद्दत गर्न सक्छ। जस्तो- एउटा धान कुट्ने मीलले ४/५ जनलाई काम देओस्। यो उपायबाट हामी धुप्रै रोजगारी सिर्जना गर्न सक्छौं। यही कुरा डेरी, माछा पालन, आदि सबैमा लागु हुन्छ। रोजगारी सिर्जना गर्न हाम्रो नीति हुनुपर्छ- श्रम सघन (Labour Intensive) र प्रविधि मिश्रित बाटो अप्नाउनु, जसले गर्दा श्रमको आवश्यकता पनि होस् र उन्नत प्रविधि पनि प्रयोग होस्। यो बाटोबाट हामी कृषिजन्य उद्योग वा कृषि सहायक उद्योग (Side-line industry) बाट पनि रोजगारी सिर्जना गर्न सक्ने छौं।

श्रम- सघन बाटोको अर्को फाइदा के छ भने, धेरैले काम पाएपछि धेरैका हातमा ज्यालाका रुपमा आम्दानी वितरण हुन्छ। हातमा आम्दानी भएपछि उसको बस्तु किन्ने र उपभोग गर्ने क्षमता पनि बेसी हुन्छ। यो क्षमता बेसी भएपछि स्वभावतः श्रमिकलाई चाहिने बस्तुको खपत र माग पनि बेसी हुन्छ। यसरी श्रम- सघन उपायले एकसाथ रोजगारी, आम्दानी र खपत अथवा आपूर्ति बढाउन भूमिका खेल्छ। त्यसैले यो उपायबाट घुमाउरो रुपमा पनि उद्योग विस्तार गर्न र त्यसबाट रोजगारीको संख्या बृद्धि गर्न मद्दत पुग्ने हुन्छ।

तर सबै कुरा श्रम- सघन पार्ने भन्ने पनि संभव हुँदैन। जस्तो- बस चलाउनै पर्‍यो रेल चलाउनै पर्‍यो, बिजुली निकाल्नै पर्‍यो। यसलाई तपाई कसरी श्रम- सघन पार्नु हुन्छ ? त्यसैले, केही क्षेत्रमा त यान्त्रीकीरण गर्नै पर्ने हुन्छ। ट्रक चलाउनुको सट्टा भारी बोकाउनाले बढी रोजगारी मिल्छ भनेर ट्रक नचलाउन त भएन। त्यसैले हाम्रो नीति हुनु पर्छ- जुन कुरामा आधुनिक प्रविधि नभईकन कामै चल्दैन, बस्तु प्रतिस्पर्धात्मक हुनै सक्दैन, त्यो मामलामा आधुनिक प्रविधि प्रयोग गर्ने, तर जुन कुरामा श्रमले पनि काम चल्छ, त्यस्तो मामलामा श्रम- सघन उपाय अप्नाउने।

पूँजीपतिको प्रयत्न हुन्छ- सकेसम्म श्रमशक्ति कम लागोस्, ता कि उत्पादित बस्तुमा सकेसम्म कम लागत लागोस्।

तर बेरोजगारीको हल खोज्ने हो भने- राज्यले योजनाबद्ध रुपमा श्रम- सघन उद्योग व्यवसाय सोच्नै पर्ने हुन्छ। त्यसैले बेरोजगारीको प्रश्न राजनीतिक प्रश्न हो। पूँजीपतिको खुसमा मात्र छाडीदिने हो भने त उसले झन् झन् श्रम कम गर्दै जाने उपाय सोच्नेछ, चाहे हजारौं मानिस बेरोजगार किन नहुन, भोकभोकै किन नमरुन। बेरोजगारीको हल खोज्ने हो भने राज्यले बाहिरका उद्योगबाट देशका उद्योग बचाउनु पर्छ। ठूला उद्योगहरुबाट साना उद्योगहरुलाई बचाउनु पर्छ, चिनी उद्योगबाट खाँदसारी उद्योगलाई बचाउनु पर्ने हुन्छ।

क्रान्तिकारी उपायबाट बेरोजगारीको समस्या हल गर्नका लागि हामीले आफ्ना स्रोतहरुको अधिकतम बचत गर्नु पर्छ र माथि भनीसकिए झैं प्रविधि मिश्रित र श्रम- सघन उपायद्वारा रोजगारी सिर्जना गर्ने प्रयत्न गर्नु पर्छ। हाम्रो देशमा बचत नै कम छ। बचत कम भएपछि लगानी कम हुन्छ। लगानी कम भएपछि रोजगारी कम हुन्छ। त्यसैले एउटा उपाय हो- आफ्ना स्रोतहरुको अधिकतम बचत गर्नु र त्यो बचतको लगानीद्वारा रोजगारी बृद्धि गर्ने प्रयत्न गर्नु।

अर्को उपाय हो- जुन क्षेत्रमा हाम्रो पूँजी र प्रविधिले पुग्दैन, ती छनौट गरिएका क्षेत्रहरुमा विदेशी पूँजी र प्रविधि आकर्षित गर्नु। पूँजी र प्रविधि तिम्रो, जमीन र श्रम हाम्रो, यसको आधारमा संयुक्त लगानी (Joint Venture) द्वारा सैयौं उद्योग व्यवसाय खोल्ने नीति अप्नाउनु। यसबाट पनि रोजगारीको अवसर बढाउन सकिन्छ।

क्रान्तिकारी भूमिसुधारद्वारा पनि रोजगारी बढाउन सकिन्छ। जमीनमा हदबन्दी लगाएर प्राप्त हुने जमीन जोताहाहरुमा बाँडेपछि भूमिपतिहरु आफ्नो बचत प्रयोग गरी उद्योग व्यापार खोल्न शहरतिर आउनेछन्। त्यसबाट पनि रोजगारी बढ्ने छ। अर्को, जोताहाहरुमा जमीन बाँडेपछि त्यहाँ सघन खेती, थालिनु पर्छ जसबाट पनि रोजगारीको

### बेरोजगारी समस्या समाधान सम्बन्धमा आठौं पंचवर्षीय योजना

| | |
|---|---|
| हालको बेरोजगारी संख्या- | १६ लाख ५० हजार |
| आठौं योजना अवधिमा थपिने थप बेरोजगार संख्या | १० लाख |
| पूर्ण रोजगारीको लागि चाहिने थप कुल रोजगारी संख्या | २६ लाख ५० हजार |
| आठौं योजना अवधिमा सिर्जना गर्ने लक्ष्य राखिएको रोजगारीको संख्या | १४ लाख ४९ हजार |
| आफै बेरोजगार रहने जनसंख्या | १२ लाख १ हजार |
| कुल श्रम शक्तिमा अझै बेरोजगार रहने जनसंख्याको प्रतिशत | १२.६ प्रतिशत |

*(स्रोत : राष्ट्रिय योजना आयोग, २०४९)*

अवसरमा बृद्धि हुनेछ । त्यसमाथि थप, गाउँ गाउँमा कृषिजन्य उद्योग, सहायक उद्योग खोल्ने नीति अप्नाइयो भने- गाउँका बेरोजगारहरुलाई गाउँमै रोजगारी सिर्जना हुने संभावना हुन्छ ।

सघन खेतीका निम्ति सिंचाइ सुविधाको भने जरुरत हुन्छ । राज्यले गाउँमा बेरोजगारी हुने समयमा बेरोजागर श्रम उपयोग गरेर उनीहरुको कामको निम्ति न्यूनतम ज्यालाको प्रबन्ध गरेर, र प्रविधि जुटाईदिएर सिंचाइ सुविधाको क्रमबद्ध विस्तार गर्न सकिन्छ । यसबाट गाउँमा बेरोजगारीको समयमा पनि रोजगारी सिर्जना गर्न सकिनेछ। अर्कोतिर, सघन खेतीको निम्ति पनि पूर्वाधार निर्माण हुनेछ, जसबाट नियमित रोजगारीको सिर्जना हुन सक्नेछ । चीनमा यही उपायबाट सिंचाइ सुविधाको व्यापक विस्तार गरिएको थियो ।

यस बाहेक, जुन ठाउँमा जुन कुराको उत्पादन हुन सक्छ, त्यसको प्रशोधन त्यही गाउँमा गर्ने उद्योग खोल्नु मूल्यको हिसाबले पनि लागत कम लाग्ने हुँदा प्रभावकारी (Cost effective) हुन्छ र यसबाट त्यहाँ बेरोजगारहरुको लागि रोजगारी पनि सिर्जना हुन्छ । जस्तो- धान शहरमा ल्याइनु भन्दा गाउँमै, उत्पादन हुने ठाउँमै प्रशोधन गरियो भने व्यर्थमा भूस बोक्नु पर्ने आवश्यकता नै रहँदैन । अनि भूसमा आधारित कागज उद्योग र ढुटोमा आधारित तेल उद्योग पनि साथ साथै खोल्न सकिन्छ । यही प्रकारले फलफूल प्रशोधन पनि गाउँमै गर्न सकिन्छ । डेरी उद्योग पनि गाउँमै खोल्न सकिन्छ । तरकारी प्रशोधन पनि गाउँमै हुन सक्छ ।

यसको लागि जरुरत पर्छ- बाटो र बिजुलीको। सिंचाइमा जस्तै, गाउँमा बेरोजगार हुने समय प्रयोग गरेर बाटो खन्ने उपाय पनि स्थानीय श्रमद्वारा गर्न संभव छ । खालि ठूला ठूला राजमार्गमा मात्र राज्यले योजनाबद्ध र पूरापूर लगानी गर्नु पर्छ । त्यो राजमार्गसम्म जोड्ने ग्राभेल सहायक-मार्ग बनाउन स्थानीय बेरोजगार श्रमको उपयोग गर्नु नै सबैभन्दा उत्तम बाटो हो । यसबाट बाटोको संरचना गाउँ गाउँसम्म त पुग्छ नै, त्यसमा बुल्डोजर र ब्लाष्टिंग गर्नु पर्ने ठाउँमा यिनीहरुको प्रयोग गर्ने, बाँकी काम हातैले गर्ने हुन्छ सक्छ । यसबाट गाउँले बेरोजगारहरुले पनि काम पाउँछन् । उनीहरुले त्यस्तो काम पाउँछन्, जसबाट परिणाममा उनीहरुले गाउँमै नियमित स्व-रोजगारी सिर्जना गर्न सक्छन् ।

राज्यसंग यसको निम्ति प्रतिबद्धता र योजना हुनु पर्छ र जन समुदायसंगै काम गरेर उनीहरुलाई यस कामको निम्ति उत्प्रेरित गर्ने तत्परता हुनु पर्छ । न्यूनतम पूँजी र प्रविधिले धेरै कुरा गर्न सकिन्छ । १ करोड पूँजीले २० करोडको बाटो बन्न संभव छ । नेपालको सन्दर्भमा पूर्व, पश्चिम र उत्तर, दक्षिण जोड्ने ठूलो ठूलो राजमार्ग राज्यले पूरापूर बनाउनु पर्छ भने त्यसलाई जोड्ने सहायक मार्ग जन-सहभागितामा



लोहनी

> बेरोजगारीको प्रश्न राजनीतिक प्रश्न हो । पूँजीपतिको खुसमा मात्र छाडीदिने हो भने त उसले झन् झन् श्रम कम गर्दै जाने उपाय सोच्नेछ, चाहे हजारौं मानिस बेरोजगार किन नहुन, भोकभोकै किन नमरुन ।

बनाउनु पर्छ। यसरी बाटोको समस्या हाम्रो जस्तो गरीब देशले पनि हल गर्न सक्छ ।

विद्युतको लागि पनि ठूलो उद्योगको लागि, औद्योगिक क्षेत्रका लागि र निर्यातका लागि ठूला र मझौला विद्युत आयोजनामा मात्र राज्यले योजनाबद्ध रुपमा हात हाल्नु पर्छ । गाउँको लागि केन्द्रीय ग्रीडसंग जोडिने यस्तो विद्युत आयोजना पर्खेर बस्नु जरुरी छैन । लघु विद्युत आयोजना (Micro hydel project), सौर्य शक्ति र हावाबाट निस्कने विद्युत आयोजना गाउँको लागि उपयुक्त विद्युत आयोजना हो । नेपालमा गाउँ गाउँमा पानी प्रशस्त मात्रामा छ । मुफतमा घाम र हावा प्राप्त छ । त्यसबाट १०/२०/३० किलोवाटको विजुली सजिलै निकाल्न सकिन्छ । यसको लागि एउटा घट्टको पानी भए पुग्छ । यसको निम्ति आवश्यक प्रविधि र प्राविधिज्ञ पनि नेपालमै उपलब्ध छन् । पूँजी पनि त्यति धेरै लाग्दैन । हावा र सौर्य आदिबाट विजुली निकाल्नु पनि त्यति गाह्रो छैन । राज्यले केही सहयोग गर्नु पर्छ- प्राविधिज्ञ र केही शुरु पूँजी जुटाईदिएर । बाँकी सबैका लागि स्थानीय जन सहभागिता जुटाइनु पर्छ । यसबाट गाउँ गाउँमा विजुली सिर्जना गर्न सकिन्छ ।

बाटो भएपछि गाउँको उत्पादन केन्द्रीय बजारमा आउन सक्छ । विजुली भएपछि गाउँ गाउँमै त्यहींकै कच्चा पदार्थमा आधारित उद्योग खुल्न सक्छ । नेपालमा बेरोजगारी हटाउने दीर्घकालीन र प्रभावकारी उपाय यही हो ।

शैक्षिक क्षेत्रमा अनिवार्य निःशुल्क माध्यामिक शिक्षा र उच्च शिक्षा लागु गरेपछि प्रत्येक गाउँमा विद्यालयका लागि बढी शिक्षक चाहिने हुन्छ । यसरी थुप्रै शिक्षित बेरोजगारहरुले शिक्षकको काम पाउन सक्ने हुन्छ । अहिले विद्यालयहरुमा २/३ जना शिक्षकहरुले एउटा विद्यालय चलाएका छन् । शिक्षक-विद्यार्थीको अनुपात निकै बेसी छ। एक जना शिक्षक वराबरी ४०/५० जना विद्यार्थी पर्न आउँछ । शिक्षाको गुणात्मक स्तरमा क्रान्ति ल्याउने हो भने शिक्षक-विद्यार्थी अनुपात १:२० वा १:१५ पार्नु पर्ने हुन्छ । शिक्षक-विद्यार्थी अनुपात यसरी घटाउने हो भने स्वभावतः बढी शिक्षकहरुको जरुरी हुनेछ । यसबाट थुप्रै शिक्षित बेरोजगारहरुले काम पाउने छन् । गाउँका शिक्षितहरुले गाउँमै काम पाउने छन् ।

त्यस्तै गाउँ गाउँमै प्राथमिक स्वास्थ्य सेवा वा अस्पताल पुऱ्याउने हो भने प्रत्येक गा.वि.स.मा थुप्रै स्वास्थ्य प्राविधिज्ञहरुको जरुरत हुनेछ । गाउँ गाउँमा लघु विद्युत आयोजना पुऱ्याउने हो भने थुप्रै प्राविधिज्ञहरुको जरुरत हुनेछ । यसरी डाक्टर, नर्स, हेल्थ असिस्टेन्ट, इन्जीनियर, ओभरशियरहरुको बेरोजगारी हटाउन, रोजगारीको सिर्जना गर्न सकिन्छ ।

गाउँमा क्रान्ति ल्याउने हो भने प्रत्येक गाउँलाई वास्तविक स्वायत्त निकाय गराउनु पर्छ । त्यहाँको विकासको योजना त्यहींकै जन सहभागितामा बन्नु पर्छ । त्यो गाउँका मान्छेको आधारभूत आवश्यकताको योजना त्यही गाउँका मानिसले बनाउनु पर्छ। विद्यालय, आश्रय, स्वास्थ्य, खानेपानी, उत्पादन सबैको योजना उनीहरुले नै बनाउनु पर्छ। शासनको विकेन्द्रीकरण र स्थानीय स्व-सरकार हुनु पर्छ । यो स्थितिमा स्थानीय शिक्षित बेरोजगारहरुको खपत त्यही ठाउँमा हुन सक्ने बेसी संभावना हुनेछ। यस्तो गरेपछि रोजगारी पनि बढ्नेछ, साथै स्थानीय जनताले त्यहाँको कामको सर्वेक्षण, निरीक्षण गर्ने, र नियुक्ति गर्ने हुँदा काम ठग्ने संभावना पनि कम हुन्छ । काम बढी ऋयकत भाभअतष्खभ हुनेछ ।

शिक्षा क्षेत्रमा पनि आमूल परिवर्तन गर्नु जरुरी छ। हामीले शिक्षित भएपछि श्रम गर्नु हुन्न, हातको काम गर्नु हुन्न भन्ने शिक्षा पाइरहेका छौं। यो शिक्षा पद्धति नै बदल्नु पर्छ । तीन कक्षासम्म आधारभूत शिक्षा दिने र ४ कक्षाबाट व्यावसायिक शिक्षा अनिवार्य गराइनु पर्छ । या कृषितर्फको या उद्योगतर्फको एउटा व्यावसायिक विषय अनिवार्य गराइनु पर्छ। यसो गरेपछि १०/१२ कक्षा पढेपछि देशलाई चाहिने जनशक्ति त्यहीं तयार हुन्छ । स्व-रोजगारीको संभावना पनि हुन्छ। जति माथिल्लो कक्षामा गयो-उति एउटा विषयमा बढी व्यावसायिक दक्षता बढाउने शिक्षा पद्धति हुनुपर्छ ।

हामीकहाँ एक चौथाई विद्यार्थीहरु प्राविधिक शिक्षातर्फ छन् । तीन चौथाई विद्यार्थीहरु गैर-प्राविधिक शिक्षातर्फ छन्। यसलाई बिल्कुलै उल्ट्याइनु पर्छ। तीन चौथाई विद्यार्थीहरु प्राविधिकतर्फ र एक चौथाई गैर-प्राविधिकतर्फ शिक्षा प्राप्त गर्ने व्यवस्था गरिनु पर्छ। राजनीति, इतिहास, साहित्य, कलामा यति धेरै विद्यार्थीहरु पैदा गरेर केही काम छैन । एउटा तहसम्म त्यसलाई आधारभूत विषय बनाएर बेसीभन्दा बेसी विद्यार्थीहरुलाई प्राविधिक शिक्षातर्फ नै लगाइनु पर्छ । यस्तो गर्न पूरा शिक्षाको ढाँचा नै परिवर्तन गर्नु पर्छ ।

हामी यो उपायबाट देशमा चाहिने जनशक्ति पनि प्रशस्तै उत्पादन गर्न सक्छौं र शिक्षितहरुको स्व-रोजगारीको प्रबन्ध गर्न सक्छौं । ◇

अवश्य पढ्नु होस्
दृष्टि
साप्ताहिक
DRISHTI Vernacular weekly
प्रत्येक बुधवार प्रकाशित हुने




## निकारागुआः

# जहाँ अहिले पनि सरकारी सेना वामपन्थीहरूको हातमा छ,

## जहाँ सरकार भने पूँजीवादीहरूको हातमा छ

# साण्डिनिष्टा क्रान्तिको सफलताको कथा

– राजेन्द्र महर्जन

ल्याटिन अमेरिकी क्षेत्रमा जसरी आज क्यूवा अझै वामपन्थी सरकारको नेतृत्वमा अमेरिकी साम्राज्यवादसंग लडिरहेको कारणले वि[illegible]र्चित छ त्यसै गरी त्यस क्षेत्रमा रहको अर्को [illegible] देश पनि विश्व राजनीतिक क्षेत्रमा अत्यन्त चर्चित रहेको छ । उक्त देश हो- निकारागुआ !

निकारागुआ अहिलें संसारमा चर्चित भएको त्यहाँको अनौठो खाले राज्यसत्ताको स्वरुपको कारणले पनि हो । कतिपय देशहरुमा वा कतिपय देशका स्वायत्त प्रदेशहरुमा सेना, गुप्तचर संस्था र प्रशासन चाहिं परम्परागत रुपमा चलिआएको सामन्ती-पूँजीवादीहरुको पक्षको हुँदाहुँदै पनि चुनाव लड्ने केही कम्युनिष्टहरुले त्यहाँको सरकार गठन गरेको कुरा त हामीलाई थाहा छ । तर निकारागुआ यस्तो देश हो, जहाँको हालको स्थिति यसको ठीक उल्टो छ । त्यहाँ सरकार पूँजीपतिहरुको कायम छ, तर सेना, गुप्तचर संस्था र प्रशासन भने वामपन्थीहरुको छ । यसरी जुन देशमा लालसेना, सत्तामा छ, त्यो देशमा सरकार चाहिं पूँजीवादी हुन पुग्ने वातावरण कसरी तयार भयो भन्ने यो सन्दर्भको अध्ययन खांस गरी वामपन्थीहरुले गर्नै पर्ने र त्यसबाट शिक्षा लिनै पर्ने एउटा महत्वपूर्ण विषय हो ।

नेपालमा २०३५/३६ को आन्दोलन भइरहेकै ताका निकारागुआमा प्रतिकृयावादी सोमोजा सरकारलाई सशस्त्र संघर्षद्वारा वामपन्थी सान्डिनिष्टाहरुले सत्ताच्यूत गरेका थिए । स्मरणीय छ, अमेरिकी साम्राज्यवाद विरोधी छापामार अभियानका लोकप्रिय नेता साण्डिनोको नामबाट यो "साण्डिनिष्टा" शब्द बनेको हो, जसको अर्थ हुन्छ- "साण्डिनोको बाटो अंगाल्ने" अर्थात् "साण्डिनोवादी" ।

त्यतिखेरदेखि नै निकारागुआ विश्वभर अत्यन्त ठूलो चर्चामा आएका देशहरु मध्ये एक पर्दछ । हाम्रो नेपालमा भने निकारागुआ "सोभियत संघ पक्षीय भएको" कारण तत्कालीन सोभियत संघलाई "समाजवादी" नमान्ने सबै कम्युनिष्टहरुले निकारागुआको घटनालाई गम्भीरतापूर्वक हेर्न जरुरी नै देखेनन् र यसको व्यापक चर्चा चलाउने र यसबाट पाठहरु सिक्ने महत्वपूर्ण काम उनीहरुले गरेनन् । तत्कालीन सोभियत संघ पक्षीय नेपाली "कम्युनिष्टहरु" ले चाहिं यसलाई अत्यन्त औपचारिक ढंगले प्रकाशमा ल्याए । यसकारण, महत्वपूर्ण हुँदा हुँदै पनि निकारागुआ यहाँ त्यति धेरै चर्चा र अध्ययनको विषय बन्न सकेन ।

अमेरिकामा जब राष्ट्रपति रेगनले आफ्नै संसदलाई पनि सूचना नदिईकन इरानमा हतियार बेची, त्यो हतियार बेचेर आएको पैसा निकारागुआमा पठाए र त्यसबाट त्यहाँका पूँजीवादी- साम्राज्यवादीहरुका कठपुतली "कोन्ट्रा" नामक गुरिल्ला समूहलाई पोसे, तब यो "संसदलाई जानकारी नदिएको" कुरालाई लिएर त्यहाँ जुन विवाद ('इरान गेट काण्ड' नामले चर्चित विवाद) उठ्यो, त्यतिखेर भने निकारागुआ नेपालमा पनि अलि बढी चर्चाको विषय बनेको थियो ।

अहिले यहाँ त्यही देश- निकारागुआको बारेमा केही चर्चा चलाईदैं छ, जहाँका बन्दरगाहहरुमा एक ताका अमेरिकाले बारुदी सुरुङहरु समेत निर्माण गरी यसलाई घात गर्न खोजेको थियो, जहाँ आर्थिक नाकाबन्दी लगाएर हुन्छ कि कोन्ट्रा विद्रोह भड्काएर हुन्छ, साण्डिनिष्टा क्रान्तिलाई ध्वस्त गर्न अमेरिकी साम्राज्यवादीहरुले भरमग्दूर प्रयास गरेका थिए ।

अहिले पनि अमेरिकी साम्राज्यवादले निकारागुआलाई "आफ्नो इशारामा नचलेमा" नाकाबन्दी लगाउने धम्की दिने लगायतका प्रत्यक्ष हस्तक्षेपहरु गरिरहेछ । त्यहाँका वामपन्थी साण्डनिष्टाहरु यस स्थितिमा निश्चय नै गम्भीर अवस्थाबाट गुज्रिरहेका छन् ।

निकारागुआ त्यस्तो देश हो, जहाँ छिमेकी शत्रु अमेरिकी साम्राज्यवाद र त्यसको कठपुतली तानाशाह सोमोजाको कठपुतली सरकार विरुद्ध लामो छापामार संघर्ष भएको थियो । दुई दशक लामो कठोर सशस्त्र संघर्षपछि मात्रै निकारागुआली जनताले साण्डिनिष्टा छापामार संगठनको नेतृत्वमा त्यहाँ सन् १९७९ मा सफलतापूर्वक क्रान्ति सम्पन्न गरेका थिए। त्यस साण्डिनिष्टा क्रान्तिपछि सोमोजाको तानाशाही शासनको पतन भयो र वामपन्थी साण्डिनिष्टाहरुको हातमा शासन सत्ता आयो। तर अमेरिकी साम्राज्यवादले त्यसलाई पश्चिमी गोलार्द्धमा "अर्को क्यूबा" जन्मेको ठान्यो। त्यसैले साण्डिनिष्टा क्रान्तिलाई ध्वस्त पार्न अमेरिकी साम्राज्यवादले केही निकारागुआली भाटहरुलाई पैसा, तालीम र हात हतियार दिएर "कोन्ट्रा विद्रोहीहरु" संगठित गरी निकारागुआ विरुद्ध अघोषित युद्ध थालनी गऱ्यो ।

यस स्थितिमा कसरी साण्डिनिष्टाहरुले छापामार संघर्षको थालनी गरे ? छापामार संघर्षलाई जन संघर्षसंग एकाकार गरी कसरी क्रान्ति सम्पन्न गरे ? कसरी तिनीहरु अमेरिकी साम्राज्यवादद्वारा थोपरिएको अघोषित युद्ध विरुद्ध लडे ? कोन्ट्रा विद्रोहीहरुसंगको लामो युद्ध-कालमा पनि तिनीहरुले न्याय, समानता र स्वतन्त्रतायुक्त निकारागुआको निर्माणलाई युद्ध स्तरमा कसरीअगाडि बढाए ?

यी विषयहरु राजनीतिमा चाख राख्ने जो कोहीको पनि अत्यन्त चासोका विषयहरु हुन् ।

पछि गएर युद्ध र निर्माणकै बीच साण्डिनिष्टाहरुले प्रतिक्रियावादी कोन्ट्राहरु समेतको सहभागितामा किन र कसरी आमचुनाव गराए ? चुनावमा विजयी भएकी राष्ट्रपति भायोलेटा चमोरोले पूँजीवादी सरकार सम्हालेकी छिन् भने सेना, प्रहरी, गुप्तचर र प्रशासन यन्त्र सिंगै भने वामपन्थी साण्डिनिष्टाहरुकै हातमा छ । यस जटिल स्थितिमा चमोरो सरकार यसै वर्ष केही वामपन्थी साण्डिनिष्टाहरूलाई सरकारमा सामेल गर्न बाध्य भएको छ भने सरकारको लागि आफ्नै संयुक्त मोर्चा पूरै विपक्षी भइसकेको छ । यस स्थितिमा निकारागुआको राजनीतिक समीकरण कसरी अघि बढिरहेको होला ?

निकारागुआ यसरी विश्व कम्युनिष्ट आन्दोलनकै लागि नयाँ, अनौठो र जटील सन्दर्भको विषय भएको छ। त्यहाँको सशस्त्र क्रान्तिको इतिहास र त्यसपछिको विकासक्रम धेरै मुलुकका लागि शिक्षाप्रद सामग्री हुन सक्छ । त्यसैले आउनुहोस्, त्यहाँको घटनाक्रमको खोतल-खातलबाट हाम्रो खुल्दुली मेट्ने प्रयास गरौं र वर्तमानमा त्यहाँको घात प्रतिघातलाई पनि नजीकैबाट नियालौं ।




## निकारागुआ

क्षेत्रफल : १,२०,२५४ वर्ग कि.मी.

जनसंख्या: ३८,५३,००० (१९९०)

जनसंख्या वृद्धिदर : ३.५%

भाषा: स्पेनीश (राष्ट्रिय), अंग्रेजी

धर्म: रोमन क्याथोलिक

औसत आयु : ६३ (महिला)

६१ (पुरुष)

सैनिक शक्ति : ८०,०००

## अमेरिकी साम्राज्यवाद र सोमोजा सरकारको गठबन्धन

प्रशान्त महासागर र क्यारिबियन सागर जस्ता दुई दुई वटा विशाल समुद्रहरुको बीच रहेको निकारागुआ ताल, मानागुआ ताल जस्ता ठूला ठूला तालहरु एवं थुप्रै नदीहरुले निकारागुआ देश भरिएको छ । कृषियोग्य जमीन, जल विद्युत, ताप विद्युत र फोसिलहरुको उजदिखि काठ र खानी आदिको संभावनाले भरिपूर्ण भएर पनि निकारागुआ मध्य अमेरिकामा सबै भन्दा गरीब देशमा गनिन्छ । गरीबीको मूल कारण हो- साम्राज्यवादी शोषण र शासन !

तीन सय वर्षसम्म चुस्नसम्म चुसेर स्पेनी उपनिवेशवादीहरु भागेपछि निकारागुआमा सत्ता-शून्यताको स्थिति उत्पन्न भयो। त्यस स्थितिमा सत्ता हत्याई त्यहाँको प्राकृतिक सम्पदामाथि कब्जा जमाउन अमेरिकी र बेलायती साम्राज्यवादीहरु त्यहाँ पुगेका थिए । निकारागुआमाथि आफ्नो प्रभुत्व जमाउन सफल भएको अमेरिकी साम्राज्यवादले १८५० देखि नै आफ्नो स्वार्थ पूर्ति गर्न त्यहाँका कन्जरभेटिभहरुलाई आफ्नो हातमा नचाइआएको थियो । सैनिक हस्तक्षेप गर्न पनि पछि नपरेको अमेरिकी साम्राज्यवाद साण्डिनोको छापामार युद्धपछि मात्रै भौतिक रुपमा आफ्ना सैनिकहरुलाई फिर्ता बोलाउन बाध्य भएको थियो ।

तर अमेरिकी साम्राज्यवादद्वारा प्रशिक्षित हत्याराहरुको समूह "नेशनल गार्ड" प्रयोग गरी प्रधान सेनापति अनेस्टोसियो सोमोजा गार्सियाले १९३४ मा साण्डिनोको निर्ममतापूर्वक हत्या गऱ्यो । अफ नेशनल गार्डको सहयोगमा सोमोजाले तथाकथित निर्वाचित सरकारको सत्ता पल्टाई सम्पूर्ण राजनीतिक सत्ता पनि आफ्नो हातमा लियो । त्यसपछि त अमेरिकाले सोमोजाको तीन पुस्ते पारिवारिक तानाशाही शासनलाई नै मजबूत पाऱ्यो । त्यस शासन मार्फत नै अमेरिकाले आफ्नो साम्राज्यवादी स्वार्थ पूर्ति गरीरह्यो ।

अनेस्टोसियो सोमोजाले (सोमोजा परिवारको तीन पुस्ताले त्यस देशमा शासन गरेको थियो-) सन् १९३६ मा राजनीतिक सत्ता आफ्नो हातमा पारेदेखि नै अमेरिकी स्वार्थ अनुकूल शासन गऱ्यो । १९५६ मा आफ्नो हत्या नभए सम्म उसले कहिले राष्ट्रपतिको रुपमा, त कहिले "सरकारभित्रको सरकार"को रुपमा तानाशाही शासन चलायो। उसको छोरा लुइस सोमोजाले पनि कहिले सिधै सैनिक शक्तिद्वारा त कहिले आफ्ना कठपुतलीहरु मार्फत १९६७ सम्म निरंकुश शासन गऱ्यो । लुइस सोमोजाको भाइ अनेस्टोसियो सोमोजा डिवायलेले १९६७ देखि १९७९ को क्रान्ति अघिसम्म निर्वाचित राष्ट्रपतिको रुपमा तानाशाही शासन चलायो । सोमोजाहरुको तीन पुस्ते तानाशाही शासनका आधार स्तम्भहरु केवल अमेरिकी साम्राज्यवाद र त्यसबाट प्रशिक्षित निकारागुआली नेशनल गार्ड थिए । जनता कदापि थिएन ।

नेशनल गार्ड नै सोमोजाको शासन सत्ता टिकाउन एउटा मुख्य हतियार थियो । त्यो शक्ति यति भ्रष्ट, निर्दयी र निरंकुश थियो कि मानिसहरु त्यसलाई "वर्दीवाला माफिया" भन्थे । तिनीहरुले वैधानिक वा अवैधानिक रुपमा वेश्यावृत्तिलाई बढवा दिने, बान्ह-मासेहरुलाई छुट दिने, भ्रष्टाचारी, बलात्कारीहरुलाई संरक्षण दिने, न्यायप्रेमी जनतामाथि निर्मम दमन गर्ने काम गरे। त्यसै कारण तिनीहरु जनताबीच पूरै घिनाइएका थिए ।

अमेरिकी साम्राज्यवाद सोमोजाको निरंकुश सरकारको अर्को मूल आधार स्तम्भ थियो । अमेरिकी साम्राज्यवादले एकातिर सोमोजा सरकारको प्रशासन यन्त्रलाई सुदृढ बनाउने र अर्कोतिर आर्थिक सहयोग दिई सरकारलाई सबल बनाउने काम गरेको थियो । त्यसले सोमोजा सरकारलाई जतिसुकै तानाशाही भए पनि, निरंकुश भएपनि सैनिक सहयोग दिने, नेशनल गार्डलाई प्रशिक्षित गर्ने, आधुनिक सैनिक उपकरणले लैश पार्ने काम गरेको थियो । त्यसैले सोमोजा सरकार विरोधी क्रान्तिभन्दा अघिसम्म, त्यहाँको नेशनल गार्ड ल्याटिन अमेरिकामै सबैभन्दा बढी संगठित र सुनियोजित एवं सबैभन्दा बढी हतियारले लैश सैनिक शक्तिको रुपमा कुख्यात थियो ।

आर्थिक सहयोगको हकमा अमेरिकाले निकारागुआमा कार्यरत आफ्ना चुसाहा बहुराष्ट्रिय कम्पनीहरुको लाभांशको १% आम्दानि पनि आर्थिक सहयोगको रुपमा निकारागुआलाई दिएन। तापनि, जति दिइएको थियो, त्यो सहयोग पनि अन्य देशको भन्दा कम थिएन ।

स्मरणीय छ, सोमोजाकालीन निकारागुआका ९०% खानी, वन जंगल



क्रान्तिमा अन्तिम विजयको क्षण ।



*जनरल साण्डिनो : (बीचमा) आफ्ना सहकर्मीहरू भेनेजुयला, मेक्सिको, एल साल्भाडोर र डोमिनिकन गणतन्त्रका छापामार नेताहरूसँगै*

र माछा उद्योगहरु, ५०% घरेलु तथा वैदेशिक व्यापार तथा ४०% औद्योगिक उत्पादनमा अमेरिकी बहुराष्ट्रिय कम्पनीहरुको पूँजीले प्रभुत्व जमाइराखेको थियो ।

१९६१ देखि शुरुवात गरिएको "प्रगतिको लागि मोर्चा" अभियान र नयाँ "मध्य अमेरिकी साझा बजार व्यवस्था" अन्तर्गत निकारागुआको सामाजिक र आर्थिक प्रगतिका लागि भनी दिइएको रकम मात्रै करोडौं अमेरिकी डलरको थियो । यसको अधिकांश भाग सोमोजा परिवारको विदेशी बैंकमा घुमीफिरी थुप्रिन पुग्थ्यो । यसरी भ्रष्टाचारहरु गरेर नै १९५० तिर ५ करोड डलर सम्पत्तिका धनी सोमोजा परिवार १९७९ सम्म पुग्दा ५० करोड डलर सम्पत्तिको मालिक भैसकेको थियो । उता निकारागुआली जनताहरु भने दिन प्रतिदिन गरीबिको खाडलमा जाकिंदै गइरहेका थिए !

अमेरिकी साम्राज्यवादका यी सहयोगहरुको बदलामा सोमोजा सरकारले निकारागुआमा अमेरिकी चुसाहा बहुराष्ट्रिय कम्पनीहरुको हित अनुकूलको स्थिति तयार पारिदिएको थियो । अन्य कम्पनीहरुलाई उनीहरुसित प्रतिस्पर्धा नै गर्न नसक्ने बनाई त्यसको एकाधिकार कायम गराईदिएको थियो । साथै, मजदूर संगठनहरुको संघर्षलाई हतोत्साहित पारी र दमन गरी निरन्तर शोषण गर्न दिने काम पनि गरिएको थियो । सकिएको ठाउँमा तिनीहरुसंग साझेदारी वा दलाली गरी आफैं पनि एकाधिकारी पूँजीपति बन्ने र नाफा कुम्ल्याउने दाउमा यो लागेको थियो ।

यस बाहेक सोमोजाको शासन कालमा निकारागुआलाई अमेरिकाको जगेडा शक्तिको रुपमा प्रयोग गर्न दिइएको थियो । अमेरिकी साम्राज्यवादको गुप्तचर संस्था सी.आई.ए.द्वारा १९५४ मा ग्वाटेमालामा र १९६१ मा क्यूवामा गरिएको गोप्य सैनिक कार्यवाहीका लागि निकारागुआको भूमि प्रयोग गर्न दिइएको थियो । कोरिया, भियतनाम र डोमिनिकन गणराज्यमाथि गरिएको अमेरिकी हस्तक्षेपमा त्यहाँका सैनिकहरुलाई सहभागी बनाउने काम समेत गरिएको थियो ।

अमेरिकी साम्राज्यवाद र तानाशाह शासक सोमोजाको साँठगाँठ निकारागुआली जनताको लागि निकै कष्टकर र असह्य भईरहेको थियो ।

निर्यातमूलक खेतीको व्यवस्थाले गर्दा बहुसंख्यक किसानहरु खेतीहर मजदूरमा परिणत भइरहेका थिए । मजदूरहरुका ज्याला र काम बहुराष्ट्रिय कम्पनीका मालिकहरुको सुविधामा रहेकाले बेरोजगारी बढिरहेको थियो । मजदूर यूनियन दमित थियो । १९७७ सम्ममा शोषण र शासनद्वारा बाँच्ने धनीहरु झन् झन् धनी र शोषित, पीडित, गरीबहरु भने भोकै मर्ने सम्मको स्थिति पैदा भएको थियो ।

त्यसबेलाको एक तथ्याङ्क अनुसार देशका ५% अत्यन्त धनीमानीहरुले राष्ट्रिय आम्दानीको ५९.९% हत्याईरहेका थिए । बेरोजगारीको दर १९७० मा ४% थियो भने १९७८ सम्ममा पुग्दा ३ दोब्बर बढेर १३% सम्म पुगेको थियो ।

## जन संगठनको निर्माण र संघर्षको उभार

अमेरिकी साम्राज्यवाद र तानाशाह शासक सोमोजाको गठबन्धनको विरोधमा जनताको असन्तोष, आक्रोश र विद्रोह विभिन्न रुप र आकारमा झन् झन् तीव्र रुपमा उठ्न थालेको थियो । जुनसुकै देशमा जस्तै त्यहाँ पनि विद्यार्थी वर्गले नै जनताको असन्तोष र आक्रोशलाई मुखरित गर्ने काम थालेको देखिन्छ । शुरुमा निकारागुआली समाजवादी पार्टीको वैचारिक नेतृत्वमा रहेको विद्यार्थी संगठनको अगुवाइमा विद्यार्थीहरु संगठित र आन्दोलित हुँदै आएका थिए ।

तर "साण्डिनिष्टा नेशनल लिबेरशन फ्रन्ट"को निर्माण पछि त्यसको नेतृत्वमा विद्यार्थी संघर्ष संचालित हुन थाल्यो । क्यूवाली क्रान्तिबाट प्रोत्साहित भएका विद्रोही विद्यार्थीहरुले १९६० को दशकदेखि नै साण्डिनिष्टा फ्रन्टको अगुवाईमा संघर्षहरु थालनी गरेका थिए । यी संघर्षहरु ७० को दशकमा पुग्दा सोमोजा सरकारकों लागि टाउको दुखाइको विषय बन्ने हदसम्म बढेको थियो ।

अर्को आश्चर्यको कुरा के थियो भने, त्यहाँ क्याथोलिक धर्मावलम्बी सामाजिक कार्यकर्ताहरु, धर्म प्रचारकहरु र पादरीहरु स्वयंले पनि प्रशान्त महासागरका तटीय भागहरुमा रहेका खेतीहर मजदूरहरुलाई संगठित गर्ने काम १९६० देखि नै गर्न थालेका थिए । त्यतिखेर ल्याटिन अमेरिकी देशका क्याथोलिक धर्मावलम्बीहरु बीच शिक्षाशास्त्री पाउलो फ्रेरको "मुक्तिदायी शिक्षा अभियान" खुबै प्रचारित थियो । त्यसको प्रभावमा परेर यस दिशातिर तिनीहरु आकर्षित भएका थिए । तिनीहरुले पनि ईसाई धर्मको प्रचारको आडमा खेतीहर मजदूरहरुलाई सचेत गर्ने, संगठित गर्ने र विस्तारै संघर्षशील पार्ने काम थालेका थिए । ती क्याथोलिक सामाजिक कार्यकर्ताहरुले एकातिर शहर र गाउँमा हजारौं स-साना समूहहरु संगठित गरी गरीब जनतालाई शिक्षित पारेका थिए भने अर्कातिर, स्वयंसेवी क्याकलापहरु गराई राम्रो जीवनस्तरको निर्माणको लागि सचेत प्रयास थालनी गर्न लगाउने काम पनि गरेका थिए । यसरी संगठित भएका किसान यूनियनहरुले उचित ज्यालाको लागि संघर्ष गर्थे । स-साना स्वयंसेवी समूहहरुले अत्यावश्यक शहरी सुविधाहरु एवं घर-घडेरीको व्यवस्थाको लागि आवाज उठाउँथे । अझ १९७२ मा राजधानी मानागुआमा भएको ठूलो भूकम्पपछि त प्रोटेस्टेन्ट धर्मावलम्बीहरुले पनि यस्ता स्वयंसेवी समूहहरु गठन गरी गरीब जनतालाई संगठित र सचेत गर्न थालेका थिए । यस्ता धार्मिक संघ-संस्थाहरुले पनि सामाजिक मुक्तिका लागि आधारहरु तयार गर्ने काममा महत्वपूर्ण भूमिका खेल्न थालेका थिए ।

यता मजदूर फाँटमा १९६० को दशकको अन्ततिर मजदूरहरुको असन्तोष संगठित रुपमा प्रकट हुन थालेको थियो । मजदूरहरुको तलबमा कमी, प्राप्त कम तलब पनि महंगी र मुद्रास्फीति र मुद्रा अवमूल्यनका कारणले अत्यन्त



*क्रान्तिताका ब्यारिकेड- संघर्षमा क्रान्तिकारीहरू*



कम हुँदै जानु र बेरोजगारको फौजमा बृद्धि हुनुका कारणले जन आक्रोश बढिरहेको थियो। त्यसै कारणले औद्योगिक मजदूर यूनियनहरुको निर्माण र व्यापक मजदूर आन्दोलनबाट त्यो बढ्दै गएको मजदूर- असन्तुष्टि अभिव्यक्त हुन थाल्यो।

१९७० को शुरुवातदेखि अगाडि बढेको मजदूर आन्दोलनले व्यापक स्तरमा मजदूरहरुलाई संगठित र एकताबद्ध पार्न थाल्यो। उचित श्रम, उचित दामको लागि कारखाना-कारखानामा हडताल हुन थाल्यो। यो १९७३-७५ तिर देशव्यापी रुप लिन सफल भयो।

१९७० को शुरुदेखि नै मुद्रास्फीतिको कारणले मध्यम वर्गीय जनताको जीवनस्तर खस्किदै गएको थियो। त्यसमाथि मानागुआको भूकम्पले सम्पूर्ण जनताको भविष्य तहस-नहस पार्‍यो। त्यस स्थितिमा विभिन्न जनवर्गीय संगठनको सदस्यतामा व्यापक बृद्धि भयो भने शिक्षक, स्वास्थ्य-कर्मीहरुको संघर्षमा अचानक तीव्रता आयो।

सरकारको बहुराष्ट्रिय कम्पनीहरुसंगको साँठगाँठदेखि रिसाएका राष्ट्रिय पूँजीपतिहरु पनि राजनीतिक र आर्थिक सुधारको माग सहित अगाडि बढ्न थाले। यसै क्रममा तिनीहरुले १९७४ मा स्थापित व्यापारिक नेताहरुको आधिक्यता रहेको "डेमोक्रेटिक लिवरेशन यूनियन"लाई आफ्नो हतियारको रुपमा प्रयोग गर्न थाले। यसैको परिणाम स्वरुप, एकातिर सरकारलाई पूँजीपतिहरुको पनि दवाव सृजना भयो भने अर्कोतिर, गरीब जनताहरु पनि तिनीहरुद्वारा स्थापित सहकारी व्यापारिक संस्थाहरुबाट लाभान्वित हुन थाले।

यसै बीच सोमोजा सरकार विरोधी थुप्रै पार्टीहरु देशमा सक्रय हुन थाले। यस सन्दर्भमा प्रमुख प्रतिपक्षी मोर्चा नेशनल अपोजिशन यूनियन (UNO) ले १९६७ को राष्ट्रिय निर्वाचनमै सोमोजालाई चुनौति दिएको तथ्य यहाँ स्मरणीय छ। यी सबका बीच, साण्डिनिष्टा नेशनल लिवरेशन फ्रन्ट सबैभन्दा बलवान, संक्षम र सचेत शक्तिको रुपमा, सडकका जन संघर्षहरुदेखि छापामार युद्धसम्ममा आफ्नो मजबूत पकड प्रदर्शन गरेर, निकारागुआको राष्ट्रिय राजनीतिको परिदृष्यमा प्रकट हुन थाल्यो।

## सोमोजाको तानाशाही शासनको अन्तको शुरुवात

निकारागुआको राष्ट्रिय राजनीतिक परिदृष्यमा सोमोजाको तीन पुस्ते पारिवारिक शासनको अन्तको शुरुवात १९७२ को मानागुआ भूकम्पपछि भएको देखिन्छ। भूकम्प पीडित जनतालाई राहत दिनुको बदला करमा बृद्धि गर्ने, करोडौं डलरको अमेरिकी सहयोग राष्ट्रको पुनर्निर्माणमा खर्च नगरी आफ्नो विलाशिताको लागि प्रयोग गरेको घटना देखेपछि जनताको मनबाट सोमोजा सरकार ढल्न थालेको थियो।

देशव्यापी रुपमा उठेको जन असन्तोष बन्द, हडताल, प्रदर्शनमा प्रकट हुन थालेको थियो। सरकारी दमनपछि यो जन असन्तोषले हिंसात्मक रुप लिन बाध्य भयो र साण्डिनिष्टा फ्रन्टको छापामार संघर्षलाई जन शक्ति र आर्थिक सहयोगको रुपमा यो असन्तोष विस्तृत भयो। १९७४ को डिसेम्बरमा मानागुआमै साण्डिनिष्टा छापामारहरुले गरेको सफल "बन्दी प्रकरण" ले यो असन्तोषलाई स्पष्ट पार्‍यो। तर सोमोजा सरकारले यो बन्दी प्रकरणबाट भएको आफ्नो अपमानको बदला नरसंहारकारी दमन अभियानबाट लिन खोज्यो। तर त्यो क्षणिक मात्रै भयो।

त्यस दमन अभियानले विश्व जनमतलाई रुष्ट र आक्रोशित त पार्‍यो नै, सोमोजाकै प्रभू-अमेरिकी साम्राज्यवादलाई पनि त्यसले "मानव अधिकार राम्रो भएको" प्रमाणपत्र दिन अप्ठ्यारोमा पारीदियो। अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्थाहरु सोमोजाको दमनकारी शासनको विरोधमा उत्रन थाले। यी सबैको फलस्वरुप सीमित राजनीतिक स्वतन्त्रता त दिनै पर्‍यो।

साथै, त्यतिखेर नै सोमोजाको स्वास्थ्यमा आघात पर्‍यो। उता सोमोजा परिवारभित्र पनि सत्ता-संघर्ष चर्कियो। यही मौकामा संगठित भएका जनताहरु सडक-संघर्ष उठाउन थाले।

पेड्रो ज्याक्वीन चमोरोको प्रतिष्ठित अखवार ला प्रेन्सा (La Prensa) ले जन संघर्ष, विपक्षी पार्टीहरुको एकता र क्रियाकलाप, मानव अधिकारको हनन, छापामारहरुको संघर्ष र सोमोजाको भ्रष्टाचारका समाचारहरु प्रकाशित गरी जनतालाई सचेत गर्ने काम गर्न थाल्यो। पूँजीवादी प्रजातन्त्रवादी ज्याक्वीन चमोरोले आफ्नो अखवार मार्फत "प्रजातन्त्रको बहाली"को लागि आवाज उठाएको कुरा सोमोजालाई असैह्य भयो। मानागुआको सडकमै जनवरी १०, १९७८ मा उनको हत्या गरियो।

चमोरोको हत्या सोमोजा सरकारको लागि यत्ति महंगो भयो कि- देशभरि चमोरोको रगतको बदला लिन सडक-संघर्ष चर्कियो। संझौता, बिन्ती पत्र र धम्कीको भरमा सोमोजालाई फ्याँक्न चाहने पूँजीवादी विपक्षी पार्टीहरु समेत सोमोजाको अन्तको माग सहित सडकमा उत्रन थाले। यी सडक-संघर्षहरुको क्रममा साण्डिनिष्टा छापामारहरुको आक्रमण-अभियानमा पनि बृद्धि भयो। सोमोजाको दमनलाई छिचोल्न सडक-संघर्षहरु पनि असमर्थ भएको स्थितिमा छापामारहरुको आक्रमण झन् झन् तीव्र भयो र सशस्त्र जन विद्रोहको शुरुवात भयो।



जनरल साण्डिनोका सहकर्मी योद्धाका छोरा, साण्डानिष्टा नेता तथा भू.पू. राष्ट्रपति डेनियल ओर्टेगा

प्रसिद्ध पत्रकार स्व.ज्याक्वीन चमोरोकी पत्नी, बर्तमान पूँजीवादी राष्ट्रपति भोयोलेटा चमोरो

अमेरिकाको तथाकथित मानव अधिकारको वैशाखीको भरबाट मात्रै सोमोजा हट्ला कि भनेर आशावादी हुने "प्रजातन्त्रवादीहरु" र संवैधानिक एवं शान्तिपूर्ण ढंगले नै तानाशाह सरकारलाई फ्याँक्न सकिन्छ कि भनेर विश्वास लिने पूँजीवादी पार्टीहरु समेत साण्डिनिष्टाहरुसंग हात मिलाउन अगाडि बढे।

यस स्थितिमा साण्डिनिष्टा फ्रन्ट देशको सर्वाधिक शक्तिशाली र प्रभावशाली संगठनको रुपमा विकसित भयो। त्यसले आफ्नो निरन्तर चलिरहेको सशस्त्र छापामार संघर्षलाई शहरका जन संघर्षहरुसंग तालमेल मिलाएर तानाशाह सोमोजा-विरोधी आक्रमण अभियान तीव्रता पूर्वक संचालन गर्न लाग्यो। चमोरोको हत्याको बदला लिनको लागि संघर्षरत जनताको मनोबल उँचो पार्न साण्डिनिष्टा छापामारहरुले सोमोजाको हत्यारा समूह नेशनल गार्डको विभिन्न शहरस्थित हेडक्वार्टरहरुमै आक्रमण गरे। विशाल जन प्रदर्शनहरु आयोजना गरिए। मजदूर र विद्यार्थीहरुको हडताललाई लम्ब्याइयो। यसरी विस्तारै उँचो र घनीभूत भएको सशस्त्र जन विद्रोह कै क्रममा त्यसै वर्षको फरवरीमा मोनिम्बो क्षेत्रमा रेड इण्डियनहरुले पनि स्वायत्तताको लागि सशस्त्र विद्रोह गरे। तर तयारी र सैनिक दक्षताको अभावको कारणले सरकारले त्यसलाई नराम्ररी कुल्वन सफल भयो। यस दमनले रेड इण्डियन-हरुमा मात्रै होइन, सर्व साधारण जनतामा समेत सरकारप्रति घृणा जगायो।

देशव्यापी रुपमा उठिरहेको छापामार आन्दोलन र सशस्त्र जन संघर्षदेखि भयभीत भएको सोमोजाले आफ्नो शासन काल १९८१ सम्म भएको दावी गर्दै जनताले आफूलाई ५ वर्षको लागि निर्वाचित गरेकोले सत्तामा बसिरहने अड्डी लिन लाग्यो। तर जनताको विश्वास गुमाईसकेको सोमोजाले चमोरोको हत्या भएको एक महिना पुगेको सन्दर्भमा फरवरी १० मा र साण्डिनोको हत्या भएको ४४ औं वर्षगाँठको सन्दर्भमा व्यापक जन प्रदर्शनहरुको सामना गर्नु पर्‍यो।

अझ, जुलाई महिना पुगेपछि त निरन्तर विद्रोहहरु भड्किन थाले। जुलाई ५ मा १२ जना निर्वासित व्यक्तिहरुको स्वदेश फिर्तिलाई जनताले आफ्ना "नायकहरु"को वापसीको रुपमा स्वागत गरे। जुलाई १९ मा गएर "ब्रड अपोजिशन फ्रन्ट" (FAO) को आह्वानमा भएको एक दिने आम हडतालमा मानागुआका ९०% व्यापारीहरुले र देशका ७०% जनताले समर्थन व्यक्त गरे। पर्सिपल्ट जुलाई २१ मा सोमोजाको मन्त्रीपरिषदको वैठक भइरहेको EL Bunker नामक सुरक्षित स्थलमै फर्नाण्डो चमोरो भन्ने एक व्यक्तिले रकेट प्रहार गरी जन विद्रोहको संकेत गरे।

यसैबीच, अगस्ट महिनाको शुरुमा अमेरिकी राष्ट्रपति जिम्मि कार्टरले विश्वलाई देखाउनको लागि मात्रै भए पनि सोमोजामाथि "मानव अधिकार हनन" गरेको आरोप लगाए। यो आरोप प्रकाशमा आएपछि साण्डिनिष्टाहरुले थप आक्रमणको तयारी गरे।

## गृहयुद्धको शुरु : छापामारहरुद्वारा अन्तिम अपरेशन

१९७८ मा उठेको जन उभारले देशव्यापी रुपमा व्यापकता र उच्चता प्राप्त गरिरहेकै बेला अगष्ट २३ का दिन २५ सदस्यीय साण्डिनिष्टा छापामारहरुको दस्ताले राजधानी मानागुआको नेशनल प्यालेसमा धावा बोले। तिनीहरुले ३०० जना प्रतिनिधि सभाका सदस्यहरु सहितको २ हजार सरकारी अधिकारीहरुलाई सफलतापूर्वक बन्दी बनाए। ४८ घण्टाको वार्तापछि टोमस वोर्गे लगायतका आफ्ना कमरेडहरुको रिहाइ, ५ लाख डलर जमानत र समाचार-माध्यममा आफ्नो विचारको प्रसारणको माग पूरा गराई


# साण्डिनिष्टा मुक्ति मोर्चा

## कसरी जन्मियो ?

### "दीर्घकालीन जनयुद्ध", सर्वहारावादी धार र जनविद्रोहका पक्षधरहरूबीचको मतभेद कसरी टुंगियो ?



साण्डिनिष्टा मुक्तिमोर्चाका संस्थापक कार्लोस फोन्सेका



जनरल अगस्तो सिजर साण्डिनो

निकारागुआमा धेरै लामो समयदेखि भईरहेको असफल जन विद्रोह र त्यहाँको निकारागुआली समाजवादी पार्टीले लिएको अवसरवादी सत्ता-परस्त बाटोको परिणाम थियो- साण्डिनिष्टा राष्ट्रिय मुक्ति मोर्चा (साण्डिनिष्टा नेशनल लिवरेशन फ्रन्ट)।

निकारागुआमा उत्पीडित किसानहरुले सन् १८८१ मा तात्कालीन सत्ताविरुद्ध युद्ध छेडेका थिए। १९२७ मा उदारवादीहरुको विद्रोह भएको थियो। १९२७ देखि १९३४ सम्म प्रसिद्ध छापामार नेता साण्डिनोको नेतृत्वमा छापामार विद्रोह भएको थियो। तर यी सबै युद्ध र विद्रोहहरुलाई अमेरिकी साम्राज्यवादको सहायतामा दमनको बाटोबाट सिध्याइएको थियो। छापामार नेता साण्डिनो विद्रोहकै दौरानमा १९३४ मा मारिएका थिए। तर यो दमन र पराजय निकारागुआली क्रान्तिकारीहरुको लागि निकै महँगो तर निकै उपयोगी शिक्षा सावित भयो। उनीहरुले यसबाट धेरै महत्वपूर्ण पाठहरु सिके। साण्डिनोकै नामबाट "साण्डिनिष्टा राष्ट्रिय मुक्ति मोर्चा" बन्यो।

साण्डिनिष्टा राष्ट्रिय मुक्ति मोर्चाका नेता र संस्थापकहरु १९४४ जुनमा स्थापित साम्यवादी लक्ष्य बोकेको निकारागुआली समाजवादी पार्टी(*Partido Socialista Nicaraguese*) भित्रका असन्तुष्ट क्रान्तिकारी तप्काहरु थिए। कार्लोस फोन्सेका, जो पछि साण्डिनिष्टा रा.मु.मो.का सह-संस्थापक भए, पहिले त्यही समाजवादी पार्टीकै विद्यार्थी संगठन "निकारागुआली समाजवादी युवा"मा कार्यरत थिए। उनी आफ्नो पार्टीले मजदूर र किसान असन्तोषलाई संगठित गर्न नसकेकोमा निकै असन्तुष्ट थिए। आफ्नो पार्टी तानाशाह सोमोजाप्रति नरम र उसको तावेदार हुँदै गएकोमा उनको पटक्कै चित्त बुझिरहेको थिएन।

यही असन्तुष्टिको पृष्ठभूमिमा १९५३-५४ मा उनी र उनका साथी टोमस वोर्गे प्रभावित भए- ग्वाटेमालाका तात्कालीन शासक ज्याकोब आर्वेन्जको उदार र प्रजातान्त्रिक शासन पद्धतिबाट। आर्वेन्ज वामपन्थी झुकाव भएका मानिस थिए। यही प्रभावको फलस्वरुप उनीहरु मार्क्सवादी साहित्यको सम्पर्कमा आए। मार्क्सवादबाट प्रभावित भएका उनीहरु निकारागुआली शहर ग्रेनाडाका क्याम्पस र विश्व विद्यालयमा साम्यवादी समूहहरु संगठित गर्न थाले। विद्यार्थी संघर्षको नेतृत्व गर्न थाले।

१९५७ मा मस्कोमा आयोजित युवा महोत्सवमा सहभागी हुन सोभियत संघ गएका बेला फोन्सेकाले चार महिनासम्म सोभियत जन जीवन र शासन प्रणाली नजीकैबाट अध्ययन गर्न पाए। यसबाट उनको मार्क्सवादी झुकाव अरु बलियो भयो।

उनीहरुले अब समाजवादी पार्टीभित्र संसदीय र शान्तिपूर्ण बाटोको विरुद्ध गैर संसदीय र हिंसात्मक बाटोको लागि अन्तर-पार्टी संघर्ष शुरु गरे। क्यूवामा १९५९ मा चे गुभेरा र फिडेल क्यास्त्रोको नेंतृत्वमा सशस्त्र संघर्षद्वारा क्रान्ति सम्पन्न भएपछि उनीहरुको संघर्षले नयाँ मोड लियो। उनीहरु आफ्नो बाटोको सहिपनामा अरु दृढ भए।

क्यूवाली क्रान्तिबाट प्रभावित भएर यसैबीच केही निकारागुआली क्रान्तिकारीहरुले निकारागुआको केन्द्रीय भू-भागमा सशस्त्र संघर्ष शुरु गरे। त्यसमा फोन्सेका र बोर्गेहरु पनि सम्मिलित भए। तर जन समर्थन र जन सहभागिताका लागि आवश्यक गृहकार्य नै नगरी संघर्ष छेडेका हुनाले यो संघर्ष असफल भयो।

१९५९ देखि १९६२ भित्र निकारागुआमा २० वटा भन्दा बढी छापामार संगठनहरु बने। तर ती बन्दै, बिग्रदैं, सरकारी दमन झेल्दै, नष्ट हुँदै, फेरि संगठित हुँदै अगाडि बढ्दै रहे।

छाडे। यसका साथै जनताको हार्दिक बिदाई लिई सुरक्षित तवरले हवाई जहाजबाट पानामा र भेनेजुयलामा जाने सफलता पनि प्राप्त गरे।

यहींबाट सोमोजा सरकारको अन्तको दिन गन्न थालेका निकारागुआवासीहरुले प्रतिपक्षीहरुको गठबन्धन ब्रड अपोजिशन फ्रन्टद्वारा त्यसको ३ दिनभित्रै सोमोजाको राजीनामाको माग राखेर आह्वान गरिएको आम हडतालमा व्यापक सहभागिता जनाए। अगस्त २७ मा मेटागालापाबाट शुरु भएको सशस्त्र विद्रोह मसाया, मानागुआ, चितान्देगा, लियाने, जिनोतेपे, डिरियम्बा र इस्तेलीमा मोनिम्बो-शैलीको विद्रोह भड्किन थाल्यो। सेप्टेम्बर महिनासम्ममा त हजारौं निकारागुआवासीहरुले स्वत:स्फूर्त रुपमा नेशनल गार्डमाथि ठाउँ ठाउँमा आक्रमण गर्न शुरु गरे। साण्डिनिष्टा छापामार संगठनसंग कहीं संयोजन गरी, त कहीं त संयोजन बिना, नै विभिन्न प्रान्तमा जन समूदायले आ-आफ्नो ठाउँबाट नेशनल गार्डहरुलाई आक्रमण गरेर भगाउन शुरु गरे।

तर यस्तो खालको स्वत:स्फूर्त विद्रोह सोमोजा विरोधी जन संघर्षको लागि निकै हानिकारक सावित भयो। किनभने, यसबाट असंख्य जनधनको क्षति भयो। सोमोजाकै छोरा सोमोजा पार्तोकरेरोको नेतृत्वमा मेटागाल्पामा स्थल सैनिक र नेशनल गार्डहरुले विद्रोहीहरुमाथि हवाइ आक्रमण गरे। वम वर्षा भयो। तर व्यापक नरसंहारपछि पनि जन विद्रोहलाई तिनीहरुले परास्त भने गर्न सकेनन्। मेटागाल्पामा सशस्त्र जन विद्रोहले सफलता हासिल गऱ्यो। यो सफलतापछि साण्डिनिष्टा फ्रन्टले देशव्यापी रुपमा आक्रमण तेज पार्न थाल्यो।

अगस्टदेखि सेप्टेम्बर १९७८ सम्म चलेको देशव्यापी सशस्त्र जन विद्रोहका सफलता र कमी कमजोरीहरुबाट विद्रोही निकारागुआवासीहरुले धेरै पाठहरु सिके।

उनीहरुलाई थाहा भयो- बन्द, हडताल, प्रदर्शन र आम हडताल जस्ता संवैधानिक र शान्तिपूर्ण संघर्षबाट पनि सोमोजाको तानाशाही सरकार फ्याँक्न सकिदैंन, न त बिना तयारी, बिना संयोजन र बिना सैनिक प्रशिक्षण र राम्रा हतियारबिना नै सशस्त्र जन विद्रोहहरुबाटै सशस्त्र सरकारलाई हराउन सकिन्छ।

विद्रोही जनताले सिकेको यसै पाठलाई पूँजी बनाई साण्डिनिष्टा फ्रन्टले अर्को ठूलो विद्रोहको लागि तयारी गर्न थाल्यो। त्यसले पहिलेभन्दा ठूलो, राम्ररी प्रशिक्षित, अत्याधुनिक हात हतियारले सुसज्जित छापामार संगठनको निर्माण गर्न लाग्यो। फ्रन्टले ८ महिनासम्म छिटपुट आक्रमणहरु मात्रै गरी, मूलत: आफ्नो ध्यान "फाइनल अपरेशन"को लागि अत्यावश्यक तयारीमा केन्द्रित गर्न लाग्यो।

विद्रोही जनता मध्येबाट शहरका युवा-युवतीहरुलाई आफ्नो पंक्तिमा संगठित र प्रशिक्षित गरी फ्रन्टले आफ्नो संख्या शक्ति सयमा होइन, हजारौंमा पुऱ्यायो। विपक्षीहरु, विशेषत: निर्वासनबाट फर्केका बुद्धिजीवी र पादरीहरुको "१२ जनाको समूह" साण्डिनिष्टा क्रान्तिको औचित्यमाथि प्रकाश पार्दै विश्वका विभिन्न देशको भ्रमणमा हिड्यो। यसले काफी आर्थिक सहयोग पनि बटुल्यो।

ल्याटिन अमेरिकी देशका सरकार र जनता लगायत पश्चिमी यूरोपका सोसल डेमोक्रेटिक पार्टीहरु र अमेरिकाका न्यायप्रेमी र सोलिडेरिटी समूहहरुको आर्थिक सहयोगलाई अत्याधुनिक, हलुका र पश्चिममा बनेका हात हतियार किन्नमा फ्रन्टले प्रयोग गऱ्यो। यसरी अन्तर्राष्ट्रिय जनता र



देब्रेबाट क्रमशः लुइस क्यारियोन, भिक्टर टिराडो लोपेज, कार्लोस नुनेज, हम्बर्टो ओर्टेगा, टोमस बोर्गे, बायार्दो आर्से, जाइमे हिलक, हेनरी रूज र डेनियल ओर्टेगा

साण्डिनिष्टा मुक्तिमोर्चाको निर्देशक समिति

यसैबीच फोन्सेका र बोर्गे बन्धुहरु क्यूवाली क्रान्तिका चर्चित नेताहरु चे गुभेरा र क्यास्त्रोलाई भेट्न गए। त्यहाँ उनीहरुले क्यूवाली नेताहरुसित छापामार युद्धको औचित्य र तरीकाबारे व्यापक छलफल गरे। तर आफ्नै पार्टीले क्यूवा भ्रमणको पोल खोलिदिएकाले फर्कदां उनीहरु गिरफ्तार भए।

यो गद्दारीले उनीहरुको आफ्नो पार्टीप्रति मोहभंग भयो। अन्ततः उनीहरुले समाजवादी पार्टीका अन्य कमरेडहरु सिल्भियो मायोर्गा, जोर्गे नाबारो, जोसे बेनितो इस्कोबार र रिगोबेर्टो क्रुज जस्ता सहकर्मीहरुसित मिलेर होण्डुरसको राजधानी टेगुसिगाल्पामा जुलाई २३, १९६१ मा नयाँ छापामार संगठनको निर्माण गरे। शुरुमा यसको नाम "राष्ट्रिय मुक्ति मोर्चा" मात्र थियो। एक वर्षपछि अगाडि "साण्डिनिष्टा" शब्द थपेर यसलाई "साण्डिनिष्टा राष्ट्रिय मुक्ति मोर्चा" नामाकरण गरियो। यसरी निकारागुआली क्रान्तिको नयाँ क्रान्तिकारी नेतृत्व जन्मियो।

यो मोर्चाले १९६९ मा आफ्नो निर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद भएको घोषणा गऱ्यो। यसले चीनमा जस्तै ग्रामीण वर्ग संघर्षद्वारा दीर्घकालीन जन युद्ध गरी सशस्त्र जनबलद्वारा मजदूर र किसानको सश्रयमा आधारित क्रान्तिकारी सरकार गठन गर्ने लक्ष्य पनि घोषणा गऱ्यो।

मोर्चाको मुख्य कार्य नीति रह्यो- अमेरिकी साम्राज्यवाद विरोधी संघर्षलाई सोमोजाको तानाशाही विरोधी संघर्षसंगै अघि बढाउने, ल्याटिन अमेरिकाका जनतासंग भ्रातृत्वपूर्ण एकता विकास गर्दै त्यस क्षेत्रमै राष्ट्रिय मुक्ति-संघर्ष अघि बढाउन सहयोग गर्ने।

यी लक्ष्यहरु पूर्ति गर्न मोर्चाले १९६९ मा एउटा राष्ट्रिय निर्देशक समिति बनायो। यसको महासचिवमा मोर्चाका सह-संस्थापक कार्लोस फोन्सेका निर्वाचित भए। समितिका अन्य सदस्यहरुमा क्यूवाको सैनिक स्कूलबाट प्रशिक्षित छापामार कमाण्डर वोर्गे, मस्कोबाट र प्यालेष्टिनी मुक्ति संगठनबाट प्रशिक्षित हेनरी रुज र क्यूवाबाटै प्रशिक्षित हम्बर्टो ओर्टेगा थिए।

१९७० को दशक मोर्चाभित्र तीव्र वैचारिक संघर्षको दशक रह्यो। महासचिव फोन्सेका "दीर्घकालीन जन-युद्ध"को बाटोका पक्षपोषक थिए र साथै टोमस वोर्गे पनि। तर यस सोचअन्तर्गत यस दशकमा भएका छापामार संघर्षहरुले शहरी जन समुदायको समर्थन र सहभागिताको अभावमा सोमोजाको दमन भोग्नु परिरहेको थियो। यस सोचको लगातारको असफलताको प्रतिक्रिया स्वरुप मोर्चा भित्र "सर्वहारा प्रवृत्ति" नाम गरेको सोच विकसित भयो। यसले अबदेखि शहरिया श्रमिक वर्गमा मात्रै काम गर्नु पर्ने, उनीहरुलाई सचेत र संगठित पार्नु पर्ने र उनीहरुको सशस्त्र संघर्षद्वारा नै सत्ता कब्जा गर्ने बाटोको वकालत गर्‍यो। यसका प्रवक्ता थिए- जाइमे ह्वीलक र लुइस क्यारियोन।

वैचारिक संघर्षकै क्रममा अर्को सोच पनि मोर्चामा देखा पऱ्यो, जसले सशस्त्र जन-विद्रोहको बाटोको वकालत गर्‍यो। यो सोचका प्रवक्ता थिए- डेनियल ओर्टेगा (जो विद्यार्थी आन्दोलनबाट मोर्चामा आएका थिए र पछि जो क्रान्तिकारी सरकारमा राष्ट्रपति पनि भए र जो हाल मोर्चाका नेता छन्)। यस सोचले सोमोजा विरोधी व्यापक संयुक्त मोर्चा बनाइने, त्यसमा मजदूर र किसान मात्र होइन, मध्यम वर्ग, विशेषतः विद्यार्थी र बुद्धिजीवीहरु समेत समावेश गर्ने र त्यस संयुक्त मोर्चाको पहलमा सशस्त्र जन विद्रोह मार्फत क्रान्ति सम्पन्न गरी क्रान्तिकारी जनवादी सरकार गठन गर्ने विचारको वकालत गर्‍यो।

तानाशाह सोमोजाको १९७५-७६ को दमनमा परेर महासचिव फोन्सेकाको हत्या भएपछि र टोमस वोर्गे गिरफ्तार भएपछि मोर्चामा सशस्त्र जन विद्रोहकै विचार हावी भयो र क्रान्ति पनि त्यही विचार मुताविक भयो।

१९७८ को सेप्टेम्बरमा पुग्दा ठाउँ ठाउँमा आफूले भाग लिएको संघर्षबाट साण्डिनिष्टाको सबै विचार-शाखाको नेतृत्वलाई के अनुभूति भयो भने, उनीहरु बीचको मत भिन्नता क्रान्तिको रणनीतिबारे भएको थिएन। मतभेदको चरित्र कार्यनीतिक मात्र थियो। उनीहरुले अब व्यापक अन्तक्रियाद्वारा त्यो मतभेद कम गर्दै जाने बाटो अप्नाए।

अन्ततः मार्च १९७९मा मोर्चाले फेरि एकीकृत राष्ट्रिय नेतृत्वको निर्माण गऱ्यो। यसका लागि तीन विचार-प्रवृत्तिका तीन तीन जना नेताको प्रतिनिधित्व हुने गरी ९ सदस्यीय राष्ट्रिय निर्देशक समिति पुनर्निर्माण गरियो। यसमा टोमस वोर्गे, डेनियल ओर्टेगा, हम्बर्टो ओर्टेगा, ऱ्यूज, तिराडो, ह्वीलक, क्यारियोन, नुनेज र आर्क जस्ता नेताहरु समाविष्ट भए। साण्डिनिष्टा मुक्ति मोर्चा १९६१ मा जन्मिए पनि यसले त्यसपछि पुनर्जीवन प्राप्त गऱ्यो। यसले अब जन संघर्ष र छापामार संघर्षलाई अलग अलग होइन, एकीकृत रुपमा अघि बढायो। मुक्ति-क्षेत्रमा आफ्नो क्रान्तिकारी आर्थिक, राजनीतिक र सामाजिक कार्यक्रम प्रभावकारी तवरले लागु गर्दै लड्यो र अन्ततः १ वर्ष नबित्दै, जुलाई १९७९ मा क्रान्ति सम्पन्न गरि छाड्यो। ✧

---

सरकारबाट प्राप्त ऐक्यवद्धता, आर्थिक सहयोग र हात हतियारको सहयोग, यी सबैलाई, फ्रन्टले अन्तिम अपरेशनको लागि सुरक्षित गऱ्यो।

फ्रन्टले यसरी आफ्नो तयारी गरिरहेको बेला सोमोजा सरकार पनि चूपचाप बसेको निश्चय नै थिएन। त्यसले पनि आफ्नो प्रभू अमेरिकी साम्राज्यवादको आर्थिक र सैनिक सहयोग प्राप्त गरिरहन आफूले क्यूवाको क्रान्तिकारी सरकारलाई पर्याँक्न सहयोग गरेको तथ्य स्मरण गराउँदै निकारागुआ रुपी "अर्को क्यूवा"लाई नजन्मिदै ध्वस्त पार्न आह्वान गऱ्यो।

ठीक यसैबेला एकीकृत साण्डिनिष्टा राष्ट्रिय मुक्ति मोर्चा निर्माण गर्नका लागि राष्ट्रिय निर्देशक समितिलाई १९७९ मा फेरि संयोजित गरियो। यो समितिले विभाजित साण्डिनिष्टाहरुलाई मात्र गोलबन्द पारेन, उनीहरुको प्रभावमा रहेका जनता र जनवर्गीय संगठनहरुलाई समेत एकीकृत गऱ्यो। जन समुदायमा केही प्रभाव रहेको उदार पूँजीवादी बुद्धिजीवी र पादरीहरुको संगठन "ग्रुप अफ ट्वेल्भ" (बाह्र जनाको समूह) लाई पनि यसले संयोजित गरिसकेको थियो। १९७९ को शुरुमा सोमोजा सरकारसंग व्यापक विपक्षीहरुको मोर्चा (Broad Opposition Front) को वार्ता असफल भएपछि उदार, सुधारवादी र कट्टरपन्थी पार्टीहरु पनि सोमोजा सरकारको अन्त गर्ने अन्तिम विकल्पको खोजीमा साण्डिनिष्टाहरुसंग हात मिलाउन आउन बाध्य भए।

यही मौकामा साण्डिनिष्टाहरुले आफ्नो छापामार सेनाको सैनिक नेतृत्वमा संयुक्त जन आन्दोलन (UPM) र राष्ट्रिय देशभक्तहरुको मोर्चा (NPF) जस्ता संयुक्त मोर्चाहरु निर्माण गरे। उनीहरुले अब सशस्त्र संघर्ष र जन संघर्षलाई संयोजित पार्दै लगे। यसै क्रममा १९७९ को मे महिनामा कोष्टारिकाको सान जोसेमा ५ सदस्यीय राष्ट्रिय पुनर्निर्माण परिषद् (National Reconstruction Council) नाउँको अस्थायी क्रान्तिकारी सरकार पनि गठन गरे।

१९७० को दशकको शुरुमा साण्डिनिष्टा छापामारहरु ५०० जना मात्रै थिए। तर १९७८ को मध्यतिर उनीहरुको संख्या २५०० पुगिसकेको थियो। र, १९७९ मा त उनीहरु ५००० जवान पुगिसकेका थिए। सम्पूर्ण प्रतिपक्षको सैनिक कमाण्ड अब उनीहरुकै हातमा थियो। त्यस सैनिक कमान अन्तर्गत मूलतः चार वटा ठूला ठूला छापामार टुकडीहरु निर्माण गरिएका थिए। यसमा दक्षिणमा वेन्जामिन जेलेडोन, मध्य क्षेत्रमा क्यामिलो ओर्टेगा, पश्चिममा रिगोबेर्टो लोपेज पेरेज र उत्तरीक्षेत्रमा कार्लोस फोन्सेका छापमार फ्रन्टहरु सकृय हुन थाले।

यस सैनिक कमान सोमोजाद्वारा कोष्टारिकाको भूमि अतिक्रमण गरेको प्रकरणमा त्यस क्षेत्रमा उठेको सरकार र जनताको असन्तोषबाट फाइदा लिन पनि पछि परेन। त्यसै प्रकरणको सिलसिलामा छापामारहरुलाई प्राप्त हुने अन्तर्राष्ट्रिय समर्थन, नैतिक र भौतिक समर्थन, मा व्यापक बृद्धि भयो। पानामाबाट पूर्व-स्वास्थ्य सहायक मन्त्री ह्युगो स्पाडाफोराको नेतृत्वमा सोलिडेरिटी छापामारहरु, कोष्टारिकाबाट ३०० जनाको छापामार समूह सोमोजाको तानाशाही शासन पर्याँक्न साण्डिनिष्टाहरुको आधार इलाकातिर ओइरिन थाले। त्यसरी नै यूरोप, अमेरिकादेखि चीनबाट समेत अत्याधुनिक हतियारहरु प्राप्त हुन थाल्यो।

यसरी सम्पूर्ण तयारी गरीसकेपछि आफ्नो छिटफुट जन संघर्ष र छापामार संघर्षलाई सैनिक कमानले

(बाँकी ४५ पेजमा)

# धनाढ्यहरुको देश अमेरिकामा गरीबहरु

## विश्वभरि मानव अधिकारको वकालत गर्ने अमेरिकामा गरीब जनताहरूले कति मानव अधिकार प्राप्त गरेका छन् ?

*(यो स्तम्भमा हामी पूँजीवादी मुलुकहरुका समस्या, संकट र यथार्थहरु प्रस्तुत गर्ने गर्छौं । यस संबन्धमा खोजमूलक लेखहरु पठाएर सहयोग गर्न हामी लेखकहरुलाई आव्हान गर्छौं । लेखमा तथ्य तथ्यांकको स्रोत उल्लेख भएको हुनु पर्दछ – प्रधान संपादक )*

अमेरिकालाई हामीकहाँ भूस्वर्ग ठान्ने गरिन्छ । यस्तो ठानिन्छ, मानौं - त्यहाँ सबका सब मानिसहरु धनी छन, त्यहाँ गरीबी भन्ने कुनै कुरै छैन ।

तर वास्तविकता भने त्यत्ति रंगीन छैन । विश्वका सबैभन्दा धनाढ्यहरुको मुलुक भन्ने गरिएको अमेरिकामा विश्वका सबैभन्दा गरीबहरु पनि प्रशस्त मात्रामा रहेका छन ।

घरबार, रोजगारी, खानेकुरा र जीवनको सुरक्षा केही नभएका त्यस्ता दरिद्रहरु खोज्न टाढा जानु पर्दैन । वाशिंगटनमै अमेरिकी राष्ट्रपति भवन "ह्वाइट हाउस" बाट १५ / २० मिनेट हिंड्ने बित्तिकै त्यस्ता गल्लीहरु भेटिन्छन, जहाँ यी "अभागीहरु" खुल्ला आकाशमुनि, हिउँ झैं चीसो सडकमा, कक्रक्क परेर जाडो छल्न पत्रिका आढेर सुतिरहेका हुन्छन् । उनीहरु सडकमै जन्मिन्छन् र सडकमै मर्छन् । महिलाहरुले त कुन बेला बलात्कार भोग्नु पर्ने हो, केही ठेगान हुन्न । यस्ता गरीबहरु अमेरिकामा सय-हजारको संख्यामा होइन, लाखौंको संख्यामा छन् ।

### कत्ति छन ?

अमेरिकी सरकारको जन गणना ब्यूरोको १९९० को तथ्यांक अनुसार अमेरिकामा ३ करोड ५७ लाख मानिसहरु गरीब छन । करीब २५ करोड जनसंख्या भएको अमेरिकामा यो भनेको कूल जनसंख्यांको १४.२ प्रतिशत हो । हिसावलाई हेर्दा एकै वर्षमा २१ लाख मानिसहरु गरीबको कोटिमा थापिन आएछन् । स्मरणीय छ, १९९० मा अमेरकामा ३ करोड ३६ लाख मानिसहरु गरीबिको रेखामुनि थिए ।

यहाँ के उल्लेख गर्नु सान्दर्भिक हुनेछ भने, अमेरिकामा "गरीब" कसलाई भन्ने गरिन्छ ? त्यहाँ सरकारले एउटा परिवारको आधारभूत आवश्यकता धान्नको लागि कति न्यूनतम आम्दानी चाहिन्छ भन्ने आधारमा एउटा आयरेखा तोक्ने गर्दछ । महंगीको अनुपात हेरेर त्यो रेखा बदलिरहन्छ । १९९१ को लागि एक जनाको परिवारको लागि ६९३२ डलर र ४ जनाको परिवारको लागि १३,९२४ डलरलाई गरीबिको रेखा तोकिएको थियो । त्यो भन्दामुनिको आय भएकालाई गरीब वा गरीबिको रेखामुनिका मानिस भन्ने गरिएको छ ।

> "ह्वाइट हाउस " बाट १५ / २० मिनेट हिंड्ने बित्तिकै त्यस्ता गल्लीहरु भेटिन्छन, जहाँ यी " अभागीहरु " खुल्ला आकाशमुनि, हिउँ झैं चीसो सडकमा, कक्रक्क परेर जाडो छल्न पत्रिका आढेर सुतिरहेका हुन्छन् ।

परिवारको हिसाबले अमेरिकामा ७७ लाख परिवारहरु गरीबिको रेखामुनि छन । यो भनेको कुल अमेरिकी परिवारको ११.५ प्रतिशत हो । यी मध्ये आधा भन्दा बेसी ( ५४.४ प्रतिशत ) परिवार त त्यस्ता परिवार छन्, जसको घरमूली महिला छन् । कूल ७७ लाख गरीब परिवारहरुमा ४२ लाख गरीब परिवारहरु महिला घर मूली भएका परिवारहरु छन् ।

विश्वभरि "मानव अधिकार" को वकालत गर्ने अमेरिकामा गरीब जनता मध्ये आधा या त बालक छन् (४०.२ प्रतिशत) या वृद्धहरु (१०.६ प्रतिशत) । एक करोड ४४ लाख बालकहरुले र ३८ लाख वृद्धहरुले आफनो न्यूनतम आधारभूत आवश्यकता समेत पूरा गर्न नसक्ने हालतको पशु-जिन्दगी त्यहाँ बिताइरहेछन् । संपूर्ण बालकहरुमध्ये पांच भागमा एक भाग र वृद्धहरुमा आठ भागमा एक भागले त्यस्तो जिन्दगी बांचिरहेछन ।

सबैभन्दा कन्तबिजोक अश्वेत-हरुको देखिन्छ । अमेरिकामा गोरा जातिहरुको संख्या नै बेसी भएकाले कुल गरीबहरु मध्ये तीन भागमा दुई भाग गोरा जातिका गरीबहरु छन । तर गोराहरुभन्दा काला जातिकाहरु तीन गना बेसी अनुपातमा गरीब छन् । गोराहरु मध्ये ११.३ प्रतिशत मात्र गरीब छन् । तर कालाहरुमा भने ३२.७ प्रतिशत कालाहरु गरीब छन् । अश्वेतहरुमा हिस्पानिक्सहरु पनि पर्दछन, जो कुनै जातिका होइनन् । ती हिस्पानिक्सहरु मध्ये पनि २८.७% गरीब छन् । यस तथ्यले देखाउँछ - अमेरिकामा अझै चर्को रंगभेद बाँकी छ । त्यहाँ श्वेतहरुले गरीब अश्वेतमाथि अहिले पनि शासन जमाईरहेछन् ।

अमेरिकामा शहरवासीहरु भन्दा खेतीका लागि गैर-शहरी क्षेत्रमा बस्ने मानिसहरु बेसी गरीब छन् । ठूला ठूला महानगरहरुमा, शहरको भित्री भागमा बस्ने नागरिकहरु बाहिरी भागमा बस्ने मानिसहरुभन्दा दोब्बरभन्दा पनि बेसी गरीब छन् ।

### कसरी बढिरहेछन् ?


अमेरिकामा गरीबि हालसालै मात्र देखा परेको समस्या हैन । त्यहाँ यो समस्या लगातार विद्यमान छ । र, लगातार त्यहाँ गरीबि बढ्दै गइरहेछ । जति त्यहाँ उत्पादन र पूँजी थोरै भन्दा थोरै धनाढ्यहरुमा केन्द्रित हुँदै गइरहेछ, त्यति नै त्यहाँ गरीबहरुको संख्या र अनुपात बढिरहेको देखिन्छ ।

१९६० मा नै त्यहाँ ३ करोड ९९ लाख मानिसहरु गरीबिको रेखामुनि थिए । करीब १८ करोड जनसंख्या भएको त्यस समयमा कुल जनसंख्याको पाँच भागमा एक भागभन्दा पनि बेसी मानिसहरु (२२.२ प्रतिशत मानिसहरु) गरीब थिए । ती गरीबहरु मध्ये पनि आधाभन्दा बढी काला जातिका थिए । त्यतिखेर विश्वमा जताततै क्रान्तिकारी उभार आइरहेको थियो । त्यो उभारले अमेरिकी समाजमा पनि डढेलो सल्काउला भन्ने भयले ६० को दशकमा गरीबिको स्थितिमा सुधार ल्याउने कदमहरू चाल्न थालिए । फलस्वरूप, १९७१ मा पुग्दा अमेरिकी जनसंख्याको १२.५ प्रतिशत मात्र गरीबिको रेखामुनि भए । गरीबहरुको संख्या २ करोड ५६ लाखमा झर्‍यो । गरीबहरु मध्ये एक तिहाई काला जातिका रहे ।



पुलिसको लखेटाइपछि अमेरिकी सडकमा सुत्न बाध्य गरीबहरू (फोटो - साभार : रिभोल्युशनरी वर्कर)

तर ७० को दशकमा अमेरिकी अर्थतन्त्रमा मन्दी आयो । गरीबहरुको लागि खर्च गर्नु पर्ने पैसा युद्धमा र सैनिक तयारीमा खर्च गर्न थालियो । गरीबहरुको लागि भनेर चाल्न थालिएका सुधारवादी कदमहरु पनि धीमा भए । सामाजिक सुरक्षामा बजेट कम पारियो । फलस्वरूप, ७० को दशकको पछिल्लो वर्षदेखि फेरि गरीबहरुको संख्या र अनुपात दुवै बढ्न थाल्यो । १९८१ मा पुरदा ३ करोड १८ लाख मानिसहरु गरीबिको रेखामुनि धकेलिन पुगे, अर्थात् कुल जनसंख्याको १४ प्रतिशत मानिसहरु गरीब भए । १९८३ मा त यो अनुपात १५.३ प्रतिशत पुग्यो । यो प्रतिशत अहिलेसम्मको गरीबहरुको अनुपातमध्ये सबैभन्दा बढी थियो, जसबाट कुल ३ करोड ५३ लाख मानिसहरु गरीबिको जिन्दगी गुजार्न बाध्य भए ।



न्यूयोर्क शहरका घरबारविहीनहरू (फोटो : दि राइजिङ नेपाल)

त्यसयता गरीबहरुको संख्या बर्सेनी कहिले घट्ने, कहिले बढ्ने हुँदै १९९१ मा ३ करोड ५७ लाख हुन पुगेको हो । यो १९६४ पछिको सबैभन्दा बेसी गरीबहरुको संख्या हो ।

## किन गरीबि ?

अमेरिकामा यसरी गरीबि बढ्नुको एउटा मुख्य कारण त्यहाँ महाधनीहरु झन झन धनी बन्दै जानु र मध्यम वर्ग र त्योभन्दा मुनिका वर्गहरु झन झन खस्कँदै जानु हो ।

उदाहरणका लागि, १९७० मा त्यहाँ १५ हजार डलर देखि ४९९९९ डलर आम्दानी हुने मध्यम वर्गका अमेरिकी परिवारहरु कुल परिवारको ६१ प्रतिशत थिए । १९८० मा त्यस्ता परिवारहरु कुल परिवारको ५७ प्रतिशतमा झर्न पुगे । १९९० मा मध्यम वर्गीय परिवारको यो अनुपात कुल परिवारको ५३ प्रतिशतमा खुम्चिन पुग्यो । यसले के देखायो भने- अमेरिकामा मध्यम वर्गीय परिवारहरु घट्दै छन, - या त माथि उक्लेर या तल खस्केर ।

तर यही अवधिमा महाधनीहरुको परिवार भने झन झन बढ्दै गएको देखिन्छ । १९७० मा ७५ हजार डलर र त्यो भन्दा बढी आम्दानी हुने परिवारहरु कुल परिवारको ६.५ प्रतिशत मात्र थिए । तर १९९० मा त्यस्ता परिवारहरुको अनुपात झण्डै दोब्बर बढेर १२.३ प्रतिशत पुग्न गएको देखिन्छ । यता १० हजार डलरभन्दा कम आम्दानी हुनेहरुदेखि १५ हजारसम्म आम्दानी हुने तल्ला वर्गहरु भने १९७० देखि १९९० सम्मको बीस वर्षमा १६ प्रतिशतबाट १७ प्रतिशत मात्र भएको पाइन्छ । यसले के देखाएको छ भने- अमेरिकामा अरू तल्ला वर्गहरु खस्कँदै छन् र माथिल्ला वर्गहरु बढ्दै छन् ।

राष्ट्रिय आम्दानीको बाँडफाँडको हिसाबले पनि १९९१ मा सबै घरपरिवारहरु मध्ये माथिल्लो बीस प्रतिशतले कुल आम्दानीको ४६.५ प्रतिशत भाग हात पारेको देखिन्छ । तर तल्लो २० प्रतिशतले भने कुल आम्दानीको ३.८ प्रतिशत भाग मात्र हात पार्न सकेको

**अमेरिकामा बढ्दै गईरहेको बेरोजगारी र मजदूर कटौती पनि गरीबिको अर्को मुख्य कारण रहेको छ । अमेरिकामा अहिले ७.२ प्रतिशत मानिसहरु पूरै बेरोजगार छन ।**

देखिन्छ । १९९० मा माथिल्लो ५ प्रतिशत वर्गले कुल आम्दानीको १७.४ प्रतिशत भाग हसुर्न सकेको देखिन्छ । तर यही समयमा तल्लो २० प्रतिशत वर्गले कुल आम्दानीको ४.६ प्रतिशत भाग मात्र हात पार्न सकेको देखिन्छ ।

यसले देखाएको छ-अमेरिकी समाजमा निकै थोरै महाधनाढ्यहरुले देशको आम्दानीको निकै ठूलो भाग थुपार्ने गरिरहेका छन । तर निकै धेरै मानिसको हातमा भने निकै कम आम्दानी पर्ने गरिरहेको छ । त्यहाँ माथिल्लो ५ प्रतिशत धनाढ्यहरुले तल्लो २० प्रतिशत नागरिकहरुले भन्दा झण्डै चार गुना बढी आम्दानी थुपार्ने गरेका छन । आम्दानी यसरी निकै थोरै मानिसको हातमा थुप्रिएपछि उत्पादन, पूँजी र संपत्ति पनि झन् झन् उनीहरुको हातमै केन्द्रित हुनु स्वाभाविक हुन्छ र यसरी बाँकी मानिसहरु स्वभावतः झन् झन् गरीब बन्दै जाने हुन्छन् नै ।

अमेरिकामा महंगीको तुलनामा मानिसहरुले पाउने ज्याला झन् झन् कम हुँदै जानुको कारणले पनि गरीवी बढिरहेछ । १९८२ को डलरलाई आधार मानेर हिसाब गर्दा १९७७ मा मानिसहरुको ज्याला निजी क्षेत्रका गैर-कृषि उद्योगहरुमा ३०१ डलर थियो भने १९९१ मा २५६ डलर मात्र । मजदूरहरुले पाउने वास्तविक हप्तेवारी ज्याला १९७२ को ज्यालालाई १०० मान्ने हो भने १९८५ मा ८५.९ डलर मात्र हुन्थ्यो । यसले अमेरिकी समाजमा संपूर्ण ज्यालादारी मानिसहरुको जीवन स्तर झन झन खस्कँदै गईरहेको प्रष्टै देखाउँछ । महँगीको तुलनामा आफ्नो आम्दानी झन झन घटदै गएपछि मानिसहरुको जीवन स्तर ओरालो लाग्छ नै, र झन झन बेसी मानिसहरु गरीब हुने प्रक्रिया शुरू हुन्छ नै ।

मजदूरहरुलाई जति कम ज्याला दिनु पर्ने हुन्छ, धनाढ्यहरुको आम्दानी उति नै बढ्छ । यसरी मजदूरहरुको वास्तविक ज्याला र आम्दानी झन् झन् कम हुँदै जानुले पनि अमेरिकामा गरीबहरुको संख्या र अनुपात बढाउन ठूलो भूमिका खेलेको देखिन्छ ।

अमेरिकामा बढ्दै गईरहेको बेरोजगारी र मजदूर कटौती पनि गरीबिको अर्को मुख्य कारण रहेको छ । त्यहाँ अहिले ७.२ प्रतिशत मानिसहरु पूरै बेरोजगार छन । यो भनेको करीब ८९ लाख मानिसहरुको संख्या हो ।

अर्द्ध - बेरोजगारहरुको संख्या त्यहाँ ६६ लाख छ र बेरोजगारहरुको सूचीमा हताश भएर नाम लेखाउनै छाड्नेहरु ११ लाख छन । यी सबै जोड्ने हो भने १ करोड ६६ लाख अमेरिकीहरु बेरोजगारीको समस्याबाट पीडित देखिन्छन । बेरोजगारीको यो समस्याले पनि अमेरिकामा गरीबहरुको संख्या बढाउने कार्य गरिरहेछ ।

त्यसमाथि, गएको २/३ बर्षयता अमेरिकी अर्थतन्त्रमा फेरि मन्दी आईरहेछ । हप्तामा १५०० कंपनीहरु टाट पल्टदैछन् । ठूला ठूला कंपनीहरुले मजदूर कटौतीको घोषणा गरेका छन । अमेरिकाको सबैभन्दा ठूलो मोटर कंपनी जनरल मोटर्सले ७५ हजार मजदूर कटौतीको घोषणा गरेको छ । IBM कंपनीले २५ हजार, बोइङले २० हजार, म्याकडोनाल्ड डगलस कर्पोरेशनले ८ हजार ७ शय, यूनाइटेड टेक्नोलोजीज् कर्पोरेशनले ६ हजार ७ शय । यो क्रम अहिले पनि जारी छ । मजदूर कटौतीले बेरोजगारी बढाइरहेछ र बेरोजगारीले गरीबि ।

यी सबै कारणहरुको कुल जोडले अमेरिकामा गरीबि बढिरहेछ ।

यी कारणहरुको पनि जरो खोज्ने हो भने - अमेरिकाको संकटग्रस्त पूँजीवाद नै यो गरीबीको मुख्य मुहानको रूपमा देखिन्छ ।

**- दीपक थापा**

सडकमा सुत्न बाध्य अमेरिकीहरू: मानव अधिकार खोई ? फोटो : TIME



### तथ्यांक स्रोत

१. गरीबि सम्बन्धी सबै तथ्यांक : बाणिज्य विभाग, जन गणना ब्यूरो, अमेरिका

२. ज्याला संबन्धी तथ्यांक : श्रम विभाग, श्रम तथ्यांक संबन्धी ब्यूरो, अमेरिका


३. आय संबन्धी तथ्यांक : Statistical Abstracts of the US 1982.

४. मजदूर कटौती संबन्धी तथ्यांक: Facts on File, US. 1992.

# २१ सौं शताब्दीका निम्ति नयाँ विमानको खोजी

२१ सौं शताब्दीको प्रविधि विकास गर्ने होडबाजीमा अमेरिकाको बोइंग कम्पनीले ८०० यात्रुहरु अट्ने विशाल जेट विमान बनाउने योजना गरिरहेको छ। यो विमान आजभोलिको सबैभन्दा ठूलो जम्बोजेट भन्दा झण्डै दुइ गुना ठूलो हुनेछ।

विश्वको सबभन्दा ठूलो ब्यापारिक विमान निर्माता बोइङग कम्पनीले २१ औं शताब्दीका लागि नयाँ पुस्ताको जेट विमान बनाउने योजना गरिरहेको छ। कयौं विमान प्राविधिकहरु त्यस योजनालाई साकार रूप दिन दत्तचित्त छन्। परिकल्पना गरिएअनुसार यस नयाँ जेट विमानमा १४ वटा ढोकाहरु र त्यस्तै २२० वटा झ्यालहरु रहनेछन्। र, यो दुई तल्लाको विशाल विमान हुनेछ, जसमा ८०० यात्रुहरु अटाउने छन्। विमान प्राविधिकहरु यस नयाँ परिकल्पित विमानलाई Ultra High Capacity Aircraft (UHCA) अर्थात अति उच्च क्षमताको विमान भनी भन्ने गर्दछन्। झण्डै १० देखि २५ अर्ब डलर जति पर्न आउने यस विमान परियोजनालाई अगाडि बढाउन बोइङग कम्पनीले संभवत: केही यूरोपियन र केही जापानी कम्पनीहरुलाई पनि समावेश गर्नेछ। यो खर्च उठाउन यसका निर्माताहरुले कम्तिमा पनि ४००, अझ ६०० वटा त्यस्ता विशालकाय विमानहरु बिक्री गर्न सक्नुपर्ने छ। के यो संभव होला त ?



बोइङग कम्पनीको एक अनुमान बमोजिम आगामी सन् २००५ सम्ममा अर्थात यस ८ वर्षको समयावधिमा बिभिन्न वायुसेवाहरुबाट ८ हजार जति विमानहरु खरीद हुन सक्नेछन्। प्रश्न एउटै छ - ८ सय सिट भएको ठूलो विमान थोरै किन्ने कि थोरै सीट भएका धेरै विमान किन्ने ? जहाँसम्म यात्रुहरुको प्रश्न छ, हवाइजहाज चढ्ने यात्रुहरु प्रतिवर्ष ५% का दरले बढीरहेका पाइन्छन्। यस हिसावले आगामी शताब्दीको प्रारम्भसम्ममा १० लाख सिटहरुको आवश्यकता पर्नेछ।

विमान प्राविधिकहरुका अनुसार यस नयाँ विमानको क्षमता वर्तमान विमानको भन्दा दोब्बरै छ तर इन्धन खपतका हिसाबले यो किफायत नै हुनेछ। यसको आकारमा हालको बोइङग ७४७ भन्दा त्यति लामो नहुने तर उचाई र चौडाई भने अलिक बढी नै हुनेछ। पंखाको हकमा यसको पंखा ७८ मिटर अथवा बोइङग ७४७ को भन्दा १४ मिटर लामो हुनेछ, जसलाई विमानस्थलहरुमा विश्राम गर्न दोब्र्याउन हुने गरी बनाइनेछ। विमानको निर्माण २ चरणमा गरिनेछ, पहिलो चरणमा ६०० मात्रै यात्रुहरु अटाउने किसिमले बनाइनेछ र दोश्रोमा त्यसैमा सुधार गरी ८०० सम्म यात्रु क्षमताको गरिनेछ।

तर विमानको उत्पादनसित गांसिएको प्रश्न यसको लगानी र प्राविधिक पक्ष मात्र होइन, सबैभन्दा ठूलो प्रश्न त विमानस्थलहरुकै छ। यी नयाँ विमानहरु उडाउनुअघि आजभोलिका विमानस्थलहरुमा पनि ब्यापक सुधार गरिनु पर्ने छ, किनभने त्यतिखेर विमानस्थलबाट निस्कने यात्रुहरुको भीड रंगशालाबाट निस्कने भीडभन्दा कम हुनेछैन। ★ **– *दिनेशराज भुजू***

# चिनियाँहरुको काठमा अन्तरिक्ष यानहरु

**

***मा**नवद्वारा अन्तरिक्षमा स्थापित भू-उपग्रहहरुको मद्दतले आज रेडियो तथा टि. भि. प्रसारण र दूरसंचार प्रणाली संभव भएको छ। ब्रम्हाण्डका तारा, ग्रह लगायत अन्य पिण्डहरुको अध्ययन गर्न एवं विभिन्न वैज्ञानिक प्रयोगको लागि अन्तरिक्षमा स्टेशनहरु स्थापना गरी पृथ्वी-अन्तरिक्ष बीच ओहोर दोहोर गर्न अन्तरिक्ष यानहरु निर्माण र प्रक्षेपणमा विभिन्न राष्ट्रहरु कार्यरत छन्। फ्रान्स, जापान, स्वीडेन, भारत र इजरायलले भू-उपग्रहहरु प्रक्षेपण गरिसकेका छन्। तर दुई राष्ट्रहरु मात्र प्रक्षेपित यानहरु पुन: पृथ्वीमा फर्काउन सक्ने प्रविधिले सम्पन्न छन्। यस कार्यको सफलताले नै मानवसहितका यानहरु अन्तरिक्षमा पठाई निर्धारित कार्यक्रम अनुसार सकुशल पृथ्वीमा फर्काइएका छन्। रुस र अमेरिका यस कार्यमा सफल राष्ट्रहरु हुन्।*

*अन्तरिक्ष यानहरु प्रक्षेपण गर्न जति कठीन छ, पुन: फर्काएर वायुमण्डल छिचोली पृथ्वीमा अवतरण गराउन त्यति सजिलो छैन। झण्डै २७००० कि. मि. प्रति घण्टाको गतिमा आउने यान सोझै वायुमण्डलमा प्रवेश गरेमा घर्षणले छिनभरमै बलेर ध्वस्त हुन्छ। वायुमण्डलको माथिल्लो सतहसंग ज्यादै सानो कोण बनाई आएमा हावामा तैरिदै पुन: अन्तरिक्षतर्फ नै फर्कन्छ। तसर्थ उपयुक्त झुकाव बनाएर वायुमण्डलमा प्रवेश गराउनु पर्दछ। वायुमण्डलमा आउनासाथ हावासंग रगडिएर यानको बाहिरी भाग सूर्यको सतहभन्दा तातो बन्न पुग्छ। यानहरु विभिन्न धातुबाट बनाइन्छन्, यद्यपि घर्षणले उत्पन्न तापबाट बचाउन यसको बाहिरी भाग तापको कुचालक बस्तुले ढाकिइन्छ।*

*अन्तरिक्ष अभियानमा चिनियाँहरुले ठूलो सफलता प्राप्त गरेका छन्। यान पुन: निर्माणमा त शतप्रतिशत सफल छन्। विगत २४ प्रक्षेपणमा एउटा मात्र विफल भएको छ। पृथ्वीको कक्षमा स्थापित भू-उपग्रहमा यान पठाउने Xichang प्रक्षेपण स्थल र अर्को पृथ्वीको अवलोकन गर्ने भू-उपग्रहसम्म यान पठाउने Jiuchuan प्रक्षेपण स्थल बाहेक तेश्रो प्रक्षेपण स्थल बेइजिङगको दक्षिणी भागमा निर्माणाधीन छ।*

*अन्तरिक्ष ब्यापारमा चीन निकै अगाडि बढेको छ। सन् १९९१ र १९९२ मा अष्ट्रेलियाको लागि दुई वटा संचार भू-उपग्रह चीनले अन्तरिक्षमा स्थापित गरेको छ। एउटै यानलाई धेरै पटक उपभोग गर्ने कार्यमा चिनियाहरुले निकै अनुसन्धान गरेका छन्। एक प्रकारको सामुद्रिक बनस्पति (Algee) लाई लामो समयसम्मको अन्तरिक्ष उडानमा खानाको श्रोतको रूपमा प्रयोग गर्न उनीहरुले परीक्षण गरेका छन्।*

पृथ्वीमा रहेका खानी, ज्वालामुखी पहाड र अन्य भौगोलिक स्थानको जानकारी गराउने कार्यमा चिनियाँ भू-उपग्रहहरु सक्षम छन् । अमेरिकाले प्रयोग गरेको अत्याधुनिक प्रबिधि, जसमा चित्रहरुलाई इलेक्ट्रोनिक्स तरंगको रूपमा पृथ्वीमा पठाउने कार्य हुन्छ, त्यसलाई चीनले उपयोग गर्न सकेको छैन तथापि उनीहरु प्राप्त फोटोहरुको बिश्लेषण गरी आवश्यक जानकारी प्राप्त गर्दछन् ।

अन्तरिक्षमा ओहोरदोहोर गर्ने यानहरुलाई तापबाट जोगाउन अमेरिकीहरुले सिलिका र माटोका कम घनत्व भएका विशेष प्रकारका ईटहरु यानको बाहिरी भागमा टांस्दछन्, यो कार्य अति झन्झटपूर्ण, गाह्रो र खर्चालु हुन्छ, साथै यसले गर्दा यान भारी बन्दछ । यसलाई "ईटको उड्ने घर (*The Flying Brick-yard*)" भन्छन् उनीहरु । तर चिनियाँहरुले अन्तरिक्ष यानलाई तापबाट जोगाउन १५ से.मी. बाक्लो फलाटको काठ प्रयोग गर्न सफल भएका छन् । जब अन्तरिक्षयान उच्च गतिले वायुमण्डलमा प्रवेश गर्छ, हावासंग घर्षण भई ताप उत्पन्न हुन्छ । वायुमण्डलको बढी उचाईमा अक्सिजनको मात्रा ज्यादै थोरै भएकोले प्रयोग गरिएको काठ बल्न सक्दैन । काठको बाहिरी तह अत्यन्त बढी तापले अंगार बन्दछ । अंगार र काठ दुवै तापका कुचालक हुन् । उक्त अंगारको तहले केही सेकेण्डको लागि ढालको काम गर्छ र प्रचण्ड बेगले हावासंग ठक्कर खांदा यसका अणु अणु टुक्रिदै सकिन्छ । फेरि काठबाट अर्को तह अंगार निर्माण भई ताप भित्र जान रोक्छ । यही क्रमले यान पृथ्वीमा सफलतापूर्वक आईपुग्छ ।

अमेरिकीहरुले केही यान र एन्टिबलेष्टिक क्षेप्यास्त्रहरुमा *Cork* को प्रयोग गरे तर ५ कि.मी. प्रति सेकेण्डको गतिमा उक्त कर्कको तह डढेर टुक्रा टुक्रा भएर सकियो । फलस्वरूप इन्जिनको भित्री भागभन्दा यानको बाहिरी तह बढी तात्न पुग्यो ।

फेरि अमेरिकी अन्तरिक्ष संस्था *NASA* ले महोगानी (*Mahogony*), म्यापल (*Maple*) र बाल्सा (*Balsa*) को काठबाट अन्तरिक्ष यानलाई तापबाट बचाउने ढालको रूपमा प्रयोग गर्न परीक्षण गऱ्यो तर वेगिलो गतिले हावामा उड्दा अणु अणुको दरले टुक्रिनुको साटो जलेर टुक्रा टुक्रा बन्न गयो । त्यसकारण अन्तरिक्ष अभियानमा कठिनाइपूर्ण भएता पनि "ईटको उड्ने घर" प्रविधि नै अप्नाईरहन अमेरिका विवश छ ।

तर चिनियाँहरु विना कुनै कठिनाइ तापबाट अन्तरिक्ष यानलाई बचाउन काठे प्रविधिको सफल उपयोग गरिरहेका छन् । यसरी अमेरिकीहरुभन्दा सस्तो र सुलभ प्रविधिको कारण चिनियाँहरुले अन्तरिक्ष व्यापारमा ठूलो उपलब्धि हासिल गरेका छन् ।

चीनको रूखपातविहीन मरूभूमिमा डढेका फ्लाटका काठहरु अन्तरिक्षबाट खस्तछन् । ★

**- लेखनाथ ढकाल**

# भूकम्प मापक नयाँ यन्त्र

हामीहरु प्राय : दिनहुँ जसो समाचारहरुमा यति रेक्टर स्केलको फलानो स्थानमा इपिसेन्टर भएको भूकम्प आएको खवर सुन्छौं । कहिले यस्तो भूकम्पले हानी नोक्सानी पुऱ्याएको हुन्छ भने कहिलेकाँही केही पनि हानी नोक्सानी पुऱ्याएको हुँदैन । यसरी कुन ठाउंमा कस्तो भूकम्प आएको थियो, नाप्नको लागि भूकम्प मापक यन्त्रहरु प्रयोग गरिन्छन् । यस्ता यन्त्रहरुलाई बढी भन्दा बढी सम्वेदनशील बनाई भूकम्पको सानो भन्दा सानो झट्का पनि रेकर्ड गर्न बैज्ञानिक / प्राविधिकहरु दत्तचित्त छन् । भारतको एलटेल नामक एक कम्पनीले यस्तै एक भूकम्प मापक यन्त्र बनाएको छ, जुन एकदमै विपरीत परिस्थितिहरुमा पनि काम गर्न सक्छ ।


गत बर्ष तयार गरीएको सो यन्त्र १२ भोल्टको व्याट्रिबाट संचालन हुन्छ र जसमा समय तथा भूकम्पको झट्का रेकर्ड गर्न र व्याट्रिको स्थिति सही राख्न प्रशस्त मात्रामा तरल क्रिस्टल राखिएको हुन्छ । यस यन्त्रको दुबैतिर गियर भएका आल्युमिनियमका ड्रमहरु राखिएका हुन्छन् जसले सानो भन्दा सानो झट्का पनि रेकर्ड गर्नसक्छन् । आन्तरिक शक्तिको लागि यस यन्त्रभित्र बिशेष प्रकारका व्याट्रिहरु राखिएका हुन्छन् । यी व्याट्रिहरु लामो समयसम्म चल्नुका साथै सजिलैसंग पनि फेर्न सकिन्छन् ।

यस यन्त्रभित्र भएका इलेक्ट्रोनिक्स उपकरण तथा व्याट्रिको सुरक्षाका लागि एक विशेष प्रकारको खोलले यस यन्त्रलाई ढाकेको हुन्छ । यसै खोलको कारण यस भूकम्प मापक यन्त्रभित्र धुलो, हावापानी आदि पस्न सक्दैनन् । हालसम्म भएका यस्ता यन्त्रहरु मध्ये यस यन्त्रमा सबैभन्दा बढी आंकडा जम्मा हुन सक्ने दावी गरिएको छ । ★

**- डिल्लीराज जोशी**

"विज्ञान लेख माला" बाट

## स्टालिन जन्म दिवसको उपलक्ष्यमा



# स्टालिनको स्वभाव अत्यन्तै सिधासादा छ !

जर्मनीका विख्यात लेखक **एमिल लुड्विग**

*क. स्टालिनका बारेमा शत्रु वर्गले आज पनि थुप्रै भ्रमहरु फैलाउँदै आएको छ । यस्ता भ्रमहरु आज पनि झन् जोडदार रुपले फैलाईदैछन् । के वास्तवमा स्टालिन उनीहरुले भने जस्तै "क्रुर र अमानवीय" हुनुहुन्थ्यो त ? यसको जवाफ एमिल लुड्विगले त्यतिखेर नै लेखेका यो स्मरणले दिएको छ -मूल्यांकन*

मैले उनको तस्वीर जस्तो कल्पना गरेको थिएँ, जे जस्ता कथा-कहानीहरु सुनेको थिएँ र पढेको थिएँ र जस्तो उनको फलाम झैं गऱ्हुंगो नाम छ, ती सबै उनको लागि उपयुक्त छैनन् ।

मलाई लागेको थियो कि-मेरो भेट कुनै पुरानो जारशाही, घमण्डी, गंभीर र कठोर ग्राण्ड-ड्यूकसंग हुनेछ, तर त्यसको सट्टा मैले एउटा त्यस्तो अधिनायक देखें, जसको हातमा म आफ्ना बच्चाहरुलाई खुशीसाथ छोड्न सक्छु ।

मैले पढेको थिएँ, उनी जनतासामु जाँदैनन्, किनकि उनको अनुहार बिफरले गर्दा छ्याकटे र कुरुप छ । तर, उनमा कतै त्यस्तो चिन्ह-दाग खोजेर पनि पाउन गाऱ्हो छ ।

मैले यो पनि पढेको थिएँ-जव उनी शहरबाट आफ्नो दरवार जस्तो गाउँको निवासस्थान गोर्की, जहाँ विमारी भएको बेला लेनिन रहेका थिए, जहाँ उनको मृत्यु भएको थियो, जाँदा प्रत्येक दिन उनी संगसंगै ५ वटा मोटरकारहरुले पालो पहरा दिइरहेका हुन्छन् । गोर्कीको बारेमा भनिन्थ्यो कि-त्यहाँ रातदिन हतियारबन्द कजाकहरुले पहरा दिइरहेका हुन्छन् । यस्तो पनि भनिन्थ्यो कि स्टालिन प्रतिदिन क्रेमलिनको एउटा ढोकाबाट भित्र पस्छन् र अर्को ढोकाबाट बाहिर निस्कन्छन् । खाने बेलामा जारले खाने गरेका सुनका भाँडा-वर्तनमा भोजन राखेर खान्छन् । यहाँसम्म भनेका थिए कि उनी आफ्नी तरुनी स्वास्नीलाई तुर्कीको सुल्तानले झैं घरैमा ताला मारेर बन्दी बनाईराख्छन् ।

तर, सत्य यी सबैभन्दा बिल्कूलै उल्टो छ ।

लेनिनको मृत्यु पश्चात, उनी कहिले पनि गोर्कीको दरवारमा गएका छैनन् । जव मैले मस्कोमा उनलाई भेटेको थिएँ, त्यसबेला उनी आफ्ना पत्नी र बच्चाहरुसंग शहरको बाहिरी भागमा रहेको एउटा सिधासादा घरमा बस्दथे । उनी आफ्नो अफिसमा आफ्नो कारमा एक्लै जान्छन र प्रतिदिन त्यही ढोकाबाट भित्र पस्छन् । ढोकामा कुनै प्रहरीले पनि विशेष सलाम गर्दैन । उनको खाना, रहन-सहन साधारण मानिसहरुकै जस्तो छ । उनी सुव्यवस्थाप्रति विशेष रुचि राख्छन् र आफ्नो कामको समयलाई ठीक ढंगले बांड्नमा धेरै ध्यान दिन्छन् । उनको रुचि अत्यन्तै सामान्य छ ।

जव मैले स्टालिनलाई भेटें, तव मैले उनलाई एकान्तप्रिय मानिसको रुपमा पाएं । धन, सुख र महत्वाकांक्षाको उनमाथि कुनै प्रभाव छैन । हुन त उनको हातमा अपार शक्ति छ, तर उनलाई त्यसको अभिमान छैन... म त भन्छु कि- स्टालिनको स्वभावमा दुई वटा करा अधिक मात्रामा पाइन्छन् । पहिलो करो हो-धैर्य, र यसलाई उनले चरम सीमासम्म पुऱ्याईराखेका छन् । दोश्रो करो हो, ....... विना विलम्व गरी पूर्णतया आत्मावलम्बी हुनु । ........ ★

# त्यहाँ किन जाने ? त्यो हाम्रो पार्टीको आमसभा हो र ?

**पूर्वी युरोपमा समाजवादी शासन कालमा नयाँ पुस्तालाई पढ्न, बुझ्नमा निरूत्साहित गरिएको एउटा प्रमुख विषय तत्कालीन चीन वा क. माओ थिए**

- चन्द्रदेव नेपाली

"एमालेभित्र विद्यमान अलग्ग अलग मतहरुका दस्तावेजहरु पढ्नु भयो ?"

*- " के पढ्ने ? एमालेहरु दक्षिणपन्थी संशोधनवादीहरु हुन, किन पढीरहनु पर्‍यो तिनीहरुका दस्तावेजहरु ? "*

" सम-सामायिक राजनीति-का बारेमा मोहनबिक्रमको प्रकाशित लेख पढ्नु भयो ? "

*- "के पढ्ने ? मोहनबिक्रमहरु उग्रपन्थी जडसूत्रवादी हुन् , किन पढिरहनु पर्‍यो तिनीहरुका लेखहरु ?"*

"फलानो लेखकले राम्रो उपन्यास लेखेका रहेछन्, पढ्नु भयो ?"

*- "के ती लेखक हाम्रा पार्टीका लेखक हुन र ?"*

" उज्यालो विहान " साप्ताहिकको आजको अंक पढ्नु भयो ? "

*- "म पढ्दिनँ त्यो पत्रिका । "*

"उज्यालो विहान" साप्ताहिक त तपाईहरुकै पार्टीको पक्षधर पत्रिका हो नि, हैन र ? तैपनि तपाई किन पढ्नु हुन्न ?"

*-"हाम्रै पार्टीको समर्थक भए पनि, त्यो पत्रिका हाम्रो पार्टीको अल्पमत पक्षका मानिसहरुले निकालेका हुन्, म बहुमत पक्षको मान्छे हुँ, त्यसैले म त्यो पढ्दिनँ ।"*

"अहिले तपाईको र मेरो फुर्सद छ, समय त्यस्सै खेर गइरहेछ, जाऔं खुल्लामंचमा आमसभा भइरहेछ, भाषण सुनौं ।"

*-"ए त्यो त मसाल र एकता-केन्द्रको आमसभा हो, त्यहाँ किन जाने ? त्यो हाम्रो पार्टीको आमसभा हो र ?"*

"आज फलानो हलमा सांस्कृतिक कार्यक्रम छ, हेर्न जाने हैन ? "

*-"त्यो एमालेको सांस्कृतिक कार्यक्रम हो, त्यहाँ के जाने ?"*

"आज खुला-साहित्यिक सम्मेलन छ, चोकमा । "

*-"ए, त्यो रोहितहरुले गर्ने सम्मेलन हो, त्यहाँ किन जाने ? बरु घाम तापेर कौशीमा बसौं । "*

हाम्रो वामपन्थी आन्दोलनभित्र अरुको त कुरै छोडौं, जिम्मेवार भनिएका कार्यकर्ता बीचमै यस्ता संवादहरु आदान-प्रदान हुने गरेका छन् ।

अलग अलग वामपन्थी पार्टीहरुलाई समर्थन गर्ने व्यक्तिहरु वा तिनका नेता-कार्यकर्ताका विशिष्ठ राजनीतिक सोच वा लाइनहरु फरक फरक हुनु स्वाभाविक नै हो । तर हाम्रो आन्दोलनमा यो "फरक" स्वाभाविक-भन्दा केही भिन्न चरित्रको रहने गरेको पाइएको छ । यो "फरक" संग ठूलो थुप्रो पूर्वाग्रह पनि थुप्रिएको पाइन्छ । यो पूर्वाग्रह कति व्यक्तिहरुमा त ईर्ष्या र व्यक्तिगत वा समूहगत "अहंकार" को उपल्लो हदसम्म पुगेको पनि पाइन्छ । प्रतिकृयावादी पत्र पत्रिकाहरु चाहिं फिंजाएर राखेर बेच्ने तर आफ्नै पार्टीको अल्पमत पक्षको वा बहुमत पक्षको पत्रिका चाहिं लुकाईदिने, विक्री नगरिदिने र पछि "बिकेन" भनेर फिर्ता गरिदिने वामपन्थी पार्टी - कार्यकर्ताका पत्रिका पसलहरु पनि यहाँ पाइन्छन् ।

प्रगतिशील व्यक्तिहरुले समाजमा रहेका भिन्न भिन्न सोचहरु, धारणा वा विचारहरुलाई सकेसम्म ज्यादा मिहिन पाराले बुझेर, जानेर, छानेर, विश्लेषण गरेर मात्र आफ्नो धारणा बनाउने पद्धति अंगाल्नु पर्ने हो । यसो गर्न उनीहरुमा तीव्र रूची हुनु पर्ने हो । यसका लागि वामपन्थी क्षेत्रका मात्र हैन, जुनसुकै क्षेत्रका पनि बिचार-ज्ञान हासिल गरेर तिनका गुण-दोष केलाउने पद्धति हामीहरुमा हुनु पर्ने हो । अनि मात्र हामी समाज परिवर्तनका निम्ति कार्यरत सचेत कार्यकर्ता ( Conscious Cadre ) बन्न सक्छौं । हामीले के बिर्सनु हुन्न भने - सचेत कार्यकर्ता भनेका केवल पिछलग्गूहरुको जमात ( Group of Followers) हैनन् ।

संकुचित धार्मिक - साम्प्रदायिक रूढीवादीहरुको जस्तो आफ्ना धर्म ग्रन्थहरु मात्र पढ्ने र कण्ठ गर्ने, अरू मत-मतान्तरहरुबारे पूर्णत : बेखवर रहने, आफ्नो पक्षको भन्न नपाई आँखा चिम्लेर समर्थन गर्ने, अरू पक्षको भन्न नपाई चाहि आँखा चिम्लेर बिरोध गर्ने । यो " मण्डलीवादी " संस्कृति मार्क्सवादी संस्कृतिको विपरीत कुरा हो । मार्क्सवादीहरु त सकेसम्म धेरैतिबाट ज्ञान र बिचार ग्रहण गरी तिनीहरुलाई छानेर, संश्लेषण गरेर उन्नत सत्य पत्ता लगाउँछन । यसो गर्न उनीहरु विशेष रूची राख्दछन् । स्वयं मार्क्स्- एंगेल्सले पनि मार्क्सवादी सिद्धान्तको निर्माण भिन्न भिन्न विचारहरु मात्र हैन, विरोधी-भन्दा विरोधी विचारहरु समेतको अध्ययन गरी तिनीहरुलाई पचाएर निचोड निकाली गर्नु भएको थियो । यस्तो मार्क्सवादका समर्थक भनिने हामीहरु चाहिं जब पूर्वाग्रही, संकुचित धारणाका छापहरुको ठप्पा लगाउँदै आफूलाई "पूर्ण" वा "थप कुरा जान्नै नपर्ने व्यक्ति" को रूपमा प्रस्तुत गर्दछौं, तब यसबारे गंभीर रूपले सोच्नु पर्ने हुनआउँछ ।

यस्तो पूर्वाग्रही कार्यपद्धतिका कारण हामी कतिपयले आफूलाई " पिछलग्गूहरुको जमात " हुनुको भन्दा माथि उठाउन सकेका छैनौं । यो तीतो लाग्ने कुरा हो , तर यो यथार्थ हो ।

हामी कतिपयको हालत कस्तो पनि छ भने - हामी अहिले कुनै एक वामपन्थी पार्टीको कट्टर पक्षधर रहेका छौं र अरू वामपन्थी पार्टीको तीव्र विरोध पनि हामी गर्छौं । तर के कुरा निश्चित छ भने, शुरूमा अर्थात् हामी वामपन्थी कार्यकर्ता बन्नुअघि नै संयोगवश त्यो अरू नै कुनै वामपन्थी पार्टीले हामीलाई संपर्क गरेको भए हामी त्यही वामपन्थी पार्टीको कार्यकर्ता हुने थियौं । यस्तो भएको भए, संभव छ - हामी अहिले त्यस वामपार्टीको पक्षमा रहेर हाल हामी रहेको वामपार्टीको विरोध गरिरहेका हुन्थ्यौं - यत्तिकै कट्टरता-पूर्वक नै ।

हामी पार्टी समर्थक वा पार्टी कार्यकर्ता बनेको पद्धति यस्तो थियो - मानौं, हामी खोलाका माछा हौं, बगिरहेका । अलग अलग माझीहरु



आमसभा : "के यो हाम्रो पार्टीको हो र ?"

> **समर्थक पनि हामी अन्ध समर्थक भयौं । विरोधी पनि हामी अन्ध विराधी भयौं । सचेतनतापूर्वक हामीले भिन्न भिन्न पार्टीहरुका विचारहरु बुझेर, जानेर, छानवीन गरेर अनि मात्र तिनीहरुमध्ये कुनै एउटा पार्टीको समर्थन गरेका थिएनौं ।**

आए र भाँडा थापे । हामी कोही जेठो माझीको भाँडामा पऱ्यौं , कोही माइलो माझीको, त कोही साइलो माझी आदिको भाँडोमा । केही समय ती भाँडाहरुमा बाँचे पछि हामी ती आफू बसेका भाँडाहरुका घोर समर्थक भयौं, अरू भाँडाहरुका भने घोर विरोधी भयौं ।

समर्थक पनि हामी अन्ध समर्थक भयौं । विरोधी पनि हामी अन्ध विराधी भयौं । सचेतनतापूर्वक हामीले भिन्न भिन्न पार्टीहरुका विचारहरु बुझेर, जानेर, छानवीन गरेर अनि मात्र तिनीहरुमध्ये कुनै एउटा पार्टीको समर्थन गरेका थिएनौं । शुरूमा जुन पार्टीको मान्छेले संपर्क गऱ्यो , हामी त्यसकै भयौं । केही समय काम गरेपछि त्यस पार्टीसंग हाम्रो मोह जाग्यो । हाम्रो "अहं" त्यस पार्टीसंग जोडियो । यसभन्दा बढी, हामी त्यसका तर्फबाट अरूहरुसंग प्रतिस्पर्धा गर्न ती अरूहरुका सामु प्रस्तुत भयौं । जति जति अरूसंग विवाद र प्रतिस्पर्धा बढ्दै गयो , उति उति नै हाम्रो यो "अहं " फस्टाउँदै गयो । अनि हामी अन्ध रूपले नै "हाम्रो" र "उनीहरुको" भनी कट्टर रूपले छुट्याउने र त्यसअनुसार संकुचित व्यवहार गर्ने हुन थाल्यौं ।

खास गरी खान लाउन पुग्ने खालको, सामन्त, वा अर्ध-सामन्त परिवारबाट वा पूँजीपति घरानाहरुबाट आएका वा मध्यम, निम्न मध्यम वर्गबाट कम्यूनिष्ट आन्दोलनमा आएका व्यक्तिहरुमा यो परिघटना ज्यादा देखिंदोरहेछ ।

यस्ता व्यक्तिहरुको लागि पार्टी वा गुट त मुक्ति, समाज-परिवर्तको लागि जरूरी महत्वपूर्ण औजार नभई विस्तारै आफ्नो एकलौटी मौजा वा खेती वा व्यवसाय जस्तो पो भैदिंदो रहेछ - अरूहरुको मौजा वा व्यवसायप्रति ईख, इर्श्या र अहंकारयुक्त प्रतिस्पर्धा समेत कायम हुने खालको ।

यस्तो भएपछि आफू र आफ-केन्द्रित घेरोको आडमा वास्तविकता आफ्ले नबुझिकन नै पनि हामी अरूको उछित्तो काट्न पनि पछि नपर्ने रहेछौं । यसका लागि अरूको कुरा सुन्ने, जान्ने, पढ्ने, बुझ्ने कुनै जरूरत महशूस हुँदोरहेनछ । अरूहरुप्रति हाम्रो दिमागमा एक पटक लागेको छाप सदा काल रहिरहने हुँदोरहेछ । त्यही छापको आँखाले हामी भन्दा रहेछौं - "त्यो त एमालेको कुरा हो, किन सुन्ने ? त्यो त मसालको रचना हो, किन पढ्ने ? त्यो त एकताकेन्द्रको आमसभा हो, किन जाने ? त्यो त रोहितहरुको सांस्कृतिक कार्यक्रम हो, किन भाग लिने " ? आदि आदि ।

कसै कसैमा त यो छाप लगाउने र बेवास्ता गर्ने वा विरोध गर्ने प्रवृत्ति यति बलवान पनि हुन पुगेको हुँदोरहेछ कि-उनीहरु बरू आफ्नो समय र साधन खेर जाओस् वा शत्रुको काममा नै किन नलागोस्, तर अर्को वामपन्थी पार्टीको कार्यक्रममा उनीहरु भाग लिंदैनन् । "मित्रहरुको काम हो" भनेर सहयोग गर्ने भन्ने कुरा त ज्यादै टाढाको विषय भयो । भाग नलिएपछि उनीरुका विचारहरु, स्थितिहरु, अनुभवहरु, भावनाहरु बुझ्ने कुरै आएन ।

यसरी हामी कतिपय वामपन्थी नेता-कार्यकर्ताहरुमा भिन्न सोचहरु वा आफूलाई ज्ञात नभएका सोचहरुबारे जान्ने, बुझ्ने, केलाउने र आफू उन्नत सोचले भरिपूर्ण हुने कुरामा यो जुन तीव्र प्रकारको अरूची पैदा भएको हामीले पाएका छौं, यस अरूचीको असर र कारण खुट्याउनु अत्यन्त जरूरी छ ।

यस प्रवृत्तिको असरका बारेमा त माथि पनि केही चर्चा भयो ।

सारमा, यस " अरूची " को पूर्वाग्रही प्रवृत्तिले वाम - एकताको वैज्ञानिक बाटो खोज्न पनि ठूलो बाधा पुऱ्याइरहेको छ । आफ्नो र अरूका मतहरुमा एकता र भिन्नता के के छन्, त्यो करा प्रष्ट रूपले जान्ने, बुझ्ने प्रयत्न नै नगर्ने यो प्रवृत्तिले बस्तुतथ्यलाई जस्ताको तस्तै गहिरिएर हेर्नबाट मानिसलाई छेकिरहेछ । बस्तु र विचारहरु गतिशील छन, तर तिनीहरुलाई स्थिरतामा हेर्न लगाउने काम यो प्रद्धतिले गर्दोरहेछ ।

हामी कतिपय यस्ता वामपन्थी मित्रहरु पनि पाउँछौं, जसले तपाईलाई वा तपाईको वामपन्थी पार्टीलाई केही दशकअघि कै वा केही वर्षअघि कै अवस्था र सोचमा रहेको- "स्थिर ठहर" अझै गरिरहेका छन्। वास्तविकतामा चाहिं तपाई सोच र ब्यवहारमा कहाँबाट कहाँ पुगिसक्नु भयो, तर तपाईंलाई तपाईको मित्र भने उही पन्ध्र वर्षअधिको आँखाले नै हेर्दैछन् । तपाईभित्रको "गति" बाट तपाईका मित्र बेखवर छन् । हिजोभन्दा आज तपाई र तपाईका मित्रका बीच लामो वा छोटो समयको एकता हुनसक्ने बुंदाहरु थपिएका हुन सक्छन् र तर तपाईंहरुका बीच हिजो कै जस्तो "छुवाछुत" भने कायमै भइरहेको हुन्छ ।

नबुझीकन नै एकोहोरो विरोध वा समर्थनमा उभिन प्रेरित गर्ने यो प्रवृत्तिलाई "खतरनाक अन्धता" नभनेर अरु के भन्ने ?

यस अन्धताको प्रवृत्तिले हामीलाई अति नै संकुचित बनाइदिंदो रहेछ । यसले हामीलाई हाम्रो उद्धेश्य "यो समाजको आमूल परिवर्तन गर्नु हो" भन्ने कुरा नै मौका मौकामा बिर्साइदिंदो रहेछ । फरक मत राख्ने मित्रहरुले पनि गर्न थालेका वा गरेका आम-सहमति राख्न सकिने र सबैलाई फाइदा हुने एवं समाजलाई थोरै भए पनि अग्रगतिमा लाने कुरालाई सहयोग गर्न यसले हामीलाई प्रेरित गर्दो-रहेनछ । उल्टो, त्यस्ता कुराहरुलाई भाँड्ने, बेवास्ता गर्ने वा त्यही स्थान वा समयमा त्यस्तै अर्को काम गरी एकताको बदला अनेकताको भावना फैलाउने र "डाहा र ईर्ष्याको संस्कृति" लाई बढावा दिने काम यसले गर्दोरहेछ । सत्य पत्ता लगाउन सबैका कुरा सुन्नु, जान्नु पर्छ र कुनै पनि काम असल छ भने त्यसलाई, त्यो जो कोहीबाटै शुरू भएको किन नहोस, उचित प्रोत्साहन - सहयोग दिनु पर्छ भन्ने वृहद् भावना हामीभित्र खुम्चिदै गएर हामी शोषित जनताको मुक्ति का लागि पार्टी (Party for Exploited People) भन्दा ज्यादा पार्टीको लागि पार्टी (Party for Party) को स्वार्थी अहंकेन्द्रित र संकुचित दायरामा फस्न पुग्दारहेछौं । अरूको पनि कुरा सुन्ने र तिनीहरु मध्येको "राम्रो" नै "हाम्रो" हो भनी व्यवहारले स्वीकार्ने बानि नअप्नाएर वास्तवमा हामी कतिपयले नयाँ पुस्तालाई पनि व्यवहारमा यस्तै गलत पाठ सिकाइरहेका छौं । नयाँ पुस्ता हाम्रो सीमित कुरा सुन्छ वा पढ्छ, बाँकी समय शत्रु वर्गले फैलाएको प्रचार जालोले प्रचार गर्ने गरेका कुराहरु सुन्छ, हेर्छ वा पढ्छ । मित्रहरुका लेखाइहरु, बोलाइहरु पढ्न, सुन्न त हामीले अघोषित रूपमा निरूत्साहित नै गरेका हुन्छौं । यसो हुंदा नयाँ पुस्तामा पनि रूढीवाद वा विकृति मात्र पैदा हुने खतरा ज्यादा छ ।

के कुरा निश्चित छ भने-वर्ग संघर्षको मैदान मा रूढीवादीहरु लामो समय सम्म टिक्न सक्दैनन्, ढीलो वा चांडो तिनीहरु मैदान छोडेर भाग्छन् ।

स्मरणीय छ, पूर्वी युरोपमा समाजवादी शासन कालमा नयाँ पुस्तालाई पढ्न, बुझ्नमा निरूत्साहित गरिएको एउटा प्रमुख विषय तात्कालीन चीन वा क. माओ थिए । पश्चिमा पूंजीवादीहरुले त्यहाँको नयाँ पुस्तामा रेडियो, टेलिभिजन मार्फत वर्ग शत्रु पक्षका विचारहरुको घुसपैठ गराइ-रहेका थिए, तर विश्व सर्वहारा वर्गका महान मित्र क. माओका बिचारहरु चाहिं उनीहरुसम्म पुगेकै थिएनन् । यसरी शत्रुहरुलाई "खुला छुट" तर मित्रहरुलाई "ढोका बन्द" गर्ने यो प्रवृत्तिका पछाडि पनि यही पूर्वाग्रहले काम गरेको थियो ।

यो हानिकारक पूर्वाग्रही प्रवृत्ति फेरि पनि अन्धता र "अहं" को उपज हो । अन्धता र अहंकारसंग आफू स्वयंभित्र हामीले लड्नु जरूरी छ । यसो भएमा मात्र हामी झनझन खारिंदै जाने छौं, हैन भने हामीहरु बीचको " फुटको मानसिकता " बाट फाइदा उठाउन चाहने प्रतिकृयावादीहरुलाई नै यसबाट झन ज्यादा फाइदा पुग्ने छ । ★


शुद्धताको प्रतीक
राजहंस
सुशील वनस्पति प्रा. लि.
ॐ
राजहंस
वनस्पति घ्यू
सोयाविन तेल



# कवि केवलपुरे किसानका
# दुई कविताहरु

जनकवि केवलपुरे किसानका वि.सं. २००५ देखिका असंकलित २१ वटा कविताहरुको संग्रह "बोको खस्यो" हालै मात्र पोखराबाट प्रकाशित भएको छ । यस संग्रहमा संग्रहित उहाँका दुई कविताहरु हामीले यहाँ प्रस्तुत गरेका छौं । वर्तमान समय-सन्दर्भलाई लिएर यी दुवै कविताहरु उहाँले २०४९ सालमा लेख्नु भएको हो ।

लामो समयदेखि नेपाली प्रगतिवादी साहित्य सृजना एवं प्रचार-प्रसार दुवैमा संलग्न कवि किसान लोकलय र छन्दमा एवं जन-जिब्रोका भाषामा सरस कविता लेख्ने कविका रूपमा स्थापित हुनुहुन्छ । -का.सं

## डङ्डङी हान्नुपर्छ

*उद्‌घाटनका लहरहरुले आज नेपाल छायो*
*हेर्दा- हेर्दै महँगि अब यो माथि-माथी सुसायो*
*च्याँ च्याँ रून्छन् झुपडिहरुका ती हरीदा मुहार*
*जान्दा-जान्दै अब नि नमिले हामि हुन्छौं अचार ।*

*थाहै होला मिलिजुलि न भै केहि मर्दैन माखो*
*हातै जोरी कसरि हुनु है देश राम्रो चनाखो*
*तेत्रा मान्छे पुकु पुकु मरे सम्झंदा फुट्छ छाती*
*मान्छे-मान्छे अब नि नमिले थुक्क कस्तो नजाती ।*

*जिन्दावादै कति भनिरहूं सुक्छ जिब्रो र गाला*
*मूर्दावादै पनि कति भनौं वाक्क लाग्दो छ चाला*
*मेटिन्छन् ती अरू सब कुरा तिर्सना मेटिंदैन*
*ज्यूंदा मान्छे किन-किन यहाँ भेटिंदै भेटिंदैन ।*

*कुर्लन्छन् यी पनि अब भयो यो पनि लौ हुने भो*
*भन्दा भन्दै अरू कति यहाँ देश हाम्रो रूने हो*
*तोत्रो क्रान्ति किन र कसरी रोकीयो जान्नुपर्छ*
*अर्को क्रान्ति अब शुरू हुंदा डङ्डङी हान्नुपर्छ ।*

*सोझा मान्छे जिन तिन बरा जिन्दगी यो गुजार्छन्*
*माथीका यी शकुनिहरुले गोली ठोकेर मार्छन्*
*दशौं डुब्ला कि त अब कसो तथ्य यो जान्नु पर्छ*
*अर्को क्रन्ति अब शुरू हुंदा डङ्डङी हान्नुपर्छ । ★*

## देउरे सलाम र दाहिने सलाम

यौटा गीत मैले नि ल्याको छु, सुनाउनलाई म आफैं आको छु
सुनिदिनोस् है, तितो-मीठो कस्तो छ भनिदिनोस् है ।
सडकमा लाम लागेर यो जनता लड्यो
गाउंमा बस्ने गाउंलेले नि यस्तै कुरा पढ्यो
होनहारका केटा पनि यै क्रन्तिमा मरे
श्रद्धाञ्जलि चढाउंछु म अलि भरे भरे
यौटा गीत मैले नि ल्याको छु, त्यो भन्नलाई म आफैं आको छु
सुनिदिनोस् है तितो - टर्रो कस्तो छ भनिदिनोस् है ।

मेरो मनमा चिसो पस्यो भनिदिउं है साँचो
सात सालको ज़स्तै-जस्तै यो सम्झौता काँचो
बोल्नसम्म पाइयो भनौं अरू कुरा उही हो
भन्देउ साथी तेत्रो क्रान्ति के कारणले तुहियो ?

ऐले पनि सात सालै आइरनु, सात सालै आइरनु
ठूला बडा घिच्नु र खाइरनु, गरीब भोकै छन्
क्वाँ क्वाँ डाँको छोडेर छाप्रा रोकै छन् ।

आउदैन र १७ साल निश्चित टुङ्गो क्यै छ ?
रक्सी चाहीं गयो भनौं बोतल-बट्टा त्यै छ
माछो-माछो भन्दा भन्दै भ्यागुतो पो आयो
शहीदको त्यत्रो रगत भन्नुस् कस्ले खायो ?

देउरे सलाम क्रान्तिमा मर्नेलाई, दाहिने सलाम सम्झौता गर्नेलाई २
यस्तो गीत मैले नि ल्याको छु, सो भन्नलाई म आफै आको छु
देखिहाल्नु भो, तेत्रो क्रान्ति को -को मिली कता फाल्नु भो ?

सात सालको त्यो सम्झौता दिल्लीतिरै भाप्यो
नेपालको झिटी झाम्टी उतैतिर गाप्यो
ऐले चाहिं यही भयो फरक यत्ती मात्रै
वाक्क लाग्दो यो सम्झौता, परपऱ्यांउंदो कांच्चै !

धानको बालो कोदाको कपनी, २ पाल्सी कुरा के बुझ्नु म पनि
गाई भैंसीको दै, मेरा प्यारा शहीदलाई सलाम गर्छु है ।
यौटा गीत मैले नि ल्याको छु त्यो भन्नलाई म आफैं आको छु
सुनिदिनोस् है, तितो-टर्रो कस्तो छ भनिदिनोस् है ।

कस्का छोरा कस्का नाति कताबाट आए
कठैबरा । बिचराले ड्याम-ड्याम गोली खाए
कल्ले हाने तिनलाई गोली, हान्न लायो कल्ले
आजसम्म यस्तो कुरा छानबिन गऱ्यो कल्ले ?

मेरो नेपाल अर्कैले तान्छकी, अर्कैले तान्छकी
खसीलाई झैं डोऱ्याउंदै लान्छकी, हेर्नोस् झगडा
त्यो झगडा गराइदिने कस्तो तगडा
बालुवाको घर, सात सालदेखि हेरिल्याउंदा छैन यसको भर ।

मर्ने जति मरे गए, घाइते चाहीं रून्छन्
जान्नेहरु भाषण गर्छन् नजान्ने चाहीं सुन्छन्
कैले - कैले कता कता लाग्न थाल्यो शंका
मेरो देश बन्ने होकी लेवनान र लङ्का ।

मनमा कुरा खेलाउंदा खेरीमा २ निन्द्रा पनि लाग्दैन तेरिमा
देउरे सलाम आजलाई भैगो, दाहिने सलाम दोहऱ्याउंछु फेरि म । ★

*(कविले कवितामा प्रयोग गर्नु भएको भाषिक रूपलाई जस्ताको तस्तै यहाँ प्रस्तुत गरिएको छ - मूल्यांकन)*



# चालू फिल्महरुको चिरफार हुनु पर्छ कि पर्दैन ?

## चिन्तनशील मानिसहरुको ध्यान चालू फिल्महरुको चिरफार गर्नतिर गएको छैन

**- हरिगोबिन्द लुईटेल**

*"मूल्याङ्कन जस्तो जिम्मेवार पत्रिकाले फिल्म - चर्चाका लागि ठाउँ खर्च गर्नु सुहाउने कुरा भएन ।"*

*- यो टिप्पणी हाम्रा केही पाठकहरुबाट हामीलाई प्राप्त भयो । एक जना मित्रले त मूल्याङ्कनको अफिसमै आई यो राय व्यक्त गर्नु भयो ।*

*यस बारेमा मित्रलाई मूल्याङ्कनको धारणा अवगत गराईयो । यसबाट उहाँ सन्तुष्ट भई फर्कनु भयो ।*

हाम्रो आन्दोलनमा अन्यत्र पनि यस विषयमा अन्यौल कायम भएको पाइन्छ । यसै कारणले गर्दा नै होला प्रगतिशील विचार राख्ने अधिकांश पत्र पत्रिकाहरुले, समसामयिक फिल्म वा स्टेज नाटक आदिबारेको चर्चा - टिप्पणीलाई नियमित स्थान दिएका पाइन्नन् । जसले केही स्थान दिने गरेका छन्, तिनीहरुले पनि अत्यन्त कम गंभीरतापूर्वक मात्र दिने गरेका छन् । फिल्म, नाटक, सांस्कृतिक कार्यक्रम वा गीत संगीतबारे तिनीहरु अधिकांशले आधारभूत रूपमै विचार-अस्पष्ट व्यक्तिहरुलाई वा सिकारू व्यक्तिहरुलाई यी विषयहरुका स्तंभहरु सुम्पिएका पाइन्छन् । त्यसैले, केही प्रगतिशील पत्र पत्रिकाहरुमा त पूंजीवादीहरुको दृष्टिकोणबाट गरिएका हचुवा र हल्का समीक्षाहरु पनि थुप्रै प्रकाशित भएका छन् ।

यस सन्दर्भको मूल समस्या कला-कर्महरुद्वारा समाजमा प्रतिकृयावादी वर्गले गरिरहेको प्रचार-प्रसारलाई राम्ररी देख्ने काम हाम्रा नेतृत्वमा रहेका व्यक्तिहरुबाट नहुनु नै हो । अत्याधुनिक प्रविधि प्रयोग गरी आज यो वर्ग आफूले नाफा कमाइरहनका लागि सुहाउने मानसिकता भएको समाज बनाउन मरिहत्ते गरेर लागिरहेछ । यी आधुनिक प्रविधि मध्ये एउटा अत्यन्त महत्पूर्ण प्रविधि सिनेमा हो ।

सिनेमालाई यस वर्गले एकैसाथ दुई प्रकारले आफ्नो पक्षमा प्रयोग गरिरहेछ । एक, सिनेमाको बजार आफ्नो हातमा लिई " जास्तो बिक्छ, त्यस्तै सिनेमा" बनाई बच्ने, चाहे समाजलाई त्यसले जत्ति नै हानी किन नपुऱ्याओस् । यसबाट नाफा सोहोरेर झन झन संपत्तिशाली बन्ने । दुई, यी सिनेमाहरु मार्फत कलात्मक प्रकारले र बिक्री हुने तरीकाले, आफ्नो पक्षलाई फाइदा पुग्ने विषय-बस्तु प्रचार गर्ने । तिनीहरुबाट आम जनतालाई प्रभाव पार्ने र सिंगो समाजलाई नै त्यस्तो बनाउने प्रयत्न गर्ने, जस्तो बनाउँदा आफ्नो वर्गको प्रभूत्व समाजमा कायम भइरहन्छ र आफूले सधैं समाजमा सोझा-घुमाउरा लुट-पाटहरु गरिरहन संभव हुन्छ ।

खास गरी घटिया हिन्दी फिलमहरुको सस्तो-बजार भएका छन् - हाम्रा शहर-गाउँहरु । तराईका केही जिल्लाहरुका केही ठाउँहरुको बारेमा केही मित्रहरुको रिपोर्टिङ थियो - "जहाँ एउटा हाइस्कूल छैन, त्यहाँ दुईटा सिनेमा हलहरु छन् भन्न सकिने हालत त्यहाँ छ ।"

यी सिनेमा हलहरुका ढोका-

---

### " मूल्याङ्कन " को प्रयास सान्दर्भिक र सन्हाहनीय छ

# यो सांस्कृतिक व्याधी विरूद्ध हाम्रो आन्दोलन जुट्नु पर्छ

**- खगेन्द्र संग्रौंला**

हाल हाम्रो समाजमा प्रवाहित भैरहेका असंख्य बजारिया - फिलमहरुको समीक्षा हुनु कत्तिको जरुरी छ र हाल यस क्षेत्रमा भैरहेका प्रयत्नहरु कस्ता रहेका छन् भन्ने विषयमा हामीले साहित्यकार खगेन्द्र संग्रौलासंग पनि छोटो कुराकानी गरेका थियौं ।
प्रस्तुत छन्
उहाँका विचारहरु - का.सं.

*बहुदलीय पूंजीवादी व्यवस्थाको पुनरागमनपछि हामीकहाँ नेपाली भाषामा फिल्म निर्माण गर्नेतर्फ उद्योगीहरुको चाख बढेको छ । वास्तवमा यो खुशीको कुरा हुनु पर्ने हो । तर हाम्रो फिल्म उद्योगको प्रमुख सांस्कृतिक प्रवृत्ति र यसका गुणका दृष्टिले यो चिन्ताको विषय बन्न गएको छ ।*

*वर्तमान नेपाली सत्ताधारी राजनीति बेलगाम शोषण र हिंसामा आधारित भारतीय सत्ताधारी राजनीतिको नेपाली डकार भएझैं वर्तमान नेपाली फिल्म पनि भारतीय मसलादार व्यापारिक फिल्मको नेपाली डकार भएको छ । वर्तमान परिपाटीले अंगालेको कथित प्रतिस्पर्धात्मक अर्थव्यवस्थाको जनविरोधी अराजक प्रवृत्ति र यसको छलकारी राजनीति छोटो समयमै नाङ्गो रूपमा प्रकट भएको छ । स्पष्ट छ, सामाजिक- नैतिक चरित्रको भ्रष्टीकरणको प्रक्रिया यस परिपाटीको उर्जाश्रोत हो । पराक्रमको नाममा हिंसालाई, प्रेमको नाममा बर्बर कामुकतालाई , सौन्दर्यको नाममा बाहिरी रूप र तडकभडकलाई बढावा दिने वर्तमान फिल्मी प्रवृत्ति वर्तमान सत्ताधारी राजनीतिको वैध सन्तान हो । यसले सत्ता नियन्त्रित संचार माध्यमको संरक्षण र प्रोत्साहन पाएको छ ।*

*प्रकृति र प्रवृत्तिका दृष्टिबाट वर्तमान नेपाली फिल्मको प्रमुख धार कला होइन, ब्यापार हो । आफ्नो राष्ट्र र समाजको भाग्य र भविष्यलाई एड्सरूपी सर्वनाशक व्याधीका हातमा सुम्पेर पैसा कमाउनु यसको अभीष्ट हो । प्रायः मूल कथानक प्रेम भएका धेरैजसो नेपाली फिल्महरु प्रेमपूर्ण संवेदनाको सिर्जनातर्फ होइन, त्यसको पूर्ण विनाशतर्फ उन्मुख छन् । स्त्री-पुरूष बीचको श्रम, सिर्जना र समानतामा आधारित स्वस्थ यौन आकर्षण र समझदारीपूर्ण सम्बन्ध परस्पर अनुराग र सौन्दर्यले घनीभूत विषय हो । तर चलन*




*चल्तीका फिल्महरुले यस सम्बन्धलाई केवल मांसल आकर्षण र तुच्छ व्यापारिक बस्तुमा पतीत गराएका छन् । भड्किलो र उत्ताउलो श्रृङ्गार, उन्मादपूर्ण गीत र संगीत तथा कामोत्तेजक नखरा मांसल- प्रेमको उत्कर्षसम्म पुग्ने माध्यम भएका छन् । प्रचलित फिल्महरुका निम्ति प्रेमको आन्तरिक सौन्दर्य एक नितान्त*

हरुमा पोष्टर हेर्नुस्, तिनीहरुले तपाईलाई "कातिलका हत्या" "प्यारका पैगाम" वा "खुनी रात" जस्ता "सन्सनीपूर्ण" र "मनोरंजनक" फिल्महरु हलमा चलिरहेको सूचना दिन्छन् । ठूलो पोष्टरमा हातमा बन्दुक वा लामो छुरी लिएको खलनायकको ठूलो रंगीन तस्वीर, त्यसैको छेउमा नायिकाको अर्धनग्न शरीरयुक्त नृत्य - मुद्राको तस्वीर र पृष्ठभूमिमा बम - गोला पड्केर उडिरहेको कालो धुँवाको ठूलो टाटो देखाइएको हुन्छ । बस् । तिनै फिल्महरुको "रसास्वादन" गर्न मेला लागे झैं हाम्रा अर्ध शिक्षित र अशिक्षित जनताहरु दिनको तीन पटक ती हलहरुतिर हतार हतार दौडिरहेछन् । भीड भाड छ, मारामार छ, कतिपय समयमा त टिकट "ब्ल्याकमा" किन्नु पर्ने पनि हुन्छ ।

भिडियो, टेलिभिजनका माध्यमबाट पनि यसरी नै फिल्महरु हाम्रो समाजका शिक्षित मात्र हैन, अर्ध-शिक्षित वा अशिक्षित जमातसम्म पनि प्रसस्त संख्यामा पुगिरहेछन् । शहरबजारमा टेलिभिजनमा आउने फिल्महरु समेत गर्दा एउटा परिवारले महिनामा पन्ध्र वटासम्म साना ठूला फिल्महरु हेर्ने गर्छन् ।

फिल्महरु हेर्नु भनेको ती फिल्महरुले प्रवाहित गर्ने प्रभावहरु, सूचनाहरु वा जागृत गर्ने संवेदनाहरु पनि स्वीकार्नु हो । प्रत्यक्ष वा अप्रत्यक्ष रुपले ती फिल्महरुले जीवन र जगत-बारे दृष्टिकोण बनाउन, धारणा बनाउन वा कुनै खास कुरामा विश्वास मान्न वा नमान्न दर्शकहरुलाई गंभीर रूपले प्रभाव पार्ने गर्छन् । भारत र तेस्रो विश्वका अन्य मुलुकहरुमा मात्रै हैन, विकसित मुलुकहरुमा पनि फिल्म लगायतका टि.भी. कार्यक्रमहरुले जोडदार रूपले फैलाउन थालेको जरूरी कार्य हो । जनतामा ज्यादाभन्दा ज्यादा संचार भइरहेको यो ठूलो क्षेत्रमा ज्यादाभन्दा ज्यादा नै छलफल र



यो मारपीट नै फिल्मको मसला हो ?

पतनमुखी, उपभोक्तावादी संस्कृति-बारे थुप्रै चिन्तनशील मानिसहरु चिन्तित भइरहेका छन् । यसबारे चर्चा परिचर्चाहरु चलिरहेका छन् ।

हाम्रो देशमा भने चिन्तनशील मानिसहरु धेरैको ध्यान यतातिर गएको छैन ।

जनताका दिल- दिमागमा सबैभन्दा धेरै मात्रामा र धेरै असर बोकेर फिल्महरु पसिरहेछन्, तर यसबारे हामीलाई पर्याप्त चिन्तासम्म पनि लागेको छैन । सकेमा स्वस्थ्य चिन्तन गर्नेहरुको पक्षले नराम्रा फिल्महरुको प्रतिस्पर्धामा राम्रा फिल्महरु नै बनाएर जनतालाई उन्नत विकल्प नै प्रस्तुत गर्नु पर्ने हो । यसो गर्न आज हामी समर्थ छैनौं । तर यसो गर्न सक्दैनौं भने-के हामी चालू नराम्रा फिल्महरुको प्रवृत्ति र नियतबारे जनतालाई सचेत गराउन पनि सक्दैनौं ? तिनीहरुको भण्डाफोर गर्न मात्रै पनि हामी सक्दैनौं ? र के यसो गरिनु जरूरी नै छैन ?

हामीलाई लाग्छ, यो अत्यन्त आलोचना- समालोचना हुनु पर्दछ । यसो गर्ने अभियान प्रबुद्ध वर्गबाट शुरू गरी कार्यकर्ता हुँदै आम जनतासम्म पनि व्यापक स्तरमै हुनुपर्दछ । दर्शकमा आलोचनात्मक क्षमता हामीले पैदा गर्न सक्यौं भने ती फिल्महरुका हानीकारक पक्षहरुको प्रभावमा उनीहरु बहकिने संभावना पनि निश्चय नै कम हुन्छ ।

यसर्थ चालू फिल्महरुको समीक्षा हुनुपर्दछ । वर्गीय हिसावले फिल्महरुका अन्तर-बस्तुहरु केलाइनु पर्दछ । यही मान्यता अनुरूप समसामयिक फिल्महरुबारे समीक्षा गरिनुपर्छ भन्ने हाम्रो धारणा रहेको हो ।

"मूल्याङ्कन" मा हालसम्म प्रकाशित समीक्षाहरु कति बस्तुनिष्ट रहेका छन् ? तिनीहरु कति गंभीरतापूर्वक प्रस्तुत भएका छन् ?- यो विषय चाहिं निश्चय नै छलफलको विषय हुनसक्छ । यसबारे प्रबुद्ध पाठकहरुबाट रचनात्मक सुझावहरुको अपेक्षा हामी गर्दछौं । ★

---

*बिरानो विषय हो । आदर्श प्रेमको पुर्पच्छे गर्ने फिल्महरु कथित अफलातुनी प्रेमको सस्तो भावुकता र अपत्यारिला बाचामा आधारित छन् । जीवन- यथार्थका दृष्टिबाट ती खोक्रा छन् ।*

*स्टार टी.भी. र एम. टी.भी.का माध्यमले पश्चिमा पूँजीवादी विकृत संस्कृतिका विषाक्त किटाणुहरु आज पृथ्वीव्यापी रूपमा समस्त वायुमण्डलभरि फिंजिएका छन् । संचार उपग्रहको एकछत्र धावा मार्फत हाम्रा घर-घरमा, हाम्रा मस्तिष्क-मस्तिष्कमा पश्चिमा छाडा संस्कृति र ह्रासोन्मुख मूल्यहरुको व्याधी बेरोकटोक सल्किरहेको छ । यस्तो अवस्थामा नेपाली फिल्महरुले यस धावाको प्रतिकार गर्दै राष्ट्रिय, प्रजातान्त्रिक र वैज्ञानिक मूल्यहरुको सिर्जना गर्ने मानव कल्याणकारी प्रवृत्तिलाई बढावा दिनुपर्ने हो । तर धेरै जसो नेपाली फिल्म उद्योगहरु पश्चिमा एड्स संस्कृतिकै सहायक र पूरकका रूपमा क्रियाशील छन् । वर्तमान शासन-सत्ताले यस मानवद्वेषी प्रवृत्तिलाई भरण - पोषण गरिरहेछ । कारण, सिङ्गो समाजलाई, खास गरेर युवा पुस्तालाई निरूद्धेश्य, प्रतिरोधहीन, नैतिक-भ्रष्ट र पथभ्रष्ट तुल्याउनुमा नै यसको आयु निर्भर गर्छ । नेपाली समाजमा हाल फस्टाइरहेका यौन सम्बन्धी अपराधहरुको एक प्रमुख कारण यही हो भन्ने मलाई लाग्छ ।*

*कतिपय नेपाली छापाहरुमा नेपाली फिल्म सम्बन्धी चर्चा र टिप्पणी छापिने गरेका छन् । तर फिल्महरुको यस मानवद्वेषी प्रवृत्तिमाथि पर्याप्त शक्तिकासाथ तिनले हस्तक्षेप गरेको पाइँदैन । कतिपय त्यस्ता चर्चाहरु फिल्म - उद्योगीहरुद्वारा प्रायोजित झैं लाग्छन् । अरू कतिपय चाहिं स्वस्थ संस्कृति र जीवन - मूल्य सम्बन्धी दृष्टिकोणको अस्पष्टताका कारण निस्तेज र निरर्थक रहेका छन् । केही समय यता "मूल्याङ्कन" मासिकले दिने गरेका फिल्म सम्बन्धी चर्चाहरु त्यस्ता अरू प्रकाशनका चर्चाका दाँजोमा बढी सार्थक र दृष्टिसम्पन्न छन् । फिल्मका माध्यमले प्रसारित गरिने स्वस्थ र अस्वस्थ संस्कृति र जीवन - मूल्य सम्बन्धी चर्चा गर्ने "मूल्याङ्कन" का टिप्पणीकारको आलोचनात्मक प्रयास सान्दर्भिक र सह्राहनीय छ । फिल्मको मूल्याङ्कन गर्दा दृष्टिकोण र प्रविधि दुवैमाथि दृटि पुऱ्याउनु जरूरी हुन्छ । त्यसैले यो काम निकै कष्टसाध्य र चुनौतीपूर्ण छ । प्रचलित फिल्महरुद्वारा प्रसार सांस्कृतिक व्याधी विरूध्द जुध्न हाम्रो सिङ्गो सांस्कृतिक आन्दोलनले मोर्चाबध्द रूपमा जुट्न आजको खाँचो हो । "मूल्याङ्कन "-का फिल्म सम्बन्धी टिप्पणीकार तथा जानिफकार नाट्यकर्मी सुनील पोखरेलहरुको स्वर जतिसुकै झिनो किन नहोस्, फिल्मका माध्यमले स्वस्थ र कल्याणकारी जीवन-मूल्यको संरक्षण र सम्बर्धन गर्ने चिन्ता र चेष्टा त्यसमा गुन्जेको छ ।* ★

---

# राजाको छोरा चाहिं "बहादुर", जनताको छोरा चाहिं "कायर" ?

**- प्रा . माणिकलाल श्रेष्ठ**

*केही समय अघि कलाकर्मका राम्रा र नराम्रा पक्षहरु के का आधारमा छुट्याउने भन्ने विषयमा हामीले मार्क्सवादी चिन्तन माणिकलाल श्रेष्ठसंग कुराकानी गरेका थियौं । यसबारे उहाँका विचारहरु मुल्याङ्कनको अंक ८ मा*



प्रा. माणिकलाल श्रेष्ठ

**हामीले प्रकाशित पनि गरिसकेका छौं । कुराकानीको सिलसिलामा हाम्रो समाजमा ज्यादा प्रभाव फैलाइरहेको फिल्मरूपी एक महत्वपूर्ण कला-कर्मका वर्तमान हानीकारक प्रवृत्तिहरुबाट कसरी आम-जनतालाई सचेत गराउने भन्ने प्रसंगमा पनि चर्चा चलेको थियो । प्रस्तुत छ - प्रा. श्रेष्ठले यसबारे रोचक उदाहरण सहित औंल्याउनु भएको एक महत्वपूर्ण पक्षको सार संक्षेप । - का. सं.**

कला-कर्महरु कि त परिवर्तन विरोधी वर्गका पक्षमा हुन्छन् कि त तिनीहरु परिवर्तनको समर्थक वर्गको पक्षमा हुन्छन् । जति जति कलात्मक र आकर्षक बनाएर यिनीहरु प्रस्तुत गरिएका हुन्छन्, यिनीहरुको प्रभाव पनि ज्यादा भन्दा ज्यादा आम जनतामा पर्न जाने हुन्छ । प्रतिकृयावादीहरुको

पक्षको विचार बोकेको जत्ति राम्रो "कला" समाजमा आउँछ , उति परिवर्तनका पक्षधर मानिसहरु बढी चनाखो हुनुपर्छ, किनभने त्यस्ता बढी " रोचक" बनाएर प्रस्तुत गरिएका कलाहरुले तिनीहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले मिसाइएका प्रतिकृयावादी विचार वा धारणाहरु ज्यादा जोडदार रूपले जनतामा फैलाउँछन् । जनताको मनलाई छोएर प्रभावित गरेर उनीहरु आफ्ना गलत विचारहरु समाजमा स्थापित गर्ने बलियो प्रयास गर्दछन् । जब फिल्म क्षेत्र आज यो लोकप्रियता हासिल गर्ने गरी, जनतामा ज्यादा प्रभाव फैलाउने गरी अघि बढ्दैछ भने यसको चिरफार र वर्गीय विश्लेषणहरु त झन झन ज्यादा हुनु पर्दछ ।

लोकप्रिय कला - साहित्यमा जानेर होस् वा नजानेरै किन नहोस् - कसरी परिवर्तन विरोधी मूल्य र मान्यताहरु मिसाएर त्यस पक्षका कला-सर्जकहरुले प्रस्तुत गर्ने गर्दछन् भन्ने कुराको एउटा राम्रो उदाहरण बोधविक्रम अधिकारीको चर्चित र लोकप्रिय भएको " नेपाली दन्त्य कथा संग्रह " भित्रको " राजकुमार दिक्पाल " को कथाको एउटा प्रसंग पनि हुन सक्छ । त्यस कथामा दोबाटोमा पुगेर जोगीले सोध्छ- " केटा ! तिमी छोटो बाटो जान्छौ कि लामो बाटो जान्छौ ? छोटो बाटोमा बाघ - भालु लाग्छ, खतरा छ , लामो बाटामा बाघ भालु लाग्दैन, खतरा छैन । "

कथामा यस प्रश्नको जवाफमा "छोटो बाटो जान्छु" भन्नेलाई "राजकुमार" देखाइएको छ, तर जनताको छोरोले चाहिं "लामो बाटो जान्छु" भनेको दर्शाइएको छ ।

हेर्दा यो प्रसंग हामीलाई सामान्य लाग्छ तर यत्ति सानो प्रसंगबाट पनि कथाकारले पाठकको मनमा स्थापित गर्न खोजेको कुरा हो-राजाका सन्तानहरु वा राज खलकहरु वा सामन्त वर्गहरु चाहिं "साहसी " हुन्छन्, तर आम जनताका छोराछोरीहरु चाहिं " कातर " हुन्छन्, भगुवा हुन्छन् ।

इतिहासका निर्माता श्रमजीवी आम जनता हुन्, तर तिनीहरु नै "कायर" भएको र तिनै जनताको पसीनाको कमाई लुटीखाने सामन्त चाहिं "बहादुर" भएको देखाएर सामन्ती प्रभुत्ववादलाई " सत्य " को रुपमा पाठकको मनमा स्थापित गर्ने प्रयत्न यसले गरेको छ ।

यो त उदाहरण मात्र भयो । दन्त्य कथा जस्ता विधामा त यस्ता मसिना कुराहरु मार्फत समेत गलत विचारहरु नजानिंदो तरीकाले प्रवाहित गराइएका हुन्छन् भने फिल्म जस्ता आधुनिक र लोकप्रिय कला- विधाबाट प्रत्यक्ष वा अप्रत्यक्ष, जानेर वा नजानेर झन प्रसस्तै गलत विचारहरु प्रवाहित गर्ने र ती गलत विचारहरुलाई दर्शकहरुको मन मष्तिस्कमा स्थापित गर्ने कोशिस नगरिएका हुन्छन् भन्न सकिन्न । त्यसकारण, हाम्रो समाजमा आइरहेका फिल्म विधाका रचनाहरुको छानवीन, विश्लेषण, र समीक्षा झनै गंभीरतापूर्वक हुनु जरूरी छ । ★

# राजनीति र नैतिकता

**डि.आर. पोखरेल**

**"राजनिति प्रमुख र नैतिकता गौण" को अवधारणा त पतनशील बुर्जुवा अवधारणा हो, जो पूँजीवादको संकटको अवस्थामा "अस्तित्ववाद" को नामले अगाडि आएको थियो ।**

राजनीति र नैतिकता बिषय र शास्त्रका हिसावले छुट्टाछुट्टै भएपनि समाज परिवर्तको लागि अवलम्बन गरिने दार्शनिक भाव ( Catagory) को हिसाबले यी दुईलाई पृथक गर्न सकिन्न । राजनीति भन्नासाथ समाजसित संबन्धित शास्त्र भन्ने बुझिन्छ, र मानिस स्वयं पनि समाजबाट पृथक अस्तित्व भएको प्राणी होइन । व्यक्तिको "स्वतन्त्र-सत्ता" केवल दार्शनिक भ्रम मात्र हो । अस्तित्ववादीहरुले यही कुर लाई उठाएर व्यक्तिको "स्वतन्त्र - सत्ता" र पृथक अस्तित्वको आवाज बुलन्द गरेका थिए । एउटा व्यक्तिको आचरणले समाजमा जे सुकै असर पार पनि उसको राजनीतिको सूरताल नै प्रमुख हुन्छ भन्ने झण्डै अस्तित्ववादीहरुकै जस्तो धारणा हाम्रो वाम- आन्दोलनभित्र पनि देखिएको थियो । "राजनीति प्रमुख र नैतिकता गौण" को भ्रामक अवधारणा बजारमा आइसकेको छ । यसको दार्शनिक आधार "व्यक्ति स्वतन्त्रता" र "व्यक्तिको स्वतन्त्र अस्तित्व" को अस्तित्ववादी चिन्तन नै हो ।

मार्क्सवादी वैज्ञानिक अव-धारणा यस्तो हुन सक्तैन । राजनीति भनेको आचारशास्त्र, सौन्दर्यशास्त्र, समाजशास्त्र, अर्थशास्त्र आदि जस्ता शास्त्रहरुको ज्ञान गरिमाको संपूर्ण चिन्तन परिमण्डल ( Philosophical catagory) मा अभिव्यक्त भएको हुन्छ । नैतिक पृष्ठभूमि नभएको, उच्च मानवीय मूल्यहरुको हैसियतमा नउठेको राजनीति के राजनीति हुन्छ र ?

राजनीति भनेको फलाको, नारा, केही धूर्तता, चाप्लुसी, पाखण्ड, चलाखी, अवसरवादिता आदि नै हो भन्ने धारणा लिने हो भने त अर्कै कुरा हो । तर यो वास्तवमा राजनीतिको न कुनै शास्त्रीय व्याख्या नै हो, वा यो न कुनै यसको नैतिक व्याख्या नै हो । होइन भने, "राजनीति प्रमुख र नैतिकता गौण" को अवधारणा कुनै पनि अर्थमा वैज्ञानिक, मार्क्सबादी अव-धारणा होइन । यो त पतनशील बुर्जुवा अवधारणा हो, जो पूँजीवादको संकटको अवस्थामा "अस्तित्ववाद" को नामले अगाडि आएको थियो ।

आचरणलाई गौण ठान्नासाथ व्यक्तिको व्यक्तिगत जीवन समाजबाट स्वतन्त्र हुन पुग्दछ । राजनीतिक आन्दोलनमा नारा ठीक भएपछि अरू सबै ठीक भैहाल्छ, व्यक्तिको व्यक्तिगत जीवन जस्तोसुकै भए पनि त्यो टिप्पणीको विषय हुँदैन । व्यक्ति जतिसकै अनैतिक भएपनि, ऊ आलोच्य हुन सक्दैन । यही निष्कर्ष निस्कन्छ । "व्यक्तिगत स्वतन्त्रता" को यो भन्दा ठूलो माग, यो भन्दा ठूलो कुरूप चिन्तन के हुन सक्छ ?

यस्तो खालको स्वतन्त्रताले सामाजिक, सामूहिक मूल्य-मान्यताहरुलाई कुनै महत्व दिन सक्दैन । यो व्यक्तिगत सम्पत्ति र स्वतन्त्रताको मानसिकताबाट उब्जेको र व्यक्तिवादी चिन्तन प्रणालीको रुपमा विकसित भएको पतनशील बुर्जुवा अवधारणा हो । यस्तो खालको अवधारणा वाम आन्दोलनमा देखिनु सर्वथा दुर्भाग्यको चिन्ह हो ।

नैतिकता गौण भएपछि, पहिलो कुरा, व्यक्तिका सबै स्वैच्छिक व्यवहारहरु क्षम्य ठहरिन पुग्छन् र दोश्रो कुरा, राजनैतिक सिद्धान्त र व्यवहार पनि अर्थ न बर्थका खोक्रा नारा हुन पुग्छन् । यसपछि त, जे बोले पनि भयो, जे गरें पनि भयो । हास्नु पर्ने बेलामा रुनु, रुनु पर्ने बेलामा हास्नु, आन्दोलन गर्ने बेलामा "रिजर्भ" बस्नु र "रिजर्भ" बस्ने बेलामा आन्दोलनको चर्को नारा छेड्नु-सबै क्षम्य र महान हुने भए । आफ्नो बल-बर्कत र हैसियत के कति छ, शत्रुको क्षमता र कौशल के कति छ, त्यो पनि मूल्यांकन गर्नु परेन । विना मूल्यांकन, विना अध्ययन नै जे भनिदिएपनि त्यो सर्वमान्य सिद्धान्त हुने भयो । किनभने, त्यहाँ नैतिकताको कुनै अर्थ छैन ।

"नैतिकता गौण" को यो अवधारणाले व्यक्तिलाई काम गर्न सजिलो पारिदिएको छ, "व्यक्तिको अस्तित्व" लाई "स्वतन्त्र" राख्न महत्वपूर्ण भूमिका खेलेको छ । यसबाट इतिहासमा कुनै एउटा व्यक्ति विशेषले उसका इच्छाअनुसार समाजलाई स्वर्ग बनाउने र नर्क बनाउने भूमिका खेल्न सक्ने भयो । व्यक्ति अब "ईश्वर" को हाराहारीमा पुग्ने भयो । व्यक्तिको पूजा एउटा धर्म हुने भयो र नैतिकता गौण र राजनीति प्रमुख ठान्नेको एउटा सशक्त सम्प्रदाय हुने भयो ।

यो भन्दा राजनितिक जादू अरु के हुनसक्छ ?

यसरी, हाम्रो वाम आन्दोलनमा भ्रमहरु सृजना भएका छन् । चिन्तनको धार असंगत भएको छ । मनोगतवादी चिन्तन प्रणालीले आन्दोलनलाई ढाकेको छ । यसलाई चिर्नु आजको चिन्तनको खाँचो हो । ★

नयाँ नयाँ समा चार र विचारहरू बोकेर
कीर्तिपुर क्षेत्रबाट प्रकाशित
नेपालभाषाको नयाँ पत्रिका
कीर्तिपुर
हेर्नु भयो ?

## अन्तर्क्रिया नै गतिको मुहान

# गतिशीलता भनेको के हो?

– प्रज्ञान रत्न

**संसारमा एउटै कुरा अपरिवर्तनशील छ, त्यो हो – परिवर्तनको नियम।**

संसारमा कैयन बस्तु स्थिर देखिन्छन्। घर स्थिर देखिन्छ। रुखहरु स्थिर देखिन्छन्। सुतिरहेको मान्छे स्थिर देखिन्छ। भूईंमा पडिरहेको ढुंगा स्थिर देखिन्छ। पहाड स्थिर देखिन्छ।

वेदले पनि भन्छ-

*ध्रुवा द्यौ ध्रुवा पृथ्वी ध्रुवा स पर्वता इमे ध्रुवम्- विश्वमिदं जगत् ध्रुवो राजा विशामयम्*

अर्थात्- यो पृथ्वी स्थिर छ, पर्वतहरु स्थिर छन्, विश्व स्थिर छ, त्यसैलें राजा तिमी पनि स्थिर होऊ।

तर विज्ञानले भन्छ- सारा बस्तुहरु गतिशील छन्।

यो कसरी ? वास्तवमा सत्य के हो ?

हामीले बस्तुहरुले ठाउँ परिवर्तन गरेकोलाई मात्र गति ठान्ने गरिरहेका छौं। जस्तो- मोटर कुद्नु, चन्द्रमा पृथ्वीको वरपर घुम्नु, मानिस हिंड्नु आदि। यो पनि गतिका रुपहरु त हुन्। तर गति भन्नाले बस्तुहरुले ठाउँ परिवर्तन गर्नु मात्र बुझ्नु गतिलाई सीमित अर्थमा बुझ्नु हो। यो गलत बुझाइ हो।

बस्तुहरुले स्थान परिवर्तन गर्नु यान्त्रिक गति हो। तर गतिका त अरु थुप्रै रुपहरु छन्। स्वयं बस्तुको गुण र रुपमा आउने परिवर्तनलाई के भन्ने ? बरफ पानीमा बदलिन्छ, पानी वाफमा बदलिन्छ। नयाँ पुरानोमा बदलिन्छ। बच्चा बूढोमा बदलिन्छ। जिउँदो मानिस लाशमा बदलिन्छ। ताप प्रकाशमा बदलिन्छ। पुँजीवाद समाजवादमा बदलिन्छ। यी सब परिवर्तनलाई के भन्ने ? के यी परिवर्तनहरु गति हैनन् ?

विज्ञानको ठम्याइ के हो भने- बस्तुहरुको स्थान परिवर्तन गर्नु मात्र गति होइन। आम रुपमा सबै परिवर्तनहरु गति हुन्। मार्क्सवादले विज्ञानको यही निचोडलाई पक्रेर भनेको हो- वास्तवमा परिवर्तन भनेकै गति हो, र संसारमा त्यस्ता कुनै बस्तु छैनन् जो गतिशील छैनन्। संसारका सारा बस्तुहरु परिवर्तनशील छन्। संसारमा एउटै कुरा अपरिवर्तनशील छ, त्यो हो - परिवर्तनको नियम।

### सुतिरहेको मान्छे पनि गतिशील छ ?

त्यसो भए सुतिरहेको मान्छेलाई कसरी गतिशील भन्ने त ? भूईंमा पडिरहेको ढुंगालाई, रुखलाई, पहाडलाई कसरी गतिशील मान्ने त ? स्वाभाविक रुपमा प्रश्न उठ्न सक्छ।

ढुंगा भूईंमा पडिरहेको छ। तर भूईंमा पडिरहनुले त्यसलाई पृथ्वीको सम्पूर्ण सौर्य- मण्डलको गतिमा भाग लिनुबाट रोक्न सकिन्न। (पृथ्वी त फेरि सूर्यको वरिपरि र सौर्य मण्डलमा निरन्तर गतिशील छ ) र, यो गतिशीलताको प्रक्रियामा जे जस्तो तापक्रम र रेडियो बिकीकरणको यसले सामना गर्छ, त्यसले ढुंगाको सूक्ष्म भौतिक कणमा परिवर्तन ल्याईरहेकै हुन्छ। यसका अणुमा रासायनिक परिवर्तन ल्याईरहेकै हुन्छ। यो परिवर्तनलाई रोक्न सकिन्न। त्यसैले ढुंगालाई तपाई भूईंमा उत्तिकै छाडिदिनुहोस्। केही समयपछि त्यसको रुपरंगमा आफ से आफ परिवर्तन भएको देखिन्छ। यो परिवर्तन भनेकै गति हो।

यही कुरा हरेक स्थिर झैं देखिने बस्तुमा लागु हुन्छ- रुख, पहाड, सुतिरहेको मानिस, मकैको बोट, सबैमा।

एउटा मकैको बोट हेर्नुहोस्। त्यो स्थिर झैं देखिन्छ- त्यो खडा भई राखेको हुन्छ तर पनि त्यो सानोबाट ठूलो हुन्छ। त्यसमा घोगा लाग्छ। बोट पहेलिदै जान्छ र त्यो सुक्छ।

यी सारा परिवर्तनहरु के हुन त ? यी परिवर्तनहरु पनि गतिकै रुपहरु हुन्।

### संसारमा स्थिर भन्ने कुनै कुरै छैन ?

के त्यसो भए संसारमा स्थिर भन्ने कुनै कुरै छैन त ? के संसारमा स्थिरता भन्ने कुनै कुरा हुँदैन ?

स्थिरताको कुनै अस्तित्व नै हुँदैन, यस्तो कुरा त होइन। स्थिरता हुन्छ, तर त्यो क्षणिक र सापेक्षिक हुन्छ। बस्तुमा कुनै गुण वा चरित्र केही समयसम्म रहिरहेको देखिनुको नाम स्थिरता हो। त्यो सापेक्षिक हुन्छ भन्नुको मतलब के हो भने- कुनै अर्को बस्तुको सम्बन्धमा मात्र त्यो स्थिर देखिएको हुन्छ। जस्तो, बच्चा जति छिटो तरुण हुन्छ र तरुणबाट बूढो हुन्छ, त्यति छिटो पहाड परिवर्तित हुँदैन। पहाडमा आएको परिवर्तन चाल पाउने गरी देख्न पुस्तौंको समय लाग्छ। त्यसैले मानिसको सापेक्षतामा पहाड स्थिर झैं देखिन्छ। अझ, पहाडको सापेक्षतामा ताराहरु स्थिर झैं देखिन्छन्। सैयौं वर्षमा मात्र त्यहाँ भएको परिवर्तन चाल पाइन्छ। तर यसको मतलब के होइन भने- ती स्थिर हुन्छन्। स्थिर त संसारमा केही पनि हुँदैन। ताराहरु पनि स्थिर छैनन् र पहाड पनि स्थिर छैन। विज्ञानले पत्ता लगाएको छ कि कैयन ताराहरु अहिलें पनि निभिरहेका छन् र कैयन् नयाँ ताराहरु अहिले पनि पैदा भइरहेका छन्। त्यस्तै पुराना पहाडहरु अहिले पनि अस्तित्वहीन भईरहेका छन् र नयाँ अहिले पनि अस्तित्वमा आइरहेछन्। वैज्ञानिकहरुले सगरमाथा होच्चिईरहेको पत्ता लगाएका छन् र एक दिन त्यो समुद्रमुनि हुने भविष्यवाणी गरेका छन्।

यस प्रकार, संसारमा हामी जुन बस्तुलाई स्थिर देख्दछौं त्यो अर्को बस्तुको सापेक्षतामा मात्र स्थिर देखिएको हो। स्थिर देखिएको पिण्डले पनि पृथ्वीमा ब्रम्हाण्डको सर्वाभौमिक गतिमा निरन्तर भाग लिईरहेकै हुन्छ। यो भाग लिनुले गर्दा स्थिर झैं देखिएका बस्तुमा पनि लगातार परिवर्तन भइरहेकै हुन्छ। त्यसैले स्थिरता भनेको सापेक्षिक अवधारणा हो।

हाम्रो ज्ञानको सीमाले गर्दा हामीलाई कैयन बस्तुहरु स्थिर झैं लाग्दछन्। तर वास्तवमा संसारमा त्यस्तो कुनै बस्तु छैन, जो गतिशील छैन। हरेक बस्तु, जसको जन्म हुन्छ, त्यसको मृत्यु पनि हुन्छ। जुन कुराको शुरुआत हुन्छ, त्यसको अन्त पनि हुन्छ। जुन कुराको बालकपन हुन्छ, त्यसको बृद्ध अवस्था पनि हुन्छ। जुन कुरा नयाँ हुन्छ, त्यो पुरानो पनि हुन्छ। सबै बस्तुहरु निरन्तर परिवर्तनको प्रक्रियामा हुन्छन्। संसारमा प्रक्रिया नै प्रक्रिया मात्र छन्। अन्तिम, अपरिवर्तनीय र बनीबनाउ भन्ने कुनै कुरा संसारमा छैन। हामीले बस्तुको लागि जुन नाम दिएका हुन्छौं, त्यो बस्तुको एउटा परिवर्तनको प्रक्रियाको नाम हो। पानी बरफको परिवर्तित प्रक्रियाको नाम हो। लाश शरीरको एउटा परिवर्तित अवस्थाको नाम हो। सूर्य बस्तुको प्लाज्माको अवस्थाको एउटा नाम हो। र, पृथ्वी त्यही सूर्यको एउटा परिवर्तित अवस्थाको नाम हो।

यस प्रकार संसारमा गतिबिनाको बस्तु भन्ने कुनै कुरा छैन, थिएन र हुने छैन। संसारमा हरेक बस्तु परिवर्तनको प्रक्रियामा छ। गति त्यही परिवर्तनको प्रक्रियाको नाम हो। परिवर्तनको प्रक्रिया प्रत्येक बस्तुको स्वभाव हो।

### गति र परिवर्तनको स्रोत के हो ?

संसारमा अनगिन्ती प्रक्रियाहरु छन्, भौतिक अस्तित्वहरु छन्। ती सबै प्रक्रियाहरु, अस्तित्वहरु एक आपसमा अन्तर्सम्बन्धित छन्। एउटा प्रक्रिया वा अस्तित्वले अर्को प्रक्रिया वा अस्तित्वमाथि प्रतिक्रिया जनाइरहेछ। यही आपसी प्रतिक्रिया अथवा अन्तर्क्रिया नै गतिको मुहान हो। सारा परिवर्तनको स्रोत अन्तर्क्रिया हो। आफ्नो जीवनको लागि जीविका उत्पादन गर्ने सिलसिलामा मानिसले प्रकृतिशील

**हामीले बस्तुको लागि जुन नाम दिएका हुन्छौं, त्यो बस्तुको एउटा परिवर्तनको प्रक्रियाको नाम हो। पानी बरफको परिवर्तित प्रक्रियाको नाम हो।**

अन्तर्क्रिया गरिरहेछ। यो अन्तर्क्रियाले प्रकृतिलाई बदलिरहेछ । प्रकृतिको परिवर्तनले मानिसलाई पनि बदलिरहेछ ।

समाजमा पनि जटील अन्तर्क्रिया चालिरहेको छ । चुसाहाहरुको अस्तित्वले चुसिएकाहरुलाई प्रभावित पारिरहेछ । चुसिएकाहरुले कार्यवाहीले चुसाहाहरुलाई पनि प्रभावित पारिरहेछ । फलस्वरुप, दुवैमा परिवर्तन आइरहेछ। क्रान्ति आफैं परिवर्तनको नाम हो। एउटा सामाजिक प्रक्रियाको आमूल परिवर्तनलाई क्रान्ति भनिन्छ । यसरी अन्तर्किया गतिको मुहान हो । सामान्य गति उन्नत गतिको मुहान हो ।

यान्त्रिक गतिले भौतिक गति पैदा गर्छ, भौतिक गतिले रासायनिक गति, रासायनिक गतिले जैविक गति र जैविक गतिले सामाजिक गति। सबै उन्नत गतिमा त्योभन्दा मुनिका गतिहरु समाहित हुन्छन् ।

मानिसको शरीर हेर्नुहोस् । त्यहाँ रगतको कुदाइ छ, शरीरको चलाइ छ, जुन यान्त्रिक गतिको उदाहरण हो। त्यहाँ यान्त्रिक गतिबाट ताप उत्पन्न हुने प्रक्रिया पनि छि , शब्द पनि छ र अणुहरु पनि, जुन भौतिक गतिको उदाहरण हो। मानिसको शरीरमा लगातार ती अणुहरुको संयोजन र वियोजन हुने प्रक्रिया पनि छ । यो रासायनिक गतिको उदाहरण हो । यो रासायिनक गतिको फलस्वरुप प्रोटिन पिण्डहरुबाट जीवन उत्पति हुने प्रक्रिया पनि छ, जुन जैविक गतिको उदाहरण हो। यसरी मानिसको शरीरमा-जीवन पैदा भईरहेछ। मानिसको शरीरमा जुन जैविक गति छ, त्यसमा सबै त्योभन्दा तल्ला गतिका रुपहरु समावेश छन् । तर काटकुट पारेर अलग अलग गति छुट्याउन भने सकिन्न । सबै रुपका गतिहरु एक आपसमा अन्तर्सम्वन्धित छन्। एउटा रुपको गतिले अर्को रुपको गति पैदा गर्नमा पूर्वाधारको काम गरिरहेछन् ।

यसरी एउटा बस्तु अर्को बस्तुमा बदलिन्छ। बस्तुको एउटा रुप बस्तुको अर्को रुपमा बदलिन्छ । यो परिवर्तनको नाम नै गति हो। बस्तुको एउटा रुप अर्को रुपमा बदलिनु भनेको बस्तुको नाश हुनु होइन। बस्तु कहिल्यै नाश हुँदैन, न त यसको गति नै कहिल्यै नाश हुन्छ। जुन कुराको उत्पत्ति हुन्छ, त्यो कुराको मात्र नाश अवश्यंवाभी हुन्छ । बस्तु र गति न त कहिल्यै उत्पत्ति भएका थिए, न कहिल्यै नाश हुनेछन् । ✧

गतिबिनाको बस्तु त्यतिकै अकल्पनीय छ, जति बस्तु बिनाको गति । गति त्यसैले बस्तु जस्तै न त सिर्जना गर्न सकिन्छ , न नाश गर्न नै ....

बस्तुमा लागु हुने गति भनेको आम रुपमा परिवर्तन हो ।


चिरस्थायि रुपमा परिवर्तनशील, चिरस्थायी रुपमा गतिशील बस्तु बाहेक र जुन नियम अन्तर्गत यो गतिशील हुन्छ, त्यो नियम बाहेक केही कुरा पनि चिरस्थायी छैन ।

– फ्रेडरिक ऐंगेल्स

संसारमा बस्तु बाहेक गतिशील अरु केही छैन, र गतिशील बस्तु स्थान र समयमा बाहेक अरुमा गतिवान हुँदैन ।

– लेनिन

- गतिको एउटा रुपले गतिको अर्को,माथिल्लो रुप पैदा गर्छ ।
- गतिको माथिल्लो उन्नत रुपभित्र गतिको तल्लो रुप समावेश हुन्छ ।
- गतिको माथिल्लो उन्नत रुपलाई तल्ला रुपहरुमा घटाउन मिल्दैन, यो भनेको गुणात्मक रुपले नयाँ प्रक्रिया हो ।




# एकै दम्पतिले माओका १,२०० मूर्तिहरुको निर्माण

चीनको उत्तर-पश्चिमी शान्सी प्रान्तको येनान शहरस्थित क्रान्तिकारी स्मृति हलमा कार्यरत मजदूर वाङ वेनहाई र उनकी श्रीमती वाङ यानहुआले विश्वका न्यायप्रेमी जनताका श्रद्धेय नेता क. माओत्सेतुङका १,२०० वटा माटाका मूर्तिहरु बनाउने सफलता हासिल गरेका छन् ।

मध्य चीनको हेनान प्रान्तबाट पुरानो क्रान्तिकारी आधार इलाकामा अवस्थित क्रान्ति-कारीहरुको स्मृतिमा निर्मित उक्त हलमा फोटोग्राफर र गाइडको काम गर्न उनीहरु सन् १९७० मा आएका थिए । तर पछि मूर्तिकलामा अभिरुचि बढेको कारणले उनले विस्तारै नेताहरुको मूर्ति बनाउन थालेका हुन् । यसै क्रममा सन् १९८० देखि उनले श्रद्धेय नेता माओका माटाका मूर्तिहरु बनाउन थालेका हुन्, जसमा उनकी श्रीमतीले सहयोग गर्ने र आफैंले पनि निर्माण गर्ने गरेकी छिन्। त्यस बेलादेखि नै आफ्ना सबै सीप, श्रम र कलाको उपयोग यस कार्यमा लगाउँदै आएको यस दम्पतिको यस गैर- नाफामुखी, श्रद्धा-भावजन्य कार्यमा वाङ वेनहाइको स्मृति हलबाट प्राप्त हुने सीमित तलबले मात्रै आर्थिक लगानीको भूमिका खेलेको थियो ।



यस अनुकरणीय कार्यको परिणाम स्वरुप तयार भएका माओका यी मूर्तिहरु यही पुष ११ गते हुन गइरहेको माओ शतवार्षिकीको उपलक्ष्यमा प्रदर्शन गर्ने सोचाई रहेको कुरा उनीहरुले बताएका छन् । ✧



# स्वास्थ्य सेवामा क्रान्ति: किन र कसरी ?

## वर्तमान नेपालको सन्दर्भमा माओ त्से तुङ्गकालीन चीनका अनुभवहरुको औचित्य

- डा. महेश मास्के

**जनताको आधारभूत आवश्यकता मध्येको एक महत्वपूर्ण आवश्यकता स्वास्थ्य हो । स्वस्थ रहन पाउनु मानिसको नैसर्गिक हक हो । तर हाम्रो देशमा यो हक आम जनताले वास्तविक अर्थमा पाइरहेको छैन । गाउँका कुना कुनासम्म स्वास्थ्य सेवा पुग्न नसक्नु हाम्रो एउटा प्रमुख समस्या हो ।**

**तर यही नै यहाँको मूल समस्या भने होइन । मूल समस्या त स्वास्थ्य सेवा आम जनताले किन्नु पर्ने हुनु र यसलाई खरिद गर्ने आर्थिक हैसियत भने आम जनतामा नहुनु नै हो ।**

**यस्तो स्थितिमा यहाँ जनतालाई स्वास्थ्य सेवा प्रदान गर्ने नाममा सरकारी स्तरबाट जे जति प्रयत्नहरू भए, भइरहे छन्, के तिनीहरू पर्याप्त छन् र पर्याप्त हुन सक्छन् ? आम जनतालाई स्वस्थ्य रहन दिने हो भने के गरिनु जरुरी छ ? यो अत्यन्त महत्वपूर्ण सवालमा खोज र अन्तर्क्रिया चलाउने उद्देश्यले यसपल्ट हामीले डा. महेश मास्केको यो लेख प्रस्तुत गरेका छौं ।**

**क. माओले चीनमा लागु गर्नु भएको सफल स्वास्थ्य नीतिको प्रकाशमा लेखिएको यो लेख हामीले डा. शरद वन्तलाई पढ्न दिएका थियौं । लेख पढेपछि उहाँले सोभियत संघ समेतको आफ्नो अनुभवमा आधारित गरी प्रस्तुत गर्नु भएका विचारहरू पनि यसैसाथ प्रस्तुत गरेका छौं – मूल्यांकन**

के गरीवि, कुपोषण र रोगको चक्रभित्र कैद भएको नेपाली जनताको स्वास्थ्य स्थितिमा आमूल परिवर्तन आउन संभव छ ? सभव छ भने कसरी ?

एक्काइसौं शताब्दीमा खुट्टा टेक्न आँटिको नेपालको विकासको सन्दर्भमा अन्य क्षेत्रहरुमा झैं स्वास्थ्य क्षेत्रको समस्यालाई लिएर पनि प्रश्नहरु उठिरहेका छन् । उपरोक्त प्रश्न स्वास्थ्य क्षेत्रको मूलभूत प्रश्न हो, जसको उत्तरको खोजिले मात्रै स्वास्थ्य क्षेत्रका अन्य प्रश्नहरुको समाधान पहिल्याउन सकिन्छ ।

उपचारको निम्ति प्रयोग गरिने इन्जेक्शन वा दवाईका गोलीहरुमा अथवा मानव शरीरमाथि गरिने शल्यक्रियाका परिस्कृत प्रयत्नहरुमा यो प्रश्नको हल खोज्नु निरर्थक छ । विश्वमा स्वास्थ्य क्षेत्रमा भएका ठूला ठूला परिवर्तनका अनुभवहरुमाथि दृष्टि पुर्‍याउँदा यो कुरा प्रष्ट हुन आउँछ कि उपचारका यी तौर-तरीकाहरु स्वास्थ्य समस्या समाधानको बृहत्तर प्रयत्नको एउटा अंग मात्रै हुन्, समष्टी होइनन् ।

ती अनुभवहरुले के औल्याउँछन् भने- स्वास्थ्य र विकासको अन्योन्याश्रित सम्बन्ध हुन्छ र विकासको आम प्रयत्नसंगै स्वास्थ्य क्षेत्रका विशिष्ट प्रयत्नहरु पनि

यस नागरिकलाई स्वस्थ्य रहने अधिकार कसरी दिने ?



जोडिनु पर्दछ। तिनै अनुभवहरुले के पनि प्रष्ट पार्दछन् भने- नेपाल जस्तो तेश्रो विश्वको गरीब मुलुकमा स्वास्थ्य क्षेत्रका विकराल समस्याहरुको समाधान सामाजिक, आर्थिक, समानताप्रतिको राजनैतिक प्रतिबद्धता र जननीति (Mass Line) को सफल प्रयोगबाट मात्र संभव छ।

"समानताको निम्ति राजनैतिक प्रतिबद्धता र जननीतिको प्रयोग" स्वास्थ्य सेवा-क्रान्ति (Health Care Revolution) को आधारभूत शर्त हो। विश्व स्वास्थ्य संगठन (WHO) ले शुरु गरेको "सबैको लागि स्वास्थ्य" र "प्राथमिक स्वास्थ्य सेवा" को विश्वव्यापी अभियान स्वास्थ्य क्षेत्रमा क्रान्तिकारी कदम मानिएका हुन् (१)। तर आज १५ वर्षपछि पनि त्यसले उल्लेखनीय प्राप्ति गरिसकेको छैन। ती नाराहरुमा अर्न्तनिहित क्रान्तिकारी तत्व मासिंदै गएर एउटा सुधारवादी प्रयत्नहरुमा मात्र सीमित रहन सक्ने आशंका बढ्न थालेको छ। त्यस्तो सुधारवादी प्रयत्नले केही लाक्षणिक उपचारहरु त गर्न सक्ला तर स्थितिमा आमूल परिवर्तन भने ल्याउन सक्तैन। र, त्यसलाई "स्वास्थ्य सेवा- क्रान्ति" जस्तो गरिमायुक्त वाक्य प्रयोग गर्ने अधिकार पनि रहँदैन।



*परंपरागत चीनियाँ उपचार र आधुनिक पश्चिमा उपचार पद्धतिको समिश्रण*
*चीनियाँ चिकित्सकहरू जडीवुटीको प्रयोगद्वारा विरामीलाई वेहोश पार्दै*

## क्रान्तिकारी र सुधारवादी प्रवृत्तिहरुको संघर्ष

स्वास्थ्यक्षेत्रका समस्याहरुको हलको खोजिमा विश्वस्तर मै क्रान्तिकारी र सुधारवादी दुई प्रवृत्तिहरु द्वन्दरत छन् र तिनीहरुले वर्गीय स्वार्थहरुको संघर्षको अभिव्यक्ति पनि दिने गर्दछन्। सुधारवादीहरु विपन्न वर्गको निम्ति चिन्तित देखिएता पनि उनीहरु सम्पन्न वर्गको स्वार्थमा चोट नपुर्‍याई विपन्न वर्गलाई "सहयोग" गर्न चाहन्छन्। आमूल परिवर्तनकारीहरु मान्छेलाई विपन्न र सम्पन्न वर्गमा विभाजित गर्ने सामाजिक संरचनालाई नै परिवर्तित गर्न चाहन्छन् र त्यस प्रक्रियामा सम[illegible]को स्वार्थमाथि पर्ने चोटलाई अपरिहार्य ठान्दछन्। मानव समाजमा विद्यमान सम्पन्नता र विपन्नताको [illegible]ल नपुरेसम्म स्वास्थ्य स्थितिमा त्यसको प्रतिविम्ब र प्रभाव नामेट हुन सक्तैन भन्ने कुराहरुमा उनीहरु प्रष्ट छन्।

नेपालमा पनि यी दुई प्रवृतिहरु संघर्षरत छन्। नेपालमा वर्षौंदेखि संचित हुँदै रहेको स्वास्थ्य समस्याको आयतनलाई मात्रै हेर्ने हो भने पनि त्यसको निराकरण स्वास्थ्य सेवामा एउटा प्रवल क्रान्तिद्वारा मात्र संभव छ भन्ने स्वत: स्पष्ट हुन आउँछ। त्यसैले मैले यस लेखमा "किन" भन्दा पनि "कसरी" को निम्ति विश्वका अन्य देशमा भएका प्रयोगहरुको सार संक्षेपलाई पाठकहरु समक्ष राख्ने प्रयत्न गरेको छु।

"मूल्यांकन" को गत कुनै अंकमा मैले सन्दर्भवश चीनको उल्लेख गरेको थिएँ। तेश्रो विश्वमा स्वास्थ्य क्षेत्रमा "समानताको [illegible]न राजनैतिक प्रतिबद्धता [illegible] जननीति" को एउटा मूर्त उहाहरण [illegible]कालीन जनवादी गणतन्त्र चीन हो। ची[illegible] अनुभवहरु व्यापक छलफलको विषय बन्नु पर्दछ भन्ने मलाई लागेको छ। र, आवश्यक परेको खण्डमा लेखमाला कै रुपमा अन्य देशका अनुभवहरुको चर्चा पनि गर्दै जानेछु। यो लेखका उल्लेखित मूल सामाग्रीहरु डा. मिवर सिडेल र रुथ सिडेलको "जनवादी गणतन्त्र चीनको स्वास्थ्य सेवा प्रणाली" नामक विश्व विख्यात रचनामा आधारित छन्। (२)

## नौलो जनवादी क्रान्ति अघि पछिको चीनको स्वास्थ्य स्थिति

सन् १९४९ मा नौलो जनवादी क्रान्ति सम्पन्न हुनुअघि चीनको स्वास्थ्य र स्वास्थ्य प्रणालीको स्थिति अहिलेको नेपालको भन्दा पनि गएगुज्रेको थियो। प्रत्येक वर्ष १,००० व्यक्तिमा २५ मर्दथे (नेपालमा १४)। त्यस्तै, शिशु मृत्युदर २०० थियो (नेपालमा १०७)। नेपाल भैं चिनी जनताहरुको मृत्युको प्रमुख कारण फोहोर वातावरण र कुपोषणको टेवा पाएका सरुवा रोगहरु थिए, जस्तै- हैजा, भ्यागुते रोग, गनोरियो, कुष्ठरोग, क्षय रोग, प्लेग सिफलिस, मेनिन्जाईटिस, धनुषटंकार, विफर, कालाजार, औलो आदि। "रोग, भोक र यद्ध" को चपेटामा परेका चिनी जनताको मर्मस्पर्शी चित्रण एक जना क्यानाडियन होटल मेनेजरले सन् १९६५ मा चीनबाट फर्केपछिको आफ्नो संस्मरणमा यसरी गरेका छन्-"

*मैले जुम्रै जुम्राले भरिएका बच्चाहरु खोजें। आँखा राता भएका, गिजाबाट रगत बगिरहेका बच्चाहरु खोजें। मैले त्यस्ता बच्चाहरु खोजें, जसको डरलाग्दा घाउहरुमाथि फिंगाहरु भोज खाइरहेका हुन्थे। मैले ती बच्चाहरु पनि खोजें, जो निकै वेर कनेपछि नाम्ले किराहरु मात्र निकाल्थे।*

*मैले कारखानामा दास जस्तै १२ घण्टा काम गर्ने बच्चाहरु खोजें, जसले यदि औंला अथवा अन्य महत्वपूर्ण अंगहरु गुमाए भने सडकमा भिख माग्न वा फोहोर मैलाको थुप्रोमा खाते जीवन बिताउन तिनीहरुलाई फ्याँकिदिइन्थ्यो। मैले दिनरात त्यस्ता बच्चाहरुलाई खोजें, जो भिखमंगाहरुबाट सुनियोजित रुपले अपांग बनाइएका हुन्थे र जो आउने-जाने सम्पन्न मानिसहरुसँग जुका भैं टासिन्थे र ती बच्चाहरुलाई आफ्नै बच्चा भएको स्वांग रच्दै दया र करुणालाई ब्याक मेल गर्न खोज्थे।"*

प्रिय पाठकहरु, के त्यति बेलाको चीनका गरीब केटाकेटीहरुको वर्णन आजको नेपाल या भारतको वर्णन जस्तै लाग्दैन? आज पनि हाम्रा स-साना कलिला बाल बालिकाहरु गलैंचा तथा अन्य कारखानाहरुमा १२-१४ घण्टा जोतिन्छन्। खाते जीवन बिताउने, भिख माग्ने र सडक पेटीतिर रोगग्रस्त भएर पल्टिरहेका बाल बालिकाहरुलाई हेर्न हाम्रो आँखा अभ्यस्त भईसकेका छन्। आधा शताब्दी अगाडिको चीनको स्थिति हामी अहिले पनि भोगिरहेका छौं भन्दा अतिशयोक्ति हुने छैन।

अहिलेको नेपाल भैं त्यति बेलाका चीनका दुई तिहाई जनता अशिक्षित थिए। बाढी तथा सुख्खाको चक्रवत आगमनले बहुसंख्यक चिनी जनता कुपोषणका शिकार हुन्थे। जे जति श्रोतहरु थिए, तिनीहरुको न्यायोचित वितरण थिएन। फलस्वरुप, केही थोरै व्यक्तिहरु सुविधायुक्त जीवन बाच्तथे भने आम जनताहरु गरीबिको जाँतोमुनि पिसिएका थिए। शोषणमा आधारित समाज व्यवस्थामा

### आठौं पंचवर्षीय योजनाको लक्ष्य

प्रत्येक गाउँमा एक उप स्वास्थ्य चौकी

देशभरिमा २०५ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रको स्थापना

| अन्य परिसूचकहरु | बर्तमान स्थिति | आठौं योजनाको अन्तसम्ममा लक्ष्य |
|---|---|---|
| १. शिशु मृत्युदर (प्रति हजार जीवित जन्म) | १०२ | ८० |
| २. आयुको अपेक्षा वर्षमा | ५४ | ६१ |
| ३. प्रति महिला कुल प्रजनन दर | ५.८ | ४.५ |
| ४. आमा हुनेहरुको मृत्युदर (प्रति लाखमा) | ८०० | ७५० |
| ५. ५ वर्ष मुनिका बालकहरुको मृत्युदर | १६५ | १३० |

स्रोत: आठौं पंचवर्षीय योजनाको दस्तावेज

तिनीहरुको असाहायपन र नैराश्यको अनुभूति व्यापक थियो ।

## चीनको क्रान्तिकारी राष्ट्रिय स्वास्थ्य नीति

चीनको स्वास्थ्य क्षेत्रका यी विकराल समस्याहरुको त्यस्तो जादुमय हल के थियो, जसले २० वर्षको अवधिमा नै आश्चर्यजनक परिवर्तन ल्याईदिएको थियो ? होटल मेनेजरले बयान गरेको संघाइ शहरमा २० वर्षभित्र शिशु मृत्युदर १५० बाट ९ मा झर्‍यो र बाच्ने संभावना ४० बाट ६० वर्ष पुग्यो । चीन भरिनै फिर, हैजा, टायफाइड, प्लेग जस्ता रोगहरु पूर्ण रुपले निर्मूल गरिए । मलेरिया, यौन रोग र कालाजार व्यवहारिक रुपले निर्मूल भए भने क्षयरोग, ट्राकोमा (आँखालाई अन्धो बनाउने रोग), सिस्टोसोमिसिस (मूत्राशयमा हुने जुका) र पेटको जुका जस्ता रोगहरु धेरै कम भए । यति छोटो अवधिमा सरुवा रोग नियन्त्रणको यो उदाहरण साँच्चै नै अद्वितीय थियो ।

यसको साथै चीनको स्वास्थ्य क्षेत्रमा नयाँ नयाँ प्रयोगहरु पनि भए । काटिएका औला जोड्ने, लाटाबुंगाहरुलाई बोल्ने- सुन्ने बनाउने, एक्यूपचर प्रविधिको प्रयोग र चीनको परम्परागत चिकित्सा शास्त्रको आधुनिक चिकित्सासंग समन्वय र एकीकरण जस्ता उपलब्धीहरुले विश्वकै ध्यान आफूतिर तान्न सफल भयो । यी सफलताका रहस्यहरुबारे डा. सिडेल दम्पत्ति बाहेक, डा. जान रोडे र डा. भिन्सेन्ट नवारो जस्ता विद्वानहरुले पनि प्रशस्त शोधखोंज गर्नु भएको छ र वहाँहरुको निष्कर्ष मिल्दो जुल्दो छ । वहाँहरुले सफलताको श्रेय माओको नेतृत्वमा रहेको चिनी कम्युनिष्ट पार्टी सत्तामा आएपछि त्यसले अप्नाएको राष्ट्रिय स्वास्थ्य नीतिलाई दिनु भएको छ,

**चीनियाँ स्वास्थ्य क्षेत्रका सफलताहरुको निम्ति पनि माथि उल्लेखित ४ वटा नीतिलाई "चार जादूगरी छडी" भनेमा अतिशयोक्ति नहोला ।**



डा. मास्के

जुन नीतिहरू यस प्रकार छन् :

१. *चिकित्साले जनताको सेवा गर्नु पर्दछ अर्थात मजदूर, किसान, सैनिकहरुको सेवा गर्नु पर्दछ । तिनीहरु, जसले विगतमा सबैभन्दा कम सेवा पाउँदथे, अब उनीहरुले नै सबैभन्दा विशेष ध्यान पाउनु पर्दछ ।*

२. *प्रतिस्पधामक चिकित्सा (Preventive Medicine) लाई पहिलो प्राथमिकता दिइनु पर्दछ अर्थात् जहाँ श्रोतहरु कम छन्, त्यहाँ उपचारात्मक चिकित्साभन्दा प्रतिरोधात्मक चिकित्साले प्राथमिकता पाउनु पर्दछ ।*

३. *चीनियाँ परम्परागत चिकित्सा प्राणालीलाई पश्चिमेली वैज्ञानिक प्राणालीसंग एकीकृत गरिनु पर्दछ । एक अर्कासंग प्रतिस्पर्धा गर्नु भन्दा ती प्रणालीहरुलाई व्यवहारमा प्रयोग गर्नेहरुले एक अर्काबाट सिक्नु पर्दछ ।*

४. *स्वास्थ्य कार्य जन सहभागिताद्वारा कार्यान्वित गर्नु पर्दछ । समाजका सबैलाई आफ्नो र आफ्नो छिमेकीको स्वास्थ्यको सुरक्षा गर्न संगठित रुपले भूमिका निर्वाह गर्न प्रोत्साहित गरिनु पर्दछ ।*

नौलो चीनको स्वास्थ्य नीतिका यी ४ बुंदाहरुको प्रत्यक्ष प्रभाव विश्व स्वास्थ्य संगठनद्वारा प्रतिपादित "प्राथमिक स्वास्थ्य सेवाका सिद्धान्तहरु"मा प्रतिविम्बित भएको पाइन्छ । तर पनि चीनले आफ्नो स्वास्थ्य नीतिको पहिलो र चौथो बुँदालाई जति महत्व र प्रष्टता प्रदान गरेको थयो, "सबैको लागि स्वास्थ्य"को विश्वव्यापी अभियानको कार्यान्वयन पक्षमा त्यस बारेको अन्यौल प्रष्ट रुपले खट्किन्छ ।

चीनको भूमिमा घन्किएको "जनताको सेवा गर" (Serve the People) भन्ने नारा विश्वका अन्य देशहरुमा पनि गुन्जियो, तर थोरै मात्रै देशले यस नाराभित्र अन्तर्निहित वर्गीय अन्तर्बस्तु र त्यसको प्राप्तिको निम्ति चाहिने कटिबद्धता देखाउन सके । चिनी भूमिमा प्रयोग भएको जन सहभागिता (Mass Participation) को महत्वबाट सिकेर जन्मेको "सामुदायिक सहभागिता" (Community Participation) को अवधारणा विश्वव्यापी रुपमा लोकप्रिय त भयो तर जनतालाई दमित गरीरहन खोज्ने वर्गीय संरचनालाई विरोध नगरीकनै गरिएका "जन सहभागिता" जुटाउने प्रयत्नहरुले यसको उद्देश्य र अन्तर्बस्तुलाई नै अन्यौलग्रस्त बनायो ।

त्यसैले अहिले, जबकि "सबैको लागि स्वास्थ्य" अभियानको विविध पक्षको विवेचना भईरहेको छ र त्यसलाई निर्धारित अवधिभित्र कसरी प्राप्त गर्ने भनेर विश्वव्यापी प्रयत्न भइरहेको छ, चीनका अनुभवहरुलाई पुनः व्यापक छलफलमा ल्याई त्यसको सार खिच्नु आवश्यक छ भन्ने मलाई लागेको छ।

### स्वास्थ्य क्षेत्रमा जननीति

चीनियाँ क्रान्तिको सफलताको चर्चा गर्दै माओत्सेतुङले ३ वटा जादुगरी छडीको चर्चा गर्नु भएको छ । कम्युनिष्ट

## नेपालको स्वास्थ्य सम्बन्धी परिसूचकहरू

| परिसूचकहरू | तथ्यांक | सन्दर्भ वर्ष |
|---|---|---|
| कोरा जन्म दर (प्रति हजार) | ३९.६० | २०४६ |
| कोरा मृत्यु दर (प्रतिहजार) | १४.० | २०४९ |
| जनसंख्या बृद्धि दर | २.१ | २०४९ |
| शिशु मृत्यु दर (प्रति हजार जीवित जन्म) | १०२.० | २०४९ |
| ५ वर्ष मुनिका बालक मृत्यु दर | १६५.० | २०४९ |
| आमा हुनेको मृत्यु दर (प्रति हजार जीवित जन्म) | ८.५ | |
| आयुको अपेक्षा (जन्म हुँदा) वर्षमा | ५४ वर्ष | २०४९ |
| पुरुषको | ५५.४ वर्ष | |
| महिलाको | ५२.६ वर्ष | |
| कुल प्रजनन दर | ५.६ | १९९० |
| मेडिकल कलेज/ इन्स्टिच्यूटको संख्या | १ | २०४७ |
| अस्पताल संख्या (नर्सिङ होमहरू समेत) | ११४ | २०४९ |
| अस्पताल बेडहरुको संख्या ( „) | ४८४८ | २०४९ |
| आयुर्वेद एकाइहरु/औषधालयहरुको संख्या | १५५ | २०४९ |
| हेल्थ पोष्टहरुको कुल संख्या | ८१६ | |
| इलाका | ६७५ | |
| स्थायी | १४१ | |
| हेल्थ पोष्ट प्रयोगशालाहरुको संख्या | २५ | २०४९ |
| हेल्थ सेन्टरहरुको संख्या | १८ | २०४९ |
| जिल्ला जन स्वास्थ्यको कार्यालय संख्या | ७५ | २०४९ |
| क्षेत्रीय स्वास्थ्य तालीम केन्द्रहरुको संख्या | ६ | २०४९ |
| परिवार नियोजन क्लिनीकहरुको संख्या | २५८ | २०४९ |
| क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालयहरुको संख्या | ५ | २०४९ |
| मध्यम स्तरीय र अन्य जनशक्तिको संख्या | ६५५७ | २०४९ |
| ग्रामीण स्वास्थ्य कार्यकर्ताहरुको संख्या | ४०१५ | |
| महिला सामुदायिक स्वास्थ्य स्वयम सेवक | २४,००० | |
| अस्पताल र जनसंख्याको अनुपात | १:१,६१,९४८ | २०४८ |

### अस्पतालको बेड र जनसंख्याको अनुपात- २०४९

| | | |
|---|---|---|
| नेपालभरि | १: ३८०८ | |
| पर्वतीय क्षेत्रमा | १:६८७८ | |
| पहाडमा | १:२९७८ | |
| तराईमा | १:५२७३ | |

### हेल्थपोष्ट र जनसंख्याको अनुपात-२०४९

| | | |
|---|---|---|
| नेपालभरि | १:२२,६२५ | |
| पर्वतीय क्षेत्रमा | १:९२५९ | |
| पहाडी क्षेत्रमा | १:१९, ३३६ | |
| तराईमा | १:३८,२५० | |
| हेल्थ सेन्टर र जनसंख्याको अनुपात | १:१०,२५,२६७ | २०४९ |
| डाक्टर र जनसंख्याको अनुपात | १:१५,८०० | २०४९ |

*स्रोत : राष्ट्रिय योजना आयोग तथ्यांक विभाग, स्वास्थ्य मन्त्रालय*

पार्टी, संयुक्त मोर्चा र जनयुद्ध। (३) चीनियाँ स्वास्थ्य क्षेत्रका सफलताहरुको निम्ति पनि माथि उल्लेखित ४ वटा नीतिलाई "चार जादू गरी छडी" भनेमा अतिशयोक्ति नहोला। ती मध्ये पनि मेरो विचारमा चौथो छडी अर्थात् जननीति (Mass Line) सबै भन्दा महत्वपूर्ण हो । यसकारण कि- यसको अभावमा अन्य ३ छडीको प्रयोग हुन सक्तैन ।

माओत्सेतुङ जननीतिका श्रष्टा, प्रयोगकर्ता र व्याख्याता हुनुहुन्थ्यो र वहाँले त्यसलाई सामन्तवाद, साम्राज्यवाद विरोधी युद्धमा र राजनीतिमा मात्र होइन, शिक्षा, संस्कृति र स्वास्थ्य जस्ता क्षेत्रहरुमा पनि सफलतापूर्वक प्रयोग गर्नुभयो ।

"समान्य जनतामा पनि महान शक्ति र बुद्धिमत्ता हुन्छ र यदि तिनीहरुको पहललाई पूर्ण अवसर प्रदान गरेको खण्डमा तिनीहरुले चमत्कार गर्न सक्दछन् भन्ने विश्वास" लाई नै माओले "जन नीति" भन्नु भएको थियो । (४)

चीन जस्तो विशाल देशमा सैकडौं वर्षदेखि अफिमको नशामा डुबेका चिनी जनताको रचनात्मक शक्तिलाई बाहिर ल्याई त्यसबाटै क्रान्ति र देश विकासको भागीरथ प्रयत्न गर्नु चानचुने कुरा थिएन । तर त्यो अचानचुनेपन नै चिनी अनुभवप्रति विश्वको आश्चर्यमिश्रित चाखको मूल कारण हो ।

## के यी स्वास्थ्य नीतिहरु माओका दिमागी उपज हुन् ?

स्वास्थ्य क्षेत्रको उन्नतिको निम्ति प्रतिपादित माथिका ४ वटा राष्ट्रिय नीतिहरु अचानक सन् १९४९ मा माओको दिमागबाट उब्जिएका थिएनन्, बरु यी त चिनी जनताहरुबीच माछा जस्तै पौडीरहेको कम्युनिष्ट पार्टीले स्वास्थ्य क्षेत्रमा बटुलेको अनुभवहरुका संश्लेषणहरु थिए । ती नीतिहरुले परिष्कार पाउन एउटा लामो अवधि पार गर्नु परेको थियो । डा. सिडेल लेख्नु हुन्छ-

*"ती आवश्यकता परिपूर्ति गर्ने सम्बन्धमा सन् १९३० र १९४० को दशकमै माओ र जनमुक्ति सेनाद्वारा प्रयोग शुरु हुन थालेको थियो । त्यो पहिले कियांग्सी प्रान्तमा शुरु भयो र लामो अभियान (Long March) पछि येनान र त्यस वरिपरिका शेन्सी प्रान्तमा प्रयोग गरियो । यी प्रयत्नहरुले व्यापक जनताहरुलाई आफैंलाई शिक्षित गर्न गोलबन्द गर्दथ्यो र उनीहरुलाई नै व्यक्तिगत वा सामूहिक रुपमा चिकित्सा सेवाहरु प्रदान गर्न प्रोत्साहित गर्दथ्यो... । यी नै अनुभवहरुलाई पछि राष्ट्रिय नीतिहरुमा विकसित गरियो ।"*

सन् १९४९ को क्रान्ति सम्पन्न गरेपछि स्वास्थ्य क्षेत्रमा तीव्र रुपले परिवर्तन हुन थाल्यो । स्वास्थ्य विशेषज्ञ र मध्यम दर्जाका प्राविधिज्ञहरु दुवै उत्पादन गर्न प्रोत्साहित गरिए । समुदायका जनताहरुलाई आफ्नो स्वास्थ्य सम्बन्धी कार्यहरु गर्न परिचालित गरियो । अशिक्षा र अन्धविश्वासमाथि प्रवलत्तम आक्रमण भयो । जन प्रचारद्वारा जनताहरुलाई संगठित गरियो र त्यस संगठित शक्तिबाट झिंगा, लामाखुट्टे, मुसा, उडुस, जुम्रा, सांग्ले आदि जस्ता रोग सार्ने किरा र जनावरमाथि नियन्त्रण गरियो । (४) मानिसहरुलाई सफा चर्पीहरु बनाउन र टोल छिमेकलाई सफा राख्न प्रोत्साहित गरियो । रोगहरु विरुद्ध पनि प्रचार अभियान तीव्र गरियो । हजारौं व्यक्तिहरुलाई यौन रोग चिन्न, उपचार गराउन प्रेरित गर्न र आवश्यक परेको बेलामा एन्टिवायोटिक दिन पनि प्रशिक्षित गरियो । वेश्यालयहरु बन्द गरिए र वेश्याहरुलाई उपचार गरी सम्मानजनक कार्यमा पुनर्स्थापित गरियो । अफिम प्रयोगको विरुद्ध व्यापक रुपले जन परिचालन गरियो । विशाल खोप कार्यक्रमहरु संचालन भए । सिस्टोसोमियसिस (Schistosomiasis) विरुद्ध त "जन युद्ध" नै छेडियो । सिस्टोसोमियसिस माथिको विजयलाई स्वास्थ्यमा जननीतिको एउटा अभूतपूर्व प्रयोग र सफलताको कथा मानिन्छ ।

## सांस्कृतिक क्रान्ति र शहरमुखी एवं सुविधाभोगी मानसिकता विरुद्ध अभियान

सन् १९६५ सम्म आईपुग्दा चीनको स्वास्थ्य स्थितिमा निकै सुधार आइसकेको थियो । तर ती सुधारहरु मुख्यत: शहर केन्द्रित थिए र गाउँहरु अझै स्वास्थ्य सेवाको मामलामा तुलनात्मक रुपले उपेक्षित अवस्थामा थिए । चिकित्सा कर्मीहरुमा शहरमुखी र सुविधामुखी मानसिकताको विकास हुन थालेको थियो । स्वास्थ्य सेवालाई गाउँस्तरमा पुर्‍याउन चिकित्सा शास्त्रमा उच्च शिक्षा प्राप्त गरेकाहरु नै मुख्य रुपले व्यवधान खडा गर्ने गर्दथे । र, त्यसलाई स्वास्थ्य सेवाका नोकरशाहहरुको समर्थन प्राप्त थियो । स्वास्थ्य क्षेत्रमा तीव्र गतिले विकास गरीरहेको यो मानिसक्ताले विगतका उपलब्धीहरुलाई पनि मेटाउँदै जाने संभावना बढेको थियो । स्वास्थ्य क्षेत्र बाहेकका अन्य क्षेत्रहरुमा विकास गरिरहेका नोकरशाही मानसिकता विरुद्ध "महान सर्वहारा सांस्कृतिक क्रान्ति"को पृष्ठभूमि तयार हुन थालेको थियो । त्यतिबेला "जुन २६ को निर्देशन" को नामबाट प्रख्यात माओको वक्तव्य प्रकाशित भयो, जसले स्वास्थ्य मन्त्रालयको शहरप्रतिको अति लगावको कडा आलोचना गर्‍यो र चिकित्सा शिक्षा, शोध र प्रयोगमा व्यापक परिवर्तन ल्याउन आह्वान गर्‍यो । "चिकित्सा र स्वास्थ्य कार्यमा गाउँले क्षेत्रहरुमा ध्यान देऊ" भन्ने स्पष्ट निर्देशनका साथ त्यस महत्वपूर्ण वक्तव्य टुंगिएको थियो । सांस्कृतिक क्रान्तिको र त्यसको पूर्व. संन्ध्यामा निस्केको त्यस निर्देशनको महत्वमाथि प्रकाश पार्दै डा. सिडेल भन्छन्-

" यो निर्देशन र सन् १९६६-६९ को सांस्कृतिक क्रान्तिको परिणाम स्वरुप चिकित्सा क्षेत्रका थुप्रै कुराहरु पुर्नसंगठित गरिए । उच्च चिकित्सा शिक्षाका कलेजहरुले थोरै शिक्षा प्राप्त गरेका, तर कारखाना र कम्यूनहरुमा काम गरेका अनुभवी विद्यार्थीहरुलाई पनि भर्ना लिन थाले । यी विद्यार्थीहरुलाई ती जनताले चिन्दथे, जोसंग उनीहरुले काम गरेका थिए र जसलाई सेवा गर्न उनीहरु गाउँ फर्किने थिए । पाठ्यक्रलाई पुनर्संरचना गर्दै त्यसमा व्यवहारिक ज्ञानमाथि विशेष जोड दिइयो ... घुम्ति स्वास्थ्य टोलीलाई जनस्तरमा संगठित र परिचालित गरियो, शहरी स्वास्थ्य कार्यकर्ताले (Rotation)को आधारमा गाउँमा सेवा पुर्‍याउनु पर्ने भयो, जसले गर्दा एक समयमा एक तिहाई शहरी स्वास्थ्य कार्यकर्ताहरुले गाउँमा सेवा पुर्‍याईरहेका हुन्थे । र, उनीहरु त्यहाँ सेवा पुर्‍याउन मात्र होइन कि आफ्नो अनुभव-द्वारा पुनर्शिक्षित हुन पनि पठाइन्थे ।"

## "नांगा खुट्टे चिकित्सक"

परम्पराहरुलाई सचेत रुपमा चुनौति दिइरहेको त्यस उथलपुथलकारी समयमा थुप्रै किसानहरुलाई स्वास्थ्य समस्याबारे प्रशिक्षण दिईयो र ती किसान स्वास्थ्यकर्मीहरुलाई "नाँगा खुट्टे चिकित्सक" (Bare footed doctor)को नाम दिईयो र वास्तवमा यी "नाँगो खुट्टे चिकित्सक"हरुले प्राय: जुत्ता लगाएका हुन्थे तर उनीहरु सधैं गाउलेहरुकै माझमा रहने हुनाले र स्वास्थ्य कार्यबाट फुर्सद पाएको क्षण खेतिको काममा बिताउने भएकाले उनीहरुलाई यो नाम दिईएको थियो । शहरका कारखानाहरुमा पनि "नाँगो खुट्टे चिकित्सक" जस्तै "मजदूर चिकित्सक" प्रशिक्षित गरियो र तिनीहरुको चयन प्रक्रिया पनि नाँगो खुट्टे डाक्टर जस्तै जनताको माझबाट हुने गर्‍यो ।



गरीबीले ल्याउने कुपोषणको आधारभूत उपचार के हो ?

चीनको यो प्रयोग संसारभरि प्रख्यात भयो र थुप्रै देशले यो शिक्षालाई आफ्नो देशमा लागु गर्ने कोशिश गरे । हाम्रो देशमा पनि ग्रामीण स्वास्थ्य कार्यकर्ता र समुदाय स्वास्थ्य स्वयं सेविका सम्बन्धी नीति "नाँगो खुट्टे चिकित्सक"द्वारा अभिप्रेरित थिए र छन् । तर यहाँ त न तिनीहरुले समुदायको नै, न त सरकारको नै अपेक्षित सहयोग पाएका छन् ।

यसरी समाजको तल्लो पिंधबाट क्रमश: माथि माथि उठ्दै चीनको स्वास्थ्य सेवा प्रणालीलाई जनमुखी र गाउँमुखी बनाईयो । स्वास्थ्य तथा अन्य क्षेत्रमा चीनले देखाएको राजनैतिक प्रतिबद्धता र जननीतिको प्रयोगबाट २० वर्षमै चिनी जनताको स्वास्थ्य स्थितिले गुणात्मक फड्को मार्न सफल भयो । सन् १९६० को चीन अझै गरीब र प्राविधिक रुपले अल्प विकसित नै भएता पनि चीन भ्रमण गर्नेहरुले चिनी जनतालाई स्वस्थ र फुर्तिला पाए । कुपोषण, सरुवा रोग र गरीबिबाट उत्पन्न हुने स्वास्थ्य समस्याहरुको कुनै प्रमाण फेला पर्न सकेन । कम स्रोत र बिशाल जनसंख्याको भार बोकेर पनि श्रोतहरुको न्यायपूर्ण वितरण, जनशक्तिमाथि अटुट विश्वास र जननीतिको सफल प्रयोगबाट विकास हासिल गर्न सकिन्छ भन्ने सन्देश चीनले विश्वलाई दिएको थियो ।

स्वास्थ्य सेवामा क्रान्ति चाहने हामी तेश्रो विश्वका गरीब मुलुकहरुले चीनबाट सिक्नु पर्ने कुराहरु धेरै छन् र तिनीहरुको अझ गहिरिएर खोजि र छलफल हुनु पर्दछ भन्ने मलाई लाग्दछ ।

## "बजार समाजवाद" र नयाँ स्वास्थ्य समस्याहरु

यो लेखमा मैले माओकालीन चीनको अनुभवलाई नै केन्द्र बिन्दु बनाएको छु । वर्तमान चीन त्यस समयावधिको चीनभन्दा आधारभूत रुपले भिन्न हुँदै गईरहेको छ । अब त्यहाँ "बजार समाजवाद" (Market Socialism) को प्रयोग भईरहेको छ । "जनताको सेवा गर" जस्ता माओका आदर्श नाराहरुलाई तेङ सियाहो पिंङ को "सम्पन्न बन"(Get Rich) जस्ता "व्यवहारिक" नाराले विस्थापित गरेका छन् ।

आर्थिक बृद्धिदरमा आएको तीव्रताले यस नयाँ प्रयोगलाई न्यायोचित ठहर्‍याउने आधार प्रदान गरेको छ, तर विश्वका थुप्रै अर्थविदहरु त्यस प्रयोगलाई समाजवादी अर्थ व्यवस्था मान्न तैयार छैनन् । स्वास्थ्यको मापदण्डबाट हेर्ने हो भने कतिपय नियन्त्रणमा आइसकेका रोगहरु पुन: त्यहाँ स्वास्थ्य समस्याको रुपमा देखा परेका छन्, जस्तै- सिस्टोसोमिएसिस र यौन रोग । वेश्यावृति, अपराध, चोरी, ठगी र सामाजिक कुरीतिहरुमा तीव्र रुपले बृद्धि भएको छ ।

जनता र राज्यको सामुहिक प्रयत्नले निर्माण तथा संचालनमा हुने ठूला ठूला स्वास्थ्य योजनाहरु निजी प्रयत्न र लगानीद्वारा संचालित हुनु पर्ने बाध्यताले गर्दा तिनीहरु बन्द हुन पुगेका छन् । स्वास्थ्य क्षेत्रको व्यापारीकरण पनि द्रुत गतिले अघि बढिरहेको छ ।

शारीरिक, मानसिक र सामाजिक स्वास्थ्यको यस्ता केही बाहिर आएका तथ्यहरुको कसिमा घोटेर हेर्दा माओकालीन "गरीब" चीन आजको "सम्पन्न" चीनभन्दा बढी स्वास्थ देखिन्छ । र, नेपालको स्वास्थ्य समस्याको समाधान पहिल्याउन हाम्रो निम्ति "सम्पन्न बन" भन्ने नारा दिईरहेको चीन होइन, "जनताको सेवा गर" भन्ने चीनको अनुभव नै उपयोगी र सान्दर्भिक छ भन्ने मलाई लाग्दछ ।

**श्रोत :**


१. पार्क र पार्क, टेक्स्ट बुक अफ प्रिभेन्टिभ एण्ड सोसल मेडिसिन, भारत, १९८९, पेज- ९
२. डा. केन नैवेलद्वारा संकलित "हेल्थ बाई द पिपुल", जेनेभा, १९७५ मा प्रकाशित, पेज १-१२
३. माओत्सेतुङ, संकलित रचनाहरु
४. जोशुआ होर्न "चीनमा अंग्रेजी शल्य चिकित्सक" मन्थली रिभ्यु प्रेस, न्यूयोर्क, १९६९, पेज १२६



विशेष लेख

# स्वास्थ्य सेवा प्रत्येक नागरिकको घरदैलोमा पुऱ्याउने उपाय के ?

## "नाङ्गो खुट्टे डाक्टर"को धारणा

- डा. शरद वन्त

**चीनको यो सफलताबाट प्रभावित भएरै नै विश्व स्वास्थ्य संगठन (WHO)ले प्राथमिक स्वास्थ्य सेवाको धारणालाई सबैको लागि स्वास्थ्य उपलब्ध गराउने साधनको रुपमा सिद्धान्ततः स्वीकार गऱ्यो र आफ्ना सदस्य राष्ट्रहरुलाई स्वास्थ्य नीति यसै अनुरुप बनाउन आह्वान गऱ्यो**

स्वास्थ्य सेवालाई हामी कहाँ हुने खानेले मात्र किन्न सक्ने बस्तु बनाइँदै छ । पैसा छ, तपाईं उपचार गराउन सक्नुहुन्छ । पैसा छैन, तपाई बिनाइलाज मर्नु हुन्छ । अझ देशको कुना काप्चामा तपाई रहनुहुन्छ भने, त्यहाँ कुनै डाक्टर पुग्दैन । तपाईलाई रोग लाग्यो भने उत्तिकै पिल्सिएर मर्नु सिवाय केही उपाय रहँदैन ।

### यस धारणाको इतिहास र दर्शन

प्राथमिक स्वास्थ्य सेवाको धारणा यही समस्याबाट मुक्ति पाउन पैदा भएको हो । स्वास्थ्य सेवा सबै नागरिकले पाउनु पर्छ । स्वास्थ्य सेवा खालि धनवानले मात्र किन्न सक्ने बस्तु हुनुहुन्न, सबै नागरिकको अधिकारको कुरा हुनुपर्दछ, यो सर्वव्यापी र सर्व सुलभ हुनु पर्छ । देशको कुनै पनि कुनामा बस्ने मानिस किन नहोस्, उसले आधारभूत स्वास्थ्य सेवा पाउनु पर्दछ ।

प्राथमिक स्वास्थ्य सेवाको मूल सिद्धान्त यही हो ।

देश जति सुकै विकसित होस्, स्रोत र साधनको सीमा भईहाल्छ । तपाई देशको हरेक कुनामा एकैचोटि अस्पताल त बनाउन सक्नु हुन्न । न त विशेषज्ञहरु र अत्याधुनिक स्वास्थ्य सेवाको प्रविधि नै सबै ठाउँमा एकैचोटि उपलब्ध गराउन संभव हुन्छ । त्यो स्थितिमा सामाजिक न्याय र समानताको आधारमा देशको प्रत्येक भागमा स्वास्थ्य सेवा कसरी उपलब्ध गराउने ? कसरी कुनाकाप्चामा बसेका नागरिकहरुले समेत स्वास्थ्य सेवा प्राप्त गर्ने प्रबन्ध गर्ने ? यही समस्या हल गर्ने सिलसिलामा चीनमा क्रान्तिपछि "प्राथमिक स्वास्थ्य सेवा"को धारणा र "नांगो खुट्टा भएका डाक्टर"हरु (Bare Foot Doctor) को धारणा विकसित भयो । "ना ो खुट्टा भएका डाक्टर"हरु नै यस्तो उपाय थियो, जसमार्फत प्राथमिक स्वास्थ्य सेवा र स्वास्थ्य सम्बन्धी ज्ञान देशको कुना काप्चासम्म पनि पुऱ्याउनु संभव भयो, १०/२० वर्षमै चीनको स्वास्थ्य स्थितिमा कायापलट गर्न संभव भयो ।

चीनको यो सफलताबाट प्रभावित भएरै नै विश्व स्वास्थ्य संगठन (WHO)ले प्राथमिक स्वास्थ्य सेवाको धारणालाई सबैको लागि स्वास्थ्य उपलब्ध गराउने साधनको रुपमा सिद्धान्ततः स्वीकार गऱ्यो र आफ्ना सदस्य राष्ट्रहरुलाई स्वास्थ्य नीति यसै अनुरुप बनाउन आह्वान गऱ्यो । नेपाल लगायत थुप्रै विकासोन्मुख मुलुकहरुमा प्राथमिक स्वास्थ्य सेवाको सिद्धान्तलाई प्रयोगमा ल्याइयो । आज नेपालमा राज्यले जुन स्वास्थ्य नीतिको वकालत गरेको छ, त्यो यही सिद्धान्तमा आधारित छ । तुलनात्मक दृष्टिले हेर्ने हो भने हाम्रो देशमा भएका ४ हजारभन्दा बढी ग्रामिण स्वास्थ्य कार्यकर्ता (Village Health Worker) लाई चीनको (Bare Foot Doctor) संग दाज्न सकिन्छ ।

प्राथमिक स्वास्थ्य सेवाको धारणा त यसकारण एउटा स्वास्थ्य- दर्शन हो । आधारभूत स्वास्थ्य सेवा सबै नागरिकहरुले पाउनु पर्छ भन्ने स्वास्थ्य- दर्शनमा यो आधारित छ । कुनै जरुरी छैन कि- यो दर्शन सबै मुलुकमा एकै किसिमले लागु गर्नु पर्छ । अलग अलग मुलुकमा अलग अलग तरीकाबाट यो लागु हुन सक्छ ।

हाम्रो देशमा पनि प्रा.स्वा.से.त प्रयोग गरियो तर प्रा.स्वा.से.को नाममा केवल रोग रोकथाम (Prevention) को नारा दिइयो र रोकथामलाई पनि साँगुऱ्याएर खोपमा सीमित गरियो । त्यही खोप पनि अनुदान नआए संभव हुँदैन । त्यसैले नेपालमा प्राथमिक स्वास्थ्य सेवालाई स्वास्थ्य नीतिको रुपमा राज्यले स्वीकारेको र यसलाई लागु गरेको झण्डै १५ वर्ष पुग्न लाग्दा पनि आज बहुसंख्यक नेपालीको स्वास्थ्यको स्तर भने अस्वीकार्य रुपमा नै निम्न छ । यसर्थ, यो त भन्नै पर्छ कि- हाम्रो मुलुकमा प्रा.स्वा.से. नराम्रोसंग असफल भयो ।


### चीनको सफलताको रहस्य

तर चीनमा यो ज्यादै सफल रह्यो । यस्तो किन भयो?- यो सवालमा विचार विमर्श गर्न जरुरी छ ।

प्रत्येक दर्शन सफलतापूर्वक लागु हुनका लागि त्यो दर्शन अनुकूलको प्रतिबद्धता चाहिने हुन्छ, पद्धति चाहिने हुन्छ । आवश्यक प्रतिबद्धता र पद्धतिको अभावमा राम्रो भन्दा राम्रो दर्शन पनि व्यवहारमा लागु नहुने हुन्छ । चीनमा प्राथमिक स्वास्थ्य सेवा सम्बन्धी धारणा किन राम्ररी लागु हुन सक्यो भने, त्यहाँ यो लागु गर्ने सरकारमा र पार्टीमा राजनीतिक प्रतिबद्धता थियो र यो लागु गर्नको लागि चाहिने राजनीतिक पद्धति पनि त्यहाँ विद्यमान थियो । त्यसैले, त्यहाँ यो धारणा राम्रोसंग लागु हुन सक्यो ।

भारत र नेपालमा ती दुवै कुरा भईदिएनन् । न त सरकार र सत्तारुढ पार्टीमा यसको लागि आवश्यक राजनीतिक प्रतिबद्धता रह्यो, न राजनीतिक पद्धति नै यो लागु गर्नको लागि अनुकूल र सहायक रह्यो । त्यसको अभावमा यहाँ त्यही उन्नत दर्शन पनि सही तवरले लागु हुन सकेन ।

त्यसैले, यसको देखाएको छ- स्वास्थ्य सेवा सम्बन्धी सवाललाई अलग्गै रुपमा, फुट्टो रुपमा हेर्नु गलत हुन्छ । स्वास्थ्य सेवालाई सबैको निम्ति सुलभ र सबैको निम्ति प्राप्त बनाउने हो भने सामाजिक, न्याय र समानतामा आधारित स्वास्थ्य- दर्शन नै लागु गर्ने हो भने पनि- त्यसलाई आवश्यक पर्ने राजनीतिक पद्धति र प्रतिबद्धता पनि साथसाथै चाहिने हुन्छ । ती कुरा यथावत राखेर फगत स्वास्थ्य क्षेत्रमा मात्रै सामाजिक न्याय र समानता ल्याउन र स्वास्थ्य क्षेत्रमा मात्रै क्रान्ति ल्याउन संभव छैन ।



डा. वन्त

चीनको "नांगो खुट्टा भएका डाक्टर" को प्रयोगमा भएको अर्को महत्वपूर्ण कुरा थियो- जनताको सहभागिता र जनताको शक्तिकरण (Empowerment) को प्रक्रिया।

"नांगो खुट्टा भएका डाक्टरहरु" कुनै राज्यको तर्फबाट नियुक्त भएका डाक्टर थिएनन्। ती डाक्टरहरुको पारिश्रमिक स्थानीय समुदायबाटै दिइन्थ्यो। तिनको छनौट पनि स्थानीय समुदायबाटै हुन्थ्यो र ती स्थानीय समुदायप्रति नै उत्तरदायी हुन्थे। तिनले स्थानीय समुदायसंगै रहेर उनीहरुसंग काम गर्दै जनताको स्वास्थ्य चेतना जागृत गर्थे र आधारभूत स्वास्थ्य सेवा प्रदान गर्थे। जनताको सहभागितामा स्वास्थ्य चेतना जागृत गर्ने र स्वास्थ्य सेवा प्रदान गर्ने एवं बढाउने कार्य हुन्थ्यो। यसरी प्राथमिक स्वास्थ्य सेवा सम्बन्धी चिनियाँ धारणाको एउटा महत्वपूर्ण कडी थियो- जनताको सहभागिता र जनताको शक्तिकरणको प्रक्रियाद्वारा स्वास्थ्य सेवा। राज्यले त खालि सहयोगीको भूमिका खेल्थ्यो- आवश्यक तालिम प्रदान गरेर र आवश्यक न्यूनतम साधन र प्रविधि उपलब्ध गराएर। बाँकी सबै निर्णय गर्ने अधिकार जनताकै हुन्थ्यो।

## सोभियत संघको जीवन्त अनुभव


मैले सोभियत संघको स्वास्थ्य सुविधा सम्बन्धी स्थिति आफैंले हेरेको छु। त्यहाँको स्वास्थ्य सेवाको संरचना (Network) असाध्यै राम्रो थियो, संसारमा सबैभन्दा विकसित मध्ये एउटा थियो। प्रत्येक २००० जनसंख्याको लागि एउटा डाक्टरको प्रबन्ध गरिएको हुन्थ्यो। त्यो डाक्टरको सिफारिशमा विशेषज्ञहरुको सेवा उपलब्ध गराइने प्रबन्ध थियो। सबै स्वास्थ्य उपचार निःशुल्क थियो। प्रत्येक नागरिकहरुको स्वास्थ्यको रेकर्ड- एउटा जिम्मेवार डाक्टरसंग हुन्थ्यो। उसको सिफारिशमा देशको कुनै पनि साधन- सम्पन्न अस्पतालमा विशेषज्ञद्वारा नागरिकको गम्भीर रोगको उपचार हुन सक्थ्यो। यस्तो राम्रो प्रबन्ध थियो त्यहाँ। देशको कुना कुनासम्म स्वास्थ्य उपचार सेवा विस्तार गरिएको थियो।

तर यी सबै कुराको बाबजूद त्यहाँ एउटा कुरा भने मैले देखिन, त्यो हो- जनताको सहभागिता र शक्तिकरण (Empowerment) को प्रक्रिया। सबै कुरा राज्यले दिएको दानका रुपमा थियो। त्यसैले, जनतामा "यो त हाम्रै त हो नि" भन्ने अनुभूति थिएन। जनतामा "सबै निर्णय गर्ने हामी नै हौ नि" भन्ने शक्तिबोध थिएन। स्वास्थ्य सेवामा जनताको सहभागिता थिएन। त्यसको अभावमा त्यति राम्रो स्वास्थ्य सेवालाई पनि "यो त यस्तै त हो नि" भनेर (Taken for granted) लिने प्रवृति जनतामा थियो। संभवतः स्वास्थ्य मात्रै होइन, सबै कुरामा त्यहाँ यस्तो थियो।

त्यसैले, सोभियत समाजवादी राज्य राजनीतिक व्यवस्था ढल्ने बित्तिकै सारा कुरासहित गल्र्याम गुल्र्युम ढल्यो। यो दीगो रहन सकेन।

## चीनको नक्कल

माओकालीन चीनको प्रयोग यो भन्दा निकै फरक रह्यो। स्वास्थ्य सुविधा चीनमा पनि बढाइयो। सम्पूर्ण स्वास्थ्य उपचार निःशुल्क पारियो। तर सबैभन्दा मुख्य कुरा- स्वास्थ्य सेवालाई जनमुखी



पारियो। यसलाई जनताको सहभागिता र शक्तिकरणको प्रक्रियामा आधारित पारियो र यसरी यसलाई सर्व सुलभ पारियो।

भारत र नेपालमा चीनियाँ अनुभवको नक्कल गर्दै प्राथमिक स्वास्थ्य सेवा नीति लागु त गरियो। तर यहाँ पनि यो जन सहभागिता र जनताको शक्तिकरणको प्रक्रिया आधारित गरिएन। त्यसैले दुवै देशमा यो राम्ररी लागु हुन सकिरहेको छैन।

जनताको शक्तिकरणको लागि शासक प्रशासक सबैले आफूलाई अशक्तिकरण गर्नु पर्ने हुन्छ। अर्थात्, आफूमा रहेको शक्ति जनतामा स्थानान्तरण गर्दै लानु पर्ने हुन्छ। राज्यले जनताको आलोचनात्मक चेतना बढाउँदै लैजान भूमिका खेल्नु पर्ने हुन्छ। आलोचनात्मक चेतना भएका जनताले नै आफ्नो स्वास्थ्यको लागि यो यो चाहियो भनेर बोध गर्ने, त्यसको प्रबन्धको लागि संघर्ष गर्ने र आफ्नो पहलमा त्यसको व्यवस्था गर्ने स्थिति हुन्छ। त्यस्तो जनताको पहलमा भएका स्वास्थ्य विकासका कार्यहरु दीगो हुन्छन्। सरकारले दान र दया स्वरुप दिएका ठूला ठूला कुरा भन्दा जनताको आफ्नै पहल र सहभागितामा भएका साना उपलब्धीहरु बेसी दीगो र चीरस्थायी हुन्छन्। दानले निर्भरता ज्यूँ का त्यूँ बाँकी रहन्छ। स्व- पहल सहभागिताले आत्म निर्भरता बढ्दछ।

तर जनताको शक्तिकरणको प्रक्रिया थाल्न जनताप्रति अपार विश्वास र प्रतिबद्धता हुनुपर्‍यो। जनताको चेतनशीलता र आलोचनात्मकताप्रति भरोसा हुनुपर्‍यो। यहाँ त्यो नै भै दिएन। जनता सचेत भए भने सत्ताले खतरा महसूस गर्ने, जनतामा आलोचनात्मकता बढ्यो भने सत्ताले आफ्नो कुर्सी हल्लिएको ठान्ने स्थिति यहाँ रह्यो। त्यसैले, जनताको सहभागिता र शक्तिकरणको प्रक्रिया नै शुरु भएन यहाँ। अनि कसरी प्राथमिक स्वास्थ्य सेवाको प्रयोग सफल हुने? एक ट्याब्लेट ओखतीको लागि पनि केन्द्रमै मुख ताक्नु पर्ने स्थिति बनाई राखियो यहाँ, ता कि- सत्ता दयालु र कृपालु देखियोस्, जनताको आँखामा। जनतालाई हमेशा आफूप्रति निर्भर बनाईराख्ने, दयाको पात्र बनाईराख्ने प्रक्रियाबाट कहिल्यै जनताको शक्तिकरण हुन सक्दैन। जनताको शक्तिकरणको प्रक्रियाबिना प्राथमिक स्वास्थ्य सेवाको सिद्धान्त व्यवहारमा लागु हुन सक्दैन। यही कारणले नेपाल र भारतमा प्राथमिक स्वास्थ्य सेवाको प्रयोग सफल हुन सकिरहेको छैन।

## परम्परागत र अत्याधुनिक पश्चिमी औषधीको एकीकरण

चीनियाँ अनुभवको एउटा अर्को महत्वपूर्ण पक्ष हो- परम्परागत ओखती र अत्याधुनिक पश्चिमी ओखतीको एकीकरण र संश्लेषण। परम्परागत ओखतीबाट राम्रा कुराहरु जति लिंदै, नराम्रा कुराहरु छोड्दै र नपुग कुराहरु पश्चिमेली आधुनिक ओखतीबाट पूरा गर्दै त्यहाँ परम्परागत र आधुनिक ओखतीलाई एकीकृत गरियो। यसले स्वास्थ्य उपचारको क्षेत्रमा निकै ठूलो फेरबदल ल्यायो, निकै उल्लेखनीय प्रगति भयो। अक्युपंचर उपचार प्रणाली अहिले विश्वव्यापी रुपमा चर्चित छ। त्यो यसैको देन हो। चीनको लामो परम्परा छ, ओखतीको सम्बन्धमा। त्यो पुरानो परम्पराबाट असल कुराको एकीकरणको सिलसिलामा थुप्रै प्रभावकारी ओखतीहरु विकास भएका छन्- असाध्य रोगहरुको लागि।

हाम्रो यहाँ पनि परम्परागत र अत्याधुनिक ओखतीको एकीकरण आवश्यक छ। हामीसंग थुप्रै परम्परागत राम्रा ओखतीहरु छन्। जस्तो- सुत्केरीको बेला ज्वानु खानु, घरमा तुलसीको बोट रोप्नु, नीमले दाँत माझ्नु, भाँचिएको-ठोक्किएको बेला खयर लगाउनु आदि। यी वैज्ञानिक रुपले पनि राम्रा ओखती हुन्। तर एकीकरणको अभावमा यी प्रभावकारी परम्परागत ओखतीहरु बिर्सिंदै, खतम हुँदै जाँदैछन्। आयुर्वेदसंग पश्चिमेली ओखतीको एकीकरण हुन सकेमा थुप्रै असाध्य रोगहरुको उपचार संभव हुन सक्छ।

तर पश्चिमेली ओखती र आयुर्वेदलाई एकीकृत गर्नु पर्ने ठाउँमा एकले अर्कोलाई बैरीको रुपमा, निषेधकारीका रुपमा हेर्ने पद्धति यहाँ चलन चल्तीमा छ। यो गलत भएको छ। नयाँ स्वास्थ्य नीतिले पनि पश्चिमेली ओखती र परम्परागत ओखतीलाई एकीकृत गर्ने सोच ल्याएको छैन। आयुर्वेद र पश्चिमेली ओखतीलाई एकीकृत गर्ने भनेर आयुर्वेदका विद्यार्थीलाई पश्चिमेली ओखतीको कोर्स राखिएकोमा आयुर्वेद अभ्यास गर्ने उपयुक्त पूर्वाधार खडा नगरिनाले आयुर्वेदका मानिसहरु पनि पश्चिमेली ओखती नै अभ्यास गरिरहेछन्। हाम्रो दुःखान्त यही हो।

## नेपालमा कति उपयुक्त छ ?

यी सब हिसावबाट प्राथमिक स्वास्थ्य सेवाको धारणा नेपालमा र सबैजसो देशमा सान्दर्भिक र उपयुक्त हुन सक्छ। हाम्रो मुलुकमा पनि हामी सबै गाउँमा अस्पताल त बनाउन सक्दैनौं। विशेषज्ञहरु र अत्याधुनिक प्रविधिहरु सबै गाउँमा पुर्‍याउनु पनि संभव छैन। यो स्थितिमा सामाजिक, न्याय र समानताको आधारमा सबै नागरिकहरुले स्वास्थ्य सेवा प्राप्त गर्ने उपाय अर्को के छ त? मेरो विचारमा "नांगो खुट्टा भएका डाक्टर"को अवधारणा नै एक मात्र उपाय हो, प्राथमिक स्वास्थ्य सेवाको सिद्धान्त नै एक मात्र बाटो हो।

तर, फेरि पनि, यो बाटो अलग- थलग रुपमा अप्नाउन संभव हुँदैन। यसका लागि सरकारसित राजनीतिक प्रतिबद्धता चाहिन्छ। जनमुखी राजनीतिक पद्धति चाहिन्छ। ✧



**माओकालीन चीनद्वारा स्वास्थ्य सेवालाई जनमुखी पारियो। यसलाई जनताको सहभागिता र शक्तिकरणको प्रक्रियामा आधारित पारियो**

# के गणेशमानले यो पुरस्कार पाउनु उचित छ ?



हालै गणेशमानले संयुक्त राष्ट्र संघको मानव अधिकार पुरस्कार पाउनु भएको छ, जुन हरेक ५ वर्षमा ५ जना यस क्षेत्रमा योगदान गर्ने मानिसलाई दिइन्छ ।

गणेशमान नेपाली समाजको एउटा ऐतिहासिक काल खण्डमा नेपाली समाजको विकासको निम्ति केही योगदान गरेको मानिसको नाम हो । सबैलाई थाहा छ, गएको २०४६ सालको जन-आन्दोलनमा संसदीय पूँजीवादी प्रजातन्त्र ल्याउनका लागि उहाँको राम्रो योगदान रहेको थियो । उहाँलाई यही योगदानका लागि नै पुरस्कृत गरिएको भए यो धेरैको लागि निर्विवाद विषय बन्ने थियो ।

तर प्रत्येक सम्मानको एउटा ऐतिहासिक सन्दर्भ हुन्छ । र, मानव अधिकार पुरस्कारलाई पनि अहिलेको ऐतिहासिक सन्दर्भबाट अलग्याएर हेर्न मिल्दैन ।

गणेशमान कुनै एक्लो दुब्लो व्यक्ति होइन । उहाँ नेपाली कांग्रेसको शीर्षस्थ नेता हुनुहुन्छ र एकजना राजनीतिक व्यक्तित्व हुनुहुन्छ । अहिले उहाँकै पार्टी देशमा सत्तारुढ छ ।

मानव अधिकार भनेको फगत बोल्न, लेख्न, सडकमा निक्लिन र संगठित हुनु पाउने अधिकार होइन । यी अधिकारको अलावा काम, माम, वास, शिक्षा, लगायत झन् झन् पूर्ण रुपमा मानव भएर विकसित हुनुका लागि आवश्यक सबै अधिकारहरु मानव अधिकारमा पर्दछन् । सारमा मानव अधिकार भनेको मानिसको झन् झन् पूर्ण र मुक्त मानव भएर जिउने अधिकार हो ।

गणेशमानले अहिले मानव अधिकार पुरस्कार पाउनका लागि उहाँले अहिले नेपालीहरुको यो मानव अधिकारको प्राप्ति र विकासको लागि संघर्ष र योगदान गरिरहेको हुनुपर्‍यो । उहाँको पार्टीले यसको निम्ति अभियान छेडिरहेको र उहाँले त्यसको नेतृत्व गरिरहेको स्थिति हुनु पर्‍यो । तर अहिलेको मूल प्रश्न के हो भने वर्तमानमा गणेशमानले नेपालीहरुको मानव अधिकारको प्राप्ति र विकासका लागि त्यस्तो कुनै संघर्ष र योगदान गर्दै हुनुहुन्छ ? के उहाँको पार्टीले त्यस्तो संघर्ष र योगदान गर्दैछ ?

अहिलेको कटु वास्तविकता के हो भने- नेपालीहरु उहाँकै पार्टीको शासन अन्तर्गत झन् झन् अमानवीय दमन र जीवनस्थिति र अमानवीयकरणको प्रक्रियातिर गुज्रिरहेछन् । जनताको गरीबि र किन्ने क्षमतामा ह्रास उहाँकै सत्तारुढ पार्टीको आर्थिक नीतिका कारणले झन् झन् बढ्दैछ । उहाँकै पार्टीको नीतिका कारणले मजदूर र मोही निष्काशनको प्रक्रिया रहदैंछ र बेरोजगारी चुलिंदैछ । तर त्यो अमानवीयकरणको प्रक्रिया विरुद्ध खै उहाँको संघर्ष ?

आफ्ना जायज मानवीय मागका निम्ति शान्तिपूर्वक सडकमा निक्लंदा उहाँकै पार्टीको दुई वर्षे शासन कालमा जति निहत्था नागरिकहरु सरकारको गोलीद्वारा मारिए, त्यति ३० वर्षे पंचायती तानाशाही कालमा पनि मारिएका थिएनन् । हिरासतमा अमानवीय यातना दिएर आफ्नै विरुद्ध बयान दिन बाध्य गर्ने प्रक्रिया उहाँको पार्टीको शासनकालमा पनि उस्तै छ, जस्तो पंचायती एकतन्त्रमा थियो । तर आफ्नै सरकारको अमानवीय कार्यवाही विरुद्ध खै उहाँले चुइँक्क बोल्नु भएको ? उल्टो "गोलीको आँखा हुँदैन" भनेर उहाँले सरकारको जनहत्याका अमानवीय प्रवृत्तिलाई नै प्रोत्साहित गर्ने कार्य उहाँले गर्नु भएको देखियो ।

बलात्कार उहाँको पार्टीको शासनकालमा पहिलेभन्दा दोब्बर बढेको छ । दिन दहाडै महिलाहरु बालिकाहरुको समेत आबरु लुटिंदैछ । तर उहाँकै पार्टीको सरकारले अपराधीलाई दण्डित गर्नु त टाढाको कुरा बलात्कारमा बढावा मिल्ने श्रव्य दृश्य सामग्रीको उत्पादनलाई बढावा दिईरहेको छ । महिलाहरुले भोग्नु परेको यो अमानवीय सामाजिक अपराध र यसका कारकतत्व विरुद्ध खै गणेशमानको संघर्ष ?

यसरी अहिले उहाँको पार्टीकै शासन अन्तर्गत नेपालीहरुको अमानवीकरणको प्रक्रिया झन् तेज यो भएको छ । मानव अधिकार हननको हिसाबले पंचायती सत्ता र कांग्रेसी सत्तामा कुनै तात्विक भेद जनताले पाउनै सकिरहेका छैनन् । यो परिप्रेक्ष्यमा भतिजा दुर्गेशमानको पदस्थापनको लागि गणेशमानले आफ्नै पार्टीभित्र जति संघर्ष गर्नुभयो, त्यति मात्रै अमानवीकरणको यो प्रक्रिया विरुद्ध संघर्ष गर्नु भएको भए पनि उहाँले "मानव अधिकार पुरस्कार" पाउनु सार्थक हुने थियो । तर त्यत्ति संघर्ष पनि उहाँले गरेको देखिएन । यो सन्दर्भमा गणेशमानलाई यो पुरस्कार थाप्नै लाज हुनु पर्ने हो । र, संयुक्त राष्ट्र संघले वर्तमानमा मानव अधिकारको सबैभन्दा वेसी हनन गर्ने सत्तारुढ पार्टीको नेतालाई यो पुरस्कार दिन नै घिनाउनु पर्ने हो ।

अहिले विश्वव्यापी रुपमा साम्राज्यवादी-पूँजीवादीहरुले मानव अधिकारलाई फगत दल खोल्नु पाउनु र संसदीय प्रजातन्त्रसम्म सीमित गर्न खोजेका छन् । संगठित रुपमा महा- नाफा र लूटको साम्राज्य चलाउनको लागि पूँजीपति वर्गको लागि बहुदलीयता र ससदीय प्रजातन्त्र सबैभन्दा उपयुक्त व्यवस्था हो । त्यसैले उनीहरुले बहुदलीयता पूँजीवादी संसदीय प्रजातन्त्र ल्याउन योगदान गर्नेलाई पुरस्कृत गर्ने गरेका छन् । संयुक्त राष्ट्र संघ पनि अहिले साम्राज्यवादीहरुको एकलौटी कब्जामा गएको छ । त्यसले अहिले मानव अधिकार पुरस्कारले गणेशमानलाई पुरस्कृत गर्नुको कारण पनि यही हो ।

तर श्रमिक वर्ग र उत्पीडित आम जनसमुदायको लागि- बहुदल र संसदीय प्रजातन्त्र आउँदैमा मानव अधिकार मिल्दछ भने हुँदैन । उल्टो उनीहरु यस व्यवस्थामा पनि अर्को रुपमा तर उत्तिकै अमानवीकरणको शिकार हुन सक्दछन् । वर्तमान नेपाल आफैं त्यसको ज्वलन्त प्रमाण हो गणेशमानको पूँजीवादी वर्गीय सीमाले गर्न उहाँले संसदीय प्रजातन्त्र भन्दा अघि बढ्नु संभव भएन । तर उहाँ फगत बहुदलसम्म अघि बढ्नु भयो र त्यहीं रोकिनु भयो । तर आम नेपालीहरुले भने उहाँ जहाँ रोकिनु भया, त्यस व्यवस्थामा हिजो सरह नै अमानवीय शोषण, दमन, अन्याय र अमानवीकरणको प्रक्रिया भोग्दैछन् । त्यसैले श्रमिक वर्ग र आम जनताको लागि अहिले गणेशमानले मानव अधिकार पुरस्कार पाउनु उदेकलाग्दो कुरो भएको छ । ✧

**कांग्रेसी शासन कालमा सामाजिक अपराध कसरी बढ्दै छ ?**

| | २०४६।४७ साल | २०४८।४९ |
|---|---|---|
| जम्मा अपराध | ५४९९ | ८१३६ |
| ज्यान मार्ने अपराध | ३३६ | ४९२ |
| बलात्कार | ६७ | १३८ |
| पुरातात्विक चोरी | ३ | १३ |

स्रोत : महान्यायाधिवक्ताको प्रतिवेदन २०५०

# यो उपचुनावमा हाम्रो दायित्व के ?

चुनाव नजिकै आयो कि त्यस क्षेत्रका जनतालाई झूठा आश्वासन दिएर वा विकास निर्माणका योजनाहरु ओइर्‍याएर जनतालाई मूर्ख र भ्रमित बनाउने र त्यसका आधारमा चुनाव जित्ने प्रयत्न गर्नें यो चुनाव जित्ने पंचायती शैली थियो । यो शैली पछाडिको मुख्य सिद्धान्त हो -



भट्टराई

जनताको निम्न चेतना स्तरलाई आफू सत्तामा पुग्नका लीगि भर्‍याङ बनाउनु । पंचायत त गयो तर चुनाव लड्ने यो पंचायती शैली भने नेपालमा गएन । अरु त अरु, अहिले "प्रजातान्त्रिक समाजवाद" को प्रवक्ता कृष्णप्रसाद भट्टराई आफै काठमाडौं १ नं क्षेत्रको चुनावमा यो शैली प्रयोग गर्न लागिरहेका देखिन्छन् । कृष्णप्रसाद भट्टराई चुनाव लड्दै छन्, प्रधानमन्त्री गिरिजा १ नं. क्षेत्रमा विकास निर्माणका योजना यतिखेरै झटाझट थाल्न तोक लाउँदैछन् र गणेशमान अव भट्टराईले चुनाव जित्ने पक्कापक्की भएको घोषणा गर्दैछन् । क्या तादाम्यता देखिएको छ - कांग्रेसको सर्वोच्च नेतृत्वमा संस्कारको प्रश्नमा !

त्यति मात्र हैन, मतदाता नामावलीमा व्यापक हेराफेरि गरिएका सबूतहरु पनि प्रकाशित भइरहेछन् । मृत्यु भइसकेको विश्वेश्वर कोइराला, सुन्सरीका सांसद प्रकाश कोइराला पनि १ नं क्षेत्रको मतदाता पारिएको पाइएको छन् । विपक्षमा वास्तविक मतदाताहरुको लटका लट नाम गायव पारिएका छन् । चुनाव धाँधलीको यो भन्दा उदांगो रिहर्सल

अरु के हुन सक्छ ? यसले भरे चुनवामा के के हुनेछ - अहिल्यै एउटा स्पष्ट चित्र दिएको छ ।

अत्यन्त न्यूनस्तरका मानिसले स्वार्थवश - यस्तो पूर्वाभ्यास गरे भने - नेताहरुले उनीहरुलाई सांस्कृतिक रुपले सही बाटो देखाउन प्रयत्नशील हुनुपर्ने । तर यहाँ त एउटा पार्टीका सर्वोच्च नेताहरु आफै सत्तास्वार्थ- अन्धताको कारणले अनैतिक बाटोको चयन गर्दै छन् । उनीहरुलाई अब कसले बाटो देखाउने ? देशको सर्वोच्च सत्तामा त्यस्ता नेताहरु विराजमान भए पछि देश कस्तो हुने ? फर्जी मत र धाँधलीको आधारमा चुनाव जित्न खोज्ने यी नेताहरु जितेमा जनताप्रति कसरी उत्तरदायी हुने ?

चुनाव लड्ने यो शैली फगत कांग्रेसमा मात्र छ, वास्तविकता यो होइन । गैर कांग्रेसीहरुले पनि यस्तो शैली अभ्यास गरेको यदाकदा देखिने गरेको छ । जो सुकैबाट अभ्यास होस्, चुनाव लड्ने यो



विद्या पाण्डे

गैरजनमुखी पंचायती शैली निन्दनीय छ । यसलाई निरुत्साहित पार्नु र यसको विरुद्ध संघर्ष गर्नु जरुरी छ ।

पूंजीवादी संसदमार्फत् शोषण र अन्यायबाट श्रमिक र उत्पीडित जनताको मुक्ति संभव छैन । यो त नेपालको अहिलेकै पूंजीवादी संसदको अनुभवबाट देखिदैछ । पूंजीवादी संसदीय प्रजातन्त्रमा पनि प्रजातन्त्र त पूंजीपतिहरुको लागि मात्रै हुन्छ, आम मजदुर र किसानको निम्ति त यसमा पनि तानाशाही नै तानाशाही मात्र हुन्छ । यो नेपालको संसदीय प्रजातन्त्रले पनि दोहरिरहेको छ । तथापि बहुसंख्यक आम जनतामा संसदप्रतिको भ्रम र आधार खतम भइसकेको देखिन्न । यस स्थितिमा वहुसंख्यक जनताबाट नकट्ने हो भने समाजका प्रगतिशील सामाजिक शक्तिले यो उपचुनावमा पूंजीवादी संसदको सीमा बारे र संसदको निषेधको आवश्यकता बारे बुझाउन र प्रतिक्रियावादीलाई चुनावमा पराजित गर्न सक्रिय भूमिका निभाउनु पर्ने हो । अहिलेको स्थितिमा वहिष्कार, असहभागिता वा निष्क्रीयताले वहुसंख्यक जनताबाट कुट्ने र जम्मामा प्रतिक्रियावादी-लाई मात्र फाइदा पुग्ने स्थिति हुनेछ । ✧

# माओप्रति घृणा जगाउने बी.बी.सी.को यो दुष्प्रयत्न

चीनमा र विश्वभरी सर्वहारा वर्गका नेता माओ जे डोडको जन्मशताव्दी मनाइरहेको यस बेला बी.बी.सी. टेलिभिजनले भने माओप्रति घृणा जगाउने उद्देश्यले एएटा डकेमुन्टरी फिल्म गएको पुस ५ गते सोमवार प्रदर्शित गरेको छ । १ घण्टा लामो त्यस डकुमेन्टरी फिल्ममा माओलाई १६ देखि २० वर्षका थुप्रै तरुणी केटीहरुसित समूह संभोग गर्ने "यौन पिपासु सम्राट" ठहऱ्याउन खोजिएको छ । फिल्मका यो कुराको साक्षीका रुपमा डा. लीलाई पेश गरिएको छ । बी.बी.सी.का अनुसार उनी १९५४ देखि १९७६ सम्म माओका निजी डाक्टर थिए र अहिले १९८६ देखि अमेरिकाको शिकागोमा बस्छन् । डा. ली भागेर गएका चीनियाँ नागरिक हुन् ।

यो फिल्म प्रदर्शन नगर्न चीनियाँ विदेश मन्त्रालयले व्रिटीश सरकार र बी.बी.सी.लाई पहिले नै अनुरोध गरेको थियो । "स्वर्गीय अध्यक्ष माओ चीनियाँ जनताद्वारा अत्यन्त स्नेह गरिएका र विश्वद्वारास सम्मानित महान् ऐतिहासिक व्यक्तित्व हुनुहुन्छ । उहाँ विरुद्ध इर्ष्यापूर्ण र भूठा व्यक्तिगत आरोप लगाइनुबाट उहाँको ऐतिहासिक प्रतिष्ठा घट्दैन, बरु त्यस टी.भी. फिल्मका निर्माताहरुको पत्रकारिताको नैतिकता ह्रास हुनुको साथै चीन र चीनियाँ जनता प्रति वैमनस्यता प्रतिबिम्बित हुन्छ ।" विदेश मन्त्रालयका प्रवक्ताले फिल्म प्रदर्शनलाई टिप्पणी गर्दै भनेको थियो ।

तर ब्रिटीश सरकार र बी.बी.सी.ले यो अनुरोध स्वीकार गरेन । उसले त्यो दिन त प्रसारण गऱ्यो, गऱ्यो, अब अर्को त्यस्तै किसिमको फिल्म पुस १० गते पनि प्रसारण गर्ने भएको छ ।

फिल्मको प्रसारणपछि चीनियाँ विदेश मन्त्रालयले तीव्र प्रतिक्रिया जनाएको छ र यसको विरुद्धमा जवाफी कार्यवाही गर्ने धम्की दिएको छ । विदेश मन्त्रालयले भनेको छ - "यो प्रसारणबाट पैदा हुने सम्पूर्ण परिणाम प्रति बी.बी.सी. आफै जिम्मेदार हुनेछ । यसको



प्रसारणबाट चीनियाँ जनताको भावनामा चोट पुगेको छ ।"

त्यसो त साम्यवादी खेमा र यस खेमाका नेताहरुको बदनाम गर्ने बी.बी.सी. यो नै पहिलो प्रयत्न होइन । बी.बी.सी. तथ्यपूर्ण र निष्पक्ष समाचार दिन्छ भनेर जतिसुकै प्रचार गरे पनि बी.बी.सी.को स्थापनाको घोषित उद्देश्य हेर्ने हो भने त्यसको एउटा मूलभूत उद्देश्य रहेको छ - साम्यवादको विरुद्ध विश्वजनमत तयार पार्नु । यो उद्देश्य हासिल गर्न काम गर्ने भएकाले बी.बी.सी. साम्यवादी खेमाको सन्दर्भमा निष्पक्ष र तथ्यपूर्ण रहन सकेको छैन । जनमत तयार पार्न यसले यदाकदा भूठमूठ र पक्षपातपूर्ण बाटो लिने नै गरको छ । अहिलेको माओको जीवन सम्बन्धी भूठो फिल्म पनि त्यसैको एउटा नमूना हो ।

यो घटना अलिकति पनि सत्य थियो भने र बी.बी.सी. सित नैतिकता र साहस थियो भने यो फिल्म उसले माओ जीवित हुँदाखेरि नै प्रदर्शित गर्ने आँट गर्न सक्नु पर्थ्यो। त्यो स्थितिमा यसको असत्यता बारे माओबाट खण्डन हुन संभव हुन्थ्यो । तर माओ जीवित हुञ्जेल यस बारे चुँक्क नबोलेर माओको मृत्यु पछि यो फिल्म बनाएको छ र यसैबाट यो प्रस्तुति असत्यतामा आधारित छ भन्ने देखिन्छ । साथै यो प्रस्तुतिमा बी.बी.सी.ले सरकारले अन्यायपूर्ण र अनैतिक आक्रमणको बाटो समातेको छ पनि भन्न सक्छ - किनकि आक्रमण त्यतिखेर त्यसमाथि भएको छ - जतिखेर प्रतिरक्षा गर्ने मान्छे नै मैदानमा उपस्थित छैन । यो त मैदानबाट निहत्था मान्छेमाथि पिठ्यूंबाट तोप पड्काउनु जस्तो भएन र ? ✧

---

माओको १०० औं जन्म दिवसको उपलक्ष्यमा

## माओका केही मननयोग्य भनाइहरु :

### आफ्नो इच्छा जनतामाथि लाद्ने हैन, जनताको आवश्यकता र इच्छा मुताविक काम गर

हाम्रो संस्कृति एउटा जन संस्कृति हो, हाम्रा सांस्कृतिक कर्मीहरुको ठूला उत्साह र लगनकासाथ जनताको सेवा गर्नु पर्छ, र तिनीहरुले आफूलाई जन समुदायसित जोड्नु पर्छ, जनसमुदायबाट आफूलाई अलग्याउने होइन । त्यसो गर्नका लागि, उनीहरुले जनसमुदायको आवश्यकता र इच्छा मुताविक काम गर्नु पर्छ ।

जनसमुदायको लागि गरिने सबै कार्य उनीहरुको आवश्यकताबाट थालिनु पर्छ, कुनै व्यक्तिको आकांक्षा मुताविक हैन, चाहे त्यो आकांक्षा जतिसुकै राम्रो नियतको किन नहोस् । प्रायः के हुने गर्छ भने बस्तुगत रुपले जनसमुदायको लागि कुनै परिवर्ननको आवश्यकता छ, तर मनोगत रुपबाट उनीहरु अहिल्यै यस आवश्यकताप्रति सचेत छैनन्, उनीहरु अझै परिवर्तनको निम्ति इच्छुक र कटिबद्ध छैनन् । यस्तो स्थितिमा, हामीले धैर्यपूर्वक पर्खनु पर्छ ।

हाम्रा कामहरुद्वारा बहुसंख्यक जनसमुदाय त्यस आवश्यकताप्रति सचेत नबनेसम्म, त्यसलाई कार्यान्वयन गर्नका लागि इच्छुक र कटिबद्ध नबनेसम्म, त्यो परिवर्तन ल्याउने काम गर्नु हुन्न । नत्र हामीले आफूलाई जनताबाट अलग्याउने छौं ।

जबसम्म जनसमुदाय सचेत र इच्छुक हुँदैन, तबसम्म उनीहरु सामेल हुनु पर्ने कुनै पनि काम फगत औपचारिकतामा परिणत हुनेछ र असफल हुनेछ । "हतारोको काम लतारो" भन्ने जुन भनाइ छ त्यसको मतलब हमीले छिटो छिटो काम गर्नु हुन्न भन्ने होइन, त्यसको मतलब त हामीले पर्याप्त चिन्तन मनन बिना हतारोमा काम गर्नु हुन्न भन्ने हो, हतारोले हामीलाई असफलतारित डोरयाउँछ भन्ने हो । यो कुरा सबै किसिमको काममा लागु हुन्छ .... ।

यहाँ दुइटा नियमहरु छन् : एउटा हो, जनताको वास्तविक , नकि हामीले उनीहरुको निम्ति कल्पना गरेको आवश्यकता । अर्को हो जन समुदायको इच्छा, जन समुदायले आफ्नो संकल्प आफै गर्नु पर्छ, न कि हामीले आफ्नो संकल्प उनीहरु माथि लाद्नु ।

*सांस्कृतिक कार्यमा संयुक्त मोर्चा, माओको संकलित रचनाएँ, हिन्दी, ग्रन्थ३, पेकिङ, १९७५, पृष्ठ ३३४ बाट*

✧

## उत्तर कोरियामाथि अन्यायपूर्ण दवाव

संयुक्त राष्ट्र संघको मध्यस्थतामा उत्तर कोरियाको आणविक हतियार निर्माण गर्ने सुविधाहरुको निरीक्षण गर्ने सम्बन्धमा कुराकानी गर्ने अमेरिकाको प्रस्तावलाई उत्तर कोरियाले अस्वीकार गरेको छ। यसबारे अहिले उत्तर कोरिया सिधै अमेरिकासंग वार्ता गर्न चाहन्छ, अरु कसैको मध्यस्थता चाहँदैन- उत्तर कोरियाका विदेश मन्त्री किम योङ्ले भनेका छन्।

अहिले संयुक्त राष्ट्र संघका महासचिव बुत्रोस बुत्रोस घाली उत्तर कोरिया गएका छन्। त्यहाँ उनको राष्ट्रपति किम इल सुंगसंग उत्तर कोरियाली आणविक सुविधाहरुको निरीक्षण बारे कुराकानी भएको छ।

उत्तर कोरियाले आफ्ना आणविक सुविधाहरुको निरीक्षण गर्न नदिए उसमाथि आर्थिक नाकाबन्दी लगाइने र त्यो पनि नमाने आक्रमण गरिने धम्की हालै अमेरिकाले दिएको छ। यो धम्कीको चीन र रुसले विरोध गरेका छन्। तर अहिले सम्पूर्ण पश्चिमेली पत्रपत्रिका र सचार माध्यमहरु लगातार उत्तर कोरिया विरुद्ध युद्धको लागि जनमत तयार पार्ने सामग्री प्रचार गरिरहेछन्। ती सामग्री हेर्दा प्रतीत हुन्छ कुनै बाधा आई नलागेमा पश्चिमी साम्राज्यवादले छिटै उत्तर कोरिया विरुद्ध सशस्त्र धावा बोल्नेछ। समाजवादको झण्डा उचाल्दै अघि बढिरहेको उत्तर कोरिया साम्राज्यवादीहरुको लागि घाँटीको काँढा सरह भएको छ।

विश्वलाई कैयन पटक ध्वस्त गर्न पुग्ने आणविक हतियार अमेरिका स्वयंसित छ। उसले त्यति धेरै आणविक हतियार थुपार्दा विश्वलाई किन खतरा नहुने? उत्तर कोरियाले एकाध आणविक हतियार बनाउन खोज्नासाथ किन खतरा हुने? यो बुझ्न नसकिने कुरा भएको छ। आणविक हतियार दक्षिण कोरियासंग पनि छ भन्ने कुरा पेण्टागोनका दस्तावेजहरुबाट देखिन्छ। जापानले पनि आणविक हतियार नै बनाउनका लागि १६ टन प्लुटोनियम थुपारिसकेको छ। यी सबै कुरामा अमेरिकाको आपत्ति छैन। तर उत्तर कोरियाको आणविक तयारी-लाई मात्र अमेरिकाको किन आपत्ति?

यस हिसाबले अमेरिकी दवाव सरासर अन्यायपूर्ण छ। जसरी अमेरिकालाई आफ्नो रक्षाको लागि सबै किसिमका हतियार बनाउने हक छ, त्यस्तै हक उत्तर कोरियालाई पनि हुनु पर्छ। निरीक्षणको कुरा गर्ने हो भने के अमेरिकी आणविक सुविधाको निरीक्षण गर्न दिन अमेरिका तयार छ? ऊ तयार छैन भने,उसलाई अरुको निरीक्षण गर्ने पनि कुनै हक छैन?

अहिले उत्तर कोरिया विश्वमा एक्लो परेको छ। फगत समाजवादी भए वापतत्यसको गला रेट्ने अमेरिकी साम्राज्यवादको तयारी भईरहेको छ। यसको विरुद्ध सशक्त आवाज उठाउनु विश्वका सबै न्यायप्रेमी जन समुदाय र शक्तिहरुको अहिलेको कर्तव्य भएको छ। सशक्त विश्व जनमत नै अमेरिकी साम्राज्यवादको मनपरीतन्त्रलाई छेक्ने एक मात्र प्रभावकारी हतियार हो। ✧

## के इटालीको आकाशमा पनि रातो तारा चम्कँदैछ ?

### रोम, नेपल्स, भेनिस र जेनोवा लगायत थुप्रै शहरमा वामपन्थीहरुको विजय !

इतिहासमा प्रसिद्ध रोमन सभ्यताका लागि चर्चित तर वर्तमानमा राजनीतिक भ्रष्टाचार र माफियागिरीका लागि चर्चित यूरोपीय पूंजीवादी देश इटालीमा पनि वामपन्थी शक्तिहरुले शानदार विजय हासिल गरेका छन्। नवनाजी एवं फासिष्ट शक्तिहरुका साथै राजनीतिक भ्रष्टाचारमा डुबेका पूंजीवादी पार्टीहरुलाई नराम्ररी हराई यसरी उनीहरुले स्थानीय निकायहरुमा रातो झण्डा फहराएका छन्।

इटालीमा भर्खरै सम्पन्न नगरपालिका प्रमुखहरु (मेयरहरु) का साथै अन्य स्थानीय निकाय प्रमुखहरुको निर्वाचनमा इटालीको वामपन्थी पार्टी - डेमोक्रेटिक पार्टी अफ द लेफ्ट (PDS) ले ऐतिहासिक शहर रोम, नेपल्स, भेनिस र जेनोवा लगायतका थुप्रै शहरहरुमा सफलता प्राप्त गरेको छ।

वामपन्थी शक्तिको यस विजयले सबैभन्दा ठूलो आघात सत्तासीन पूंजीवादी पार्टीलाई परेको छ। "प्रजातन्त्रवादी" र "समाजवादी" को बिल्ला भिरेर चार दशक भन्दा अगाडिदेखि निरन्तर रुपमा पूंजीपति वर्गको तानाशाही शासन चलाउँदै आएका क्रिश्चियन डेमोक्रेट्स र समाजवादी पार्टी यसरी पराजित हुँदै गयो भने त्यसले आउँदो वर्ष हुने आम चुनावको क्रममा सरकारबाटै हात धुनुपर्ने र वामपन्थीहरुलाई सत्ता सुम्पनु पर्ने निश्चित देखिन्छ।

गत कार्तिक ६ गते भएको इटालीका ४०० शहरहरुका स्थानीय निकायहरुको प्रथम चरणको चुनावमा वर्तमान अन्तरिम सरकारका प्रधानमन्त्री कार्लो अजेग्लीयो चियाम्पीको नेतृत्वमा गठन गरिएको ४ वटा क्रिश्चियन डेमोक्रेट्स र समाजवादी पार्टीहरुको संयुक्त मोर्चा १४% मत मात्रै पाउन सफल भएको थियो, जबकि १९९२ को अप्रिलमा सम्पन्न आमचुनावमा यसले ४८% मत प्राप्त गरेको थियो।

यसरी सत्तासीन पार्टी र पार्टी नेतृत्व भ्रष्टाचारमा डुब्दै गएको कारणले पराजीत हुँदै गएको स्थितिमा प्रमुख प्रतिपक्षी पार्टीको भूमिका खेल्दै आएको, पहिलेको इटालियन कम्युनिष्ट पार्टी र वर्तमानमा आफ्नो नाम परिवर्तन गरी डेमोक्रेटिक पार्टी अफ लेफ्ट (PDS) ले कार्तिक २० मा सम्पन्न दोस्रो र अन्तिम चरणको चुनावमा यसरी निर्णायक सफलता हासिल गरेको हो। यस चुनावी परिमाणले स्पष्ट संकेत गरेको छ - इटालीवासीहरु क्रिश्चियन डेमोक्रेट्स र समाजवादी पार्टीहरुको भ्रष्ट राजनीति र अनैतिक राजनीतिज्ञहरुको ४ दशक भन्दा लामो शासनबाट वाक्कदिक्क भएका छन्। पूंजीपति वर्गको तानाशाही शासनलाई चलाउन र मजबूत पार्नका लागि प्रजातन्त्रवादी र समाजवादी जस्ता सुन्दर र जनप्रिय शब्दको खोल ओढेर सत्तासीन भइरहेका पूंजीवादी शक्तिहरुका नेतृत्वबाट जनता वाक्कदिक्क हुनु - पूंजीवादी प्रजातन्त्रप्रति नै जनवितृष्णा हुनुको स्पष्ट संकेत हो।

नग्न पूंजीवाद, "प्रजातन्त्रवादी र समाजवादी" हरुको उदार, खुला र बजार अर्थतन्त्ररुपी अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको शोषणतन्त्रप्रति इटालीका जनताको


इटालियन कम्युनिष्ट नेता

वितृष्णाबाट फाइदा लिन दौडेका नवनाजी र फासिष्ट शक्तिहरुलाई पनि यस चुनावी परिणाम अनुसार जनताले स्वीकारेको संकेत दिएको छैन। स्मरणीय छ, सत्तासीन पूँजीवादी पार्टीहरुको नग्न पूंजीवादीकरणको विरोध गर्दै अन्ध राष्ट्रवादी नारा दिंदै अगाडि बढेको, इटालीयन सोसियल मुभमेन्ट (MSI) जस्तो नवनाजी र फासिष्ट शक्ति नेपल्स लगायत थुप्रै शहरमा नराम्ररी पराजित भएको छ। स्मरणीय छ, यस पार्टीको नेतृ अलेक्जाण्ड्रा मुसोलिनी हुन्, जो दोस्रो विश्व युद्धका एक सूत्रधार वेनितो मुसोलिनीकी नातिनी हुन्।

नेपल्स शहरको मेयर पदमा पराजीत भएपछि अलेक्जान्ड्रा मेसोलिनीले पराजय स्वीकारी, पुनः त्यस पदमा पछि उठ्ने दृढता देखाउँदै भनेकी छिन् - "म हारें, रातो झण्डावालाहरुले जिते। तर मैले आफ्नो महत्वाकांक्षा छोडेकी हुइन्, अर्को पटक फेरि कोशिस गर्नेछु।" यस्तै क्षेत्रीय शक्तिको रुपमा देखापरेको संघवादी नर्दनी लीग आफ्नो प्रभाव भएको इटालीको अति धनी उत्तरी क्षेत्र मिलान, जेनोवा र भेनिस शहरमा वामपन्थी शक्तिबाट पराजित भएको छ।

वामपन्थी शक्तिको यस विजय पश्चात् रोम, निपल्स लगायत देशका सम्पूर्ण शहरका सडकहरुमा जनताले राता झण्डाहरु लिइ जुलुस प्रदर्शन गरेका छन्। वामपन्थी कार्यकर्ता र जनताले सडक सडठकमा नाची गाई आफ्नो विजयको खुशी प्रकट गरेका छन्। जनप्रदर्शनलाई संबोधन गर्दै डेमोक्रेटिक पार्टी अफ द लेफ्ट (PDS) का नेता एशिले ओचेतोले भनेका छन् - "आजको दिन महान दिन हो। आज वामपन्थीहरुले ऐतिहासिक सफलता प्राप्त गरेका छन्। यो विजय १९७५ को विजय भन्दा पनि महत्वपूर्ण छ।"

स्मरणीय छ, यस वामपन्थी पार्टीको पूर्व रुप इटालीयन कम्युनिस्ट पार्टीले १९७५ को आम निर्वाचनमा दशकौं अगाडिदेखि सत्तासीन आफ्ना प्रतिद्वन्द्वी तथा राजनीतिक भ्रष्टाचारको आरोपले ग्रस्त क्रिश्चियन डेमोक्रेसलाई झण्डै पछारेको थियो। त्यसबेलादेखि प्रमुख प्रतिपक्षीको भूमिका खेलिरहेको कम्युनिस्ट पार्टीले विगतका निर्वाचनहरुमा पनि सफलता प्राप्त गर्दै आएको थियो। यस पटकको सफलतालाई पनि इटालीदेखि लिएर विश्व भरका शासक र शासितहरुले आ-आफ्नो दृष्टिकोण अनुसार विश्लेषण गर्न खोज्दैछन्। कसैले "इटालीका मेयरहरु राता छन्" भनेका छन्, त कसैले यो विजय प्रगतिशील, कसैले प्रतिगामी, कसैले अर्थ न बर्थको भनी विश्लेषण गरेका छन् त कसैले यसलाई इटालीको आकाशमा पनि रातो तारा चम्कन खोजेको संकेतका रुपमा लिएका छन्।

यी सबैको विश्लेषणका लागि यस विजयी वामपन्थी पार्टीको ऐतिहासिक विकास क्रम र वर्तमानमा त्यसका क्रियाकलाप र विचारहरुलाई नियालेर हेर्नु जरुरी हुन्छ।

विगतमा सोभियत संघको कम्युनिस्ट पार्टीले क्रान्ति निर्यात गर्ने र आफ्नो नोकरशाही समाजवादी मोडललाई सार्वभौम गर्ने आफ्नो सोचाईलाई अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमाथि लाद्न खोजेको थियो। यस प्रभुत्ववादी सोचको विद्रोहमा र प्रजातान्त्रिकीकरण गर्ने अतिमोहका कारणले इटालीयन कम्युनिस्ट पार्टीले यूरो कम्युनिज्मको सिद्धान्त अगाल्यो, जसको परिणति स्वरुप त्यसले पनि सर्वहारावर्गको अधिनायकत्व र क्रान्तिको अनिवार्यतालाई अस्वीकार गरेर त्यो पार्टी अर्को संशोधनवादी खाडलमा खस्न पुगेको थियो।

यी सबका बाबजूद पनि नवनाजी, फासिष्ट र नग्न पूंजीवादी शक्तिहरुको विरुद्धको संघर्षको नेतृत्व गरिरहेको कारणले लोकप्रिय भएको यो कम्युनिस्ट पार्टीले संसदीय निर्वाचनमा प्रमुख प्रतिपक्षीको भूमिका खेल्दै आइरहेको थियो। गत केही वर्ष अगाडि, बर्लिनको पर्खाल ढलेपछि विश्वभरि चलेको पूंजीवादी प्रजातन्त्रको तूफानमा परी यस कम्युनिस्ट पार्टीले पनि आफ्नो नाम र काम दुवैमा परिवर्तन गरी डेमोक्रेटिक पार्टी अफ द लेफ्ट (PDS) नामाकरण गरेको थियो।

यस वामपन्थी पार्टीले पनि वर्तमान निर्वाचनको विजय पश्चात् बजार अर्थतन्त्र र पूंजीवादी सुधारको निरन्तरताको पक्षमा वकालत भने गर्न थालेको छ। वामपन्थी शक्तिहरुले भविष्यमा आउने आफ्नो शासनलाई टिकाउन चतुऱ्याईपूर्वक कार्यनीतिक रुपमा यस पक्षधरता अप्नाएका हुन् कि भन्ने धारणा धेरैको रहेको देखिन्छ। तर यथार्थमा PDS ले बजार अर्थतन्त्र र पूंजीवादी सुधारको निरन्तरतालाई कार्यनीतिक नाराकै मात्र रुपमा लिएको भने देखिन्न।

जे भए तापनि, आउँदो वर्षको शुरुमै हुने आमचुनावको लागि पार्टीहरुको लोकप्रियता र शक्तिको परीक्षाको रुपमा लिइएको यस चुनावी परिणामबाट स्पष्ट देखिएको छ - डेमोक्राटिक पार्टी अफ द लेफ्टले आउँदो वर्षको आमनिर्वाचनमा सफलता प्राप्त गरी वामपन्थी शासन चलाई इटालीको आकाशमा रातो तारा चम्काई छोड्ने छ, तर त्यस ताराको रातोपन गाढा हुनेछ अथवा यो रातोपन नाम मात्रको हुनेछ, त्यो भने हेर्नु बाँकी नै छ। ✧

# वर्तमानबाट आक्रोशित रूसी जनता भविष्यप्रति अन्यौल

# रुस फेरि कता जाँदैछ ?

श्याम श्रेष्ठ



भ्यादीमीर झिरिनोभ्स्की



नयाँ जारशाही येल्तसिन

## ताजा परिणाम

चर्को दमन र राज्यशक्तिको व्यापक दुरुपयोगको बाबजूद हालै भएको संसदीय चुनावमा- तानाशाह बोरीस येल्तसिनको समर्थक प्रार्टी- "रुसको छनौट (Russia's Choice) नराम्ररी हार्‍यो । पुष ५ सम्मको ताजा परिणाम अनुसार यसले १५.७ प्रतिशत मत मात्र पाउन सकेको छ ।

यो भन्दा धेरै अगाडि र पहिलो स्थानमा भ्यादीमीर झिरिनोभ्स्कीको उदार प्रजातन्त्रवादी पार्टी रहेको छ, जसले २३.२ प्रतिशत मत प्राप्त गर्न सफल भएको छ । फेरि पहिलेकै शक्तिशाली र विशाल सोभियत संघ जन्माउनु पर्छ भन्ने मुख्य नारामा चुनाव लडेको पूँजीवादी राष्ट्रवादीहरुको यो दलको शानदार विजयको सम्पूर्ण पश्चिमेली साम्राज्यवादी मुलुकहरु पूर्वी यूरोप र सोभियत संघबाट छुटेका गणराज्यहरुलाई नराम्ररी झस्काएको छ । उनीहरु त्रस्त छन्- यो सत्तारुढ भयो भने कतै पहिलेको सोभियत संघ नै जन्मिने त हैन ?

तेस्रो स्थान रुसी कम्युनिष्ट पार्टीले ओगटेको छ । सुधारवादीका पक्षधर गेन्नाडी युगानोभले नेतृत्व गरेको यो पार्टीले संसदीय चुनावमा ११.९ प्रतिशत मत ल्याएको छ । छेकथुन र व्यापक दमनको परिप्रेक्ष्यमा पनि रुसी कम्युनिष्ट पार्टीको झण्डै सत्तारुढ शासकहरूको दलको हाराहारीमा मत ल्याउनु रुसको वर्तमान सन्दर्भमा उल्लेखनीय घटना भएको छ ।

चौथो र पाँचौ स्थान ल्याउने येल्तसिन विरोधी दलहरु एग्रीगीयन पार्टी र रुसका महिलाहरु नामक पार्टीले ल्याएको ८.८ प्रतिशत र ८.५ प्रतिशत मत समेत जोड्ने हो भने रुसको संसदमा यस पटक येल्तसिनका विरोधीहरुले दुई तिहाइ स्थान ल्याउने निश्चित देखिन्छ ।

अन्तिम निर्वाचन परिणाम अझै आइसकेको छैन । चुनावको निरीक्षणका लागि रुस गएका पश्चिमेली पर्यवेक्षकहरु आफैं अब मतगन्तीमा धाँधली हुने आशंका व्यक्त गरिरहेछन् । चुनाव भएको १० दिन भित्रै निर्वाचन परिणाम आई सक्नै पर्ने कानूनी प्रावधान हुँदाहुँदै त्यो अवधि भित्रै चुनाव परिणाम नआउनु र ढिलाइ हुनुले धाँधलीको संभावनालाई व्यापक बनाएको छ । रुसी अखवारहरु, राज्यद्वारा मत गन्तीमा धाँधली भएन भने, ४५० सीट भएको तल्लो सदन- राज्यदूमामा येल्तसीनका विरोधीहरुले तीन भागमा दुई भाग सीट ओगट्ने अवश्यंभावी भएको अनुमान गरिरहेका छन् ।

## तात्पर्य

निर्वाचनको यो परिणामले रुसको अहिलेको शक्ति सन्तुलनको हालतलाई निकै राम्रोसित छर्लंग पारेको छ । यो चुनाव परिणामले देखाएको छ- रुसी जनता र राष्ट्रलाई वर्वाद र दुर्दशाग्रस्त पारेर पश्चिमी साम्राज्यवाद पोस्ने येल्तसिनको राष्ट्रिय आत्मसमर्पणको बाटो रुसमा अत्यन्त अलोकप्रिय भएको छ । रुसलाई १९१७ अघिको जारशाही निरंकुशताको दिशामा लाने येल्तसिनको प्रयत्न बहुसंख्यक रुसी जनताले मन पराएका छैनन् । रुसी जनता फेरि उही शक्तिशाली, सम्पन्न, अभाव र गरीविविहीन सोभियत संघ चाहन्छन् । भीखमंगा, गरीब र पश्चिमको तावेदार रुस होइन । अहिलेको निर्वाचनमा सत्तारुढ दलको नराम्रो हारले यही देखाएको छ ।

तर यही न्रिर्वाचन परिणामले अर्को, अन्तरविरोधी बाटो पनि छर्लंग देखाएको छ । त्यो के भने- रुसी जनता वर्तमानबाट त चरम असन्तुष्ट छन्, तर भविष्यको विकल्पको सम्बन्धमा अन्यौलमा छन् । यो संसदीय चुनावमा ५६ प्रतिशत मतदाता त भोट नै दिन गएन । यसको मतलब बहुमत मतदाता वर्तमानबाट निकै आक्रोशित त छन्, तर भविष्यबारे पनि उनीहरु कोहीसित आश्वस्त हुन सकेका छैनन् । उनीहरु हताश-निराश छन् । जो भोट दिन आए, उनीहरु मध्ये सबभन्दा बेसीले उदार प्रजातन्त्रवादी पार्टी जस्तो राष्ट्रवादी पार्टीलाई भोट दिएको देखियो । यसले देखाएको छ- येल्तसिनको रुसलाई पश्चिमको सामुन्ने घुँडा टेक्न लगाउने बाटोले रुसीहरुको राष्ट्रिय स्वाभिमानको घाउ दुखाउने काम गरेको छ । रुसीहरुमा राष्ट्रवादको भावना जाग्न थालेको छ । सही निकास पाएन भने यो राष्ट्रवादी भावना अन्धराष्ट्रवादी भावनामा कुनै पनि बेला बदलिन सक्छ । त्यतिखेर रुस हिटलरको जर्मनी भएर उदीयमान हुन सक्छ । यो संभावना अहिलेको घटनाले देखाएको छ ।

अधिकांश मत येल्तसिनका विरोधीहरुलाई गएको छ, तर कुनै एउटा पार्टीले स्पष्ट बहुमत प्राप्त गर्न सकेको छैन । मत गैर येल्तसिनपन्थीहरु बीच बाँडिएको छ । यसले के देखाएको छ भने रुसी जनमतको अत्यधिक बहुसंख्या येल्तसिनको बाटोको बिरुद्धमा छ, तर त्यो कुनै एउटा दल र नेतृत्वप्रति वेसी विश्वस्त भने छैन । बहुसंख्यक मतदाताहरुको विश्वास वर्तमान सत्ता विरोधी भएर पनि विभाजित छ । रुसी जनता अहिले सही नेतृत्वको खोजीमा, आस्थाको केन्द्रको खोजीमा देखिन्छन् । एउटा सही साम्यवादी पार्टीको उदय, फेरि एउटा बोल्शेभिक नेतृत्वको उदय- रुसीहरुको टड्कारो आवश्यकताको विषय बनेको देखिन्छ ।

नीना एन्द्रिवाको पार्टी- वोल्शेभिक फोरमले यस पटकको चुनावलाई बहिष्कार गरेको थाहा भएको छ । के कारणले त्यसले बहिष्कारको घोषणा गर्‍यो त्यो भने थाहा हुन सकेको छैन । त्यसैले यो बहिष्कारको तात्पय बारे टिप्पणी गर्नु अहिले नै अपरिपक्व जमर्को हुन सक्छ ।

## फेरि संवैधानिक संकट

संसदीय चुनावमा गैर येल्तसिनपन्थीहरु अत्यधिक बहुमतमा विजयी भए पछि येल्तसिनको नयाँ जारशाही र संसद बीच फेरि सत्ता संघर्ष चल्ने अवश्यंभावी देखिएको छ । यसले रुसमा फेरि पनि संवैधानिक संकट ल्याउने निश्चित छ ।

येल्तसीन आफ्नो अनुकूलको सरकार ल्याउन अहिलेदेखि नै प्रयत्नशील हुन थालेका छन् । उदार प्रजातन्त्रवादी पार्टी बहुमतमा आए पनि अरु विपक्षीसित मिलेर सरकार बनाउने अवसर-भ्लादीमीर झिर्नोभ्स्कीलाई दिंदै नदिने येल्तसिनको अठोट सार्वजनिक रुपमा आउन थालिसकेको छ । १९९६ सम्म येल्तसिनको राष्ट्रपतित्व रहुञ्जेल अहिलेकै सरकार कायम राख्ने उनको मनसाय जगजाहेर हुन थालेको छ । नयाँ संविधान अनुसार प्रधानमन्त्रीको नियुक्ति गर्ने अधिकार राष्ट्रपतिलाई मात्र छ । राष्ट्रपतिले प्रस्तावित गरेका तीनजना प्रधानमन्त्री मध्ये कुनै एकलाई संसदले अनुमोदन गर्नै पर्ने, नगरे संसद नै भंग गर्न पाउने अधिकार पनि नयाँ संविधानले राष्ट्रपतिलाई दिएको छ । संसदले अनुमोदन नै नगरे पनि तीन महीनासम्म आफूखुशी कुनै पनि प्रधानमन्त्रीलाई पदमा राखी छोड्ने अधिकार पनि राष्ट्रपतिलाई छ । यस अधिकारलाई प्रयोग गरेर बोरिस येल्तसिनले आफ्नो तावेदार मन्त्रिपरिषद् बढाई नै राख्ने संभावना छ । तर उनको कार्यले संसद र राष्ट्रपति बीच फेरि भीडन्तको स्थिति सिर्जना हुनेछ ।

विश्वभरि एक छत्र रजाइँ कायम गरेर विश्व बजार एक्लौटी पार्न र त्यसबाट महानाफा हात पार्न- पश्चिमी साम्राज्यवादलाई कमजोर रुस चाहिएको छ । रुस फेरि विरोधी महाशक्तिको रुपमा निक्लिनु र रुस पहिलेको सोभियत संघमा परिणत हुनु- पश्चिमी साम्राज्यवादको स्वार्थमा ठाडो आघात हो । विश्वमा अर्को महाशक्ति फेरि उदय नै हुन नदिनु- अमेरिकी परराष्ट्र नीतिको घोषित लक्ष्य छ । यस परिप्रेक्ष्यमा भ्यादीमीर झिर्नोभ्स्की सत्तामा आइहाले पनि उनलाई

उनको घोषित लक्ष्य विपरीत नङ दाह्रा नभएको बाघमा परिणत गर्न सम्पूर्ण पश्चिमी जगत ज्यान फालेर लाग्ने देखिन्छ । यसो गर्नको लागि उनीहरुले आफ्नो पाल्तु कुकुर येल्तसिन मण्डलीलाई नै प्रयोग गर्नेछ । यस हिसाबबाट पनि रुसमा येल्तसिन र संसद बीच संवैधानिक संघर्ष जोडतोडले हुने संभावना देखिन्छ । यस संघर्षमा निर्णायक शक्ति रूसी जनता हुनेछन् र, त्यसपछि रुसी सेना । यो शक्तिलाई कसले सही तवरले नेतृत्व गर्न सक्नेछ, त्यसैमा यो संघर्षको विजय कसको हातमा हुनेछ भने निर्भर हुनेछ । अहिले त रुसी जनता अन्यौलमा छन् र नेतृत्वको खोजीमा देखिन्छन् ।

## नयाँ संविधान

जुन दिन संसदको चुनाव थियो, त्यही दिन रुसको नयाँ संविधानको पनि जनमत संग्रह राखिएको थियो । नयाँ संविधानबारे राम्रो र विस्तृतमा जानकारी लिने अवसर नै नपाएका र राम्ररी सोच्ने मौका नै नपाएका रुसी मतदातालाई जनमत संग्रहमा एउटा प्रश्नको जवाफ दिनु पर्ने गराइएको थियो- "तपाई नयाँ संविधानलाई अनुमोदन गर्नु हुन्छ कि हुन्न ?"

कुल मतदाता मध्ये ५० प्रतिशत मतदाता मतदान दिन आए जनमत संग्रह वैध हुने र त्यसको पनि ५० प्रतिशतले स्वीकार गरे नयाँ संविधान स्वीकृत भएको ठहरिने गराइएको थियो । यसको मतलब कुल मतदाता मध्ये २५ प्रतिशतले स्वीकार गरेको खण्डमा पनि संविधान स्वीकृत हुने चलाखीपूर्ण प्रबन्ध मिलाइएको थियो ।

अर्को अदभूत आश्चर्य के थियो भने नयाँ संविधानलाई जनताले स्वीकृत नै गरिसकेका नै थिएनन्, तर संसदीय चुनाव भने त्यही स्वीकृत हुनु बाँकी नयाँ संविधान मुताविक गराइएको थियो । जनमत संग्रहको पूर्व सन्ध्यामा आफ्ना प्रधानमन्त्री मार्फत

# रुसको नयाँ संविधानमा के छ ?

रुसको नयाँ संविधानले राष्ट्रपतिलाई सर्वाधिकारसम्पन्न बनाएको छ । राष्ट्रपतिले अब नयाँ संविधान अनुसार -

- *दुई सदनात्मक संसदको कुनै पनि विधेयकमाथि भीटो प्रयोग गर्न सक्छन् । भीटो प्रयोग भएमा त्यो विधेयक दुई तिहाय मतले पास गर्नुपर्छ ।*
- *आफू खुशी प्रधानमन्त्री नियुक्त गर्न सक्छन् । राष्ट्रपतिले प्रस्तावित गरेको तीन जना प्रधानमन्त्रीको उम्मेदवार मध्ये कुनैलाई संसदको बहुमतले अनुमोदन नगरेमा वा नियुक्ती प्रधानमन्त्री विरुद्ध संसदले अविश्वास प्रस्तास पास गरेमा संसद भंग गरी ताजा चुनाव गराउन सक्छन् ।*
- *अध्यादेश जारी गरेर, संसदको अनुमोदन विना नै देशको कुनै पनि भागमा संकटकालीन स्थितिको घोषणा गर्न सक्छन् ।*
- *संसदको अनुमोदन विना नै सबै माथिल्ला मिलीटरी कमाण्डरहरु, मूल मूल न्यायाधीशहरु, महान्यायाधीवक्ता नियुक्त गर्न सक्नेछन् ।*
- *देशको सेनाको मुख्य कमाण्डको काम गर्ने सुरक्षा परिषद्का सदस्यहरु आफूखुशी तोक्न सक्नेछन् र सुरक्षा परिषद्को नेतृत्व गर्न सक्नेछन् ।*
- *कुनै पनि समय कानून सरह मान्य हुने अध्यादेश जारी गरेर शासन गर्न सक्नेछन्, त्यसको अनुमोदन संसदबाट गराई राख्नु पर्नेछैन ।*
- *राष्ट्राध्यक्षको कार्य गर्नेछन्, साथसाथै प्रधानसेनापतिको कार्य पनि ।*
- *आफूखुशी देशको आन्तरिक र परराष्ट्र नीति तय गर्ने कार्य गर्न सक्नेछन् ।*
- *तल्लो सदनको स्वीकृति लिएर केन्द्रीय बैंकको अध्यक्ष र माथिल्लो सदनको स्वीकृति लिएर अदालतका अध्यक्षहरु नियुक्त गर्न सक्नेछन् ।*
- *रुसमा अबदेखि जमीन र व्यक्तिगत सम्पत्ति राख्न र किनबेच गर्न पाइने छ ।*
- *रुसी संसद दुई सदनात्मक हुनेछ। ८९ वटा गणराज्य, क्षेत्र र जिल्ला प्रत्येकबाट चुनेर आएका २-२ सदस्य मिलेर १७८ सदस्यीय माथिल्लो सदन संघीय परिषद् गठन हुनेछ । ३२५ व्यक्तिगत आधारमा प्रत्यक्ष मतदानबाट र २२५ पार्टीगत आधारमा चुनेर आएका गरी कुल ४५० सदस्यको तल्लो सदन हुनेछ, जसको नाम "राज्य दूमा" हुनेछ ।*

येल्तसिनले के धम्की प्रचारमा ल्याएका थिए भने- यदि यो संविधान स्वीकृत गरिएन भने देशमा गृहयुद्ध मच्चाइने छ र राष्ट्रपति शासन लादिन्छ ।

रुसी जनताको सामुन्ने, यसरी दुइटा विकल्प मात्र राखिए- नयाँ येल्तसिनको संविधान कि गृहयुद्ध ? नयाँ संविधान कि राष्ट्रपतिको तानाशाही शासन ?

यो कस्तो प्रजातन्त्र हो, जसमा जनतासित रोजाइको हक नै छैन ? उनीहरुले या त तानाशाही संविधान रोज्नु पर्छ या संगठित राज्यसित युद्धको लागि तयार हुनु पर्छ ? यो कस्तो प्रजातन्त्र हो, जसमा जनतालाई प्रस्तावित संविधान अस्वीकार गर्ने हक नै छैन ? अस्वीकार गर्ने बितिकै जीवन नै दाउमा लगाउनु पर्ने बाध्यता छ । यो कस्तो प्रजातन्त्र हो, जसमा जनताले संविधान बनाएकै हुन्न, स्वीकृत नै गरेको हुन्न, तर त्यसमा अरुले नै बनाएको अस्वीकृत संविधान अनुसारको अधिकारविहीन् नपुंसक संसदको लागि मतदान गर्नु पर्छ ?

तर येल्तसिनको "नमूना प्रजातन्त्र" भनेको यस्तै "प्रजातन्त्र" थियो । विश्वभरि प्रजातन्त्रको नारा लगाउने पश्चिमेली पूँजीवादी देशहरुले हाइहाइ गरेको "प्रजातन्त्र" यस्तै "प्रजातन्त्र" थियो । पूँजीवादी प्रजातन्त्रको चरित्र तानाशाही हुँदैन, त्यो पूर्ण प्रजातान्त्रिक नै पूर्ण प्रजातान्त्रिक हुन्छ भनेर प्रचार गर्ने पश्चिमाली पूँजीवादका लागि रुसको हालैको जनमत संग्रहमा येल्तसिनले अख्तियार गरेको तानाशाही पद्धति एउटा बलियो झापड थियो ।

प्रस्तावित नयाँ संविधानमा संसदलाई पहिलेको जस्तो सर्वाधिकार सम्पन्न बनाइएको छैन । सबै अधिकार एउटा व्यक्तिमा थुपारिएको छ, त्यो हो राष्ट्रपतिमा । राष्ट्रपतिले संसद पनि भंग गर्न सक्छन्, सरकार प्रमुख पनि नियुक्त गर्न सक्छन्, सेनाका प्रमुखहरु र न्यायालयका प्रमुखहरु महान्यायाधिवक्ता पनि पहिलेको जस्तो निर्वाचित संसदले होइन, अब राष्ट्रपतिले मात्र नियुक्त वा खारेज गर्न सक्छन् । संसदले पास गरेको कानूनलाई पनि राष्ट्रपतिले अस्वीकार गर्न सक्छन् । (विस्तृत बक्समा) यसरी नयाँ संविधानले पहिलेको जस्तो जनता र जनप्रतिनिधिलाई सार्वभौमसत्ता होइन, राष्ट्रपतिलाई सार्वभौमसत्ता सम्पन्न बनाएको छ । प्रस्तावित संविधानमा राष्ट्रपतिलाई पहिलेको जारशाही जस्तै निरंकुश बनाइएको छ । यो संविधान अनुसार रुसी राष्ट्रपति-नेपालको पहिलेको निरंकुश राजतन्त्र जस्तै हुनेछन् ।

पश्चिमको स्वार्थको लागि रुसमा शक्तिशाली येल्तसिन चाहिएको थियो । त्यसैले-उसले यस्तो निरंकुश संविधानलाई प्रजातान्त्रिक भनेर स्वागत गऱ्यो । यसले देखाएको छ- पश्चिमको निम्ति अब प्रजातान्त्रिक मूल्य-मान्यता भन्ने कुरा बाँकी छैन । ऊ नाफा र बजारको स्वार्थ जेमा हुन्छ, त्यसैलाई "प्रजातन्त्र" भनेर परिभाषित गर्ने स्थितिमा आइसकेको छ ।

तर बहुसंख्यक रुसी जनता भने- यो जनमत संग्रहमा भागै लिन गएनन् । मतदान बन्द हुनु २ घण्टा अघिसम्म पनि ३२ प्रतिशत मतदाताले मात्र मतदान गरेका थिए । जबकि जनमत संग्रह वैध हुन ५० प्रतिशत मतदाताले मतदान गरेको हुनपर्थ्यो । तर २ घण्टा भित्रै एक्कासी कुल १० करोड ७० लाख मतदाताहरु मध्ये ५४.८ प्रतिशतले मतदान गरेको घोषणा गरियो । त्यस मध्ये ५८.४ प्रतिशतले संविधानको पक्षमा मतदान गरे भनेर दावी गरियो । त्यसबाट मतदानमा ठूलै केही गडबडी गरिएको आभास हुन्छ ।

यसरी रुसको नयाँ संविधान पास गरिएको छ । नयाँ संविधानले फेरि पनि रुसलाई नयाँ निरंकुश जारशाहीतन्त्रतिर धकेलेको छ । त्यतिखेर मूल शासक राजाको रुपमा थिए, अहिले राष्ट्रपतिको रुपमा छन्, त्यतिखेर निकोलास द्वितीय सर्वोच्च शासक थिए, अहिले येल्तसिन सत्तामा छन् । तर सार भनेको एउटै हो । जारशाही अन्तर्गत रुसी जनता जति कमजोर थिए, अहिले पनि त्यस्तै पारिएको छ । त्यसैले त होला- त्यतिखेरको संसदको नाम र अहिलेको संसदको नाम समेत उही पारिएको छ- राज्य दूमा । राज्यको चिन्ह समेत उही पारिएको छ- दुईवटा चील भएको राष्ट्रिय चिन्ह । ✧



*क. स्तालिनद्वारा १९३६ मा सोभियत संविधानको घोषणा भएको ५७ औं वार्षिकोत्सव उपलक्ष्यमा कम्युनिष्टहरुद्वारा चुनाव बहिष्कारका लागि प्रदर्शन गर्दै*

AFP/UNI

# अरुण तेश्रो जलविद्युत परियोजना ठीक कि वेठीक ?

# अरुण–३ ले जन्माएका गम्भीर प्रश्नहरु

**– अधिवक्ता गोपाल सिवाकोटी चिन्तन**

टनकपुर विवादपछि अहिले मुलुक अरुण तेश्रो जलविद्युत परियोजना ठीक कि वेठीक भन्ने महत्वपूर्ण विवादबाट गुञ्जिरहेको छ। यहाँ यस परियोजनासंग सम्बन्धित केही गम्भीर सवालहरुलाई अघि सारिन्छ।

अरुण-३ मा नेपालको वार्षिक विकास बजेटको लगभग दुईगुना बढी अर्थात् करिब ३८ अर्ब रुपैयाँको लगानी हुन गइरहेको छ। एउटै आयोजनामा यत्ति ठूलो धनराशी लगानी गर्नु उपयुक्त हो कि होइन तथा यसलाई देशले दीर्घकालिन रुपमा धान्न सक्छ कि सक्दैन भन्ने सवाल महत्वपूर्ण रहेको छ।

सरकारले अरुण-३ का सम्बन्धमा भएका बिभिन्न अध्ययन, विश्व बैंक तथा अन्य अन्तर्राष्ट्रिय ऋणदाता वित्तिय संस्था, सरकार र ठेकेदारहरुबीच जो भएका सहमति, सम्झौता तथा समझदारीहरुसम्बन्धी कागजातहरुलाई विभिनन संघ-संस्थाहरुले लिखित रुपमा अनुरोध गर्दासमेत जनसमक्ष ल्याइरहेको छैन। फलस्वरुप: संविधानको धारा १६ तथा नेपालले अनुमोदन गरेको नागरिक तथा राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ अन्तर्गत प्राप्त सूचनाको हकको ठाडो उल्लंघन गरिएको छ।

सरकार अहिले अरुण-३ का बारेमा बढ्दो जनचासोलाई पूर्ण रुपमा वेवास्ता गर्दै आयोजना कार्यान्वयनका आवश्यक पूर्वाधारहरु नै पुरा नगरी एकतर्फी र जवर्जस्ती रुपमा हत्तारिएर परियोजनासम्बन्धी निर्माण कार्य प्रारम्भ गर्ने तयारी गरिरहेको छ। अर्कोतर्फ, विकास, वातावरण र मानव अधिकारका क्षेत्रमा कार्यरत गैर-सरकारी संस्था तथा व्यक्तिहरु अरुण सराकोर समूह (Arun Concerned Group) को रुपमा संगठित भएर यस्तो सरकारी हठ् र रवैयाको प्रतिकार गर्न मैदानमा उत्रेका छन्। यदि सरकारले बेलैमा दूरदर्शी भएर नसोच्ने हो भने यसको भावी परिणा गम्भीर हुन सक्नेछ। यसका साथै, यस्तो हठ्का पछाडि के कस्ता कमिशनखोर र भ्रष्टाचारीहरुको नीहित स्वार्थले काम गरिरहेको छ भन्ने कुरा थाहा पाउनु पनि अत्यन्त जरुरी भएको छ।

अरुण-३ लाई जानाजानी अत्यन्तै खर्चिलो आयोजनाका रुपमा "डिजाइन" गरिएको छ। यदि भ्रष्टचार नहुने हो, अत्यधिक संख्यामा देशमा उपलब्ध प्राविधिक तथा अन्य जनशक्तिलाई केही वर्ष थप तालिम दिई त्यसको उपयोग गर्ने हो भने अहिले योजना गरेभन्दा धेरै कम लागतमा यसको निर्माण कार्य पुरा हुन सक्दछ। यसबाट, एकातिर बेरोजगारीको समस्या हल हुन जान्छ भने, अर्कोतिर, परियोजना पुरा भएपछि त्यसको स्याहार-सम्भार पनि नेपाली प्राविधिकहरुबाटै हुन सक्दछ।

बुझ्नै नसकिने कुरा के छ भने अरुण-३ सम्बन्धी विदेशी ठेकेदारहरुसंगको सम्झौता ने.वि.प्रा.क. ले आगामी जनवरी २७ भित्र गर्न लागिरहेको बुझिएको छ। यसको मुख्य कारणका रुपमा टेण्डर खोलेको मितिले १८० दिनभित्र सम्झौतामा पुग्नु पर्ने रहेको छ तर अरुण-३ मा मूल रुपमा ऋण लगानी गर्ने भनिएको विश्व बैंकले नेपाललाई उक्त ऋण दिने कि नदिने भन्ने कुराको निर्णय मार्च महिनामा मात्र गर्न गइरहेको छ। यस अगावै, विदेशी ठेकेदारहरुसंग सम्झौतामा पुग्नु कुनै पनि दृष्टिले मिल्दैन। पहिले नै परियोजना कार्यान्वयनबारे सम्झौता गरेर पछि कुनै कारणले विश्व बैंकले नेपाललाई ऋण सहायता नदिएमा त्यसबाट हुने करोडौंको धनराशी क्षतिपूर्तिबाट हुने नोक्सानीको जिम्मेवारी कसले लिने? यस्तो विपत्तिपूर्ण स्थिति हुन नदिन अरुण-३ लाई लागू नै गर्ने हो भने पनि आगामी मार्च महिना अर्थात् आवश्यक लगानी रकम निश्चित नभएसम्म आयोजनासम्बन्धी कुनै पनि सहमति वा सम्झौतामा पुग्ने कार्य गर्नु हुँदैन।

अर्बौं रुपैयाँको विदेशी ऋण तथा धनराशीमा निर्माण हुने अरुण-३ की लागतलाई हेर्दा यस आयोजनाको सफलता र असफलतामा नेपालको आर्थिक भविष्य गाँसिएको स्पष्ट देखिन्छ। यसका केही फाइदा पक्षलाई नै हेर्दा पनि नेपाल र नेपालीले अहिलेको भन्दा पनि बढी विदेशी ऋणको मारमा पर्नु पर्ने निश्चित छ। अर्कातिर, यसबाट निकालिने विद्युतलाई हरेक नेपालीका घरघरमा पुर्‍याउने हो वा भारतलाई विजुली बेचेर ऋण पनि तिर्ने र विकास पनि गर्ने हो -- यो कुरा अहिलेसम्म निश्चित गरिएको छैन। यस्तो गम्भीर सवाललाई अरुण-३ को कार्यान्वयनबारे यथार्थको धरातलमा उभिएर निर्णय गर्न सकिन्छ।

राष्ट्रिय हित र विकास तथा जलसम्पदाको उपयोगका दृष्टिले टनकपुरजत्तिकै वा आफ्नो ठाउँमा त्योभन्दा पनि बढी महत्व भएको अरुण-३ का बारेमा आजसम्म पनि राजनैतिक पार्टीहरु आफ्नो स्पष्ट मत दिन तयार देखिन्नन्। तर यस राष्ट्रिय प्रश्नमा मौन रहेर होइन कि भोली यसका दुष्परिणामहरुको भागीदार आफूसमेत हुनु पर्ने कुरालाई ध्यानमा राखेर आफ्ना मतहरु स्पष्ट रुपमा अघि सार्ने तथा यस आयोजनाको छिनाफानो गर्ने सवाललाई संसदको आगामी अधिवेशनसम्म पुर्‍याई विचार-विमर्श गर्नु उपयुक्त देखिन्छ। आज गरिने गल्तीका फलस्वरुप भोली कुनै अर्को राजनैतिक पार्टी सत्तामा पुगेपछि अघिल्लो अर्थात् अहिलेको सरकारले गरेका अन्तर्राष्ट्रिय सन्धि-सम्झौता वा दायित्वहरुको पालना, विशेष अवस्थामा बाहेक, नगर्ने भन्न मिल्दैन।

यस अरुण-३ आयोजनासंग अभिन्न रुपले जोडिएको अर्को सवाल हो -- नव आर्थिक उपनिवेशवादको सवाल। आज विश्वका सातवटा औद्योगिक राष्ट्र तथा तिनका प्रतिनिधि विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरु, जसलाई विश्व खाने सेता हात्तीहरु पनि भनिन्छ, अविकसित मुलुकहरुलाई विभिन्न शर्तहरु गराएर ऋण दिने तथा त्यस्ता ऋणहरु खासगरिकन ठूलाठूला आयोजनाहरुमा उपलब्ध गराउने थिनीहरुको नीति रहेको छ। खासगरिकन विश्व बैंकले लगानी गरेका ठूलाठूला निर्माणका कार्यहरु अत्यन्तै घातक र विनाशकारी भएका उदाहरणहरु यत्रतत्र पाइन्छन् र भारतको नर्मदा बाँध यसको ज्वलन्त उदाहरण हो। गरीब राष्ट्रहरुलाई विदेशी ऋणवाट कहिल्यै पनि मुक्त हुन नदिने अन्तर्राष्ट्रिय षडयन्त्रका फलस्वरुप यी संस्थाहरुले त्यस्ता ऋणी मुलुकहरुका आर्थिक तथा विकाससम्बन्धी मूलभूत नीतिहरुमा नियन्त्रण र कब्जा जमाएका हुन्छन्। तर नेपालमा विश्व बैंक तथा अन्य संस्थाहरुले दिने ऋणलाई नि:शुल्क "सहायता" का रुपमा बुझ्ने तथा बाहिरबाट आउने कुनै पनि धनराशीका हकमा नेपालका सत्तासिन र नीति-निर्माताहरुले प्रायश: कहिल्यै पनि "नाई" नभन्ने, राष्ट्रिय हित र स्वार्थहरुलाई जहिले पनि वेवास्ता गर्ने तथा भेटेसम्म कापकुप गरिहाल्ने मनोबृत्ति नतोडेका हुनाले नै यस्ता नव-आर्थिक उपनिवेशवादी वित्तिय संस्थाहरु गरीब राष्ट्र र त्यहाँका नीति निर्माताहरुलाई किन्न सफल हुँदै आएका छन्। अरुण-३ पनि आज यस्तै स्थितिको परिणाम सावित हुन गइरहेको छ। यदि यो परियोजना समस्त नेपाल र नेपालीका लागि हो तथा विश्व बैंक र अन्य दाताहरुले दिएको ऋण कुनै न कुनै दिन हामी अथवा हाम्रा सन्ततिले चुक्ता गर्नै पर्दछ भने दीर्घकालिन महत्वको यस्तो सवालमा आवश्यक छलफल गरी उचित निर्णय लिने अवसर नेपाली जनता तथा तिनका जनप्रतिनिधिहरुलाई नदिनु भनेको देशघाती कार्यको नयाँ शुरुवात नै ठहरिने छ।

अर्को कुरा, २०४६ सालको राजनैतिक परिवर्तनको एउटा महत्वपूर्ण उपलब्धि भनेको मानव अधिकार र वातावरणसम्बन्धी संयुक्त राष्ट्र संघीय सन्धि-सम्झौताहरुलाई नेपालले अनुमोदन गर्नु पनि हो। तर निर्वाचित सरकार अन्तर्गत यी सन्धिहरुको कार्यान्वयन र पालनाको पक्षलाई हेर्ने हो भने स्थिति अत्यन्त दयनिय रहेको छ। उदाहरणका रुपमा, नेपाल राज्यपक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध तथा गत पृथ्वी सम्मेलनले रियोमा पारित गरेको जैविक विविधतासम्बन्धी सन्धिले वातावरण र विकाससम्बन्धी कुनै पनि सवालहरुमा सम्बन्धित राज्यपक्षले अनिवार्य रुपमा पालना गर्नुपर्ने अन्तर्राष्ट्रिय दायित्वहरु परिभाषित गरेका छन्। तर अरुण-३ को योजना, प्रबन्ध, कार्यान्वयन र यसका अवश्यम्भावी दुष्परिणामका पक्षहरुलाई हेर्ने हो भने नेपालले ती सन्धिहरुद्वारा श्रृजित दायित्वहरुको सरासर उल्लंघन गरेको ठहर्दछ।

तसर्थ, माथि उल्लेख गरिएका विभिन्न तथ्य र सवालहरुका आधारमा यो निष्कर्शमा पुग्न सकिन्छ कि अरुण-३ चानेचुने आयोजना नभएको तथा यसको सफलता र असफलतामा देशको सम्पूर्ण भविष्य प्रभावित हुने भएको कुरालाई ध्यानमा राखी आयोजनासम्बन्धी आवश्यक पूर्वाधार तयार नगरी र औपचारिक रुपमा जनमत र संसदको दृष्टिकोण यकिन नभइन्जेलसम्मका निमित्त यस परियोजनाका बारेमा हत्तारिएर कुनै पनि सम्झौता वा सहमतिमा पुग्ने र पछि गएर पछुताउने स्थिति श्रृजना गरिनु हुन्न। यसका निमित्त सवै क्षेत्र र तहबाट आवश्यक दबाबको तयारी गर्नुपर्ने देखिन्छ। *(लेखक इन्हुरेड इन्टर्न्याशनल्का कार्यकारी निर्देशक तथा अरुण सरोकार समूहसंग सम्बद्ध हुनुहुन्छ। -सं.)* ✧


**केवल दिनको रु. १०/- जम्मा गर्नु भई निम्न लिखित फाईदा उठाउनु होस्**

○ १. सदस्य भएको मिति देखि २४ महिनाभित्र बिरामी भएमा अस्पतालमा लाग्ने औषधी खर्च निशुल्क पाउनु हुने छ।

○ २. केही गरी सदस्यको मृत्यु भएमा परिवारले पूरा रकम फिर्ता पाउनु हुनेछ।

○ ३. सदस्य भएको मिति देखि ३ महिना पछि साना-तिना ब्यापार गर्न साना-तिना उद्योग गर्न वा छोरा-छोरीहरुको ब्यवहार गर्नको लागि सापटी पाउनु हुने छ।

अन्य जानकारीको लागि सम्पर्क राख्नुहोस्।

**हिमालय ढिकुरी कार्यक्रम नेपाल,**

ताहाचल, नेपाल फोन २७०५८६।

# जर्मनीमा पनि कम्युनिष्टहरू विजयी

"बर्लिन पर्खाल" ढलेपछि पूर्व जर्मनीबाट मात्रै होइन, संसारबाटै समाजवाद ढल्यो भनेर घोक्रो सुक्ने गरी कराएका पूँजीवादी तथा प्रतिक्रियावादी शक्तिहरु जर्मनीको भर्खरै सम्पन्न चुनावको परिणाम देखेर आश्चर्य चकित भएका छन्। यसबाट उनीहरु भयभीत भएका छन्। पूर्वी जर्मनीको ब्राण्डनवर्गको स्थानीय निकायको निर्वाचनको परिणाम अनुसार जर्मनीमा कम्युनिष्टहरु दोस्रो शक्तिको रुपमा प्रकट भएका छन्।

"बर्लिन पर्खाल" ढलेपछि दोस्रो विश्व युद्धदेखि सत्तासीन पूर्वी जर्मनीको कम्युनिष्ट पार्टीले आफ्नो नाम परिवर्तन गरी डेमोक्रेटिक सोसिलिज्म पार्टी राखेको थियो। हाल यसै नामबाट कार्यरत वामपन्थी- सोशल डेमोक्रेट्स-हरुले बर्लिन शहर वरिपरिका राज्य-हरुमा २१.८% मत प्राप्त गरेका छन्।

यस विजयको क्रममा अहिले तीव्र रुपमा उत्थान भइरहेका नव नाजीहरुको पार्टी र त्यसलाई मल-जल गरिरहेको सत्तासीन चान्सलर हेल्मूट कोलको क्रिश्चियन डेमोक्रेटिक पार्टी वामपन्थीबाट पराजित भएका छन्। सोशल डमोक्रेट्सहरु, कम्युनिष्टहरु र अन्य वामपन्थी शक्तिहरुको एकताबद्ध संघर्षका कारणले, विस्तारै राज्य-सरकारहरु गुमाउँदै गएको क्रिश्चियन डेमोक्रेटिक पाटीले आगामी वर्षको अक्टोवर महिनामा हुने राज्य र राष्ट्रिय स्तरको चुनावमा पूर्व जर्मनीका ५ वटा राज्य गुमाउनै पर्ने स्थिति त अहिले नै उत्पन्न भएको छ, राष्ट्रिय सरकार नै पनि गुमाउनु पर्ने त होइन ?- भन्ने आशंका त्यस पार्टीमा उत्पन्न भैसकेको छ।

स्मरणीय छ, १९९० को चुनाव पश्चात् सत्तासीन पार्टीले आफ्नो जन-आधार र आस्था गुमाउँदै गइरहेको छ। यस पृष्ठभूमिमा हालै गरिएको सर्वेक्षणमा ४१.८% बाट १९.७% मा त्यसको लोकप्रियतामा ह्रास आएको तथ्यांकले त्यसलाई झनै प्रमाणित गरिदिएको छ। यस स्थितिमा १९९४ को चुनाव सत्तासीन पार्टी र वामपन्थी पार्टीहरुको परीक्षाको घडी हुने निश्चित देखिन्छ। ✪

(२० पेजको बाँकी)

## निकारागुआ.......

फाइनल अपरेशनको लागि संयोजित गऱ्यो। तर यसैबीच अप्रिल मै इस्तेली शहरमा गलत ढंगले विद्रोह भड्क्यो। यो विद्रोह साम्य भएपछि साण्डिनिष्टा फ्रन्टले मई २८, १९७९ मा फाइनल अपरेशनको लागि संयुक्त सैनिक कमानलाई तयार गरायो। सोही दिनदेखि निकारागुआस्थित आफ्ना चारै वटा छापामार फ्रन्टबाट आक्रमण शुरु गरियो। अर्कोतिर, उनीहरुले त्यतिखेर फ्रान्स, क्यूबा, सोभियत संघ, तथा ल्याटिन अमेरिकी संगठनहरुबाट कूटनैतिक समर्थन प्राप्त गरिरहेका थिए। बेल्जियम र अमेरिकाका हात हतियार बिक्रेताहरुबाट हात हतियार किनिरहेका थिए। छापामारहरुको आधार शिविर छिमेकी मुलुक कोष्टारिका र होण्डुरसमा थियो। ती आधार शिविरहरुबाट जति जति विद्रोहीहरु निकारागुआमा पस्थे, उति उति सोमोजा सरकारको सातो उड्न थाल्यो।

देश र विदेशका न्यायप्रेमी जनताको समर्थन प्राप्त ५ हजार साण्डिनिष्टा छापामार सैनिकहरुले अमेरिकी साम्राज्यवादद्वारा प्रशिक्षित र अत्याधुनिक हात हतियारले सुसज्जित १२ हजारको सोमोजा सैनिक शक्ति विरुद्ध चलाएको आक्रमण निरन्तर सफलतातिर उन्मुख हुँदै गयो। छापामारहरुले आफ्नो छापामार युद्ध कौशलका अतिरिक्त ट्रेन्चहरु समेत प्रयोग गरी निरन्तर आमने-सामनेको युद्ध समेत लड्न थाले। उँचो मनोबल भएका, राम्ररी प्रशिक्षित, साहसी र वीर छापामारहरुले विजयमाथि विजय प्राप्त गरी अन्ततः राजधानी मानागुआ र ग्रेनाडा बाहेक सम्पूर्ण भू-भाग कब्जा गर्ने सफलता प्राप्त गरे।

अन्तिम घडीमा तानाशाही सोमोजा सरकारलाई मध्य अमेरिकी र ल्याटिन अमेरिकी छिमेकी राष्ट्रहरुले त समर्थन गरेनन्, गरेनन्, तर आफ्नो संरक्षक महाप्रभू अमेरिका समेतले पनि "राम राम" मात्रै भनेको देखियो। सोमोजाको संरक्षकको छविलाई धुल्याउन अमेरिकी राष्ट्रपति जिम्मी कार्टरले पनि सोमोजालाई राजनीतिक सहयोग नदिने, १९७९ को बजेटको लागि दिइने आर्थिक सहयता र सोमोजालाई दिन बाँकी हात-हतियारको खेप पनि बन्द गर्ने घोषणा गरे। तर अर्कोतिर वामपन्थी साण्डिनिष्टा-हरुलाई "सत्तासीन हुनबाट रोक्न" भने उनले भरमग्दुर प्रयास जारी राखे।

यी सबका बाबजूद पनि तानाशाही शासक सोमोजाको नेशनल गार्डमाथि राजधानी मानागुआमा ७ हप्तासम्म भीषण आक्रमण गरी साण्डिनिष्टा छापा-मारहरुले जुलाई, १९७९ मा क्रान्ति सम्पन्न गरीछाडे।

देशबाट भाग्ने सिलसिलामा सोमोजाले देशको ढुकुटीमा रहेको असंख्य धन सम्पत्ति आफैंले त लुट्यो लुट्यो, साथै, आफ्ना आफन्त र सहयोगीहरुलाई समेत लुट्नसम्म लुट्न लगायो। तानाशाह सोमोजालाई र उसका सहयोगीहरुलाई भने "मानव अधिकार र प्रजातन्त्रको मशिहा" जिम्मी कार्टरको अमेरिकी सेनाले रेडक्रसको मोटरको रुपमा पठाएको DC-8 लडाकु विमानमा राखी जुलाई १७, १९७९ मा सुरक्षित तवरले अमेरिकाको मियामी शहर लग्यो।

तानाशाह सोमोजाले निकारागुआ छाडेर भागेको भोलिपल्ट नियोन शहरमा अन्तरिम सरकार गठन भयो र १९ जुलाईमा राजधानी मानागुआ पसी साण्डिनिष्टा छापामारहरुले निकारागुआको सत्ता आफ्नो हातमा लिए।

जुलाई २० मा निकारागुआको अन्तरिम सरकारले राजधानी प्रवेश गऱ्यो। उत्साह, उमंग र जोशले भरिपूर्ण जनताले व्यापक र हार्दिक स्वागत गरे। यसरी अमेरिकी साम्राज्यवादको छेऊको आँगन नजीकै अर्को क्रान्तिकारी परिवर्तन "साण्डिनिष्टा क्रान्ति" सम्पन्न भयो। ★

**आगामी अंकमा**

* साण्डिनिष्टा क्रान्तिका उपलब्धिहरू,
* क्रान्तिलाई नष्ट गर्ने अमेरिकी प्रयास,
* "इरान/कोन्ट्रा" काण्डको रिपोर्ट,
* चुनाव पछिको हालको जटिल समीकरण र
* क. गोन्जालो लगायतका विचारकहरुद्वारा साण्डिनिष्टाहरुको मूल्यांकन।

## पाठकको कुरो ......

प्रचारको दौरानमा "तियानमेन" चोकमा घटेको घटनाको भिडियो टेप रिकर्ड देखाएर सोझा-साझा जनतालाई आफ्नो पक्षमा मत दिने हतियारको रुपमा प्रयोग गरेको घटना ताजै छ। रुसमा घटेको घटनाबाट नेपाली वाम आन्दोलनमा अघि बढिरहेका हामी सबैले शिक्षा लिनु उपयुक्त हुन्छ।

अंक १५ मा मस्कोको घटनाको विस्तृत विवरण र विश्लेषणबाट पूँजीवादीहरुको चरित्र पर्दाफास भएको छ भन्दा अत्युक्ति नहोला। यस अंकको महत्वपूर्ण पक्ष अन्तर्क्रिया स्तम्भ अन्तर्गत "जसको जोत, उसको पोत" मा व्यक्त रायहरुबाट अन्यायमा परेका किसानहरुका लागि शिक्षा मिलेको छ। समग्रमा भन्नुपर्दा अंक १५ उल्लेखनीय अंक भएको छ।

- आर.के.एस. "रोबिन"
तार्कुघाट- ९, लमजुङ
हाल: नारायणगढ, चितवन

### "मूल्यांकन" एमालेको मुखपत्र ?

"मूल्यांकन" लाई तपाईहरु विचार अन्तर्क्रियामुखी वामपन्थी मासिक पत्रिकाको रुपमा प्रष्ट्याउने चेष्टा गर्नु हुन्छ भन्ने बुझेको थिएँ। तर वर्ष ११ अंक १५ को मूल्यांकन सम्पादकीयमा उल्लेखित "कांग्रेसी नेताहरुको बचनको थाङ्नामा सुत्ने काम हामीले धेरै चोटि गरिसक्यौं। अब त्यो गल्ती नदोहऱ्याऊँ" लगायतका भनाइबाट यो पत्रिका ने.क.पा. (एमाले)को मुखपत्र रहेछ भन्ने अनुभूति मिल्यो। किनकि जनताप्रति गद्दारी गरी (शिष्टतापूर्ण भाषा भएन कि !?) प्रतिक्रियावादी कांग्रेसी नेताहरुको थाङ्नामा सुत्ने काम केवल ने.क.पा. (एमाले)ले गरेको हुनुपर्छ, सारा वामपन्थीहरुले होइन। नेपालमा "फेरि जन आन्दोलनको खाँचो" होइन कि वामपन्थीहरुले जन आन्दोलन त लगातार संचालन गरीराखेका छन् भन्ने तथ्य तपाईं वामपन्थी सम्पादकज्यूले बुझिदिंदा वेश होला।

-राजेन्द्र ढकाल
नयाँबजार, गोरखा

### विज्ञापनको भाँडो नबनोस्

रुसमा विल क्लिन्टनको चेलो वोरिस येल्तसिनको नर संहारकारी क्रियाकलापबाट नेपालका विखण्डनवादी कम्युनिष्टहरुले शिक्षा लिनु पर्ने देखिन्छ र अंक १५ को लेखको लागि आभारी छौं। अन्य लेख पनि उत्तिकै उत्कृष्ट लाग्दछन् तर विज्ञापनको भाँडो यो पत्रिका नबनोस् भन्नेमा मूल्यांकनले सोचेकै होला। अन्त्यमा, अझै खोजपूर्ण अनुसन्धानात्मक विश्व कम्युनिष्ट गतिविधिको लेखको आशा राख्दछौं।


-रविन शर्मा, प्रचण्ड "रागी"
गणेशपुर, स्याङ्जा

### थप स्तम्भहरु

अंक १५ मा प्रकाशित "समाजवाद नै किन आवश्यक छ ?" भन्ने लेख पढेर निक्कै हर्षित भएँ। "हामी भौतिकवादी किन हुनु पर्दछ ?" भन्ने लेख पनि अत्यन्त रोचक लाग्यो। पत्रिकाको प्रभावकारिताको लागि नयाँ नयाँ वैज्ञानिक आविस्कार र ज्ञान गुनका कुराहरु पनि समावेश गर्न "विज्ञानमञ्च" र "थाहा पाइराख्नुहोस्" भन्ने स्तम्भ पनि राखेमा राम्रो हुने थियो।

- नारायण पंथी
अमृत क्याम्पस
काठमाडौं।

प्रत्येक मंगलबार
प्रकाशित हुने
जनादेश
साप्ताहिक
अवश्य पढ्नुहोस्।




## गतांकको लेखाजोखा

गतांकमा सबभन्दा बढी ध्यान केन्द्रित त श्याम श्रेष्ठद्वारा लिखित "रुसी बिद्रोह" सम्बन्धी लेखले पारेको छ। उहाँ लेख्नु हुन्छ - विद्रोहको संचालन जनताको माझबाट, होशपूर्ण र योजनाबद्ध तरीकाबाट भएको भए विद्रोह सफल हुने थियो । फेरि लेख्नुहुन्छ- विद्रोह गर्नुको प्रमुख कारण र लक्ष्य राष्ट्रपति र संसदको चुनाव एकै दिनमा गर्नु पर्ने सहित ८ सूत्रीय माग पूरा गराउनु थियो। विद्रोह सफल हुनु भनेको थिनै ८ सूत्रीय माग पूरा गराउनु थियो या समाजवादको पुनर्स्थापना गर्नु ?

मलाई लाग्छ, दोश्रो काम त्यति सजिलै पूरा हुनेवाला थिएन । जे होस्, रुसी विद्रोह विफल भएको र आम हत्या र दमनको त्यो विभत्स घटना, साराका सारा पश्चिमेलीकों अन्ध समर्थनको घटना हाम्रो अगाडि नांगो सत्य भएर देखा परेको छ। यसबाट वर्गीय स्वार्थको लागि पूँजीवादीहरु कतिसम्म नीच काम पनि गर्दा रहेछन् भन्ने कुरा स्पष्ट भएको छ र वर्ग समन्वय र बिनाहिंसाद्वारा समाजवादको स्थापना गर्न सकिन्छ भनी मीठो सपना देख्ने मित्रहरुलाई यसले ठूलो पाठ पढाएको छ ।

का. गोञ्जालोलाई छुटाउन वा बचाउन विभिन्न समिति, पार्टी र संस्थाबाट यथासक्य र यथाशीघ्र दह्रो कदम नचालिएमा नतीजा नराम्रो हुन्छ तर हामीले उहाँको लागि के नै पो गर्न सकेका छौं र ? सबैले सोच्नु पर्ने भएको छ ।

नेपाली भाषा, साहित्य र संस्कृतिमाथि नीच, स्तरहीन र विकृत संस्कृति बोकेका पत्र पत्रिका, पुस्तकले धावा बोलेको, नेपालीहरुमा बौद्धिक खुराकको कमी भएको र हामी मसलाको रुख बन्दै गएको चर्चा चन्द्रदेव नेपालीले गरेर हामीलाई साच्चै नै ब्यूँझाउनु भएको छ ।

प्रज्ञानरत्नको लेखले हामीमा तर्क शक्ति बढाएको छ । भाषा सरल, विषय गहन र तर्क बलिया नै छन्। उहाँ र खगेन्द्र संग्रौला बीचको तर्कको दोहोरी खतम भए जस्तै छ । अर्को प्रमुख कोसेलीको रुपमा "जसको जोत उसको पोत" नाराको अन्तर्क्रिया पाइयो । यस बहसले हामीलाई केही स्पष्ट त पारेको छ तर अझ बढी व्यक्ति र समुदायबीच छलफल चलाउन पाए ठोस निष्कर्षमा पुग्न सकिन्थ्यो कि ?

-रबि किरण घिमिरे, लमजुङ

## क. मोहनचन्द्रको दस्तावेज

मूल्यांकनमा, भाद्रको अंकमा प्रकाशित चन्द्रदेव नेपालीको लेख ज्यादै राम्रो छ। यस्तै लेखहरु प्रकाशनमा निरन्तरता दिन अनुरोध गर्दछु। साथै, पाँचौ महाधिवेशनमा क. मोहन चन्द्रद्वारा पेश गरिएको दस्तावेजबाट नेपाली क्रान्तिको स्वरुपको साराशं तथा क. एम.बी.सिंहको अन्तर्वाता समेत प्रकाशन गर्ने गरे राम्रो हुने थियो ।

- टंकप्रसाद आचार्य
बढागाउँ, सल्यान जिल्ला

## पछि नपरोस्

"मूल्यांकन" आफ्नो प्रयासमा सफल छ भन्न मलाई कुनै संकोच लाग्दैन । दास्तबमा विचार अन्तर्क्रियामुखी हुनु नै यसको घतलाग्दो विशेषता हो । आफ्नै देशका प्रतिभावान वैज्ञानिकहरुका व्यक्तिगत परिचय र प्रविधिको बारेमा जानकारी, नेपाली वाम आन्दोलनकै एक मुख्य पाटो भूमि समस्यासम्बन्धी विचार अन्तर्क्रिया लगायत हामी वामहरुका लागि अति जिज्ञासाको विषय बनेको रुसी विद्रोह र क. गोञ्जालोको बारेमा जानकारी गराएर निश्चय नै हामी पाठकहरुलाई यसले गुन लगाएकै छ। त्यसो त अंक १५ मा समावेश भएका विषयहरु सबै नै उत्कृष्ट नै छन्। मूल्यांकनलाई दिलैदेखि धन्यवाद छ ।

प्रजातन्त्रको खोल ओढेर मानवाधिकारवादी बनेका पाखण्डी ब्वाँसाहरुका पाखण्डलाई उदिंङ्याई दिन मूल्यांकन कहिल्यै पछि पर्ने छैन भन्ने दृढ विश्वास लिंदै देश र जनताको पक्षमा लागिरहन सदा सफलता मिलोस् भन्ने शुभकामना सहित !

- नारायण पाहाडी
केरावारी १- मोरङ

## बेलैंमा निकाल्नु पऱ्यो

सर्वप्रथम अंक १५ मा उत्कृष्ट लेख रचनाहरु राख्नु भएकोमा मूरीमूरी धन्यवाद ! हामी केही साथीहरुले एक प्रति पत्रिका नै यो भन्दा अगाडि धेरैले पढ्ने गर्थ्यौं । तर यसपालि प्रायः सबै जसोले किन्यौं।

आवरण उत्कृष्ट छ ।

तपाईहरु पत्रिका किन बेलामा निकाल्नु हुन्न ? यो त हाम्रो बौद्धिक खुराक हो । बेलामा निकाल्नु होला ।

श्याम श्रेष्ठको विश्लेषणले रुसी घटनाबारे छर्लङ भइयो ।

भूमि सम्बन्धी अन्तर्क्रिया पनि उत्तिकै राम्रो छ। सुनील पोखरेलको अन्तर्वार्ता राम्रो लाग्यो ।

- एस. "उदार"
धरान

## साउदी अरबबाट

"मूल्यांकन" मासिक पत्रिका पढ्दा आफ्नै मातृभूमि फर्कूं जस्तो लाग्छ। यहाँ म जस्तै वाम विचार राख्ने मित्रहरु लगभग ९०% हुनुहुन्छ । हामी क. मदन र क. आश्रितप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं। साथै वहाँहरुको शोकाकुल परिवारप्रति हार्दिक समवेदना पनि प्रकट गर्दछौं । आज सिंगो राष्ट्रले जनताको आशाको बिन्दु रहनु भएका नेता गुमाउनु परेको छ। तर उहाँहरुले देखाएको बाटोप्रति हामी सधैं अडिग रहने छौं। घटनाको न्यायिक जाँच होस् भन्ने माग समेत राख्दछौं । अझैसम्म घटनाको न्यायिक जाँच नभएको कारणले ने.कां. र ने.कां.को सरकारप्रति घृणा प्रकट गर्दछौं ।

- नारायणदत्त आचार्य लगायत
अन्य साथीहरु
दमाम, साउदी अरब

## पत्रकारिता क्षेत्रमा "मूल्यांकन"

नेपालमा हालसम्म लगभग १२०० पत्र-पत्रिकाहरु नियमित वा आंशिक रुपमा प्रकाशन भएका छन् । हरेक पत्रिकाले प्रकाशनको उद्देश्य सकारात्मक राखेको पाइन्छ। तर तिनीहरु मध्ये धेरैजसो आफ्नो उद्देश्य प्राप्त गर्न असफल रहेको मात्र होइन, कतिपयले त आफ्नो उद्देश्य प्राप्त गर्न खातिर प्रयास नगरेको पनि पाइयो। हुन त त्यसभित्र आफ्नै कारणहरु पनि हुन सक्दछन् । तर "मूल्यांकन" भने नेपाली पत्रकारिता क्षेत्रमा रहेको पलायन प्रवृत्तिलाई चिर्न सक्षम मात्र होइन, आफ्नो उद्देश्य प्राप्त गर्ने प्रयासमा सफल रहेको मलाई लागेको छ । म यसको उत्तरोत्तर प्रगति तथा निरन्तरताको कामना गर्दछु ।

हुन त एक पत्रिकामा समाजको हरेक क्षेत्रलाई समेट्न संभव नहोला, तर पनि हाम्रो समाजमा विद्यमान विश्रृंखलतालाई मनोविश्लेषणात्मक तरीकाले राख्न संभव भए सोचिने नै छ । अन्य स्तम्भहरु थप्दा नियमित स्तम्भमा कटौति पक्कै पनि हुने छैन । आवश्यकता महसूस भएमा पेजमा बृद्धि गरियोस् ।

- आलोक शर्मा
पिंडिखोला- ५, चिउरीखर्क
स्याङ्जा

## ब्लो अप

"मूल्यांकन" पत्रिका मलाई नभई नहुने हुँदा हरेक अंक लिने गर्छु। यसभित्रको हरेक लेखहरु अति नै मन पर्छ । अझ यसभित्रको मध्यपृष्ठमा एउटा रंगीन ब्लो अप राखी बरु मूल्य नै बढाएमा पनि हुने हो । ब्लो अप विश्वका मुख्य मुख्य कमरेडहरुको भएमा राम्रो हुने थियो ।

-ध्रुब तिवारी, चिती चाम्बेटे
लमजुङ

## बैज्ञानिक दिलीप अधि-कारीको अन्तर्वार्ता भए..

अंक१५ को आवरण तस्वीर मनमोहक छ । सज्जाकारलाई मुरीमुरी साधुवाद । "फेरि जन- आन्दोलनको खाँचो" शीर्षकमा लेखिएको "हाम्रो मूल्यांकन" स्तम्भको लेखले पुनः एक पटक स्वाभिमानी नेपाली जनतालाई सोच्न बाध्य तुल्याएको छ। रुसी विद्रोह किन विफल भयो ? आवरण लेख पठनीय तथा शिक्षाप्रद छ । यस अंकको स्तरीय खुराकमा चन्द्रदेव नेपालीको "किन शिक्षितहरुमा सुविधा- भोक मात्र जागेको छ ?" स्तरीय एवं वर्तमान परिवेशदेखि ओझेल छैन। समाजवादका बारेमा महान बैज्ञानिक आइन्स्टाइनका विचारहरु प्रेरणादायक लाग्यो। विज्ञान-प्रविधि स्तम्भमा रामरिझन यादवद्वारा लिखित विज्ञान सम्बन्धी लेखले हामी जस्तौ विज्ञानसंग सम्बन्ध एवं विशेष रुचि राख्ने युवाहरुको ज्ञान भण्डार बढाएको छ। युवा वैज्ञानिक दिलीप अधिकारीको अन्तर्वार्ता राख्न सकेको भए लेख अझै स्तरीय बन्ने थियो । "बालकहरु किन चोरी गर्छन ?" मनोविज्ञान सम्बन्धी लेख पनि कम महत्वको छैन । तराईको पिछडिएको "राजवंशी" जातिका बारेमा आवाज बुलन्द गर्नु भएकोमा धर्मचन्द्र लावतीज्यूप्रति आभार व्यक्त गर्दछौं ।

समग्रमा, यो अंकमा खोट लगाउने ठाउँ नै छैन । मूल्यांकनको यात्रा जारी रहोस्, यही आग्रहका साथ !

- छत्र क्षितिज र केदार भण्डारी
सतासीधाम, दूधे झापा

## रुसको घटनाबारेको राम्रो सामग्री

नेकपा (एमाले)प्रति आस्था र विश्वास राख्ने म एक युवक भएकै कारण वाम राजनीतिबारे अरु शिक्षा आर्जन गर्ने अवसर दिईरहेको एक मात्र मासिक "मूल्यांकन" पत्रिका सधैं झैं अंक १५ पनि पढेर केही प्रतिक्रिया लेखिरहेको छु ।

अंक १५.को बाहिरी आवरण पृष्ठले सबैलाई उत्सुकता जगाएको छ । "विश्व कम्युनिष्ट आन्दोलन" भित्र समावेश रुसी विद्रोह किन विफल भयो ? शुरुदेखि अन्त्यसम्म अध्ययन गर्ने मौका पाउँदा ज्यादै खुशी लाग्यो। चीनको "तियानमेन" चोकको घटनाको घाँटी सुकुञ्जेल हल्ला मच्चाउने अमेरिकी लगायत अन्य पूँजीवादी स्यालहरु यतिखेर येल्तसिनले रुसी संसद भंग गरेको कदमको किन समर्थन गरिरहेछन् ? यस घटनाको समाचार आएपछि ने.कां.को गिरिजा सरकारले पनि औपचारिक भाषामा समर्थन जनाएको समाचार पत्रिकाहरुले दिएका थिए । ०१७ सालमा राजा महेन्द्रले जन निर्वाचित संसद भंग गर्दा ने.कां.ले तानाशाही गऱ्यो भन्दै आएको छ। ०४६ सालको जन आन्दोलनबाट ०४७ सालमा नेपालमा प्रजातन्त्र आएपछि पहिलो आमचुनावको तयारीमा आफ्नो पार्टीले जनमत आफ्नो पक्षमा ल्याउन - ने.कां.ले चुनावी

(बाँकी ४५ पेजमा)



# निर्माणकर्ता होशियार!

बजारमा पाइने डण्डी हेर्दा सबै एकै जस्ता देखिन्छन्। तर सबैमा उच्चस्तरीय कच्चा पदार्थ प्रयोग भएको हुँदैन। उच्चस्तरीय डण्डीको लागि सर्वप्रथम उच्चस्तरीय कच्चा पदार्थ नै चाहिन्छ।

हामी टोरस्टील बनाउन सर्वप्रथम गुणस्तरीय कच्चा माल मात्र प्रयोग गर्छौं। उत्पादनको प्रक्रियामा निरन्तर परीक्षण गरी तपाइको लागि सर्वश्रेष्ठ टोरस्टील मात्र बजारमा ल्याउँछौं।

*हाम्रो विशेषताहरू*

(१) गुणस्तरमा ग्यारेण्टी
(२) साइजमा दुरुस्त
(३) तौलमा ग्यारेण्टी- हरेक बण्डल इलेक्ट्रोनिक प्रविधिद्वारा होशियारीपूर्वक तौल गरी प्रत्येक बण्डलमा सही तौलको टेग झुण्ड्याउँदछौं।
(४) सही मूल्यको लागि: हरेक विक्रेता कहाँ मूल्यसूची प्रदर्शित छ। अरूको जस्तो अनुहार पिछे मोल हुँदैन।
(५) पहिचान:- हाम्रो उत्पादित टोरस्टीलको हरेक मिटरमा "HL TOR" अंकितको साथै हरेक बण्डलमा यस्तो टेग छ।




नेपालमा "टोरस्टील" बनाउने एक मात्र उद्योग

**हिमाल आयरन एण्ड स्टील (प्रा.) लि.**

ज्योतिभवन, कान्तिपथ, काठमाडौं, फोन: २२५४९०

---

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ४९ औं शुभ-जन्मोत्सवको उपलक्ष्यमा मौसूफ सरकारको दीर्घायुको मंगलमय कामना गर्दछौं ।

**गोरखकाली रबर उद्योग लि.**

परिवार

---

श्री ५ महाराजाधिराज सरकारको ४९ औं शुभजन्मोत्सवको उपलक्ष्यमा दीर्घायु होस् ।

**कृषि विकास बैंक**

परिवार

---

श्री ५ महाराजाधिराज सरकारको दीर्घायु होस् ।

**नेपाल बैंक लिमिटेड**

परिवार

---

श्री ५ महाराजाधिराज सरकारको ४९ औंशुभजन्मोत्सवको सुखद उपलक्ष्यमा मौसूफ सरकारको सुस्वास्थ्य एवं दीर्घायुको मंगलमय कामना व्यक्त गर्दछौं ।

**जनक शिक्षा सामग्री केन्द्र लि.**

परिवार

---

श्री ५ महाराजाधिराज सरकारको ४९ औं शुभजन्मोत्सवको उपलक्ष्यमा मौसूफ सरकारको सुस्वास्थ्य एवं दीर्घायुको कामना व्यक्त गर्दछौं ।

**जनकपुर चुरोट कारखाना लि.**

परिवार

---

श्री ५ महाराजाधिराज सरकारको ४९ औं शुभजन्मोत्सवको उपलक्ष्यमा मौसूफ सरकारको सुस्वास्थ्य एवं दीर्घायुको कामना व्यक्त गर्दछौं ।

**साल्ट ट्रेडिङ लि.**

परिवार

---

**Always Remember us for:**

Water Turbine, Steel Structures & Workshop Facility
with up to date machines

Complete Hydropower Generating Equipment,
Trusses, Suspension Bridges, Steel Furnitures & Other Mechanical Engineering Works.


Please co for your service at:

**Balaju Yantra Shala (Pvt.) Ltd.**

Balaju Industrial District
Balaju, Kathmandu. P.O.Box 209
Tel: 272147, 270894, Fax: 977-1-272379
Tlx: 2429 BYS NP

ल.पु.जि.प्र.का द.नं. ९९/०४९/५० म.क्षे.हु.नि./हु.द.नं. १२/५०/५१

# नव निर्माणको शक्ति



बीसौं वर्षदेखि हरिसिद्धी र ईटा तथा टायल दुवै एक अर्काका अनुरूप बनिसकेका छन् । बर्षौको अनुभवको प्रतिफलले दुवै प्रतिस्थापित भइसकेका छन् ।

ललितपुर जिल्लाको हरिसिद्धीमा वि. सं. २०२२ सालमा स्थापना भएको हरिसिद्धी ईटा तथा टायल कारखानाको उज्वल भविष्यलाई ध्यानमा राखेर अहिले निजिकरण गरिएको छ ।

हरिसिद्धी ईटा तथा टायल कारखाना ५५६ रोपनी क्षेत्रफलमा फैलिएको छ र यो कारानामा ६०० कामदार काम गरिरहेका छन् ।

वतावरणीय प्रदुषण नियन्त्रण गर्ने हिसावले २१६ फिट अग्लो चिमनी भएको हरिसिद्धी ईटा तथा टायल काराना अत्याधुनिक प्रविधि युक्त इटा टायल कारखानामा गनिमत हुन्छ ।

ईटा टायल र भुई टायल उत्पादन गर्ने यो कारानाबाट हाल बार्षिक ३ करोड ईटाका साथै ५ लाख टायल उतदन हुन्छ र काठमाडौं उपत्यकाको वार्षिक ५ करोड थप ईटाको माग पूरा गर्ने लक्ष्य लिएर प्रगतिको मार्गमा अघि बढी रहेको छ ।

मेशिनबाट टायल उत्पादन गर्ने र ईटा उत्पादनका लागि माटो सिजन गर्ने एक मात्र कारखाना हो ।

यो खारकाखाना अत्याधुनिक शीप शैलीको एउटा नमूना कारखानाको रुपमा परिचित छ ।

यस कारानाबाट उत्पादित ईटा र टायलबाट, काठमाडौं उत्यकाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सरकारी गैर सरकारी भवन र होटलहरु निर्माण भएका छन् ।

नव निर्मित काठमाडौं एयर पोर्ट, सोल्टी होटल ( सभा कक्ष), होटल याक एण्ड यति, कृषि विकास बैंक, परिवार नियोजना केन्द्रीय कार्यालय, स्टाफ कलेज, पाटन अस्पताल, होटल शेर्पा, होटल साग्रिला यस तथ्यलाई पुष्टी गर्ने सवूद प्रमाण हुन ।

बीसौं वर्षको अनुभव प्रात हरिसिद्धी ईटा तथा टायल कारखानको निजीकरण पछि आफ्नो प्रविधिमा झन झन सुधार हुँदै गएको छ । हिरिसिद्धी ईटा तथा टायल कारखानको आजको विस्तारित स्वरुप हेर्ने सबैले भोलिको परिवर्तित नेपालको कल्पना साकार गराउने दिशामा यो कारखाना उन्मुख भइरहेको महशुस गरिरहेका छन् ।

आफ्नो गतिशीलता प्रति हामी गौरवान्वित छौं र उज्वल भविष्य हाम्रो दृढ आस्था बनेको छ ।

आर्थिक उदारीकरण आयोजनाको सहयोगमा अमेरीकाको इन्टरनेशनल इक्जिक्यूटीव सर्भिस कर्पोरेशनबाट ४ दशक भन्दा बढी सेरामिक क्षेत्रमा अनुभव प्रात गनुभएका श्री डि.जे. ज्याक बेकर ईटा र टायलको गुणस्तरमा सुधार गर्नका लागि गत ३ महिना देखि कार्यरत हुनुहुन्छ ।

**५०, ५४,००० थान साधारण शेयर प्रति शेयर रु. १०/- का दरले निस्कासन । विस्तृत जानकारीको प्रतिक्षा गर्नुहोला ।**

## हरिसिद्धी ईंटा तथा टायल कारखाना लि.